यशूसँगको यात्रा
पुस्तक-३

# मन्दिर निर्माण

तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ । (मत्ती १२:६)

मइकल गिब्सन

येशूसँगको यात्रा

पुस्तक- ३

प्रतिलिपी © २०१० माइकल गिब्सनद्वारा
7869 Greenleaf Lane
Denver, Colorado 80221
सर्वाधिकार सुरक्षित

तेस्रो संस्करण २०१७

यहाँ प्रयोग गरिएका सबै धरमशास्त्र खण्डहरू नेपाल बाइबल सोसाइटीको नयाँ संशोधित संस्करणबाट लिएका छन् ।
© प्रतिलिपी The Lockman Foundation 1960, 1962, 1963, 1968, 1971, 1972, 1973, 1975, 1977 अनुमति लिएर प्रयोग गिरएको ।

Library of Congress Catalog Card Number: TX-7-334-703
International Standard Book Number: 978-0-9654179-1-4

मेरि पछि लाग
"परमेश्वरबाट आएको सन्देश"

प्रतिलिपी ©1996 माइकल गिब्सनद्वारा
7869 Greenleaf Lane
Denver, Colorado 80221
सर्वाधिकार सुरक्षित
यहाँ प्रयोग गरिएका सबै धरमशास्त्र खण्डहरू नेपाल बाइबल सोसाइटीको नयाँ संशोधित संस्करणबाट लिएका छन् ।
© प्रतिलिपी The Lockman Foundation 1960, 1962, 1963, 1968, 1971, 1972, 1973, 1975, 1977 Used by permission."
Library of Congress Catalog Card Number: 96-094630
International Standard Book Number: 0-9654179-0-5

## कथा

ब्राम्हण्डको सबैभन्दा अद्‌भुत घटना परमेश्वरले मानिसहरूसँग गर्नुभएको व्यवहार नै हो । उक्त कथालाई सात किसिमका भाषिक शैलीहरू प्रयोग गरेर बाइबल नामक विवरणमा एकै ठाउँमा उल्लेख गरिएको छ । यी सात किसिमका भाषिक शैलीहरूलाई पुरानो करार, नयाँ करार र सुसमाचार गरी तीन समूहहरूमा विभाजन गरिएका छन् । पुरानो करारमा तीन किसिमका लेखन शैलीहरू छन्: व्यवस्था, अगमवक्ताहरू र कविताहरू । यो समूहको मुख्य काम भनेको मसीह (मुक्तिदाता)तिर औल्याउँनु हो । नयाँ करारमा तीन किसिमका लेखन शैलीहरू छन् जसलाई प्रेरितको पुस्तक, पत्रहरू र येशू ख्रीष्टको प्रकाश भनिन्छ । यस समूहको कामचाहिँ मसीहबाट प्राप्त लाभहरू प्रकट गर्नु हो । अन्तिम समूह अर्थात् सुसमाचारले मुख्य र महत्त्वपूर्ण हिस्सा निर्माण गर्छ जसले मसीह र उहाँ यस पृथ्वीमा पठाइनुको उद्देश्यसँग सरोकार राख्छ । सुमाचारका पुस्तकहरूलेचाहिँ मसीह, येशू ख्रीष्ट, परमेश्वरका पुत्रद्वारा पुरानो र नयाँ करारलाई मिलाएर जोड्ने काम गर्छ ।

व्यवस्था
अगमवक्ताहरू — पुरानो करार
कविताहरू

सुसमाचारका पुस्तकहरू — मसीह

प्रेरितको पुस्तक
पत्रहरू — नयाँ करार
येशू ख्रीष्टको प्रकाश

मेरो पुस्तक त्यो कथाको मुख्य भाग अर्थात् सुसमाचारका पुस्तकहरूमा केन्द्रित हुन्छ । कथाको यस भाग मत्ती, मर्कूस, लूका र यूहन्ना भनिने चार जना मानिहरूले बताएका हुन्, ती हरेकले मसीहको विवरण लेखे । मत्तीको सुसमाचार सबैभन्दा बढी विस्तृत रूपमा लेखिएको छ र यसमा विषयहरूलाई हिब्रू (यहूदी) दृष्टिकोणबाट प्रस्तुत गरिका छन् । लूकाको सुसामचार कालक्रमिक रूपमा लेखिएको छ,  यूहन्नाको सुसमाचारले महत्त्वपूर्ण आत्मिक सत्यताहरू प्रकट गर्छ । मर्कूस पहिले लेखिएको सुसमाचारको पुस्तक हो जसले अन्ये सबैलाई एकसाथ संयोजन गर्छ । हामी हरेकले उनीहरूका आँखा, काम र हृदयबाट परमेश्वरले मसीहद्वारा गर्नुभएका कामहरू देख्न, उहाँले बताउनुभएको “सुसमाचार” सुन्न, र मनवाजतिप्रतिको उहाँको प्रेमको गहनता बुझ्न सक्षम भएका छौँ ।

## उद्देश्य

यो पुस्तक लेख्नुको उद्देश्यचाहिँ चारै सुसमाचारहरूलाई एउटा एकिकृत कथा बनाउनु हो, ताकि पाठकहरूले मसीहको र उहाँ पृथ्वीमा आउनुको सेरोफेरोमा रहेका घटनाहरूलाई अझ पूर्ण रूपमा बुझ्न सकून् । मेरो अभिप्रायचाहिँ उहाँसँगको जीवनको यात्रामा तपाईंलाई येशूसँगै हिँडिरहनुभएको छ र येशू स्वयम्ले नै तपाईंलाई सिकाइरहनुभएको छ भन्ने तपाईंलाई महसुस गराउनु हो ।

चार वटा सुसमाचारहरूलाई एउटा एकिकृत कथामा संयोजन गर्नुको अतिरिक्त अर्को महत्त्वपूर्ण विशेषताचाहिँ निम्न कुराहरूमा पाठकहरूको सचेतता र बुझाइ वृद्धि गराउनु होः

## दुई अपूर्व विशेषताहरू

येशूले स्वर्ग चढिजानअघि उहाँका चेलाहरूलाई उहाँको दोस्रो आगमनअगि पूरा गर्नलाई एउटा आज्ञा दिनुभयो । "त्यो आज्ञाचाहिँ, यसकारण **जाओ**, र सबै देशका जातिहरूलाई **चेला बनाओ**, पिता र पुत्र र पवित्र आत्माको **नाउँमा** तिनीहरूलाई **बप्तिस्मा देओ**, **मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ** । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु ।" येशूले आज्ञा गर्नुभएका सबै कुराहरू अरूहरूलाई सिकाउने उहाँको आज्ञाप्रतिको जवाफ हो यो । उहाँले चेलाहरूका समूहलाई दिनुभएका आज्ञाहरूलाई मैले गाढा बनाए हाइलाइट गरेको छु ।

येशूले उहाँलाई चेलाहरूलाई दिनुभएका सबै शिक्षाहरूलाई पाठमा समवेश गरिएका छन् जुन उहाँले तिनीहरूलाई सिकाइरहनुभएको थियो । "येशूसँगको यात्रा" नामक शिक्षण श्रृङ्खलामा ५६ वटा पाठहरू उपलब्ध छन्: शिक्षण श्रृङ्खलाहरूमा तीन वटा पुस्तकहरू छन्: "मानिसका मछुवाहरू," "फसल भित्र्याऊ," र "मन्दिर निर्माण ।"

## अन्य विशेषताहरू

**कालक्रमः** यस पुस्तकका घटनाहरू तिनीहरू घटेकै क्रममा उल्लेख गरिएक छन् र चारै वटा सुसमाचारका विवरणहरूलाई समानान्तर रूपमा र तुलनात्मक रूपमा साथै सुसमाचारहरूका विविध तालमेललाई पनि उल्लेख गरिएका छन् ।
**मितिः** यस पुस्तकमा उल्लेख गरिएका घटनाका मितिहरूले पाठकहरूलाई येशूले उल्लेख गर्नुभएको समय पत्ता लगाउन सहायता गर्छ ।
**विभाजनः** येशूको जीवन र मिसनको "ठुलो तस्विर" पाठकहरूलाई देखाउन यस पुस्तकलाई १८ भागमा विभाजन गरिएका छन् ।

**शीर्षकहरूः** पुस्तकका हरेक भागलाई येशूको जीवनमा घटेका विशेष घटनाहरूको उप-शाखाहरूमा विभाजन गरिएका छन् ।

**शीर्षकका सन्दर्भहरू** (कोष्ठभित्र)**:** त्यस शीर्षकमुनि प्रयोग गरिएका वास्तविक धर्मशास्त्र खण्डलाई जनाउँछ ।

**पादटिप्णीः** हरेक खण्डको अन्तमा पादटिप्पणी सन्दर्भहरू राखिएका छन् । ती शब्द वा वाक्यांश सन्दर्भहरू नियमित लेखनमा छन् । धर्मशास्त्रका ती सन्दर्भ खण्डहरूलाई छड्के अक्षरमा उल्लेख गरिएका छन् ।
**शब्द सूचीः** शब्द सूचीमा त्यो पाठ्यांशभरि प्रयोग गरिएका शब्दहरू वा शब्दावलीहरूको टिप्णीहरू वा परिभाषाहरू उल्लेख गरिएका छन् ।
**धर्मशास्त्रः** वचन खण्डहरू नेपाल बाइबल सोसाइटीको नयाँ संशोधित संस्करणबाट लिइएका छन् ।

## पाठकहरूका निम्ति

यस पुस्तकमा प्रस्तुत गरिएका दृष्टिकोणसित सबै सहमत नहुन सक्लान्, तैपनि  यसको तयारी गर्दा धेरै स्वीकार्य स्रोतहरूलाई हेरिएका छन् । यो पुस्तकको उद्देश्य सुसमाचारका चारै लेखकहरूलाई प्रतिस्थापन गर्नु होइन, तर तिनीहरूका परिपूरक हुनु मात्र हो । विविध घटनाहरूका मिति ऐतिहासिक दस्ताबेजहरू, खगोलशास्त्रीय प्रमाण, १९ वर्षे पुनरावृत्ति चक्रसहितको यहूदी पात्रो, प्रभुका चाडहरू र यहूदीहरूका रितीरिवाजहरूका आधारमा ठहराइएका छन् । प्रभुको वचन अध्ययन गर्न लामो समय खर्चेर हामी हरेकलाई बुझ्न सहायताहरू तयार गर्ने व्यक्तिहरूलाई ख्रीष्टमा उनीहरूको प्रेमसहितको श्रमप्रति म कृतज्ञता जाहेर गर्दछु ।

## मेरो आशा

मेरो हृदयको अन्तस्करणदेखि इच्छाचाहिँ यस पुस्तकमा पुत्रलाई उचालिएको कुराद्वारा मेरो पिता महिमित होऊन् र तपाईंहरू हरेक पाठक प्रभु येशू ख्रीष्टको स्वरूपमा रूपान्तरण हुनुभएको होस् भन्ने हो ।

## लेखकको अभिप्राय

येशूसँगको यात्रा नामक शिक्षण श्रृङ्खला तायरी गर्ने मेरो उद्देश्यचाहिँ तपाईं प्रभु येशू ख्रीष्टको अझै प्राभवाशाली चेला बन्न सहायता गर्नु हो । येशूले भन्नुभएका कुराहरूतिर तपाईंलाई अनवरत रूपमा औँल्याँएर र उहाँले भन्नुभएका कुराहरू गर्नमा तपाईंको तत्परताले तपाईंलाई पूर्ण रूपमा रूपान्तरण गर्नछ भन्ने म विश्वास गर्छु । त्यसपछि तपाईं साँच्चै उहाँ जस्तो हुनहुन्छ त्यस्तै बन्नुहुन्छ ।

मेरो शिक्षणको लक्ष्यचाहिँ तपाईंलाई पहिलो शताब्दीको मस्थिति प्रदान गर्दा धर्मशास्त्रहरू तपाईंसँग आफै बोलून् भन्ने हो । पद्धतिचाहिँ पुरानो करारका मुख्य विषयहरू, परम्पराहरू, रितीरावाजहरू, अवधारणाहरू र अन्तरदृष्टिहरूका आधारमा विकास गरिएका छन्, जुन येशूका मौलिक चेलाहरूले बुझेका थिए ।

कति पटक मेरो शिक्षण मोशाको व्यस्थातिर फर्केको हो कि जस्तो  देखिन सक्छ । निश्चित हुनुहोस् कि कुरो त्य

सो भने होइन । ख्रीष्टियनहरू मोशाको व्यवस्था पालन गरेर होइन येशू ख्रीष्टमार्फत अनुग्रहद्वारा मुक्ति पाएका हुन्
भन्ने म विश्वास गर्छु । तर धेरै ख्रीष्टियनहरूका निम्ति "अनुग्रहद्वारा मुक्ति पाएको" भन्नाले उनीहरूको जीवन उनीहरूले चुनेअनुसार जिउन सक्छन् भन्ने अर्थ लगाएको कुराप्रति पनि म अत्यन्त  सचेत छु । कुरा यसो पनि होइन!

ख्रीष्टियनहरूलाई परमेश्वरको अनुग्रहलाई नै विकृत पार्ने गरी व्यवस्थाविहीन(छाडा) जीवन जिउन होइन पवित्र जीवन जिउन बोलाइएको छ । बरु उनीहरू पवित्र आत्मको व्यवस्था (नियम)अनुसार जिउननुपर्छ जुनचाहिँ परमेश्वर र

मानिसलाई प्रेम गर्नु हो । येशूले भन्नेभयो, "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने, तिमीहरूले मेरा आज्ञाहरूलाई प्रेम

गर्छौ ।"

येशूसँगको यात्रालाई कुनै विद्वत्तपूर्ण कृति वा धर्मशास्त्र टिप्पणीको रूपमा तयार पारिएको होइन बरु जीवन परिवर्तन गर्ने विचाचरहरू अभिप्रेरित गर्नको निम्ति तयार पारिएको हो । यो सारा सत्यतातिर डोऱ्याउनलाई पवित्र आत्माको अगुवाइ र मार्गदर्शनमा भरोसा राख्ने औसत ख्रीष्यनहरूको आनन्द र लाभको निम्ति तयार पारिएको हो ।
यो श्रृङ्खला ख्रीष्टमा फलवन्त जीवन जिउन तपाईंलाई सहायता गर्ने एउटा उपयोगी सामग्री होस् भन्ने मेरो प्रार्थना छ ।

## कृतज्ञता

वर्षौंसम्म मप्रतिको दृढ प्रेम, उत्साह र सहायताको निम्ति म मेरी पत्नी जेनिसप्रति कतज्ञा छु । योविना यो पुस्तक पूरा हुन नै सक्दैनथ्यो । साथै येशूसँगको यात्राको कभरलाई आकर्षक तुल्याउने तिनको कलात्मक खुबिप्रति म तिनीप्रति अत्यन्त आभारी छु ।

## चेलापन सेवाकार्यमा लेखकका सहकर्मीहरूका सन्देश

येशूको आफ्नै शिक्षणहरू, विधिहरू र नमूनाको श्रृङ्खलका ३-पुस्तकका लेखक गिब्सनलाई २६ वर्षसम्म चेला बनाउने र ३५  वर्षसम्म सौतेलो बुबाको रूपमा रहेका अनि ६ वर्षसम्म क्यान्सरसँग लडेर २०१९को प्रारम्भतिर बितेका उनीप्रति

हृदयभरिको र अविस्मरणीय क्षणहरू म तपाईंसँग बाँड्छु, जुन यो श्रृङ्खलाको निम्ति खट्किएकको छ ।

मेरा सौतेलोबुबो आफ्नै शब्दमा, "रायन, तिमी यो सन्देशको भविष्य हौ; मैले चेला बनाउने कला पत्ता लगाउने पहिलो यात्रा सुरुवात गर्दाको परिपूर्णतामा तिमीले मैले गरेका भन्दा धेरै ठुला कुराहरू देख्नेछौँ र गर्नेछौ; येशूका यी शक्षाहरू सारा संसारभरि पुग्नेछन्, जसलाई मैले मेरो जीवनकालमा कहिल्यै कल्पन गर्न सक्दिनथेँ, तर म जान्दछु यो तिमीमा पूरा हुनेछ । जाऊ, चेला बनाऊ, येशूले आज्ञा गर्नुभएका सबै थोक पालन गर्न उनीहरूलाई सिकाऊ, म तिमीलाई प्रेम गर्छु ।"

यी शब्दहरू लेख्दै गर्दा मेरा आँखाहरू आनन्दका आँसुरहरू भरिन्छन्, काम र मिसनमा अघि बढ्नलाई सदाको भन्दा अझ धेरै साहस मिल्छ, उनि बितेका ३ वर्षभित्र नै साँच्चै प्रशस्त फसल भित्र्याउन हामीले "येशूसँगको यात्रा" चेलापन तालिम ५ चेला बनाउनेबाट १०० चेला बनाउनेमा वृद्धि भएको देखेका छौँ, अहिले यो निम्न क्षेत्रहरूमा सक्रयपूर्वक चालू छन्: अमेरिकामा पनि, ओडिसा (भारत), तेलङ्गना (भारत), मनिपुर (भारत), वारणसी (भारत), कामान्डौँ (नेपाल), मेसेडोनिया (दक्षिणपूर्वी युरोप), अल्बानिया (दक्षिणपूर्वी युरोप), युगान्डा (अफ्रिका), केन्या (अफ्रिका), इङ्ग्ल्याण्ड, टर्की र ईरानमाथि उल्लेख गरिएका क्षेत्रहरूमा हजारौँले शारीरिक रूपमा भेटेर वा अनलाइनमार्फत हाल चेला बनाइरहेका छन्, अभिलेख हेर्दा भविष्यमा यो संसारभरि नै अत्याधिक मात्रा वृद्धि हुने आंकन गर्न सकिन्छ र साथै अरू धेरै भाषाहरूमा पनि अनुवाद हुनेछन् ।

३-पुस्तक श्रृङ्खलाः "येशूसँगको यात्रा" येशूका आफ्नै चेलापन तालिम, उहाँका आफ्नै शब्दहरूम उहाँको आफ्नै विधिहरू, उहाँको आफ्नै नमूना र "चेला बनाऊ... मैले तिमीहरूलाई आज्ञा गरका सबै पालन गर्न सिकाऊ" (मत्ती २८:१९-२०) भन्ने उहाँको महान् आज्ञाको निम्ति सबैलाई दिएको आज्ञाअनुसार तयार पारिएको हो, यो "चेला बनाउऊ" भन्ने महान् आज्ञा पूरागर्ने उद्देश्यले लेखिएको थियो, यसमा येशूले आज्ञा गर्नुभएका २६३ वटा आज्ञाहरूलाई लिएका छन् जसलाई येशूलो पहिलो आज्ञा "मेरो पछि लाग" देखि अन्तिम आज्ञा "चेला बनाऊ"लाई समेटेर ५८ पाठहरूमा निर्माण गरिएका छन् । यसलाई २०१२ मा पहिलो पटक अंग्रेजीमा प्रिन्ट गरियो (येशूसँगको यात्रा- विश्वभरी १४ करोड ५३ लाखले बोलिन्छ), आज एक-एक वा सानो समूहमा "चेला बनाउने" पहिले येशूले आज्ञा गर्नुभएका कुराहरू व्यक्ति र समूहहरू आफैले पालन गर्ने त्यसपछि अरूहरूलाई पालन गर्न सिकाउएर कार्यन्वायन भइरहेको छ, जुचाहिँ अहिले २०१९ मा माइकलको मृत्युपछि ३-पसुतकको श्रृङ्खलालाई विभिन्न भाषामा सक्रियपूर्वक अनुवाद भइरहेका छन् ।

१. <u>स्पेसिन भाषामा पूरा भएको</u> ( येशूसँगको यात्रा – यो ३ करोड ७० लाख मानिसहरूले बोल्ने भाषा हो) यस भाषामा यही कोलोन्याडोमा अनुवाद गरियो (जुचाहिँ "येशूसँगको यात्रा" ३-पुस्तकको श्रृङ्खला माइकलको मृत्यु हुनअघि नै सुरुवार गरियो र मृत्युपछिको ग्रीष्मामा पुरा गरिएको थियो ।)

२. <u>स्लेभिक भाषाको संस्करण पूरा भएको छ</u> (येशूसँगको यात्रा- यो ३ करोड १५ लाख मानिसहरूले बोल्छन्), यसलाई मेसेडोनियामा चेला बनाउनेहरूले अनुवाद गरेका हुन् ।

<u>३.</u> <u>अबानियाली भाषाको संस्करण पूरा भएको छ</u> (येशूसँगको यात्रा- यो ७० लाख ६० हजार मानिसहरूले बोल्छन्), यो अलबानियामा चेला बनाउनेहरूले अनुवाद गरेका हुन् ।

<u>४.</u> <u>हिन्दी भाषाको संस्करण पूरा भएको छ</u> (येशूसँगको यात्रा- यो भाषा ६ करोड १५ लाख मानिसहरूलेल बोल्छन् ) यो वारणसी, भारतमा चेला बनाउनेहरू अनुवाद गरेका हुन्,यो हिन्दी भाषाको निम्ति मक्का सरह मानिन्छ, जसलाई यहाछ कोलोऱ्याडोका इक जना स्थानी ख्रीष्टियन गैरनाफामुलुक संस्थाका वरिष्ठ निर्देशकद्वारा २०२० प्रारम्भ र २०२१ को विश्वव्यापी महामारी हाम्रो नयाँ चेला निर्माणममध्येका एक जना प्रस्तुत गरेका थिए, अहिले २,००० भन्दा बढी चेलाहरू भएका छन् ।

<u>५.</u> ओडिया भाषाको संस्करण पूरा भएको छ (येशूसँगको यात्रा० यो भाषा५ करोड मानिसहरूले बोल्छन्) यसलाई भारतको हाम्रो क्षेत्रीय निर्देशक पा. कार्तिकले अनुवाद गरेका हुन्, २०१२ का हाम्रो प्रथम अन्तरराष्ट्रिय चेला हुन्, उनी भारतको सबैभन्दा धेरै सतावत भएको क्षेत्र ओडिसा, भारतका हुन्, जसको अहिले १३०० चेलाहरू, ५० वटा चेला निर्माण गर्नेहरू र ३८ वटा मण्डली स्थापनाहरू छन् ।

<u>६.</u> तेलेगु भाषाको संस्करण पूरा भएको छ (येशूसँगको यात्रा, यो ७ करोड मानिहरूले बोल्छन्), यसलाई पा. वेनु र तेलङ्गना भारतका चेला बनाउने उनको टिमले अनुवाद गरेका हुन्, जसले २०२१ जुनदेखि “येशूसँगको यात्रा”को अनलाइनमा चेला बनाउन सुरु गरे ।

<u>७.</u> फारसी भाषाको संस्करण पूरा भएको छ (येशूसँगको यात्रा, यो भाषा १० करोड १० लाख मानिसहरूले बोल्छन्) यो इरानको भाषामा इरानभित्र सेवा गर्ने सञ्जालभित्र टृकीबाट अनिवाद गरिएको हो ।

<u>८.</u> हाल स्वाहिली भाषामा अनुवाद भइरहेको छ (यो भाषा २०० करोड मानिसहरूले बोल्छन्) यो मटुडा नाम गरेका केन्याको पूर्वी सहरका एक जना हाम्रो चेलाले अनुवाद गरेका हुन्, जसलाई मैले २०२१ अप्रिलमा “येशूसँगको यात्रा”द्वारा चेला बनाएको थिएँ उनले त्यस सहरका केही मन्डलीहरूको पास्टर र सुपेरिवेक्षण गर्छन् ।

<u>९.</u> हाल हामीले यसलाई नेपालीमा पनि अनुवाद गरिरहेका छौँ (यो भाषा १ करोड ७० लाख मानिसहरूले बोल्छन्) यसलाई नेपालको हाम्रो नयाँ क्षेत्रीय निर्देशक जेसन र लेआ म्याडलनको प्रयासमा अनुवाद हिँदैछ, जसलाई रायन २०१९ को अन्ततिर नेपालमा हुँदा नेपालको पहाडमाथि भेटेका मिसनरहरू थिए जसले नेपालको पहाडी

क्षेत्रका ११५ जना स्थानीय पास्टरहरूका निम्ति चेलापन सामग्री प्रयो गरे ।

१०. हाल बेङ्गाली भाषामा पनि अनुवाद भइरहेको छ (यो भाषा २० करो ७३ लाख मानिसहरू बोल्छन्)यो पनि नेपालको नयाँ निर्देशक जेसन र लेआ म्याडसनको प्रयासद्वारा नै भइरहेको छ, माथि नेपाली भाषा अनुवाद गरिरहेका छन् भनी उल्लेख गरिएका मिसनरीहरू यिनी नै हुन् ।

११. हाल इन्डोनेसियाली भाषामा पनि अनुवाद भइरहेको (ययो भाषा १ करोड ९८ लाख मानिसहरूले बोल्छन्) छ यो पनि तिनी नेपालका नयाँ क्षेत्रीय निर्देशक जेसन र लेआ म्याडसन्को संयोजनमा नै भइरहेको छ , जसलाई हामीले नेपालमा अनुवाद भइरहेको भनी उल्लेख गरे छौँ ।

१२. हाल थाइ भाषामा पनि अनुवाद भइरहेको छ (यो भाषा ३ करोड ९० लाख मानिसहरूले बोल्छन्) यो पनि नेपालको नयाँ क्षेत्रीय निर्देशक जेसन र लेआ म्याड्सनको संयोजनमा नै भइरहेको छ ।

१३. आज "चेला बनाउने" येशूको महान् आज्ञा पूरा गर्न येशूको आफ्नै चलापन तालिम "येशूसँगको यात्रा"लाई चेलापन र अनुवादको प्रयासमार्फत संसारभरिका ३ अरब ७० करोडले पढ्ने सम्भावना छ ।

"येशूसँगको यात्रा- मानिसहरूका मछुवा" को नयाँ संस्करणमा हामीले सुसमाचारका पुस्तकमा माइकलको एकल विद्वत्तपूर्ण कृति "मेरो पछि लाग-परमेश्वबाट आएको सन्देश", जसलाई उनले उनको मृत्यु हुनअघि नयाँ र अद्यवधिक पादटिप्पणीहरू, माइकलका अभिलेखहरूबाट अतिरिक्त सैद्धान्तिक शिक्षण लेखहरू र "येशूसँगको यात्रा" चेलापनको अनुभव र प्रभावलाई वृद्धि गराउन प्रयोग-मैत्री स्वरूपमा थपिएको छ ।

हामीले प्रभुले आफ्ना चेलाहरूला गर्नुभएको प्रार्थना "फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन् ।" (मत्ती ९:३७-३८) जवाफस्वरूप विरसतले निरन्तरता पाओस् भन्ने हामी अपेक्षा राख्छौँ, जसको जवाफको रूपमा अहिले तपाईंहरू हुनुहुन्छ र अहिले येशूको आफ्नै शब्दमाः "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु ।" (मत्ती ४:१९)

रायन रोबर्टस, *Key2Changes* का अध्यक्ष

**गवाहीहरू**

ओडिसा (पुर्वी भारत)मा परमेश्वरको कार्यबारे बताउनुभएको निम्ति धन्यवाद... यो मेरो निम्ति यथार्थ जीवन परिवर्तनको क्षण थियो । मैले तपाईंको शिक्षा र तालिममा परमेश्वरको पूरा शक्ति र उपस्थिति देख्न र महसुस गर्न सक्थेँ । राम्ररी तयार पारिएका र वर्णन गरिएका नोटहरू अध्ययन गर्दा र मेरा चेलाहरू साथै अरूहरूलाई ती बताउँदा म विशेष आनन्दित हुन्छु... मैले तपाईंका चेलापन सामग्री मेरो आफ्नै प्रयत्नमा प्रयोग गरिरहेको छु... मैले यहाँ भारतको ओडिसामा चेला बनाउमा नै मेरि जीवन अर्पण गरेको छु ।

रेभ. कार्तिक पी.

पुर्वी भारतका चेला निर्माता र पास्टर

म १९ वर्षदेखि जवान र जवान वयश्कहरूको पास्टर थिएँ, म संसारले दिन सक्ने उत्कृष्ट सेवाकार्यमा डुबेको र उत्कृष्ट तालिम र कोर्सहरूमा सहभागी भएको छु । त्यसपछि म येशूका शिक्षाहरू सिक्दै यो चेलापन सामग्रीद्वारा हिँड्दै छु... म अपूरो थिएँ । मैले यो सामग्रीद्वारा सिकेको कुरा मैले कुनै मण्डली, सेमिनार, पुस्तक, पाठ्यक्रम, वक्ता, कक्षा वा भेलाले कहिल्यै सिकाएको छैन, जुन हाम्रो मसीहले हामीलाई साँच्चै के र किन भन्दैहुनुहुन्थ्यो । म सधैँको निम्ति परिवर्तन भएको छु- म निद्राबाट ब्युँझिएको छु, जीवन्त भएको छु र म अझै चाहन्छु!

ब्रेन्डन एस.

आर्थिक सल्लाहकार तथा पूर्व जवान/जवानन वयश्क पास्टर

चेलापन श्रृङ्खला येशूसँगको यात्राले मेरो जीवन परिवर्तन गरेको छ । यदि तपाईं येशूजस्तै जिउन र हिँड्न सिक्न साथै चेला बनाउने व्यक्ति बन्न चाहनुहुन्छ भने यो अध्ययन यही हो । यसले तपाईंको जीवनलाई साँच्चै परोवर्तन गर्न सक्छ ।

मिसेल एम.

Homemaker, Mom & Disciple Maker

येशूसँगको यात्रा पूर्ण रूपमा ख्रीष्ट केन्द्रित र परमेश्वरलाई आदर गर्ने पाठ्यक्रम हो । विश्वासीको रूपमा येशू ख्रीष्टलाई पछ्याउन निर्णय गरेका मानसिहरूलाई यो सामग्री प्रयोग गरेर परमेश्वरको वचन पढाइ र अध्ययनमा लाग्नेहरूका म यो सिफारिस गर्छु ।

नोआ जी.

उद्यमी र भुतपूर्व मिसनरी

अहिले मैले अरूहरूलाई चेला बनाइरहेको छु र म सिक्ने लक्ष्यमा हुँदाको भन्दा सिकाउन योग्य हुँदा बढी आशिष् भएको मैले पाएको छु । यो आजका मण्डलीलाई चेलापनको

आवश्यक परेको नीतान्त व्यवहारिक मार्गदर्शन हो । यो महान् आज्ञालाई पूरा गर्न हरेक ख्रीष्टियन जीवनमा सुरु गरिहाल्न आह्वान गर्ने एउटा तरिका हो ।

ब्रेन्डन बी.

Realtor & Disciple Maker

**विषय सूची**
**तेस्रो पुस्तक**
**येशूसँगको यात्रा**
**मन्दिर निर्माण**

तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। (मत्ती १२: ६)

पाठ ४० राज्यको पूर्वस्वाद . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १०

पाठ ४१ हतास नहोऊ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १३

पाठ ४२ बालबालिकाहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १७

पाठ ४३ यरूशलेमसम्म . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .पृष्ठ २०

पाठ ४४ विश्वासको एउटा विषय . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ३५

पाठ ४५ मोशाको आसन . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ४१

पाठ ४६ भविष्यलाई हेर्दै . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ४६

पाठ ४७ भ्रममा नपर . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ६१
पाठ ४८ चिन्हहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ६६
पाठ ४९ सचेत होऊ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ७३
पाठ ५० निस्तार दृष्टिकोण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ८०
पाठ ५१ रोटी भाँच्नु . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .पृष्ठ ९४
पाठ ५२ एक अर्कालाई प्रेम गर . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १०५
पाठ ५३ शान्तिपूर्ण हृदयहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ११०
पाठ ५४ ख्रीष्टमा रहनु . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ११५
पाठ ५५ भ्रममुक्त . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ ११८
पाठ ५६ उहाँको प्रतीक्षा गर्दै . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १२३
पाठ ५७ पवित्र आत्मा प्राप्त गरे . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १२७
पाठ ५८ महान् आज्ञा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १३२
एलिया र एलीशाको कथाः बप्तिस्मा एउटा तस्विर . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १३७
योनाको चिन्ह . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १४७
नोआ र लोतको समय कस्तो थियो . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १४९
अन्तिम दिन बारे मण्डलीको ऐतिहासिकको दृष्टिकोण . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १५१
काँटीले हातहरू छेडिएका मानिसलाई हेर. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १५२
जाऊ वा बनाऊ? . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १५५
हिब्रू शब्द ‘शेमा’को अर्थ के थियो? . . . . . . . . . . . . . . . . .. . . . . . . . . . . . . . . पृष्ठ १५९
आत्मिक वृद्धि प्रकृया . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १६१
बाइबलको पद प्रयोग गेरर चेलापन पाठहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ १६९

## पाठ ४०
## राज्यको पूर्वस्वाद

**समूहको गाँठो फुकाउने प्रश्नः**

यदि तपाईंलाई विपत्ति आइरहेको थाहा पाउनुहुन्थ्यो भने तपाईंले आफ्ना परिवारका सदस्यहरूबाहेक अरू ३ वटा के-के कुराहरू बचाउने प्रयास गर्नुहुन्थ्यो?

**परिचयः**

ई.सं. ३० डिसेम्बरमा, यरूशलेममा अर्पणको चाड (हनुक्का)मा सहभागी भएर येशू गालील क्षेत्रतिर फर्कनुभयो । सम्भवतः ई.सं. ३१ को प्रारम्भतिर, येशू आफ्नो घर छोडेर यहूदीया[1] र पेरिया[2]को क्षेत्रतिर लाग्नुभयो । त्यहाँ आइपुगेपछि फरिसीहरूको समूहले परमेश्वरको राज्य कहिले आउँदैछ भनी येशूलाई सोधे ।

**धर्मशास्त्र पाठः**

**<u>लूका १७:२०-३७</u>**

**राज्यको पूर्वस्वाद**

लूका १७**:**२०-२१

"मेरो पछि लागः परमेश्वरबाट आएकोस सन्देश"बाट लिइएको वचन खण्डको अंश

परमेश्वरको राज्य कहिले आउँछ भनी फरिसीहरूले प्रश्न सोधेपछि, उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "परमेश्वरको राज्य देखिने चिन्हसहित आउँदैन; न त उनीहरूले भन्नेछन्, 'हेर, यो यहाँ छ!' वा 'त्यहाँ छ!' किनकि हेर परमेश्वरको राज्य तिमीहरूको माझ छ ।"[3]

**पाठः**

राज्य आउनेबारे येशूलाई प्रश्न सोध्ने फरिसीहरूले वैध प्रश्न सोधे । येशूले आफूलाई मानिसको पुत्रको रूपमा उल्लेख गर्नुभएको थियो र उहाँ आफै मसीह भएको दाबी गर्नुभको कुरा सिद्धान्तः फरीसीहरूले थाहा पाएका थिए । उनीहरू दानिएलको पुस्तकको मसीही अगमवाणीको आधारमा निष्कर्षमा आएः

"राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो । उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु

---

[1] येशूको समयमा, राजधानी यरूशलेमको ३५ माइल अर्धव्यायभित्र पर्ने क्षेत्र थियो ।

[2] पेरिया अहिलेको आधुनिक यर्दन रहेको यहूदीयामा यर्दन नदीको पूर्वतिर पर्ने एउटा क्षेत्र थियो ।

[3] परमेश्वरको राज्य तिमीहरू माझ छ । परमेश्वरको राज्यको प्रतिनिधित्व गर्ने राजा येशू स्वयम् हुनुहुँदा यो कुनै खास ठाउँमा सदैव उपस्थित हुन्छ । येशूको
यो भनालाई कम्तीमा तीन तहमा बुझ्न सकिन्छ । पहिलो तह- येशू फरिसीहरूको माझमा स-शरीर खडा हुनुहुन्थ्यो, दोस्रो तह- येशू आदर्शासत्ममक रूपमा

इस्राएल, मानिसहरू र भूमि माझ खडा हुनुहुन्थ्यो, तेस्रो तह- येशू उहाँका मानिसहरूको हृदयमा रहस्यत्मक वा आत्मिक रूपमा खडा हुनुहुन्छ, जहाँ उहाँले

शासन गर्नुहुन्छ ।

उपस्थित गराइनुभयो । उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे । उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन । (दानिएल ७:१३-१४)

वास्तवमा येशूले इस्राएलको राजाको रूपमा शासन गर्न र जातिहरूमाथि उहाँको शासन स्थापना गर्न कहिले सुरु गर्नुहुन्छ भनी फरिसीहरूले जान्न चाहे । उनीहरूले कुनै खास मितिसहित उल्लेख गर्न सकिने भौतिक राज्यको अपेक्षा गरिरहेका थिए । तर येशूको जवाफ केही रहस्यमय थियोः

"परमेश्‍वरको राज्य देखिने गरी आउँदैन, न त मानिसहरूले भन्नेछन्, 'हेर, यहाँ छ!' अथवा 'त्यहाँ छ!' किनभने हेर, परमेश्‍वरको राज्य तिमीहरूकै बीचमा छ ।" (लूका १७:२०-२१)

उहाँकोरहस्यमय जवाफलाई बुझ्नको निम्ति हामीले राज्यको अवधारणाबारेका केही कुराहरू बुझ्नुपर्ने हुन्छ । सरल भाषामा "परमेश्‍वरको राज्य" भनेको "परमेश्‍वरको शासन" हो । परमेश्‍वरले उहाँका मानिसहरूमाथि शासन गर्नु सुरु गर्नुहुँदा नै "परमेश्‍वरको राज्य" स्थापित हुन सुरु हुन्छ । परमेश्‍वरको राज्य तिमीहरूको माझमा छ भनी येशूले फरिसीहरूलाई जवाफ दिनुहुँदा, मानिसहरूले उहाँलाई प्रभुको रूपमा स्वीकार गर्दा र उहाँका आज्ञाहरू र आदेशहरू पालन गर्न सुरु गर्दा[4] नै परमेश्‍वरले शासन गर्न सुरु गर्नुहुन्छ भन्ने संकेत गर्दै हुनुहुन्थ्यो । त्यसैले परमेश्‍वरको राज्य देखिने चिन्हहरूसहित आउँदैन भनी येशूले फरिसीहरूलाई भन्नुभयो ।

**धर्मशास्त्र पाठः**

## मानिसको पुत्रको आगमन

लूका १७:२२-२५

"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

उहाँले चेलाहरूलाई भन्नुभयो, "ती दिन आउनेछन्, जब तिमीहरू मानिसको पुत्रको कुनै एक दिन हेर्ने इच्छा गर्नेछौ, तर तिमीहरूले देख्नेछैनौ । मानिसहरूले तिमीहरूलाई भन्नेछन्, 'हेर, ऊ त्यहाँ छ!' अथवा 'हेर, ऊ यहाँ छ ।' तर नजाओ, र तिनीहरूका पछि नलाग । किनकि जसरी बिजुली चम्कँदा आकाशको एक छेउदेखि अर्को छेउसम्म उज्यालो

---

[4] यो अवधारणा ३ महिनापछि हत्ताहरूका चाड (पेन्तिकोस)मा चेलाहरूमाथि पवित्र आत्मा आउनुहुँदा अझ व्यापक कदसम्म पुग्यो । यो आत्मि

क राज्यको सुरुवात थियो, जसमा परमेश्‍वरको मानिसहरूभित्र बस्नुहुन्छ र उनीहरूको हृदयमा उहाँको व्यवस्था लेखेर उनीहरूमाथि शासन गर्नुहुन्छ

। (यर्मिया ३१:३३-३४)

पार्छ, मानिसको पुत्र पनि आफ्नो दिनमा त्यस्तै हुनेछ[5] । तर पहिले उसले धेरै कष्ट सहनुपर्छ र यस पुस्ताबाट बहिष्कृत हुनुपर्छ ।

## नोआ र लोतको समयमा जस्तै

लूका १७:२६-३३

“मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश”बाट लिइएको वचन खण्ड

“नोआको दिनमा जस्तो भएको थियो, मानिसको पुत्रको दिनमा पनि त्यस्तै हुनेछ । नोआ जहाजभित्र प्रवेश नहोउञ्जेल
मानिसहरू खाँदैथिए, पिउँदैथिए, विवाहबारी गर्दैथिए । र जलप्रलय आयो, र सबैलाई नष्ट पाऱ्यो ।
“लोतका दिनमा पनि त्यस्तै भएको थियो, मानिसहरू खाँदैथिए, पिउँदैथिए, किनबेच गर्दैथिए, रोप्दैथिए, बनाउँदैथिए,
तर जुन दिन लोत सदोमबाट निस्के, आकाशबाट आगो र गन्धक बर्सेर तिनीहरू सबैलाई नष्ट पाऱ्यो । “मानिसको
पुत्र प्रकट हुने दिनमा यस्तै हुनेछ । त्यस दिन जो घरको कौसीमाथि छ, त्यसको मालसामान घरभित्र छ भने
ती लिनलाई त्यो तल नझरोस् । त्यसरी नै खेतमा हुने पनि फर्केर नआओस् । लोतकी पत्नीलाई याद गर![6]
जसले आफ्नो प्राण बचाउन खोज्दछ, त्यसले सो गुमाउनेछ, र जसले आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो सुरक्षित राख्नेछ ।

**आज्ञाहरूः**

- टाढा नजाऊ ।
- उनीहरूको पछि नलाग ।

त्यस दिन जो घरको कौसीमाथि छ, त्यसको मालसामान घरभित्र छ भने

- ती लिनलाई त्यो तल नझरोस् ।
- त्यसरी नै खेतमा हुने पनि फर्केर नआओस् ।
- लोतकी पत्नीलाई याद गर ।

**धारावाहिक पाठः**

---

[5] मानिसको पुत्र पनि आफ्नो दिनमा त्यस्तै हुनेछ । मसीह पृथ्वीमा फेरि फर्केर आउनुहुँदा उहाँलाई प्रकट गरिने समयमा ।
[6] लोतकी पत्नीलाई याद गर । लोतकी पत्नीले फेर्केर सदोम रगोमरातिर हेर्दा नूनको खम्बामा बनेकी थिइन् । (उत्पत्ति १९:२६)

त्यसपछि आफ्ना चेलाहरूतिर फर्केर, परमेश्वरको राज्य देखिने चिन्हसँगै नआउने हुनाले परमेश्वरको राज्य यहाँ छ वा त्यहाँ छ भन्दा त्यसलाई नपत्याउन भनी उनीहरूलाई चेताउनी दिनुभयो । तर चेलाहरूलाई अझ धेरै जानकारी दिने इच्छाले, येशूले उक्त संवादलाई मानिसको पुत्रतिर लानुभयो, यसरी उहाँले आफैलाई मसीहको रूपमा उहाँको भावी शाससँग जोड्नुभयो ।

मानिसको पुत्र अर्थात् उहाँले पृथ्वीमा शासन गरिरहेको देख्ने उत्कट इउछा राखे तर त्यो उनीहरूले उनीहरूको जीवनकालमा देख्न सक्दैनन् किनभने उहाँले धेरै कष्टहरू भोग्ननुपर्थ्यो र हालको पुस्तद्वारा तिरस्कृत हुनुपर्थ्यो भनी उनीहरूलाई बताउनुभयो । यद्यपि उहाँ भविष्यमा पृथ्वी फर्कनुहुन्छ भनी उनीहरूलाई बताउभयो । उहाँले त्यो दिनलाई बिजुलीको चमकसँग तुलना गर्नुभयो, जुन आकाशमा अचानक हुन्छ र यसलाई हेरिरहेका सबैले देख्न सक्ने किसिमले हुन्छ ।

येशूले उहाँको कुरालाई मजबुत बनाउन नोआ जहाज प्रवेश गरेको दिन र अब्राहामका भतिजोले सदोम छोडेको दिनसँग तुलना गर्नुभयो । ती समयहरूमा जस्तै पथ्वीमा दुई समूहका मानिसहरू सँगै छन् ती हुन् परमेश्वरको राज्यमा पर्नेहरू र परमेश्वरको राज्यमा नपर्नेहरू । परमेश्वरले उहाँका मानिसहरूलाई छुटकारा दिनुहुन्छ र जो उहाँका होइनन उनीहरूमाथि उहाँको क्रोध खन्याउनुहुनेछ ।

जो परमेश्वरका हुन् उनीहरूले उहाँको आवाज सुन्नेछन् र उहाँको आज्ञा पालन गर्छन् । नोआले परमेश्वर समयअघि नै बोल्नुभएको सुने र जहाज तयार पारे । त्यसपछि परमेश्वरले जहिले भन्नुभयो उनी त्यसै बेला जहाभित्र पसे । लोतले सुनेका थिएनन्, तर उनलाई छुटकारा दिनको निम्ति पठाइएका स्वर्गदूतहरूद्वारा बोलिएका परमेश्वरको सन्देश सुने र आज्ञा पालन गरे । दुवै घटनामा परमेश्वरको क्रोधबाट बचाइएका मानिसहरूले उनीहरूका जीवनलाई परमेश्वरको नियमको अधीनमा राखेका थिए । जो परमेश्वरका राज्यका सदस्यहरूले उनीहरूको छुटकाराको दिनमा उनीहरूसँग कुनै पनि किसिमको संसारिक सम्पत्तिहरू लाने कोशिष गर्नुहुँदैन भनी येशू उनीहरूलाई चेताउनी दिनुहुन्छ । त्यसपछि लोतकी पत्नीलाई याद गर्न उनीहरूलाई निर्देशन दिनुहुन्छ ।

**समूह छलफलः**

१. लोतकी पत्नीलाई के भयो?

२. लोतकी पत्नी किन फर्किन?

३. पछाडी फर्केर हेर्नुमा के गल्ती थियो?

**धर्मशास्त्र पाठः**

## एक जना लगिने

लूका १७:३४-३७

"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

म तिमीहरूलाई भन्दछु, त्यस रात दुई जना एउटै ओछ्यानमा हुनेछन् । एक जना लगिनेछ र अर्को छो
डिनेछ । दुई जना स्त्री एकैसाथ जाँतो पिँधिरहेका हुनेछन् । एउटी लगिनेछे, अर्की छोडिनेछे । दुई
जना मानिस खेतमा हुनेछन्, एक जना लगिनेछ, अर्कोचाहिँ छोडिनेछ ।" अनि तिनीहरूले उहाँलाई
सोधे, "कहाँ प्रभु?" उहाँले तिनीहरूलाई भन्नुभयो, "जहाँ सिनु[7] छ, गिद्धहरू त्यहाँ भेला हुन्छन् ।"

**धारावाहिक पाठः**
परमेश्वरको राज्यमा नपर्नेहरू अरूहरूजस्तै हुन् । उनीहरू खाँदै हुनेछन्, पिउँदै हुनेछन्, विवाह गर्दै हुनेछन्, किन्दै हुनेछन्, बेच्दै हुनेछन्, रोप्दै हुनेछन् र निर्माण गर्दैहुनेछन् । उनीहरूले अपेक्षा गरिरहेका नै हुनेछैनन् । त्यपछि त्यही रात परमेश्वरको क्रोध तिनीहरूमाथि आउनेछ । धर्मशास्त्रअनुसार बाँकी रहेका मानिसहरूमध्ये आधा नष्ट हुने देखिन्छ ।

**पाठको आशयः**
परमेश्वरको आवाज सुन्ने र पालन गर्नेहरूलाई बचाइनेछ ।

[7] मृत शरीर वा लाश

## पाठ ४१
# हताश नहोऊ

**समूहको गाँठो फुकाउने प्रश्नः**

- तपाईंले अन्तिम पटक प्रार्थनाको जवाफ पाउनुभएको कति भयो?
- तपाईंके केको निम्ति प्रार्थना गर्नुभएको थियो?

**परिचयः**

येशूले पृथ्वीमाथि आउने परमेश्वरको क्रोधबाट सन्तहरूलाई छुटकारा दिन आउने उहाँको दोस्रो आगमनबारे बताइसकेपछि, उहाँ अन्यायी न्यायधीशको दृष्टान्त भन्नुभयो । यो दृष्टान्तको अर्थ उहाँ सबै चेलाहरूलाई उत्साह दिनु हो र यसको उद्देश्यचाहिँ उनीहरूले हर समय निराश नभइ प्रार्थना गर्नुपर्छ भनी उनीहरूलाई देखाउनु हो । यो सबै ख्रीष्टियनहरूका निम्ति दैनिक व्यवहारिक रूपमा लागू हुने कुरा हो । उहाँको दोस्रो आगमनअघि जीवित हुनेहरूका निम्ति अझ बढी हो, किनकि उहाँले दृष्टान्त यस्रो भनाइसँग अन्त गर्नुहुन्छ, "तापनि मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र?"

**पाठः**

हामीले दृष्टान्तकोबारे कुनै अवलोकनहरू गर्न वा कुनै किसिमको निष्कर्ष निकाल्नअघि यसले के भन्छ सो सावधानीपूर्वक सुनेर सुरु गरौँ ।

**धर्मशास्त्र पाठः**

**अन्यायी न्यायधीशको दृष्टान्त**

लूका १८:१-८

"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

तिनीहरू सधैँ **प्रार्थना गरिरहून् र निराश नहोऊन्** भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो:

"कुनै एउटा सहरमा परमेश्‍वरको भय नमान्‍ने र मानिसको वास्ता नगर्ने एक जना न्यायाधीश थिए ।

त्यसै सहरमा एउटी विधवा थिई । त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस् ।'

"तिनले केही समयसम्म त मानेनन्, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्‍वरको डर मान्दिनँ ।

मानिसको वास्ता पनि गर्दिनँ । तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु,

नत्रता तिनी एकोहोरो आएर मलाई वाक्क बनाउनेछे' ।" प्रभुले भन्नुभयो, "सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन् ।

के परमेश्‍वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्‍न र? के उहाँले तिनीहरूका निम्ति

बियाँलो गर्नुहुन्छ र? म तिमीहरूलाई भन्दछु, उहाँले चाँड़ै नै तिनीहरूको न्याय गरिदिनुहुनेछ ।

तापनि मानिसको पुत्र आउँदा **के उसले पृथ्वीमा विश्‍वास भेट्टाउनेछ र**?"

**आज्ञाहरूः**

❖ सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन् ।

**धारावाहिक पाठः**

येशूले बुझ्न कठिन पर्ने सत्यताहरू वा सिद्धान्तहरू सिकाउन प्रायः दृष्टान्तहरू प्रयोग गर्नुहुन्थ्यो । धेरै जसो यी दृष्टान्हरूलाई तुलनात्मक ठानिन्छ । अर्को शब्दमा, कुनै कुराचाहिँ कुनै कुराजतस्तो छ । उदाहरणको लागि, परमेश्‍वरको राज्य समुद्रमा हान्‍ने ठुलो जालजस्तो हो । उहाँले भन्नुभएका केही दृष्टान्तहरूले फरक छुट्टाउँछन् । अर्को किसिमले भन्दा, कुनै कुराचाहिँ कुनै कुराजस्तो छैन । अन्यायी न्यायाधीशको दृष्टान्त फरक छुट्टाउने दृष्टान्त हो, किनकि परमेश्‍वर त्यो अन्यायी न्यायकर्ताजस्तो हुनुहुन्‍न ।

**समूह छलफलः**

दृष्टान्तमा ती महिलालाई परमेश्‍वरको चुनिएकाहरू (ख्रीष्टियन)सँग तुलना गरिएको वा तादात्म्यता देखाइन्छ ।

१. न्याय पाउन कहाँ जानुपर्छ भन्ने महिलालाई थाहा थियो? तपाईंले कसरी थाहा पाउनुभयो? (थाहा थियो । तिनी न्यायको निम्ति जिम्मेवार व्यक्ति अर्थात् न्यायाधीशकहाँ गईन् ।)

२. के तिनी न्यायधीशसित डराएकी थिईन्? तपाईंले कसरी जान्नुहुन्छ? (डराएकी थिईन । तिनले उनलाई खोजिन् र उनलाई दिक्क लगाइरहिन् ।)

३. के तिनको अभिप्राय खराब थियो? त्यो तपाईंले कसरी जान्नुहुन्छ? (थिएन । तिनले संरक्षण मात्र खोजिन् किनकि स्थानीय कानूनअनुसार त्यो तिनले पाउनुपर्थ्यो ।)

४. के ती महिलाको न्यायधीशमा विश्वास थियो? त्यो तपाईंले कसरी जान्नुहुन्छ? (थिएन । तिनी परमेश्वरको डर पनि नमान्ने र कुनै मानिसलाई पनि आदर नगर्ने व्यक्ति थिए भनी दृष्टान्तले बताउँछ । त्यसैले तिनले आफ्नो मुद्दा तिनकहाँ ल्याइरहनुपर्थ्यो ।)

**धारवाहिक पाठः**

दृष्टान्त फरक छुट्टाउने किसिमको भएको हुनाले सही न्यायचाहिँ त्यसको विपरित हुन्छ । यसकारण, त्यो दृष्टान्तले तपाईंले आफ्नो उही अनुरोध ल्याएर परमेश्वरकहाँ आइरहनुपर्दैन भन्ने संकेत गरिरहेको छ; उहाँले तपाईंको कुरा पहिलो पटकमा नै सुनिसक्नुभएको छ । तपाईंले परमेश्वरलाई जवाफ दिनको हैरान पार्नुपर्दैन; उहाँ तपाईंको पक्षमा न्याय गर्न तत्पर हुनुहन्छ र उहाँले सो चाँडै गर्नुहुनेछ । तर येशूको सुरुवाती र अन्तिम भनाइ, "प्रार्थना गर्नु र निराश नहुनु"  र "उनले पृथ्वीमा विश्वास भेट्टाउनेछन्" ले केही मानिसहरूले विश्वासद्वारा प्रार्थना गरिरहेका हुँदैनन् तर आशा मात्र गर्छन् भन्ने देखाउँछ ।

**समूह छलफलः**

५. शंका विश्वासको शत्रु हो । तपाईंले प्रार्थना गर्दा तपाईंसित भएका केही शंकाहरू के-के हुन्?

**धारावाहिक पाठः**

यदि ख्रीष्टियनसित परमेश्वरले सही प्रार्थना अनुरोधको जवाफ दिनुहुनेछ भन्न विश्वास छ भने परमेश्वरले यसलाई कृपापूर्वक र चाँडै जवाफ दिनुहुनेछ भनी अन्यायी न्यायाधीशको दृष्टान्तले दर्शाउँछ । पावलले आफ्नो शरीरमा भएको काँढालाई हटाउनको निम्ति पटकपटक परमेश्वरसँग बिन्ती गरे तैपनि उनलाई त्यसबाट छुटकारा दिइएन भनी धेरै ख्रीष्टियनहरूले भन्छन् ।

प्रेरित पावलले उनको "शरीरमा भएको काँढा"बारे ई.सं. ५६ वा ५७ तिर लेखिएको कोरिन्थीहरूलाई लेखिएको उनको दोस्रो पत्रमा उल्लेख गर्छन् । यसमा यस्तो लेखिएको छः

मैले गर्व गर्नैपर्छ । तर यसबाट लाभ केही नभए तापनि, प्रभुबाट पाएका दर्शनहरू र प्रकाशहरूका कुरा म गरिरहेछु ।

ख्रीष्टमा म एक जना मानिसलाई चिन्दछु, जो चौध वर्षअघि तेस्रो स्वर्गसम्म उचालिलगियो । ऊ शरीरमै लगियो कि

शरीरविनै, सो म जान्दिनँ, परमेश्वर जान्नुहुन्छ । म यस मानिसलाई चिन्दछु, शरीरमा हो कि विनाशरीरमा,

त्यो मलाई थाहा छैन, तर त्यो मानिस स्वर्गलोकमा उचालिलगियो, यो कुरा परमेश्वर जान्नुहुन्छ ।

र त्यहाँ बताउनु नहुने कुराहरू उसले सुन्यो, जुनचाहिँ मानिसले उच्चारणसम्म पनि गर्नुहुँदैन ।

यस मानिसको पक्षमा म गर्व गर्नेछु, तर आफ्नै पक्षमा भने मेरो कमजोरीबाहेक अरू कुरामा म गर्व गर्नेछैनँ ।

यदि मैले गर्व गर्ने इच्छा नै गरे भने पनि म मूर्ख बन्नेछैनँ, किनकि म सत्य बोलिरहेको हुनेछु ।

तर मानिसले ममा देखेको र मबाट सुनेको भन्दा बढ़ी कसैले मलाई नठानोस् भनेर म गर्व गर्नदेखि थामिन्छु ।

तर प्रशस्त प्रकाशहरूको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई

शैतानको दूत, अर्थात् एउटा काँढ़ो मेरो शरीरमा दिइयो । यो मबाट हटोस् भनेर मैले तीन पल्ट प्रभुसित बिन्ती गरें ।

तर मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ ।"

यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु । (२ कोरिन्थी १२:१-९)

पावलको गवाहीअनुसार "शरीरमा काँढो" दिइएको थियो स्पष्ट छ कि त्यो उनलाई परमेश्वरद्वारा उपहारको रूपमा बा कम्ती उहाँको अनुमितमा दिइएको थियो । उनलाई "शरीरमा काँढो" दिनुको कारणचाहिँ उनले आफैलाई नउचालून् वा उनी घमण्डले नफूलिऊन् भनेर हो । यो सम्भवतः उनी ई.सं. ४२ वा ४३ तिर एन्टिओखिया क्षेत्रमा बस्दा उनले देखेका ठुलो दर्शनहरू वा प्रकाशहरूको कारण हुन सक्छ । यसकारण, त्यसैले उनलाई "शरीरमा काँढो" ईं.सं. ४२ वा ४३ पछि दिइएको हुनुपर्छ । अभिलेखहरूअनुसार पावलले ई.सं. ३७ तित येशूमा विश्वास गरेका थिए र उनले ई.सं. ४५ तिर उनको पहिलो मिसनरी यात्रा सुरुवात गरेका थिए ।

पावलको शरीरको काँढो के हो बनी विद्वानहरू माझ अनेकौँ अड्कलबाजीहरू गरिएका छन् । "शरीरको काँढो" बारे प्रचलित ५ दृष्टिकोणहरू छन् जसमा २ वटाले शारीरिक बिमारी र ३ वटाले आत्मिक शत्रुता भनी उल्लेख गर्छन् ।

**१. शारीरिक**

क. केहीले दमसकस जाने बाटोमा उनलाई प्रहार गरेर जीवन परिवर्तन हुवदा पावलका आँखाहरू कमजोर भएका थिए भन्छन् । *तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोऱ्याएर तिनलाई दमस्कसमा ल्याए । अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी पिए* । (प्रेरित ९:८-९) यद्यपि उनी यसबाट निको परिएका थिए । *दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए । तिनलाई प्रभुले दर्शनमा भन्नुभयो, "ए हननिया ।" तिनले भने, "प्रभु, हाजिर छु ।" तब प्रभुले तिनलाई भन्नुभयो, "उठ, र 'सीधा' नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन् । तिनले दर्शनमा हननिया नाउँ भएका एक जना मानिस भित्र आएर तिनले दृष्टि पाऊन् भनेर आफूमाथि उनका हात राखेका देखेका छन्* ।" (प्रेरित ९:१०-१२) यो घटना ई.सं. ३७ तिर भएको थियो जुन पावलले उनको प्रकाश पाउनभन्दा केही वर्षअघि नै भएको थियो ।

ख. केही पावललाई ढुंगाले हान्दा उनको अनुहार नै बिग्रिएको थियो भन्छन् । *तर कुनै-कुनै यहूदीहरू एन्टिओखिया र आइकोनियनबाट त्यहाँ आइपुगे, र भीड़लाई मनाएर पावललाई ढुङ्गा बर्साए, र तिनी मरे होलान् भन्ठानेर सहरदेखि बाहिर घिस्स्याएर लगे । तर जब चेलाहरू तिनको वरिपरि उभिए तिनी उठे, अनि सहरभित्र पसे, र भोलिपल्ट बारनाबाससँग निस्केर डर्बीमा गए ।* (प्रेरित १४:१९-२०) पावललाई ढुङ्गाले हानेको घटना ई.सं. ४६ तिर भएको हुनाले यो सम्भव हुन सक्छ ।

**२. आत्मिक**

*क.* यहूदी विरोध नै उनको शरीरको काँढो भनी केही सोच्छन् । *तर शाऊल अझ बढ़ी शक्तिशाली हुँदैगए,*

*र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिएर दमस्कसमा रहने यहूदीहरूलाई अकमक्क पारिदिए ।*
*अनि धेरै दिन बितेपछि यहूदीहरूले तिनलाई मार्ने षड्यन्त्र रचे* । (प्रेरित ९:२२-२८) यसको सम्भावना अत्यन्त कम देखिन्छ किनभने येशू ख्रीष्टको सुसमाचारको विरोध सदैव भइरहेको छ र यो खास घटना ई.सं. ३७ मा पावलको जीवन परिवर्तन भए लगत्तै भएको थियो ।

ख. केहीले पावललाई शैतानको दुष्टात्माले अनवरत रूपमा कष्ट दिन्थ्यो भन्ने ठान्छन् । यो सम्भावना छ किनकि परमेश्वरले राजा शाऊललाई कष्ट दिन दुटात्मालाई अनुमति दिनुभएको थियो । तर पावललाई कुनै दुष्टात्मा लाग्न सक्दैनथ्यो किनभने उनीभित्र पवित्र आत्मा बास गर्नुभएको थियो । केही ख्रीष्टियनहरूलाई दुष्टा आत्माले कष्ट दिएका छन् तर तिनीहरूलाई निकालेर समाधान गर्न सकिन्छ ।
ग. पावलले मोशाको व्यवस्थाहरू मान्नुपर्छ भन्ने यहूदी ख्रीष्टियनहरूको सामना अनवरत रूपमा गर्नुपर्थ्यो, जसले गैरयहूदी ख्रिष्टियनहरूले पनि व्यवस्थाको सार होइन शब्दहरू पालन गर्नुपर्छ भन्थे । यो पनि सम्भावना छ किनकि यो समस्या ई.सं. ४५ तिर भएको उनको पहिलो मिसनरी यात्रासम्म देखिएको थिएन । यसको निम्ति बाइबलीय आधार पनि छ । *तर तिमीहरूले त्यस देशका बासिन्दाहरूलाई धपाएनौ भने, रहन दिएकाहरूचाहिँ तिमीहरूका आँखामा परेका छेस्का र जीउमा बिझेका काँढ़ाजस्तै हुनेछन्, र तिमीहरू जहाँ बसे पनि उनीहरूले तिमीहरूलाई दुःख दिनेछन्* । (गन्ती ३३:५५) पावलले परश्वरबाट वैधानिक छुटकारा खोज्न सक्थे किनकि हितोपदेश १६:७ले भन्छ, *"जब मानिसका मार्गहरू परमप्रभुलाई मन पर्ने हुन्छन्, उहाँले त्यसका शत्रुहरूलाई समेत त्यससँग मिलापमा राख्नुहुन्छ ।"*

पावलको शरीको काँढा कि थियो भनी हामीले कहिल्यै जान्दैनौँ तैपनि हामीले पावलको प्रार्थनाको जीवनबारे केही निष्कर्ष निकाल्न सक्छौँ । यदि सही अभिप्रायसँग प्रार्थना गरियो भने प्रार्थनाको जवाफ आउँछ भन्ने पावलले विश्वास गरेका थिए भन्ने देखिन्छ । उनले आफ्नो विश्वास उनको कामद्वारा देखाए । उनले मानिसहरूको मुक्तिको निम्ति प्रार्थना मात्र गरेनन् तर उनले उनीहरूलाई सुसमाचार पनि प्रचार गरे ।
पावलले तीन पटकसम्म उही कुराको निम्ति प्रार्थना गरे भनेका हुनाले परमेश्वरसँग उही कुराको निम्ति लगतार मागिरहनु सामान्य हो जस्तो देखिँदैन । "शरीरमा काँढो" सुरु भएको र उनले कोरिन्थीहरूलाई बतउएको कुरा बीच सम्भवतः १४ वर्षको समय थियो । त्यसैले पावलले प्रार्थना गरेर जवाफ दिन परमेश्वरलाई पर्याप्त समय दिएको जस्तो देखिन्छ । तर परमेश्वरले उनलाई जवाफ नदिएसम्म उनले प्रार्थना गर्न छोडेनन् ।

**समूह छलफलः**

६. परमेश्वरको राज्यमा तपाईंसित के अधिकार छ?
(परमेश्वरसँगको सम्बन्धको आधारमा ख्रीष्टियनहरूसित धेरै अधिकारहरू छन् । यी अधिकारहरू उहाँको अधिकारमा, उहाँको नाउँमा, उहाँको चरित्रमा, उहाँको प्रतिज्ञामा र उहाँले भन्नुहुने सबै थोकमा पाइन्छन् ।)

७. तपाईंले आफ्नो अधिकारहरू कहाँ लाउनुहुन्छ? (ख्रीष्टियनका अधिकारहरू बाइबलभरि छन् । उदाहरणको लागि, प्रभुको प्रार्थना साथै अन्यायी न्यायाधीशको दृष्टान्तले तिनीहरूमध्ये केही अधिकारहरू समाहित गरेका छन् ।)

८. तपाईंले आफ्ना अधिकारहरूलाई कसरी लागू गराउनुहुन्छ?
(परमेश्वरको वचनले तपाईंको आधिकारबारे जे भन्छ त्यसलाई लिने र परमेश्वर भन्नुभएको कुरा लागू गर्न न्यायाधीश परमेश्वरलाई आग्रह गर्ने ।)

**पाठको आशयः**

<u>प्रार्थना गर्नु र हताश नहुनु... परमेश्वरमा विश्वास गर्नु जो न्यायी हुनुहुन्छ र तपाईंलाई प्रेम गर्नुहुन्छ ।</u>

**प्रयोगः**

तपाईंका प्रमूख प्रार्थना विषयहरूका निम्ति प्रार्थना गरिएको मितिसहित प्रार्थना जर्नल सुरुवात गर्नुहोस्, परमेश्वरसित के माग्नुभएको थियो र पहिल पटक पूरा भएको मिति कुन थियो । कहिलेकाहिँ धेरै पटकमा मात्र पूरा हुन सक्छन् वा ठुला र साना परिपूर्तीहरू हुन सक्छन् ।

## पाठ ४२
## बालबालिकाहरू

**समूहको गाँठो फुकाउने प्रश्नः**

येशूसँग तपाईंको सम्बन्ध निर्माण हुँदा तपाईं कति वर्षको हुनुहुन्थ्यो?

**परिचयः**
येशूले अन्यायी न्यायाधीसको दृष्टान्त भन्नुभएको केही समयपछि मानिसहरूले बालबालिहरूलाई येशू छोएर आशिष्को निम्ति प्रार्थना गरिदेऊन् भनी उनीहरूका बालबालिकाहरूलाई उहाँकहाँ ल्याउन थाले । जब चेलाहरूले यो देखे उनीहरूले मानिसहरूलाई हप्काए । तर येशू चेलाहरूसँग रिसाए भन्नुभयो, *''बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने परमेश्वरको राज्य यस्तैहरूको हो ।''* यो अन्तमा बाल बप्तिस्मा र त्यसबाट प्राप्त मुक्तिलाई प्रमाणित गर्ने वचन खण्ड बन्यो ।

यद्यपि बाल बप्तिस्मा र मुक्ति यस शीर्षकोको छलफलको विषय होइन, तैपनि यसबारे आधारभूत ज्ञान हुनु राम्रो हुन्छ । पानीको बप्तिस्मा कसले लिन सक्छ भन्नेबारे ख्रीष्टियन मतभित्र दुई वटा कित्ताहरू छन् । ब्याप्टिस्टहरूले नेतृत्व गरेका फन्डामेन्टलिस्ट (कट्टरवादी) समूहले बप्तिस्मा लिनको निम्ति उक्त व्यक्तिले "नयाँ जन्म"को अनुभव गरेको हुनुपर्छ भन्छन् । उनीहरूले उनीहरूको बप्तिस्माको स्वरूपलाई "विश्वासीको बप्तिस्मा" भन्छन् ।

"नयाँ जन्म"को अनुभव भनेको सुसमाचार सुनेर ख्रीष्ट विश्वास गरेपछिको परिणाम हो । उनीहरूले करारमा प्रवेश गर्नलाई प्रयोग गर्ने आधार येशूप्रतिको व्यक्तिगत विश्वास हो । यसकारण, नाबलक र साना बालबालिकाहरू (७ वर्षभन्दा मुनिकाहरू) करारमा प्रवेश गर्न सक्दैनन् किनभने उनीहरूसित अझै पनि विश्वासको अवधारणाको बुझाइको कमी हुन्छ ।

कट्टरवादीहरूका अनुसार बालबालिकाहरू जवाफदेहिताको उमेरमा नपुगेसम्म परमेश्वरले उनीहरूलाई अनन्त दण्ड दिनुहुन्न भन्ने विश्वास गर्छन्, धेरैले सोचेअनुसार त्यो उमेर भनेको १२ वा १३ वर्ष हो । यी समूहहरूमध्ये धेरैले उनीहरूका साना उमेरका बालबालिका(नाबक)हरूलाई परमेश्वरलाई अर्पण गर्छन् । बालकको बुबाआमाले सामान्यतया उनीहरूका बालकलाई परमप्रभुको भय र शिक्षामा हुर्काउले घोषणा गर्दै अर्पण गर्छन् ।

कुनै व्यक्तिको मुक्तिको अनुभवको हिस्साको रूपमा ख्रीष्टमाथिको विश्वासलाई बाहिर खुल्लमखुल्ला स्वीकार गर्नु पनि आवश्यक हुन्छ । *किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।* (रोमी १०:९-१०) यो उक्त व्यक्तिको बप्तिस्माअघि वा सँगै गरिन्छ । ख्रिष्टले ठहराउनुभएको बप्तिस्मा[8]चाहिँ मण्डलीसँग जोडिनलाई आवश्यकपर्ने एउटा पूर्वशर्त हो ।
जब कट्टरवादीहरूले येशूको जवाफलाई, अर्थात् *''बालकहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने परमेश्वरको राज्य यस्तैहरूको हो''* पढ्छन्, बालबालिकाहरू

[8] बप्तिस्मा । यसको पूरा वर्णणको निम्ति एलिया र एलीशाको कथा- बप्तिस्माको तस्विर नामक लेखलाई हेर्नु होला ।

जो उनीहरूका आफ्नै शक्तिद्वारा र बुझ्ने सक्षमताद्वारा येशू ख्रीष्टमा मुक्ति पाउने विश्वासमा आउन सक्छन् र उनीहरूलाई कसैले रोक्नुहुँदैन किनभने परमेश्वरको राज्य बालकको जस्तो विश्वास प्रकटगर्नेहरूका निम्ति हो भन्ने किसिमले बुझ्छन् । तर जब उनीहरूले लूकाको पुस्तकबाट पढ्छन् उनीहरूले यसको चर्चा गर्न चाहँदैनन् किनभने यसमा यसरी लेखिएको छ, *"नाबालकहरू[9] लाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक । किनभने परमेश्वरको राज्य यस्तैहरूको हो ।"*

यसले हामीलाई बाल बप्तिस्मामा विश्वास गर्ने बाँकी ख्रीष्टियन मतहरूतिर ल्याउँछ । मैले यसलाई ऐतिहासिक ख्रीष्टियन मत भनी उल्लेख गर्न रुचाउँछु, जसलाई रोमन क्याथोलिक, ग्रीक अर्थोडक्स र लुथरानहरूले नेतृत्व गर्छन् । ऐतिहासिक ख्रीष्टियन मतहरूले पनि कट्टरवादीहरूले मान्यता दिएका विश्वास, खुल्लमखुल्ला स्वीकार र बप्तिस्मा जस्ता ३ वटा कुराहरूलाई नै मान्छन् ।

बप्तिस्मालाई मण्डलीसँग जोडिने पूर्वशर्तको रूपमा र यसले व्यक्तिलाई मुक्ति प्रदान गर्ने कुराको रूपमा हेरिन्छ ।[10] ऐतिहासिक ख्रीष्टियन मतहरूले निम्न दुई वटा कुराहरू उल्लेख गर्छन्:

> *विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ* । (मर्कूस १६:१६) *यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ । यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ* । (१ पत्रुस ३:२१)

[9] उदाहरणको लागि नाबालकको निम्ति ग्रीक शब्दचाहिँ ब्रेफोस हुन्छ ।

[10] *फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए । 2यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन ।" 3येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन ।" 4निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?"*
*5येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन ।... 12मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ?*(यूहन्ना ३:१-१५- तिमी नयाँ गरी जन्मनुपर्छ ।) जस्तो धर्मशास्त्रले भन्छ, *पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ आत्मिक हो।* र यसकारण यस सन्दर्भमा हामीले पृथ्वीका कुराहरू बुझ्न सक्छौँ ताकि हामीले येशूले यहाँ हरेल बालक जन्मनुपर्छ अर्थात् बालक जन्मनु पहिले "पानी"लाई तोड्नुपर्छ र यसैले जन्नु अतयावश्यक हुन्छ भन्नुभएको कुरा बुझ्न र विश्वास गर्न सकौँ अर्थात् "*कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन*" भनी येशूले सिकाउनुहुन्छ ।

बाल बप्तिस्मा र करारमा प्रवेशको निम्ति ऐतिहासिक ख्रीष्टियन मतको आधारचाहिँ पुरानो करारको मोशाको करारको स्वरूप हो । यसले बप्तिस्मालाई खतनासँग समानान्तर रूपमा हेर्छः

*ख्रीष्टको खतनामा पापमय स्वभावको देहलाई त्यागेर हातविना गरिएको खतनाद्वारा उहाँमा तिमीहरूको खतना भएको थियो । बप्तिस्मामा तिमीहरू उहाँसँग गाडिएका थियौ । मरेकाहरूबाट उहाँलाई जीवित पार्नुहुने परमेश्‍वरको कार्यमा विश्‍वास राख्नाले यही बप्तिस्मामा तिमीहरू पनि उहाँसँगै जीवित पारियौ ।* (कलस्सी २:११-१२)

बप्तिस्मा लिएका नाबकहरूसहित बालबालिकाहरू ख्रीष्टसवगको करारमा प्रवेश गरेका छन् यसरी उनीहरूलाई अनन्त दण्डाज्ञाबाट अलग गरिएका छन् । यहूदी केटाहरूलाई आठौँ दिनमा खतना गरिन्थ्यो, यसैद्वारा उनीहरू अब्राहामको

करारमा प्रवेश गर्थे र परमेश्‍वरका मानिसहरूको हिस्सा बन्थे । बप्तिस्माद्वारा मण्डलीमा बालबालिकाहरूको रूपमा प्रवेश गर्नेहरूले धार्मिक शिक्षा वा प्रमाणीकरण कक्षा लिनुपर्छ ताकि उनीहरू प्रवेश गरेका विश्‍वासबारे उनीहरूले बुझ्न सकून् । उनीहरू जवाफदेहिता अर्थात् १२ वा १३ वर्षको हुँदा उनीहरूले उनीहरूको प्रमाणीकरणमा उनीहरूको विश्‍वासलाई खुल्लमखुल्ला स्वीकार गर्छन् । यो यहूदी केटा बालक १२ वा १३ वर्षको हुँदासम्म तोरा अध्ययन गर्ने कुरासँग सम्बन्धित छ, जति बेलाऊ "बार मित्ज्वाह" अर्थात् आज्ञाको पुत्र बन्छ वा ऊ विश्‍वासलाई खुल्लमखुल्ला स्वीकार गर्ने व्यक्ति हुनेछ । यहूदी धर्ममा होस् वा ख्रीष्टियन मतमा होस् वयश्क व्यक्तिलाई खतना गर्न वा बप्तिस्मा दिनअघि उसले विश्‍वास गर्नुपर्छ र आफ्नो विश्‍वासलाई खुल्लमखुल्ला रूपमा स्वीकार वा घोषणा गर्नुपर्छ ।

बाल बप्तिस्मा प्रारम्भिक कालको ख्रीष्टियन विश्‍वासको अभ्यास थियो जसलाई इन्कार गर्न सकिन्न । एक-एक र पूरै घरानालाई बप्तिस्मा दिइयो भन्ने धर्मशास्त्र सन्दर्भहरू छन् । अरिगेनले तेस्रो शताब्दीमा लेखे, "मण्डलीको रीतिअनुसार नाबकलहरूलाई पनि बप्तिस्मा दिइन्छ" (*Homilies on Leviticus*, 8:3:11 [ई.सं. २४४]) । कार्थेजको परिषद्ले २५३ मा बालक जन्मेको आठौँ दिनसम्म बप्तिस्मालाई बन्देज लगाउनुपर्छ भनी दण्डाज्ञा घोषणा गऱ्यो । पछि अगस्टिनले यसरी सिकाए, "नाबलकलाई बप्तिस्मा दिने आमा मण्डलीको रिवाजलाई निश्‍चय नै घृणा गर्नुहुँदैन... न त प्रेरितीय अभ्यासविना यसको परम्परालाई नै विश्‍वास गर्नुहुन्छ ।" (*Literal Interpretation of Genesis* 10:23:39 [ई.सं. ४०८]) ।

**धर्मशास्त्र पाठः**

**येशूले बालबालिकाहरूलाई आशिष् दिनुहुन्छ**

मत्ती १९:१३-१५, मर्कूस १०:१३-१६, लूका १८:१५-१७

"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे । तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो । साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन ।" अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो र उहाँ त्यगाँबाट जानुभयो ।

**आज्ञाहरूः**

- साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ ।
- तिनीहरूलाई नरोक ।

**पाठः**

मानिसहरूले बालबालिकाहरूलाई येशूकहाँ किन ल्याए वा चेलाहरूले उनीहरूलाई किन हप्काए भन्ने कारण हामीले कहिल्यै पनि जान्न सकौँला । तर उहाँका कार्यहरू र शाब्दिक जवाफद्वारा हामीले भन्न सक्छौँ, उहाँले बालबालिकाहरूलाई प्रेम गर्नुभयो र उनीहरूलाई उहाँको समय र ध्यान दिन सक्ने गरी मूल्यवान ठान्नुभयो । सायद उहाँले मन्दिरमा शिमियोनले उहावकोबारे उहाँकी आमाले भनेको कुरा याद गर्नुभयो होला । उनले बालक येशूलाई हात लिएर उहाँलाई आशिष् दिएः

*अब हे परमप्रभु, आफ्नो वचनअनुसार तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस् ।*
*किनकि मेरा*
*आँखाले तपाईंको उद्धार देखेका छन्, जो तपाईंले सबै मानिसहरूका सामुन्ने तयार पार्नुभएको छ,*
*अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति ।*
(लूका २:२९-३२)

बुबाआमाहरूले उनीहरूका बालबालिकाहरूलाई येशूकहाँ ल्याउने अठोट र विश्वासलाई धर्मशास्त्रबाट हामीले देख्न सक्छौँ । त्यसैले, हामी साना बालबालिकाहरूको बुबाआमाहरूले उनीहरूको आचरणलाई नमूना बनाउन खोज्नुपर्छ जस्तो देखिन्छ किनभने येशूले उनीहरूको आचरणलाई स्वीकार्य भेट्टाउनुभयो । मण्डलीको हैसियतमा हामीले बालबालिकाहरूलाई उहाँसँगको सम्बन्धमा प्रवेश गर्न कुनै पनि बालकलाई रोक्नु हुँदैन ।

**समूह छलफलः**

१. "हात राख्नु"ले जसमाथि हात राखिन्छ उसलाई आत्मिक दान दिइएको कुरालाई जनाउँछ । हात राखेर दिइएका केही कुराहरू उल्लेख गर्नुहोस् ।

- पवित्र आत्मा दिइएको
- आत्मिक वरदानहरू दिइएको
- चङ्गाइ
- बप्तिस्मा
- पुजारीहरू, सेवकहरू, एल्डरहरू, डिकनहरू र अन्य अधिकारीहरूको अभिषेक ।
- अर्पणहरूमा
- बोलिएका आशिषहरूमा

**पाठको आशयः**

बालबालिकाहरूलाई येशूसँग सम्बन्ध निर्माण गर्नबाट नरोक ।

पाठ ४३

# यरूशलेमसम्म

**परिचयः**

येशूले उहाँको समय छोटो छ भन्ने जान्नुहुन्छ र चेलाहरूलाई आगामी दिनहरूका निम्ति तयारी गर्न थाल्नुहुन्छ । उनीहरू यरूशलेमतिर जाँदै हुनुहुन्छ जहाँ धर्मशास्त्रअनुसार उहाँले कष्ट भोग्नुहुन्छ, मर्नुहुन्छ, र मृतकबाट जीवित पारिनुहुन्छ । उहाँले चेलाहरूलाई "हेर्न" आज्ञा दिनुहुन्छ । "हेर्नु" शब्दको अर्थ "समझसहित देख्नु" हुन्छ । अर्को शब्दमा, उनीहरूले यरूशलेममा देख्न लागेका घटनाहरूलाई पूर्ण रूपमा बुझ्नुपर्छ भनी येशूले उनीहरूलाई बताउँदै हुनुहुन्छ । येशूले यस अवधिमा चेलाहरूलाई दिनुभएका शिक्षाहरूमा भएका निर्दिष्ट कुराहरूको अध्ययन गर्नअघि हामीले पनि ती घटनअघि नै चेलाहरूले जस्तै नजिकबाट हेर्नेछौँ ।

**धर्मशास्त्र पाठः**

**यरूशलेमसम्म**

**येशूले निस्तार चाडमा जान तयारी गर्नुहुन्छ**

मत्ती २०:१७-१९, मर्कूस १०:३२-३४, लूका १८:३१-३४' यूहन्ना ११:५५-५७

"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

ई.सं. ३१ अप्रिल १७ तारीख, बिहीबार बिहान (अबिब/निसान)[11] [हप्ताको पाँचौँ दिन]

---

[11] अबिब/निसान ८ । यो महिनाको बाइबलीय नामचाहिँ अबिब हो, जसको अर्थ "हरियो बालाहरू" हुन्छ । यहूदीहरूले यसलाई "निसान" भन्छन् । यो परमेश्‍वरको पवित्र पात्रोको पहिलो महिना हो, जसमा "परमप्रभुका सात वटा ठहराइएका समयहरू" पर्छन् । यसको प्राथमिक सन्दरभचाहिँ लवी २३ अध्याय हो ।

अबिब/निसान ८ चाहिँ यहूदी पात्रिको मिति हो जुनचाहिँ ग्रेगरीयन पात्रोको ई.सं. ३१ अप्रिल १७ समान हुन्छ । यसपछिका येशूका अन्तिम दिनहरूमा द्रुत गतिमा घट्ने घटनाहरूलाई पाठकहरूले राम्ररी बुझ्न सकून् भनी यहूदी मितिहरूलाई यही दृष्टिकोणबाट उल्लेख गरिनेछ ।

**नोटः** यस पुस्तकमा उल्लेख गरिएका मितिहरूलाई बुझ्न, हरेक यहूदी दिन बेलुकीको साँझ ६ बजेदेखि सुरु हन्छ भन्ने बुझ्नुपर्छ । यसकारण, वास्तवमा अबिब/निसान ८  बुधबार बेलुकी साँझ ६ बजेदेखि सुरु भयो ।

यहूदीहरूको निस्तार-चाड नजिकै थियो, र गाउँ-गाउँबाट धेरै जना आफू-आफूलाई शुद्ध पार्न भनी निस्तार-चाड़को आरम्भ हुन अघि यरूशलेममा गए । तब तिनीहरूले येशूलाई खोजे, अनि तिनीहरू मन्दिरमा खड़ा हुँदा आपसमा भन्न लागे, "तिमीहरूलाई कस्तो लाग्छ, के उनी चाड़मा आउलान्?" मुख्य पूजाहारीहरू र फरिसीहरूले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले थाहा पाए खबर गर्नू भन्ने आज्ञा दिएका थिए । उहाँहरू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो, र येशू तिनीहरूका अगिअगि हिँड़िरहनुभएको थियो । चेलाहरू अचम्मित थिए, र अरू पछिपछि आउनेहरू भयभीत थिए । येशूले बाह्रैलाई अलग्गै लगेर भन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं, र मानिसको पुत्रको विषयमा अगमवक्ताहरूले लेखेका हरेक कुरा पूरा हुनेछ । किनभने ऊ अन्यजातिहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसको गिल्ला गर्नेछन्, र ऊसँग दुर्व्यवहार गर्नेछन्, र उसलाई थुक्नेछन् । तिनीहरूले उसलाई कोर्रा लाउनेछन् र मार्नेछन्, अनि तेस्रो दिनमा ऊ फेरि मृत्युबाट जीवित भई उठ्नेछ । तर चेलाहरूले यी कुराहरू एउटै पनि बुझेनन् । तिनीहरूका निम्ति यो कुरा गुप्तमा राखियो, अनि भनिएको यो कुरा तिनीहरूको समझले भ्याएन ।

**आज्ञाः**

❖ हेर, हामी यरूशलेमतिर जाँदैछौँ ।

**पाठः**

हामीले यस पाठमा येशूको मृत्युम दफन र पुनरुत्थानसम्म लैजाने र त्यसको सेरोफेरोका घटनाहरूको समय र ऐतिहासिक महत्त्वमा केन्द्रित गर्नेछौँ । हामीले चर्चा गर्नुपर्ने पहिलो विषय समय हो ।

**पात्रोहरूः**

हामी पश्चिमाहरूले हाम्रो समयलाई रोमी पात्रोको आधारमा निर्धारण गर्छौं जसलाई ग्रेगरियन पात्रोको रूपमा चिनिन्छ । यो पात्रो जुलियस कैसरले ई.पू. ४६ मा विकास गरेका र ई.सं. १५८२ मा पोप ग्रेगर १३औँले संशोधन गरेका पात्रोबाट लिइएको हो । ग्रेगरियन पात्रोचाहिँ सूर्यको वरिपरि पृथ्वीको परिक्रमाको गणनामा आधारित सौर्य पात्रो हो, जसअनुसार पृथ्वीलाई सूर्यको परिक्रमा गर्न ३६५ दिन लाग्छ । यो पात्रोमा १२ महिना हुन्छन् जसमा ७ वटा महिनाहरू ३१ दिनका र ४ वटा महिना ३० दिनका र १ वटा महिना २८ दिनको हुन्छन् । हरेक ४००औँ वर्षलाई ठिक कायम राख्न हरेक ४ वर्षमा २८ दिनको महिनामा एउटा अतिरिक्त दिन थपिन्छ । ग्रेगरीयन पत्रोमा चक्रिय मितिहरू हुँदैन ।

हिब्रू वा यहूदी पात्रोचाहिँ चन्द्रिय पात्रो हो । यो चाहिँ पृथ्वी वरिपरिको चन्द्रमाको चालमा आधारित छ, जसले हरेक २९ देखि २९ १/२ दिनमा एक चक्कर पूरा गर्छ । यो पात्रो पनि १२ महिनाको नै हुन्छ, तरहरेक महिनाको सुरुवातचाहिँ औँसीसँगै हुन्छ । यसलाई सौर्य वर्षसँग मिलाउनलाई १९ वर्षभित्र ७ पटकसम्म एउटा अतिरिक्त (१३औँ) महिनालाई थपिन्छ । १२औँ महिनापछि आउने यही अतिरिक्त महिनालाई अदर र वे-आदर वा "दोस्रो" अदर भनिन्छ । हिब्रू वा यहूदी पात्रोमा हरेक १९ वर्षभित्र चक्रिय मितिहरू हुन्छन् ।

**समय बताउने परमेश्वरको तरिकाः**

*अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन् । तिनीहरू ऋतुहरू[12], दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून् । र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन् ।" तब त्यस्तै भइहाल्यो । अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो— ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न । उहाँले ताराहरू पनि बनाउनुभयो । अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो । अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो । साँझ पर्‍यो र बिहान भयो— चौथो दिन ।* (उत्पत्ति १:१४-१९)

[12] उत्पत्ति १:१४ मा 'ऋतुहरू' को निम्ति प्रयोग गरिएको शब्द "मोएड" हो। (**seasons** (Strong's Concordance #H4150)**:** ठहराइएको समय, स्थान, सभा (प्रयोग गरिएका अनुवादहरू: ठहराइएका चाडहरू, ठहराइएका समयहरू, तोकिएका पर्वहरू, तोकिएको समयहरू, ठहराइएका समयहरू), साथै प्रयोग गरिएको शब्द "ओथ" को महत्त्वचाहिँ (**signs** (Strong's Concordance #H226)**:** चिन्ह, गवाही, बन्धक (चिन्हहरू, मौसम र समयहरू परिवर्तन हुने संकेतहरू उत्पत्ति १:१४; biblehub.com/hebrew/226.htm)। उत्पत्ति १:१४ मा सम्भवताः (P), जहाँ ת אֹת◌"" מ', यसको सन्दर्भचाहिँ चन्द्रमा देखा पर्दा तोकिने पवित्र ऋतुहरू हुन सक्छन्; साथै למ ירח עָשׂה' उहाँले चम्द्रमालाई पवित्र ऋतुहरूका निम्ति बनाउनुभयो भजनसंग्रह १०४:१९; (biblehub.com/hebrew/4150.htm), जसको शाब्दिक अनुवादचाहिँ परमेश्वरका चाडहरूको सन्दर्भमा "ठहराइएका समयहरू" (ईश्वरीय तोक) हुन्छ । पछि आराधनाका पवित्र (चाड) दिनहरूका रूपमा चिनिएका सबैभन्दा पूराको सन्दर्भ यही हो, जुन ७ वटा छन् आइतबारलाई समावेश गर्दा ८ दिन हुन्छ (लेवी २३)।

उत्पत्ति १:१४ मा परमेश्वरले चिन्हरू र ऋतुरहरू (सूर्य, चन्द्रमा, ताराहरू र ऋतुहरू)मा, उहाँको सृष्टिको "टहराइएका समयहरू", उहाँले मानिसलाई सृष्टि गर्न, उसको पतनअघि र परमेश्वरको उद्धार आवश्यक पर्नअगि नै "विश्राम र ताजापन"को संकेत गर्ने संख्या चौथो दिनहरूमा "मानवजातिको उद्धार" राख्नुभएको थियो भन्ने हामी सिक्छौँ । परमेश्वरले समयको सुरुवातदेखि नै सबै थोकको उद्धार र मुक्तिको निम्ति उहाँसित सिद्ध योजना र उद्देश्य थियो (मत्ती ५:८; एफिसी १:१०)। यसले परमेश्वर नै सुरुवातकर्ता र पूरा गर्ने व्यक्ति भएको बताउँछ (हिब्रू १२:२), सुरु र अन्त (प्राकश २२:१३) र हाम्रो विश्वासको लक्ष्य (हिब्रू १२:२) भनी उल्लेख गर्छ ।

*यसरी आकाशमण्डल र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए । आफूले गर्नुभएका काम छैटौँ दिनमा परमेश्वरले सिद्ध्याउनुभयो । र सातौँ दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो । अनि परमेश्वरले सातौँ दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो । आकाश र पृथ्वीका सृष्टिको वृत्तान्त यही हो ।* (उत्पत्ति २:१-४)

परमेश्वरको अनुसारः

१. सूर्य, चन्द्रमा र ताराहरूलाई किन सृष्टि गरिएका थिए? (तिनीहरू मानिसको लाभको निम्ति सृष्टि गरिएका थिए । तिन वटा निर्दिष्ट कारणहरू छन्: १) जिउनाई उज्यालो प्रदान गर्न २) समय बताउन सिलो होस् भनेर र ३) परमेश्वरबाट आउने चिन्हहरूको काम गर्न ।)

२. तपाईंले दिन रात बीच कसरी भिन्नता छुट्टाउनुहुन्छ? (ठुलो ज्योति सूर्यले दिनमाप्रभुत्व गर्छ र सानो ज्योति चन्द्रमा रातमा प्रभुत्व गर्छ ।)

३. एक दिन के हो? (एक दिनमा अँध्यारोको एउटा अवधि र उज्यालो एउटा अवधि हुन्छ ।)

४. दिन कहिले सुरु हुन्छ? (दिन रातको समयको सुरुवातमा हुन्छ ।)

५. के कुनै विशेष दिन छ? (छ, सातौँ दिन ।)


६. एक हप्ता के हो? (एक हप्ता ७ दिनको हुन्छ ।)

७. महिना के हो? (एक महिना औँसीदेखि अर्को औँसीसम्मका दिनहरूको अवधिले बन्छ ।)

८. एक वर्ष के हो? (एक वर्ष भनेको पृथ्वीले सूर्यलाई परिक्रमा गर्नलाई लाग्ने अवधि हो ।)

९. ऋतुहरू कसरी निर्धारण गरिन्छ? (सौर्य वर्षको निम्ति तलको पृष्ठ हेर्नु होला ।)

सौर्य वर्षको विभाजनः




**आकाशका चिन्हहरूः**

आकाशमा विशेष चार किसिमकाचिन्हहरू छन् ।

१. राशीचक्रले कन्याराशीसँगै सुरुवात भएर तारापूञ्जद्वारा सको मार्ग दर्शाउँदा ख्रीष्टको कथा बताउँछ, जुन –कन्या र यहूदाको सिंह[13] अन्त हुन्छ ।

२. प्रकाशको पुस्तकमा भएका सात वटा स्वर्गीय चेताउनीहरू ।[14]

---

[13] यसलाई राम्ररी वर्ण गर्ने पुस्तकचाहिँ यो हो, *"The Witness Of The Stars"* by E.W. Bullinger, Kregel Publications 1967.

[14] प्रकाशको पुस्तकमा भएका ७ वटा स्वर्गीय चिन्हहरूः

*"तिमीहरूका आँखा माथि उठाएर आकाशलाई हेर, यी सबै कसले बनाएका हुन्? उहाँले नै होइन र, जसले पुञ्जलाई एक-एक गरी ल्याउनुहुन्छ र*

*प्रत्येकलाई नाउँ काढ़ी बोलाउनुहुन्छ। उहाँको ठूलो शक्ति र शक्तिशाली सामर्थ्यको कारण तिनीहरूमध्ये एउटै पनि हराउँदैन ।"* यशैया ४०:२५-२७

(अय्यूब ९:९, *"उहाँले सप्तर्षि, मृगशिरा र किरकिटी ताराहरू र दक्षिणका तारागण बनाउनुभयो ।"* अय्यूब ३८:३२, *"के तैंले ग्रह नक्षत्रहरूलाई तिनका ऋतु-ऋतुमा निकाल्न सक्छस्? अथवा सप्तर्षि-तारा र तिनका दललाई डोऱ्याउन सक्छस्?"* अय्यूब २६:१३, *"उहाँको सासमा आकाश सफा भयो, वेगले भागिरहेको सर्पलाई उहाँको हातले छेड्नुभयो ।"* अय्यूब ३८:३१ *"के तँ किरकिटी ताराहरूलाई बाँध्न सक्छस्? अथवा मृगशिराको पुञ्जलाई फुकाल्न सक्छस्?"*)

मसीहको जन्मको प्रतिज्ञा र शत्रुको विनाशको अन्तसँगै, हामीले जनावरहरूको चक्रको रूपमा परिबाषित गरिएको राशीचक्रको उत्पत्ति पत्ता लगाउँछौँ, तर तिनीहरूलाई मौलिक रूपमा भजनसंग्रह १९:१-४ मा उल्लेख गरिएजस्तै चिन्हहरूका चक्र वा अगमवाणीय चिन्हहरूको रूपमा सृष्टि गरिएका थिए:

*आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ । हरेक दिन तिनीहरूले वार्तालाप गर्छन्,*

*र हरेक रात तिनीहरूले ज्ञानको प्रदर्शन गर्छन् । कुनै बोली छैन, न भाषा छ, जहाँ तिनीहरूको सोर सुनिँदैन । तिनीहरूको सोरले सारा पृथ्वी गुञ्जायमान छ, तिनीहरूका शब्द पृथ्वीको सीमान्तसम्मै पुगेका छन् ।* यहाँ प्रयोग गरिएका शब्दहरूलाई ख्याल गर्दै आकाशमा परमेश्वरबाट आउने प्रकाश छ भनी हामीले जोडसँग भन्यौँ; उनीहरू अगमवाणी गर्छन्, उनीहरूले परमेश्वरको महिमा बताउँछन्, र उहाँका उद्देश्यहरू र योजनाहरू प्रकट गर्छन् ।

बाइबकला सत्यताहरू (तारामण्डलहरू लगायत)का संसारका प्राचीन धार्किक कुराहरूबाट क्रमिक रूपमा विकास भएका हुन् भन्ने विश्वास गरिन्छ । तर तथ्यचाहिँ ती प्राचीन सत्यताहरू आफै नै भ्रष्ट र विकृत छन्!

त्यसो भए हामीले यो अद्भुत स्वर्गीय मुट्ठो पढ्न कहाँ सुरु गर्ने? यी चिन्हहरूलाई हामीले कुन क्रममा पढ्ने? उनीहरूले आकाशमा अनन्त चक्र निर्माण गर्छन् । सूर्यको अनवरत चाल सुरु हुने र अन्त हुने चक्रको सुरु र अन्त कहाँ छ? हामीले कहाँ टुक्राएर "सुरुवात यहाँ हो" भन्न सक्छौँ । हामीले यो मौलिक सुरुवातलाई स्पष्टसँग निर्धारण नगरेसम्म, हामीले यो अद्भुत पुस्तकलाई ठिकसँग पढ्न सक्दैनौँ ।

हामीले बुद्धिमतापूर्वक सुरुवात गर्न सक्ने भनेको कन्या नै हो र हामीले सिंहमा मात्र तार्किक रूपमा अन्त गर्न सक्छौँ... जहाँ आकाशको ठुलो चक्र सुरु र अन्त हुन्छ । यो नै अज्ञात वा असाध्य रहस्यको रूपमा उल्लेख गरिएको कुरा होइन र... वा अनवरत मोनिटरले स्त्रीको सन्तानले सर्पको शिर कुच्याउने अगमवाणीबाट सुरुवात गरेर हामीलाई बताइरहेको छ (उत्पत्ति ३:१५), र यो यहूदाको सिंह, दाऊदका मूलको विजयसँगै अन्त हुन्छ जो मुट्ठा खोल्न र उहाँको प्रकाश प्रकट गर्न सक्ने हुनुहुन्छ (उत्पत्ति ४९:१० र प्रकाश ५:५)।

प्रकाशलाई धर्मशास्त्र उल्लेख गरेपछि स्वर्गीय ग्रन्थको संरक्षणको निम्ति त्यस्तो आवश्यकता थिएन । जातिहरूले तस्विरको मौलिक अर्थ गुमाएपछि उनीहरूले आफ्नै मनका विचारहरूको व्यार्थ सोचहरूबाट आफ्नै किसिमका अर्थहरूको आविष्कार गरे ।

*(https://www.google.com/books/edition/The_Witness_of_the_Stars/LVTNZWInD_gC?hl=en&gbpv=1&bsq=seven%20signs)*

परमेश्वरको कहिल्यै नरोकिने मोनिटरमा र उल्लेख गरिएको अगमवाणीको चक्रमा हामीले प्रकाशको पुस्तकमा रहेको उहाँको कथा बताउने उहाँले सृष्टि गर्नुभएका र उल्लेख गर्नुभएका कुराहरूमा स्वर्गका ७ चिन्हहरूको साँचो अर्थ पाउन सक्छौँ । तिनीहरू इस्राएललाई प्रतिनिधित्व गर्ने स्त्री हुन् (प्रकाश १२:१-२); शैतानको प्रतिनिधित्व गर्ने अजिङ्गर (प्रकाश १२:३); ख्रीष्टलाई जनाउने बालक (प्रकाश १२:५-६); स्वर्गदूतहरूको प्रतिनिधित्व गर्ने माइकल (प्रकाश १२:७); ख्रीष्ट विरोधीको प्रतिनिधित्व गर्ने समुद्रबाट निस्केको पशु (प्रकाश १२:१५-१७); बाँकी रहेका

३. ख्रीष्टको दोस्रो आगमनअघि हुने स्वर्गीय चिन्हहरू ।

*"सूर्य, चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन्, र समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन् । संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मूर्च्छा पर्नेछन्, किनकि आकाशका शक्तिहरू डगमगाउनेछन् ।* (लूका २१:२५-२६) *"ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन् । तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन् ।* (मत्ती २४:२९-३०)

४. प्रभु येशू ख्रीष्टको निम्ति ठहराइएको समयहरू बताउने चिन्हहरू । परमेश्वरले पृथ्वीमा गर्नुहुने कुनै महत्त्वपूर्ण कुराबारे तपाईंले सोचिरहनुभएको हुन सक्छ । हामी यी चिन्हहरू वा समयरहरू अझ गहन रूपमा हेर्नेछौँ ।

**ठहराइएका समयहरूः**

*परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूलाई भन्: 'पवित्र सभा स्वरूप तिमीहरूले घोषणा गर्नुपर्ने*
*परमप्रभुका तोकिएका चाड़हरू यी नै हुन्:*
*"'छ दिन काम गरिओस्, तर सातौँ दिनचाहिँ विशेष विश्रामको शबाथ, एक पवित्र सभाको दिन हो । त्यस दिन*
*तिमीहरूले कुनै किसिमको काम नगर्नू । तिमीहरूले जहीँ बसोबास गरे तापनि त्यो परमप्रभुको शबाथ हो ।*
(लेवी २३:१-३)

**वर्षको प्रारम्भः**

परमप्रभुको ठहराइएको समयहरू निर्धारण गर्नको निम्ति, परमेश्वरले गणना गर्न सुरु गर्ने बिन्दु ख्रीष्टियनहरूले जान्नुपर्छ । यो प्रस्थान १२:१-७ मा उल्लेख गरिएको छ, जुन यस प्रकार छ । *मिश्रदेशमा परमप्रभुले मोशा र*

परमेश्वरका सन्तानहरू (प्रकाश १३:१-२); र झुटो अगमवक्ताको प्रतिनिधित्व गर्ने पृथ्वीबाट आउने पशु (प्रकाश १३:११)।

*हारूनलाई भन्नुभयो, "यो महिना[15] चाहिँ तिमीहरूका निम्ति महिनाहरूको सुरु, वर्षको पहिलो महिना हुनेछ । इस्राएलका सारा समुदायलाई यसो भन, कि महिनाको दशौँ दिनमा तिनीहरू हरेकले आ- आफ्नो परिवारको निम्ति, हरेक घरानाअनुसार एउटा- एउटा पाठो ल्याएर राखोस् । कसैको घरानामा एउटा पाठाको लागि मानिस थोरै भए त्यसले आफ्नो घरका नजिकको छिमेकीसँग मानिसहरूको गन्तीअनुसार मिलोस् । हरेक मानिसको खुवाइअनुसार पाठोको गन्ती गर्नू । तिमीहरूको पाठो खोटरहित होस्— एक वर्षको पाठो । तिमीहरूले त्यो भेड़ा अथवा बाख्राबाट लिनू । त्यो तिमीहरूले त्यस महिनाको चौधौँ दिनसम्म राख्नू, र इस्राएलको समुदायका सबै मानिसहरूले यो बेलुकीपख[16] मारून् । तब तिनीहरूले त्यसको रगत लिएर जुन- जुन घरमा त्यो खाइन्छ, त्यसको ढोकाको चौकोसका दुईपट्टिका खम्बाहरू र माथिल्लो भागमा लाऊन् ।* अबिबको औँसीको सुरुवातको समयदेखि अरू ठहराइएका समयहरूलाई निर्धारण गर्न सकिन्छ ।

**परमप्रभुको निस्तारः**

*तोकिएका समयमा तिमीहरूले घोषणा गर्नुपर्ने परमप्रभुका तोकिएका चाड़हरू, अर्थात् पवित्र सभाहरू यी नै हुन्: पहिलो महिनाको चौधौँ दिनको साँझमा परमप्रभुको निस्तार सुरु हुन्छ ।* (लेवी २३:४-५)

**अखमिरी रोटीको चाडः**

*त्यसै महिनाको पन्ध्रौँ दिनमा परमप्रभुको निम्ति अखमिरी रोटीको चाड़ सुरु हुन्छ । सात दिनसम्म तिमीहरूले अखमिरी रोटी खानू । पहिलो दिन पवित्र सभा होस् । त्यस दिनमा तिमीहरूले दैनिक काम नगर्नू । सात दिनसम्म तिमीहरूले परमप्रभुको निम्ति अग्नि-होम चढ़ाउनू । अनि सातौँ दिनमा पवित्र सभा होस् । त्यस दिनमा तिमीहरूले दैनिक काम नगर्नू ।* (लेवी २३:६-८)

**अगौटे फलको चाडः**[17]

*परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूलाई भन्: 'मैले तिमीहरूलाई दिने देशमा पुगेर जब त्यहाँको बाली काटौला, तब तिमीहरूले आफ्नो*

---

[15] अबिब महिनाको अर्थ "हरियो बालाहरू" हुन्छ, र गहूँ र जौका बालाहरू पहिला देखा पर्ने वर्षको समयलाई देखाउन प्रयोग गरिन्छ ।

यहूदीहरूले यो महिना हाल निसान भन्छन् र यो हाम्रो मार्च/अप्रिल सरह हुन्छ ।

[16] बलुकीपखको अर्थ "साँझको बीचतिर" हुन्छ... दिनको उज्यालोहरूको अवधिमा हुन्छ । Twilight simply means "between the evening" . . . in other words during the daylight hours. [17] First Fruits. Christians call this *Easter* Sunday.

[17] पहिलो फलको चाड, ख्रीष्टियनहरूके यसलाई इस्टर सन्डे भन्छन् ।

*बालीको पहिलो उब्जनीको एक बिटा पूजाहारीकहाँ ल्याउनू । त्यो ग्रहण हुनलाई तिनले त्यो बिटा परमप्रभुको सामुन्ने डोलाऊन् । शबाथको भोलिपल्ट पूजाहारीले त्यो डोलाऊन् । त्यो बिटा डोलाउन लगाएको दिन परमप्रभुको निम्ति होमबलिको लागि एउटा एक वर्षे निष्खोट थुमा तिमीहरूले चढ़ाउनू । त्ससँगको अन्नबलिचाहिँ परमप्रभुको निम्ति एक मीठो बास्ना, आगोद्वारा चढ़ाइने बलि स्वरूप तेलमा मुछेको एक पाथी मसिनो पीठो होस् । अर्घबलिचाहिँ एक लिटर दाखमद्य होस् । तिमीहरू यो बलि आफ्ना परमेश्वरको निम्ति जुन दिनसम्म ल्याउँदैनौ त्यस दिनसम्म रोटी, भुटेको अन्न र हरियो बाला केही नखानू । तिमीहरूले जहीँ बसोबास गरे तापनि तिमीहरूका पुस्तौँ-पुस्तौँका निम्ति यो अनन्तको विधि होस् ।* (लेवी २३:९-१४)

**हप्ताहरूका चाडः**[18]

*शबाथको भोलिपल्टदेखि, अर्थात् तिमीहरूले डोलाइने बलिको बिटा ल्याएको दिनदेखि सात हप्ता तिमीहरूले गन्नू, अर्थात् सातौँ शबाथको भोलिपल्टसम्म पचास दिन गन्नू । त्यही दिन तिमीहरूले परमप्रभुको निम्ति नयाँ अन्नको बलि चढ़ाउनू । तिमीहरूले आफ्नो घरदेखि एक पाथी मसिनो पीठोले बनाएका र खमिर मिलाएर पकाएका दुई वटा रोटी परमप्रभुको निम्ति अगौटे फलको बलि स्वरूप ल्याउनू । ती रोटीसित एक वर्षे सात वटा निष्खोट थुमा र एउटा साँढ़े र दुई वटा भेड़ाहरू चढ़ाउनू । ती तिनीसँगका अन्नबलि र अर्घ-बलिसमेत परमप्रभुको निम्ति आगोद्वारा चढ़ाइने मीठो बास्नाको होमबलि होस् । त्यसपछि तिमीहरूले पापबलिको निम्ति एउटा बोका र मेलबलिको निम्ति एक वर्षे दुई वटा थुमा चढ़ाउनू । पूजाहारीले परमप्रभुको सामु, अगौटे फलको रोटीसँगसँगै डोलाइने बलिको निम्ति दुई वटा थुमा डोलाऊन् । पूजाहारीको हिस्सा हुनलाई त्यो परमप्रभुको निम्ति पवित्र बलि होस् । त्यस दिन पवित्र सभा हो भनी तिमीहरूले घोषणा गर्नू । त्यस दिनमा तिमीहरूले दैनिक काम नगर्नू । तिमीहरूका पुस्तौँ-पुस्तौँका निम्ति यो अनन्तको विधि होस् ।* (लेवी २३:१५-२१)

*तिमीहरूले आफ्नो देशमा खेतको बाली काट्दा खेतका छेउ- छेउसम्म निखारेर नकाट्नू । तिमीहरूले आफ्नो बालीको शिला- बाला नबटुल्नू । ती तिमीहरूले गरीब र परदेशीहरूका निम्ति छोड़िदिनू । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।* (लेवी २३:२२)

[18] हप्ताहरूका चाड, ख्रीष्टियनहरूले यसलाई पेन्तिकोस भन्छन् ।

**तुरहीको चाडः**

*परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूलाई भन: 'सातौँ महिना[19] को पहिलो दिनमा तिमीहरूका निम्ति विशेष विश्रामको दिन होस् । त्यस दिन सम्झनाको लागि तुरही फुकेर पवित्र सभा राखिओस् । तिमीहरूले त्यस दिनमा दैनिक काम नगर्नू, तर परमप्रभुको निम्ति अग्नि- होम चढ़ाउनू ।"* (लेवी २३:२३-२५)

**प्रायश्चितको दिनः**

*परमप्रभुले मोशालाई भन्नुभयो, "सातौँ महिनाको दशौँ दिनचाहिँ प्रायश्चितको दिन होस् । त्यस दिन तिमीहरूले पवित्र सभा राख्नू । तिमीहरूले आफैलाई इन्कार गर्नू, र तिमीहरूले परमप्रभुको निम्ति अग्नि- होम चढ़ाउनू । त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू, किनभने परमप्रभुको सामुन्ने तिमीहरूका निम्ति प्रायश्चित गरिने यो प्रायश्चितको दिन हो । त्यस दिन जसले आफूलाई इन्कार गर्दैन, त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस् । त्यस दिन कुनै किसिमको काम गर्ने मान्छेलाई त्यसका मानिसहरूमध्येबाट म नाश गर्नेछु । तिमीहरूले कुनै किसिमको काम नगर्नू । तिमीहरूले जहाँ बसोबास गरे तापनि तिमीहरूका पुस्तौँ-पुस्तौँका निम्ति यो अनन्तको विधि होस् । तिमीहरूका निम्ति यो विशेष विश्रामको शबाथ होस्, र तिमीहरूले आफू- आफूलाई इन्कार गर्नू । त्यस महिनाको नवौँ दिनको साँझदेखि भोलिपल्ट साँझसम्म तिमीहरूले आफ्नो शबाथ पालन गर्नू ।"* (लेवी २३:२६-३२)

**छाप्रो-वासको चाडः**

*परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूलाई भन: 'सातौँ महिनाकै पन्ध्रौँ दिनदेखि सात दिनसम्म*
*परमप्रभुको छाप्रो-वासको चाड़ होस् । त्यसको पहिलो दिन पवित्र सभा होस् । त्यस दिन तिमीहरूले*
*दैनिक काम नगर्नू । सात दिनसम्म तिमीहरूले परमप्रभुको निम्ति अग्नि- होम चढ़ाउनू । आठौँ दिनमा तिमीहरूले*
*पवित्र सभा राख्नू, र तिमीहरूले परमप्रभुको निम्ति एउटा अग्नि- होम चढ़ाउनू । यो समाप्त गर्ने सभा हो ।*

---

[19] सातौँ महिनालाई एथानिम भनिन्छ, जसको अर्थ "स्थायी" हुन्छ । यहूदीहरूले यो महिनालाई तिस्रि भन्छन् र यो हाम्रो सेप्टेम्बर/अक्टुबर सरह हो ।

*तिमीहरूले दैनिक काम नगर्नू । (" 'पवित्र सभा स्वरूप तिमीहरूले घोषणा गर्नुपर्ने परमप्रभुका तोकिएका चाड़हरू*
*यी नै हुन् । यी चाड़मा परमप्रभुको निम्ति तिमीहरूले आगोद्वारा चढ़ाइने होमबलि, अन्नबलि, बलिदान र*
*अर्घ-बलि ठीक-ठीक दिनमा चढ़ाउनू । परमप्रभुको शबाथ, तिमीहरूका दानहरू, भाकलहरू र परमप्रभुलाई*
*दिने गरेका स्वेच्छा भेटीहरूबाहेक यी हुनुपर्छ ।) "'सातौँ महिनाको पन्ध्रौँ दिनमा आफ्नो जमिनका फलहरू*
*बटुलेपछि तिमीहरूले सात दिनसम्म परमप्रभुको निम्ति यो चाड़ मनाउनू । पहिलो दिन र आठौँ दिन विशेष*
*विश्रामका दिन हुन् । पहिलो दिन तिमीहरूले रूखहरूका असल-असल फल, खजूरका हाँगाहरू, धेरै पात भएका*
*हाँगाहरू, र लहरे-पीपलका हाँगाहरू लिएर परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने सात दिनसम्म*
*खुशी मनाउनू । तिमीहरूले वर्षमा सात दिनसम्म परमप्रभुको निम्ति यो चाड़ मनाउनू । यो तिमीहरूका*
*पुस्तौँ-पुस्ताका लागि अनन्तको विधि होस् । यो तिमीहरूले सातौँ महिनामा मनाउनू । सात दिनसम्म तिमीहरू*
*झुप्राहरूमा बस्नू । सबै स्वदेशी इस्राएलीहरूचाहिँ झुप्रामा बसून्, र मैले मिश्रबाट निकालेर ल्याउँदा तिनीहरूलाई*
*झुप्रामा बस्न लाएको थिएँ भनी तिमीहरूका भावी सन्तानहरूले जानून् । म परमप्रभु तिमीहरूका परमेश्वर हुँ ।"*

*यसरी मोशाले इस्राएलीहरूलाई परमप्रभुका तोकिएका चाड़हरू घोषणा गरे ।* (लेवी २३:३३-४४)

## रोमी वा ग्रेगरियन पात्रोः

रोमी पात्रो सामान्यतयाः रोमका संस्थापक रोमुलसद्वारा विकास गरिएको मानिन्छ । यो ई.पू. ७५३ मा सुरु गरिएको थियो र यो रोमुलसले रोम सहर स्थापना गरेको मितिमा आधारित छ । रोमी पात्रोलाई वर्षौंसम्म व्यापक परिवर्तन गरियो तर यसमा संसारभरि समय बताउने आधार रहन्छ ।

रोमी पात्रोको प्रमूख परिवर्तन ई.पू. ४६ मा जुलियस कैशरको नेतृत्वमा भएको थियो । उनले उनको सुधारमा विद्यामान पात्रोमा ४५५ दिन थपे । त्यस समय त्यो पात्रोलाई जुलियन पात्रो नामाकरण गरियो । यो पात्रोअनुसार येशूलाई AUC[20] ७८४ मा क्रूसमा टाँगिएको थियो । दोस्रो संशोधन पोप ग्रेगरी १३औँको नेतृत्वमा ई.सं. १५८२ मा भएको थियो । उनले जुलियनको

[20] यसको अर्थ सहरको स्थापनादेखि हुन्छ, यो ई.पू. ७५४ मा रोमको सहर स्थापना गरिएको कुरासँग सम्बन्धित छ ।

| नाम | बाट आउँछ | को वा के | किन |
|---|---|---|---|
| जनवरी | जनुस | ढोकाहरूका देवता | यो महिनाले वर्ष सुरुवात गर्छ |
| फेब्रुअरीFebruary | एब्रुओ | शुद्ध पार्नु | यो बलिदानर शुद्धिकरणको महिना थियो |
| मार्च | मार्स | युद्धका देवता | सिपाहीको वर्षको सुरुवात हिउँदको समयमा कुनै युद्ध हुवदैन |
| अप्रिल | अपेरायर | खुल्ला | यो रूखहरूले उनीहरूको पातहरू खोल्ने महिना हो |
| मे | माइया | वृद्धिकी देवी | यो महिनामा योजना वृद्धि हुन्छ |

पात्रोबाट १० दिन घटाए । त्यस बेलादेखि यसलाई ग्रेगरियन पात्रो भनियो र यही पात्रोलाई नै हामी संसारको धेरै सजो भागमा प्रयोग गर्छौं ।

रोमी पात्रोले वर्षका महिनाहरूका नाउँ, हप्ताका दिनहरू पनि राख्यो र मद्यरातमा दिन सुरुवात गर्ने श्रेय पनि उनीहरूलाई दिइन्छ । नयाँ वर्षको दिन नयाँ रोमी परिषद्के कार्यभार लिँदा ई.पू. १५३ मा स्थापना गरिएको थियो । त्यस बेलासम्म हरेक वर्ष मार्च महिनामा सुरुवात हुन्थ्यो ।

| नाम | बाट आउँछ | को र के | किन |
|---|---|---|---|
| जुन | जुनो | देवताहरूकी रानी | |
| जुलाई | जुलियस कैसर | रोमी सम्राट | उनले पात्रोलाई मान्यता |

| | | | |
|---|---|---|---|
| अगस्ट | अगस्टस कैसर | रोमी सम्राट | उनी पनि जुलियस कैसरजत्ति कै भएको ठाने जुलियसजत्तै महत्त्वपूर्ण |
| सेप्टेम्बर | सेप्टेम | सात | सातौँ महिना (मार्चदेखि) |
| अक्टोबर | अक्टो | आठ | आठौँ महिना (मर्चदेखि) |
| नोभेम्बर | नोभेम | नौ | नवौँ महिना (मर्चदेखि) |
| डिसेम्बर | डिसेम | दश | दशौँ महिना (मार्चदेखि) |

रोमी पात्रोका हप्ताका दिनहरू सुर्य, चन्द्रमा र ५ वटा देख्न सकिने ग्रहहरू मंगल, बुध, बृहस्पति, शुक्र र शनिको नामबाट राखिएको थियो । ग्रहहरूको नाउँहरू नै रोमी देवताहरू र देवीहरूका नामबाट राखिएका थिए । अंग्रेजी भाषाले यो नामकरण प्रकृयालाई समाहित गऱ्यो तर दुई वटा इक्यान्डिनेभियन र देवताहरू र दुई वटा एङ्ग्लो-सेक्सन देवताहरू प्रतिस्थापन गऱ्यो ।

१. आइतबार- सूर्य
२. सोमबार- चन्द्रमा
३. मंगलबार- टिवाज, मार्ससँग मल्दो एङ्ग्लो-सेक्सन युद्ध देवता
४. बुधबार- वोडेन, बुधसँग सम्बन्धित एउटा एङ्ग्लो-सेक्सन देवता
५. बिहीबार- थोर, बृहस्पतिसँग सम्बन्धित स्क्यान्डिनेभियन देवता
६. शुक्रबार- फ्रेयिया, शुक्रसँग सम्बन्धित स्क्याडिनेभियन देवी
७. शनिबार- शनि

मण्डलीका विदाका दिनहरू (पवित्र दिनहरू) स्थापित गर्न र बाइबलका समयहरू उपयुक्त किसिमले बुझ्न ख्रीष्टियनहरूका निम्ति धेरै समस्याहरू खडा भए किनभने उनीहरूले बाइबलीय पात्रोमाथि ग्रेगरियन पात्रो लाद्न खोज्छन् । परिणा स्वरूप धेरै बाइबलीय सत्यताहरू लुकाइए र मण्डलीले

परमेश्वरका नियमहरूभन्दा मानिसहरूका परम्पराहरू अनुशरण गर्न लाग्यो ।

**समूह छलफलः**

१. मानिसहरू किन ख्रीष्टियनहरूले जस्तै हप्ताको सातौँ दिनको सट्टा पहिलो दिन वा मुस्लिमहरूले जस्तै हप्ताको ६औँ दिनलाई आदर गर्न (पवित्र तुल्याउन) चाहन्छन्?

**परमेश्वरको समयबारे अन्य टिप्पणीहरूः**

पश्चमी संस्कारमा राति १२ बजे वा मध्यरातमा हाम्रो दिन सुरु हुन्छ । हिब्रू वा यहुदी संस्कारचाहिँ साँझको ६ बजेतिर वा साँझमा ३ वटा ताराहरू झुल्कँदा दिन सुरु हुन्छ, जुनचाहिँ हाम्रो भन्दा ६ घण्टा अघि हो ।

ग्रेगरियन पात्रोका हप्ताका दिनहरू विभिन्न देवताहरूका नामबाट राखिएका छन् । हिब्रू उनीहरूका दिनहरूलाई पहिलो, दोस्रो, तेस्रो आदि भनेर गणना मात्र गऱ्यो । हप्ताको सातौँ दिन शबाथ (विश्राम) दिन सुक्रबारको साँझ ६ बजेतिर सुरु हुन्छ र शनिबारको साँझ ६ बजेतिर अन्त हुन्छ ।

साप्ताहिक शबाथ (विश्राम)को अतिरिक्त परमप्रभुका (येशू ख्रीष्टका ठहराइएका समयहरू) ७ वटा चाडहरूमा अन्य वार्षिक शबाथ (विश्राम) दिनहरू उल्लेख गरिएका छन् ।

१. अखमिरी रोटीको पहिलो दिन – निस्तार (अबिब १५)
२. अखमिरी रोटीको सातौँ दिन (अबिब २१)
३. सात-सातहरूको चाड (हप्ताहरू)- पेन्तिकोस (५०औँ दिन)
४. तुरहीको दिन- योम टेरुयाह (एथानिम १)
५. प्रायश्चितको दिन- योम किप्पुर (एथानिम १०)
६. छाप्रो-वासको पहिलो दिन (एथानिम १५)
७. आठौँ दिन (एथानिम २२)

**घटनाका घटनाक्रमः**

तल दिइएका घटनाहरूका घटनाक्रमलाई १) बाइबलीय कालक्रम, २) १९ वर्ष दोहोरिने चक्रसहितको यहूदी पात्रो, ३) खगोलशास्त्रीय धारणाहरू र ४) सम्भावित मितिहरूका अध्ययनबाट तयार पारिएका थिए ।[21] घटनाक्रम हरेकको हिब्रू मितिहरूमा आधारित छ तर मैले घटना घटदाको कुरा

[21] "Chronology of the Crucifixion and the Last Week" by James L. Boyer, Professor of Greek and New Testament, Grace Theological Seminary, Winona Lake, Indiana (1975).

पाठकहरूलाई बुझ्ना सहायात होस् भनेर ग्रेगरियन दिनहरूलाई पनि समावेश गरेको छु ।

## राजा आउँदै हुनुहुन्छ

*जब तेरो जीवन खतम हुनेछ, र तँ तेरा पित्रहरूसित मिल्न जानेछस्, तब तेरै घरानाको एक जनालाई तेरो पछि राज्य गर्न*
*म नियुक्त गर्नेछु, र म त्यसको राज्य स्थिर गर्नेछु । त्यसैले मेरो लागि एउटा भवन बनाउनेछ, र त्यसको सिंहासन सदाको निम्ति स्थिर गर्नेछु । म त्यसका पिता हुनेछु र त्यो मेरो छोरो हुनेछ । मैले तेरो अघिको शासन गर्नेदेखि मेरो प्रेम फिर्ता लिएझैँ म त्यसदेखि चाहिँ मेरो प्रेम कहिल्यै फिर्ता लिनेछैनँ । म त्यसलाई मेरो भवन र मेरो राज्यमाथि सधैँको निम्ति राख्नेछु, र त्यसको सिंहासन सदासर्वदाको निम्ति स्थिर रहनेछ ।"* (१ इतिहास १७:११-१४)

बिहीबार, अबिब/निसान ८ दिनको समय (हप्ताको ५औँ दिन) [ई.सं. ३१ अप्रिल १७]

- उनीहरू यरूशलेम जाँदै छन् भनी येशूले आफ्ना चेलाहरूलाई बताउनुहुन्छ ।
- राज्यमा याकूब र यूहन्नाले येशूको दाहिने र देब्रेपट्टि बस्न पाउँ भनी आग्रह गर्छन् ।
- येशूले यरिहो जाने बाटो एक जना अन्धा मानिसलाई निको पार्नुहुन्छ ।

बिहीबाट, अबिब/निसान ७ रातको समय (हप्ताको ६औँ दिन)

- येशूले जखायसको घरमा रात बिताउनुहुन्छ ।

शुक्रबाट, अबिब/निसान ९ दिनको समय (हप्ताको ६औँ दिन)

- रात बिताउनुभएपछि येशू जखायसको घरबाट जानुहुन्छ ।
- येशू यरिहो जानेबाटोमा अन्धा बार्तिमैलाई निको पार्नुहुन्छ ।
- येशू यरिहोदेखि बेथानीसम्म लगभग १७ माइल हिँड्नुहुन्छ ।[22]
- येशू घाम डुब्नअघि नै बेथानीमा लाजरस, मरियम र मार्थाको घरमा आइपुग्नुहुन्छ ।[23]

शुक्रबाट, अबिब/निसान १०, रातको समय (हप्ताको ७औँ दिन)

- साप्ताहिक शबाथ (विश्राम) सुरु हुन्छ ।
- मरियमले येशूको गोडा अभिषेक गर्छिन् ।[24]

---

[22] येशू अखमिरी रोटीको चाडको निम्ति तीर्थ यात्रामा रहेका मानिसहरूका ठुलो समूहसँगै यरूशलेमसम्म जानुभयो । उनीहरू यर्दन नदीको बेँसीदेखि यरूशलेमको उचाइसम्म हिँडे र "स्वीकारका गीतहरू" (भजनसंग्रह १२०-१३४) गाउँदै गए ।

[23] यूहन्ना १२:१ अनुसार, येशू अबिब १५ मा सुरु हुने यहूदीहरूका निस्तार चाडभन्दा ६ दिनअघि आइपुग्नुभयो ।

[24] अभिषेकले कसैलाई परमेश्वरको निम्ति अर्पण गरेको र कुनै विशेष कार्यको निम्ति अलग गरिएको कुरालाई जनाउँछ । मरियमले उहाँको शिरमा

- येशूले लाजरसको घरम रात बिताउनुहुन्छ ।

शनिबार, अबिब/निसान १०, दिनको समय (हप्ताको ७औ दिन)

- शब्बात हेगाडोल[25]
- येशू बेथानीबाट जानुहुन्छ, जुन यरूशलेमदेखि करिब २ माइल टाढा छ ।[26]
- बेथफागे(अञ्जिरको घर)मा येशू गधा[27] चढ्नुहुन्छ र यरूशलेम[28]को बाँकी चडैर नै जानुहुन्छ ।
- यरूशलेमभित्र विजयी प्रवेश ।[29] The triumphal entry into Jerusalem.
- हरेक परिवारको निम्ति निस्तारको थुमा ।[30]

---

अत्तर खन्याएर अगमवाणीय रूपमा काम गरिरहेकी थिईन्, जब हामीले यशैया ५२ को खण्डलाई विचार गर्छौं जसले भन्छ, *सुसमाचार प्रचार*

*गर्नेहरूका पाउ डाँड़ाहरू हुँदो कति सुन्दर छन्, जसले शान्तिको घोषणा गर्दछन्, जसले शुभ समाचार ल्याउँछन्, जसले उद्धारको घोषणा गर्दछन्,*
*जसले सियोनलाई भन्दछन्, ''तेरा परमेश्वरले राज्य गर्नुहुन्छ ।"*

[25] शब्बात हेगाडोलको अर्थ "महान् शबाथ" वा "शबाथको महान्ता" हुन्छ । यो निस्तारभन्दा ठिक अघिको शबाथ दिन हो र योचाहिँ चाडको

निम्ति इस्राएलका राजा यरूशलेम प्रवेश गर्ने ऐतिहासिक दिन भएको यसरी नामाकरण गरिएको थियो । इस्राएलका अन्तिम राजा सिदकिया
६०० वर्षअघि मरेका थिए ।

[26] शबाथ दिनक यात्रा प्रायः एक माइललाई मानिन्थ्यो तर पनि रब्बीहरूको नियमअनुसार बेथानी यरूशलेमको सिमानभित्र नै पर्ने भएकोले मन्दिर
जाने उद्देश्यले बथानीदेखि यरूशलेमसम्म जाँदा शबाथमा यात्रा गर्ने विरुद्धको नियमलाई तोड्दैनथ्यो ।

[27] जकरिया ९:९ले भन्छ, *हे सियोनकी छोरी, खूब रमाऊ। हे यरूशलेमकी छोरी, जोडसित कराऊ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ ।*
*उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ। उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ ।*

[28] यद्यपि रब्बीहरूको नयमअनुसार मोशाको व्यवस्था पूरा गर्न यरूशलेमसम्म हिँड्न सक्नुहन्थ्यो, तर पनि उहाँ बथफागेसम्म १ माइल मात्र
हिँड्नुभयो र बाँकी रहेको बाटो गधा चढेर जानुभयो ।

[29] यदि यरूशेमभित्र येशूको विजयी प्रवेश "ख्रीष्टियन" परम्पराअनुसार खजुर आइतबारको दिन भएको थियो भने, यसको मतलब शबाथ दिनमा उहाँले यरिहोदेखि बेथनीसम्म (१७ माइल) हिँडेर मोशाको व्यवस्थालई निश्चय नै तोड्नुभयो । तर येशूले व्यवस्था तोड्नुभएन, यसलाई पूर्ण रूपमा पुरा गर्नुभयो ।

[30] प्रस्थान १२:३ अनुसार, हरेक परिवारले अबिब १० को दिन निस्तारको थुमा चुन्नुपर्थ्यो, त्यसपछि यसलाई खोट छ वा छैन भनी र दिनसम्म पुजारीलाई हेर्न दिइन्थ्यो । यदि थुमा खोटरहित रहेछ भने त्यसलाई अबिब १४औँ दिन अर्थात् परमप्रभुको निस्तारको दिन त्यसलाई मारिन्थ्यो । येशू अबिबको १०औँ दिनमा यरूशलेम प्रवेश गर्नुभइदेखि पछि अबिब १४औँ दिन अर्थात् परमप्रभुको निस्तारको दिन क्रूसमा नटाँगिएसम्म ननै उहाँलाई विभिन्न समूहका मानिसहरूले निरन्तर जाँ गरिरहेका थिए । यी समूहहरूमा पुजारीहरू, फरिसीहरू, सदुकीहरू, महासभा, हालका र भूतपूर्व प्राधानपुजारीहरू, यहूदी राज्यपाल र भीडहरू पर्छन् ।

- खजुरका हाँगाहरू ।[31]
- होशन्ना ।[32]
- ढङ्गाहरू कराउँछन् ।[33]
- येशूले पूरा दिन यरूशलेममा बिताउनुहुन्छ ।

## परमेश्वरको दाखरहित थुमा

"*ती पशुहरूचाहिँ निष्खोट हुनुपर्छ*" (गन्ती २८:३१)

शनिबार, अबिब/निसान ११, रातको समय (हप्ताको पहिलो दिन)

- येशू रातको निम्ति बेथानीबाट फर्कनुहुन्छ ।

आइतबार, अबिब/निसान ११, दिनको मसय (हप्ताको पहिलो दिन)

- येशू यरूशलेमतिर दोस्रो पटक फर्नुहुन्छ र अञ्जिरको रूखलाई सराप दिनुहुन्छ ।[34]
- उहाँले पैसा साट्ने मानिसहरूलाई मन्दिरबाट दोस्रो पटक लखेट्नुहुन्छ ।

आइतबार, अबिब/निसान १२, रातको समय (हप्ताको दोस्रो दिन)

---

[31] पुर्वख्रीष्टियन दिनहरूमा खजुराका हाँगाहरू विजयको एउटा चिन्ह थियो । यहूदीहरूका निम्ति ती मुक्तिको अवधारणासँग जोडिएका थिए अनि शान्ति र प्रशस्तताको प्रनिनिधित्व गर्थे । यसलाई प्रकाश ७:९-१० सँग तुलना गर्नुहोस् । यसपछि कुनै मानिसले
गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका
हाँगा लिई सिंहासन र थुमाको सामुने उभिरहेको मैले देखें । तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर
र थुमामा मुक्ति छ ।"

[32] होशन्ना शब्दको अर्थ "बचाउनुहोस्, कृपया" वा "कृपया, हामीलाई छुटकारा दिनुहोस्" ।

[33] येशू जैतूतको ओह्रालो झर्न लाग्नुहुँदा केही फरिसीहरूले त्यो भीडलाई चूपचाप बस्न लगाउने माग गर्दै उहाँकहाँ आए । येशूले जवाफ दिनुभयो, "*म तिमीहरूलाई भन्छु, यदि यिनीहरू चूप लागे भने, ढुङ्गाहरू नै कराउनेछन्* ।" येशूले जमिनमा लडिराखेका ढुङ्गाहरू बोल्नेछन् भनिरहनुभएको थिएन, तर केही पूर्ण रूपमा फरक कुरा बताउँदै हुनुहुन्थ्यो । १ माइलभन्दा लामो जैतून डाँडा इस्राएलीहरूका चिहानका ढुंगाहरूले ढाकिएका थिए, उनीहरूले मसीह आउनुनहुँदा पहिले जैतून डाँडामा ओर्लनुहुन्छ र उनीहरू नै मृतकबाट जीवित हुनेमा पहिलो हुनेछन् भनी विश्वास गर्थे । सारंशमा, यदि उहाँ चेलाहरूले उहाँको प्रशंसा गरेनन् भने ती जैतून डाँडामा डागिएकाहरू उठेर उहाँको प्रशंसार गर्छन् भन्दै हुनुहुन्थ्यो ।

[34] अञ्जिर फल्ने समय ग्रीष्ट ऋतुको प्रारंभमा हुन्छ तैपनि भर्खरै बसन्त ऋतु आइपुगेको थियो । येशूले जैतून डाँडाको भविष्य सम्बन्धी
उहाँको सन्देशमा अन्जीरको रूखलाई प्रयोग गर्नुभयो । यसकारण, उहाँले अञ्जीरलाई सराप दिनुभयो किनभने यसले गलत र भ्रमपूर्ण सन्देश
दिइरहेको थियो । यसले सदाबहार रूपमा पातहरूलाई कायम राखिरहेको थियो, जसले यसले फलाउन लागेको छ भन्ने जनाउँछ ।
यसलाई भविष्यको पाठमा हेरिनेछ ।

- येशूले रात बेथानीमा बाउनुहुन्छ ।

सोमबार, अबिब/निसान १२, दिनको समय (हप्ताको दोस्रो दिन)

- येशू तेस्रो पटक यरूसलेम फर्कनुहुन्छ ।
- अन्जीरको रूख ओइलिएको ।
- फरिसीहरूले येशूलाई जाँच्छन् ।
- विधवाको भेटी ।
- उनीहरू मन्दिरको पर्वतबाट निस्कँदा भविष्यबारेको प्रश्न ।
  - येशू जैतून डाँडामाथि (जैतून डाँडाको सन्देश)[35] बस्नुहुँदा चेलाहरूका प्रश्नहरूमध्ये ३ वटाको जवाफ दिनुहुन्छ ।
- प्रधान पुजारी कैयाफा र अगुवाहरूले येशूलाई अकमिरी रोटीको चाडअघि नै गिरफ्तार गर्ने षड्यन्त्र रच्छन्,

  जुनचाहिँ अबिब १५ को साँझदेखि सुरु हुन्छ ।

सोमबार, अबिब/निसान १३, रातको समय (हप्ताको  तेस्रो दिन)

- येशू बेथानी फर्नुहुन्छ र कुष्ठरोगी सिमोनको घरमा रात बिताउनुहुन्छ ।
- एक जना स्त्रीले येशूको शिर अत्तरले अभिषेक गर्छिन् र यहूदालाई रिस उठ्छ ।

मंगलबार, अबिब/निसान १३, दिनको समय (हप्ताको तेस्रो दिन)

- यहूदाले यहूदी अगुवाहरूसँग कुराकानी गर्छन् र उसलाई चाँदीका ३० सिक्का दिइन्छ ।[36]
- येशूले आफ्ना चेलाहरूसँग दिन बिताउनुहुन्छ तर यरूशलेम फर्कनुहुन्न ।

## हाम्रो निस्तारको थुमा

*तब मोशाले इस्राएलका सबै धर्म- गुरुहरूलाई बोलाउन पठाएर तिनीहरूलाई भने, "गएर आ- आफ्नो परिवारअनुसार एउटा- एउटा थुमा निकाल, र निस्तार- चाड़का बलिको निम्ति मार । हिसपको झुप्पा भाँड़ाको रगतमा चोपेर ढोकाको चौकोसको माथिल्लो भाग र दुवैतिरका खम्बामा छ्याप्नू । तिमीहरूमध्ये कोही पनि बिहानसम्म घरको ढोकाबाहिर ननिस्कनू ।* (प्रस्थान १२:२१-२२)

---

[35] आगामी पाठमा येशूले भवुष्यको भविष्यवाणी गर्नुभएको कुरा हेरिनेछ ।

[36] ३० शेकेल- यो १२० दिनको ज्याला सरह हुन्छ । यो दाम बारेको अगमवाणी जकरिया ११:१२-१३ मा पाइन्छ । *तब मैले तिनीहरूलाई भनें,*
*"तिमीहरूलाई असल लागे मलाई मेरो ज्याला देओ । होइन भने राख।" यसैले तिनीहरूले मलाई चाँदीका तीस टुक्रा दिए । परमप्रभुले मलाई*
*भन्नुभयो, "त्यो पैसा कुमालेलाई फ्याँकिदे"— यो बहुमूल्य दाम जो तिनीहरूले मेरो निम्ति लगाए। तब मैले चाँदीका ती तीस टुक्रा लगेर परमप्रभुका*
*भवनको भण्डारमा कुमालेको निम्ति फालिदिएँ ।*

मंगलबार, अबिब/निसान १४, रातको दिन (हप्ताको चौथो दिन) – परमप्रभुको निस्तार[37]

- परमप्रभुको निस्तारलाई अखमिरी रोटीको चाड[38] को तयारीको रूपमा पनि चिनिन्छ, जुनचाहिँ

  त्यसपछि साँझदेखि सुरु हुन्छ । १४औँ दिनको साँझ ६ बजेबाट यहूदीहरूले उनीहरूका घरबाट खमिरलाई हटाउँछन् । कहिँकतै नरहोस् भनी बत्ती बालेर छेउकुना खोजेर हटाइन्छ । भोलि पल्टको अपरान्हमा निस्ताको थुमा काटेपछि दिन अन्त अन्त हुन्छ । त्यसपछि अबिब १५ को करिब साँझ ६ बजेतिर घाम डुबेपछि अखमिरी रोटी र निस्तारको थुमा खाएर चाड[39]को उत्सव सुरु हुन्छ ।

  • जाऊ र निस्तार निस्तारको तयारी गर । पत्रुस र यूहन्ना उनीहरूको विचारले गएर निस्तारको तयारी गरेनन्,

  किनकि निस्तारको थुमा अझै मारिएको थिएन । बरु, उनीहरूले निस्तारको खाना कहाँ खाने भनी ठाउँ सुरक्षित

  गर्नलाई मात्र गएका थिए । उनीहरूले घरबाट सबै खमिरहरू हटाइएको छ वा छैन हेरे साथै खानाको निम्ति
  आवश्यक अखमिरी रोटीका बन्दोबस्तहरू मिलाए ।
- अन्तिम भोज ।[40]
- गेतसमनीको बगैँचामा ।[41]

---

[37] लेवी २३:५ अनुसार अबिबको १४ तारिख परमप्रभुको निस्तार हो । यसलाई यहूदीहरूको निस्तारसँग मिसाउनुहुन्न, जुनचाहिँ परमप्रभुको निस्तारपछि तुरुन्तै सुरु हुन्छ ।

[38] अखमिरी रोटीको चाड ("ठहराइएको समय") अबिब १५ को दिन सुरु हुन्छ र ७ दिन सम्म रहन्छ, त्यस अचवधिमा यहूदीहरूले खमीर भएको कुनै पनि कुरा खाँदैनन् । चाडका पहिलो र सातौभ दिनचाहिँ शबाथ दिनहरू हुन् । अमिरी रोटीकोकोचडाको पहिलो दिनलाई निस्तार भनिन्छ ।

[39] निस्तार शब्दको प्रयोगले धेरै ख्रीष्टियनहरूलाई अन्योलमा पार्छ किनभने दुई वटा निस्तारहरू छन्, त्यसैले मैले यहाँ यसलाई व्याख्या गर्न कोशिष गर्नेछु ।

1. परमप्रभुको निस्तार अबिब १४ को दिन हुन्छ । यसलाई "तयारी दिन" पनि भनिन्छ, किनकि यहूदीहरूले उनीहरूका घरबाट सबै खमिरहरू हटाउँछन्

   (यसैले यो अखमिरी रोटीको पहिलो दिन हो) र यसै दिन निस्तारको थुमा माटिन्छ (प्रस्थान १२:३-११)। यो शबाथ दिन होइन ।
2. ७ दिनसम्म मानिने अखमिरी रोटीको पहिलो दिन अबिबको १५ तारिख हो । यसलाई निस्तार वा यहूदीहरूको निस्तार भनिन्छ । यस दिन
   यहूदीहरूले उनीहरूको घरमाथिबाट मृत्यु स्वर्गदूतले निस्तार गरेको र मिश्र देशबाट उनीहरूको छुटकारा सम्झनामा निस्तारको थुमा र
   अखमिरी रोटी खान्छन् । योचाहँ शबातको दिन हो ।

[40] येशूले आफ्ना चेलाहरूसँग परमप्रभुको निस्तार खानुहुन्छ । खानाको सेरोफेरोका घटनाहरूलाई विचार गर्दा यो निस्तारको पहिलो रातको खानाको संरचना अनुशरण गरेको देखाउँछ, यद्यपि यसो नहुनुपर्ने हो । यी घटनाहरूसँगसम्बन्धित आशयहरूलाई भावी पाठहरूमा छलफल गरिनेछ ।

[41] गेतसमनीको अर्थ "कोल" हुन्छ । यो बगैँचा मन्दिरको पूर्वी (सुनौलो) प्रवेशद्वारादेखि किद्रोन बैँसीको पारीपट्टि जैतून डाँडाको फेदैमा पर्छ ।

- यहुदाले येशूलाई विश्वासघात गर्छ ।
- हन्नाको सामु येशूको जाँच ।
- पत्रुसले ख्रीष्टलाई इन्कार गर्न सुरु गर्छन् ।
- भाले पहिलो पटक बास्छ ।[42]
- येशूलाई कैयाफाको सामु जाँच ।
- पत्रुसले प्रभुलाई तस्रो पटक इन्कार गछर्न् ।
- भाले दोस्रो पटक बास्छ ।[43]
- महासभाको सामु येशूको जाँच ।

बुधबार, अबिब/निसान १४, दिनको समय (हप्ताको चौथो दिन)

- यहूदा आफै झुन्डिन्छ ।
- पिलातसको सामु येशूको जाँच ।
- हेरोद एन्टिपासको सामु येशूको जाँच ।
- पिलातसले येशूलाई मृत्युदण्ड खोषना गर्छन् ।
- येशूलाई बिहान ९ बजेतिर क्रूसमा टाँगिन्छ ।[44]
- मध्यन्हमा अन्धकार छाउँछ ।
- परमेश्वरको साँचो थुमा भएर निस्तारका थुमाहरूलाई मारिएजस्तै गरी र उही समयमा येशू गलगथा[45]मा दिउँसो ३ बजेतिर मर्नुहुन्छ ।
- स्त्रीहरूले शबाथ दिनअघि मसलाहरू तयार पार्छन् (मत्ती २३:५०-५६)।

## उहाँ जीवित हुनुहुन्छ ।

*"इस्राएलीहरूलाई भन्: 'मैले तिमीहरूलाई दिने देशमा पुगेर जब त्यहाँको बाली काटौला, तब तिमीहरूले आफ्नो बालीको पहिलो उब्जनीको एक बिटा पूजाहारीकहाँ ल्याउनू । त्यो ग्रहण हुनलाई तिनले*

[42] रोमी रातको तेस्रो पहरलाई "भाले बास्ने समय"को रूपमा चिनिन्छ जुन बिहानको ३ बजे अन्त हुन्छ ।

[43] यसलाई सामान्यतयाः बिहानको ४:३० को छेउछाउमा भएको मानिन्छ ।

[44] क्रूसमाथि झुन्डिरहेको येशूको तस्विरले पहिलो निस्तारको सम्झना दिलाउनुपर्छ । परमेश्वरले मोशामार्फत थुमाको रगतलाई उनीहरूको घरको चौकोसको दुवैतिर र माथि लगाउनलाई आज्ञा दिनुभयो । यसपछि इस्राएलीहरू त्यो रगत लगाइएको ढोका भएर उनीहरूको घरभित्र प्रवेश गर्नुपर्थ्यो, र त्यस रात मिश्रभरिका सबै जेठा सन्तानलाई मार्नलाई आउने मृत्युको स्वर्गदूतले उनीहरूलाई बचाउँथ्यो । ख्रीष्टलाई क्रूसमा टाँग्दा काँढाको मुकुटबाट बगेको रगतले चौकोसको माथितिर र किलाहरू ठोकिएका पसारिएको हातहरूबाट बगेको रगतले चौकोसको दुवैतिर पोतेको हामीले स्पष्ट रूपमा देख्न सक्छौं । येशूले यो तस्विरलाई यूहन्ना १०:९ मा उल्लेख गर्नुभयो । *"ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ ।"*

[45] गलगथाको अर्थ "खप्परको ठाउँ" हुन्छ । त्यो ठाउँलाई ल्याटिन शब्दमा कलवरी पनि भनिन्थ्यो जसको अर्थ पनि "नाङ्गो खप्पर" भन्ने हुन्छ । यो पहाड खप्परजस्तो देखिने भएकोले यसको आकारअनुसारको नाउँ दिएको थियो ।

> *त्यो बिटा परमप्रभुको सामुन्ने डोलाऊन् । शबाथको भोलिपल्ट पूजाहारीले त्यो डोलाऊन् ।"* (लेवी २३:१०-११)

बुधबार, अबिब/निसान १५, रातको समय (हप्ताको ५औँ दिन)

- अखमिरी रोटीको चाडको पहिलो दिन सुरु हुन्छ । (यहूदीहरूको निस्तार)
- निस्तारको थुमा खाइन्छ ।
- शबाथ दिन सुरु हुन्छ ।
- येशूले चिहानमा उहाँको पहिलो रात बिताउनुहुन्छ ।

बिहीबार, अबिब/निसान १५, दिनको समय (हप्ताको ५औँ दिन)

- अखमिरी रोटीको चाडको पहिलो दिन जारी रहन्छ ।
- अझै शबाथ दिन छ ।
- येशूले चिहानमा उहाँको पहिलो दिन बिताउनुहुन् ।

बिहीबार, अबिब/निसान १६, रातको समय (हप्ताको ६औँ दिन)

- येशूले चिहानमा उहाँको दोस्रो रात बिताउनुहुन्छ ।

शुक्रबार, अबिब/निसान १६म दिनको समय (हप्ताको ६औँ दिन)

- स्त्रीहरूले शबातपछि मसलाहरू तयारी गर्छन् । (मर्कूस १६:१)
- येशूले चिहानमा उहाँको दोस्रो दिन बिताउनुहुन्छ ।

शुक्रबार, अबिब/निसान १७, रातको समय (हप्ताको ७औ दिन)

- साप्ताहिक शबाथ सुरु हुन्छ ।
- येशूले चिहानमा उहाँको तेस्रो रात बिताउनुहुन्छ ।

शनिबार, अबिब/निसान १७, दिनको समय (हप्ताको ७औँ दिन)

- साप्ताहिक शबाथ जारी छ ।
- येशूले चिहानमा उहाँको तेस्रो दिन[46] बिताउनुहुन्छ ।

---

[46] यो येशूको अगमवाणी पूरा गर्नका निम्ति हो । *किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ ।* (मत्ती १२:४०) *"हजूर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा, 'तीन दिनपछि म फेरि उठ्नेछु' भनेको थियो ।* (मत्ती □□:६३) यदि परम्पराले दाबी गरेअनुसार येशूलाई शुक्रबार क्रूसमा टाँगिएको थियो भने, उहाँले अगमवाणीलाई सही किसिमले पूरा गर्न सक्नुहुन्नथ्यो । परिदृश्यलाई

शनिबार, अबिब/निसान १८, रातको समय (हप्ताको पहिलो दिन)

- हप्ताको पहिलो दिन सुरु हुन्छ ।
- अगौटे फलहरू चाड सुरु हुन्छ ।[47]

- खेतबाट ल्याइएको अन्नको बिटालाई पुजारीहरूले काट्छन् र परमेश्वरको सामु डोलाएर भेटी चढाउँछन् ।
- त्यो रातभरि त्यो अन्नको बिटालाई भोलि बिहान "ओमर"को अन्न बलि चढाउनको निम्ति मसिनो पिठो बनाइन् ।
- राति स्वर्गदूतहरूले येशूको चिहानको ढुङ्गा[48] हटाउँदा भूकम्प आउँछ, येशू मृतकबाट जीवित हुनुहुन्छ ।

आइतबार, अबिब/निसान १८, दिनको समय (हप्ताको पहिलो दिन)

- स्त्रीहरूले शबाथपछि किनेका मसलाहरूले येशूको शरीरमा लगाउन चिहानमा आइपुग्छन्, तर उहाँ त्यहाँ हुनुहुन्न... चिहान रित्तो छ ।
- पत्रुस र यूहन्ना चिहानमा जान्छन् ।
- मरियमले येशूलाई चिहानमा भेट्छिन तर उहाँ नबोल्नुभएसम्म माली होला भन्ने तिनले ठान्छिन् ।
- बिहान ९ बजेतिर पुजारीहरूले मन्दिरमा परमेश्वरलाई पिठोको "ओमर"को डोलाउने बलि चढाइरहेका हुन्छन् ।

यो अगौटे फलहरूको भेटी हो । यस घडीसम्म इस्राएलका कसैलाई पनि नयाँ अन्नबाट बनेका कुनै पनि कुरा
खान दिइँदैनथ्यो ।

- अखमिरी रोटीको डोलाउने बलि ।
- त्यस अपरान्ह येशू उहाँका दुई जना चेलाहरूसँगै इम्माउ जाने बाटोमा सँगै हिँड्नुहुन्छ । उनीहरूमध्ये एक
जनाचाहिँ योसेफका भाइ येशूका शारीरिक काका क्लोपास हुन् । उनीहरूसँगै रोटी नभाँचेसम्म उनहरूले
कसैले पनि उहाँलाई चिन्दैनन् ।

---

हेर्दा, जसअनुसार येशू शुक्रबार दिनको समयमा चिहानमा हुँदा र आइतबार बिहान ६ बजेपछि मृतकबाट जीवित हुनुभएको थियो भने उहआव ३ दिन र २ रात मात्र चिहानमा रहनु हुन्थ्यो ।

[47] यो अगौटे फलहरूको चाड हो, जुन दिन ख्रीष्ट मृत्युबाट जीवित हुनुभएको थियो, जसलाई ख्रीष्टियनहरूले ईस्टर सन्डे भन्छन् र उत्सव मनाउँछन् । लेवी २३:११ अनुसार, यो चाड सदैव निस्तारपछिको पहिलो दिनमा पर्थ्यो ।

योना- यो "योनाको चिन्ह" नामक लेखमा हेर्नु होला ।

[48] यो मत्ती २८:२-४ को सन्दर्भ हो ।

# तीनमा एकको रहस्य

ख्रीष्टियन मतको महान् रहस्यमध्ये एउटा त्री-एक हो । अर्को शब्दमा, एक परमेश्वरलाई कसरी पिता, पुत्र र पवित्र

आत्मामा भनी छुट्टाउने । तैपनि यसलाई अगौटे फलहरूको चाडमा यसलाई स्पष्ट पारिएको छ र येशूले यसलाई सिद्ध रूपमा प्रष्ट पार्नुभएको छ ।

अगौटे फलहरूको चाडको अवधिमा, पुजारीहरूले परमेश्वरलाई तीन फरक-फरक किसिमका डोलाउ बलिहरू चढाउँथेः

१. अगौटे फलहरूको सुरुको साँझमा, महासभा पहिले नै चुनिएको जौबारीमा गए र त्यो पहिले नै चुनिएको बारीको तीन ठाउँबाट जौका बिटाहरू काट्थे । त्यसपछि उनीहरूले त्यो जौको बिटालाई मन्दिरमा ल्याउँथे जहाँ पुजारीहरूले परमेश्वरलाई डोलाउने बलि चढाउँथे ।

२. अर्को, ती जौका बालाहरूलाई अन्न झार्नलाई लौरोले कुटिन्थ्यो, त्यसपछि त्यसलाई आगोमा भिटिन्थ्यो र पिसेर मसिनो पिठो बनाइन्थ्यो । त्यही पिठोबाट एक ओमर[49] पिठोलाई परमेश्वरको निम्ति भेटीको रूपमा एउटा भाँडोमा राखिन्थ्यो । बिहान अगौटे फलको सेवा[50] हुन्थ्यो, जसमा पुजारीले पिठोलाई भाँडामा नै राखेर डोलाउने बलिको रूपमा चढाउँथे । त्यो ओमरको डोलाउने बलि नचढाएसम्म कुनै इस्राएलीहरूले अन्नबाट बनेको खाना खाँदैनथे ।

३. त्यही दिन, पुजारीहरूले पछि त्यही पिठोबाट बनेको अखमिरी रोटीको डलाउने बलि चढाउँथे ।

डोलाउने बलिबाट १) बिटा, २) पिठो र अखमिरी रोटीमा हामीले त्री-एकको अवधारण देख्न सक्छौँ । ती सबै एउटा चिज अर्थात् जौबाट बनेका थिए तर फरक-फरक स्वरूपमा देखिए ।

अगौटे फल[51] येशू ख्रीष्ट पनि तीन वटा फरक-फरक स्वरूपमा देखा पर्नुभयो । १) उहाँको मृत्यु (काट्नअघि) हुनअघि येशूको एउटा स्वरूप (बिटा) थियो । २) उहाँ मृत्युबाट जीवित हुनुभएपछि उहाँको स्वरूप अर्कै देखियो । मिरयम मग्दलिनीले उहाँलाई राम्ररी चिन्थिन् तर तिनले चिहानमा उहाँ देखा पर्नुहुँदा माली भन्ने ठानिन् अर्थात् चिन्नै सकिनन् । तिनीसित उहाँ नबोलेसम्म तिनले उहाँलाई चिन्न सकिनन् । उहाँ तिनीसित पिठोको ओमरको स्वरूपमा देखा पर्नुभयो । उहाँ अझै पिताकहाँ चढिगएको छेन त्यसैले नछोऊ भन्ने कुराले पनि यसलाई प्रमाणित गर्छ । (स्त्रीहरू अति सबेरै चिहानमा आएका थिए, र मन्दिरमा अझै पनि पिठोको ओमरको भेटी चढाइसकिएको थिएन ।) ओमर

[49] एक ओमर करिब आधा लिटर जतिको नाप हो ।

[50] मन्दिरमा बिहानको सेवा तेस्रो पहर अर्थात् बिहानको ९ बजे तिर गरिन्थ्यो ।

[51] *वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ ।* (१ कोरिन्थी १५:२०)

नचढाएसम्म कसैलाई अन्नबाट बनेको खाने कुरा खान अनुमति थिएन । ३) येशू इम्माउस जाने बाटोमा दुई जना चेलाहरूकहाँ फरक किसिमले देखा पर्नुभयो, यस पटक अखमिरी रोटीको बलिको रूपमा देखा पर्नुभयो । ती चेलाहरूमध्ये एक जना त येशूका काका थिए उनले पनि येशूले रोटी नभाँचेसम्म उहाँलाई चिनेनन् ।

# पाठ ४४
# विश्वासको विषय

**परिचयः**

येशू यरूशलेम प्रवेश गर्न उहाँलाई क्रूसमा टाँग्नुभन्दा दुई दिनअघि नै नै लाजरस, मरियम र मार्थाको घरबाट निस्कनुभयो, जहाँ उहाँले सिकाएर दिन बिताउनुभयो । बाटो जाँदै गर्दा अघिल्लो दिन येशूले सराप्नुभएको अञ्जीरको रूख ओइलिएको देखे । उनीहरू छक्क परे र यो किन यति चाँडै ओइलियो भनी येशूलाई सोधे । उहाँले यसो भनेर जवाफ दिनुभयो,

"परमेश्वरमा विश्वास गर" वा अझ शाब्दिक अनुवादचाहिँ "परमेश्वरको विश्वास होस् ।"

**धर्मशास्त्र पाठः**

**साँचो बाइबलीय विश्वास**

मत्ती २१:२०-२२, मर्कूस ११:२०-२६

"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

**ई.सं. ३१ अप्रिल २१, सोमबार बिहान, (अबिब/निसान १२)** [**हप्ताको दोस्रो दिन**]

बिहान त्यहाँबाट पहिलेकै बाटो जानुहुँदा उहाँहरूले त्यस अञ्जीरको रूखलाई जरैबाट सुकेको देख्नुभयो । अनि पत्रुसलाई यो सम्झना भयो, र तिनले उहाँलाई भने, "रब्बी, हेर्नुहोस्, तपाईंले सराप दिनुभएको अञ्जीरको रूख त सुकेछ । येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा विश्वास राख । साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई 'उखेलिएर तँ समुद्रमा खस्' भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ । यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ । जब तिमीहरू प्रार्थना गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन् । तर क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन ।"

**आज्ञाहरूः**

- ✠ परमेश्वरमा विश्वास गर वा परमेश्वरको विश्वास होस् ।
- ✠ तिमीले पाएका छौ भनी विश्वास गर ।
- ✠ क्षमा गर, कसैको विरुद्ध केही छ भने ।

**समूह छलफलः**

१. विश्वास कहाँबाट आउँछ? (यो परमेश्वरबाट एको उपहार हो ।)

२. तपाईंले विश्वास कसरी पाउनुहुन्छ? (परमेश्वरको वचन सुनेर ।)

**पाठः**

येशूले छोटो शिक्षणमा उहाँले चेलाहरूले कसमा विश्वास गर्नुपर्ने र उनीहरूका विश्वासले इनाम पाउनलाई ३ वटा शर्तहरू बताउनुभयो ।

येशूले यो पाठ "परमेश्वरमा विश्वास राख" भन्ने कथनबाट सुरुवात गर्नु नै चाखलाग्दो कुरो छ । हामीमध्ये धेरै जना पनि उहाँका चेलाहरूले जस्तै, "हामीले अरू केमा विश्वास गर्ने?" भन्न सक्छौँ । तथापि, हाम्रा मण्डलीहरू र संसारमा परमेश्वरसित धेरै प्रतिस्पर्धा छ ।

साँचो बाइबलीय विश्वासचाहिँ *आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो* ।[52] यो परमेश्वर र उहाँको वचनप्रतिको प्रतिक्रिया हो किनभने *जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ* ।[53] यो मानिसको हृदयबाट आउँछ *किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ ।*[54] एक पटक परमेश्वरको वचन सुनिन्छ र विश्वास गरिन्छ, यसलाई बोलिनुपर्छ, किनकि *आफ्नो मुखले स्वीकार गर्छ* ।[55] अन्तमा परमेश्वरको वचनलाई काममा उतार्नुपर्छ, किनभने *विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ* ।[56] यसकारण, जब व्यक्तिले परमेश्वरको वचन सुन्छ, यो परमेश्वरको वचन हो भनी हृदयमा निश्चयता हुन्छ, यसलाई स्वीकार गर्छ, र यसलाई काममा उतार्छ त्यो साँचो बाइबलीय विश्वास हो बनी उल्लेख गर्न सकिन्छ ।

बाइबलीय विश्वासको स्रोत सदैव परमेश्वर र उहाँको वचन हुन्छ । यसको संरचना यस्तो हुन्छः

१. परमेश्वरको वचनमा विश्वास गर्ने ।
२. परमेश्वरको वचन स्वीकार गर्ने ।
३. परमेश्वरको वचनलाई काममा उतार्ने (प्रयोग गर्ने) ।

यी तीन वटै भागहरू पूरा नभएसम्म विश्वास पूरा हुँदैन ।
यो उदाहरण धर्मशास्त्रभरि नै प्रकट गरिएको छ र यसको एउटा उदाहरण अब्राहामको जीवनमा देख्न सकिन्छः

१. अब्राहामले परमेश्वरको वचन सुने र यसमा विश्वास गरे । (मैले देखाउने ठाउँमा जाऊ ।)
२. अब्राहामले परमेश्वरको वचन बोले । (उनले आफ्नो परिवारलाई भने किनभने उनीहरू तिनीसँगै गए ।)
३. परमेश्वरले अब्राहामलाई जे गर भन्नुभएको थियो त्यही गरे । (अब्राहाम शारीरक रूपमा नै गए ।)

आज, हामीले मण्डलीभित्र खास गरी तीन वटा क्षेत्रहरूमा साँचो बाइबलीय विश्वासलाई चुनौती दिइएको देख्छौँ । पहिलो विश्वास मानसिक स्वीकार

---

[52] हिब्रू ११:१

[53] रोमी १०:१७

[54] रोमी १०:१०

[55] रोमी १०:१०

[56] याकूब २:२६

वा सहमति हो भन्ने धारणाको सामना गर्छ । यस अवस्थामा विश्वास ठाउँमा नै हुन्छ तर यसले काम पैदा गर्दैन । प्रभु येशूका भाइ याकूबले हामीलाई के भन्छन् सुन्नुहोस्:

*मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ?*

*के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? यदि कोही भाइ वा बहिनीले झुत्रे-झाम्रे लुगा लगाएको छ,*

*र त्यसलाई दिनहुँको भोजनको अपुग छ, र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस,*

*पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र?*

*यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो । तर कसैले भन्ला, "तिमीसित विश्वास छ,*

*मेराचाहिँ कामहरू छन् ।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास*

*तिमीलाई देखाउनेछु । तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ । त्यो असल हो । भूतात्माहरू पनि*

*विश्वास गर्छन् र थरथर काम्छन् । मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ?*

(याकूब २:१४-२०) येशूले पनि यस विषयलाई सम्बोदन गर्नुभयो र यसो भन्नुभयो, *"मलाई 'प्रभु, प्रभु' भन्ने*

*सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिस मात्र परमेश्वरको*

*राज्यमा प्रवेश गर्नेछ ।* (मत्ती ७:२१)

दोस्रो चुनौतीले चाहिँ विश्वास तर्क हो भन्ने धारणाको सामना गर्छ । यस अवस्थामा चाहिँ परमेश्वरले नै हामीलाई दिमाग दिनुभएको हुनाले हामीले त्यसलाई विश्वास गर्नुपर्छ । तथापि, तर्क गर्ने धेरै तरिकाहरू छन् ती सबैचाहिँ व्यक्ति आ-आफ्नो दृष्टिकोणमा आधारित हुन्छ । उदाहरणको लागि, केही उल्लेख गर्नुपर्दा तर्कचाहिँ देख्न सकिने तथ्याङ्क, ऐतिहासिक सन्दर्भ, वा लोकप्रिय रायहरूमा आधारित हुन सक्छन् । तर्क गर्दा कारणचाहिँ व्यक्तिको हृदयबाट होइन दिमागबाट आउने हुनाले यो बाइबलीय विश्वास होइन ।

तेस्रो चुनौतीले स्वीकारको धारणा वा अर्को शब्दमा "तिमी जे भन्छौ सो पाउँछौ" भन्ने कुराको सामना गर्छ । यो धारणा[57] चाहिँ मुख्यतयाः विश्वासको वचन अभियानले फैलाउँछ, जुनचाहिँ अमेरिकामा सुरुवात भएको थियो । यसको कमजोरीचाहिँ "वचन"को स्रोतचाहिँ व्यक्ति आफैँ हो र यो उसको आत्मा, प्राण, मन, संवेग वा शरीरबाट आएको हुन सक्छ । मुलतः यसमा त्यो व्यक्तिलाई नै परमेश्वर ठानिन्छ, यसकारण, परमेश्वरले जस्तै उसले विश्वासद्वारा जे बोल्छ सो सृजना गर्न सक्छ । यसमा उक्त व्यक्तिको विश्वास परमेश्वर वा उहाँको वचनमा छैन, तर विश्वासद्वारा बोलेर सृजना गर्ने उक्त व्यक्तिको खुबिमा हुन्छ ।

**विश्वासको वचनका मुख्य चार वटा जडसुत्रहरूः**

१. "भन" "सकारात्मक वा नकारात्मक, जे भए पनि व्यक्तिमा नै निर्भर हुन्छ । व्यक्तिले जे भन्छ उसले त्यही नै प्राप्त गर्छ ।"

२. "गर" "तपाईंको कामले तपाईंलाई पराजित गर्छ वा माथि उचाल्छ । तपाईंले आफ्नो कामअनुसार प्राप्त गर्नुहुन्छ वा पाउनबाट विमुख हुनुहुन्छ ।"

३. "प्राप्त गर" हामी "स्वर्गको शक्ति केन्द्र"मा जोडिनुपर्छ । विश्वास नै जोड्ने त्यो प्लग हो, परमेश्वरको स्तुति होस्! जोड्नुहोस् मात्र ।"

४. "भन र अरूहरूले विश्वास गर्छन्" यो अन्तिम कदमलाई विश्वासको वचनको प्रचारप्रसारको कार्यक्रम मान्न सकिन्छ ।

यी चार वटा मूलभूत सिद्धान्तहरूले बाइबलीय विश्वासको सिद्धान्त प्रयोग गर्छन्, व्यक्तिको विश्वासको स्रोत परमेश्वरको वचन नहुन सक्छ । विश्वास परमेश्वरको वचन सुनाइबाहेक अरू कुनै कुराबाट आउन सक्दैन । यसकारण, यी मानिसहरूले चाहेका कराहरू प्राप्त गर्न जे प्रयोग गरिरहेका छन् त्यसलाई विश्वास भनिँदैन । परमेश्वरको एक मात्र पुत्र येशूले भन्नुभयो, ''*साँच्चै, म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ ।*'

येशूले उहाँको शिक्षाको दोस्रो भागमा भन्नुभयो, "*साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई 'उखेलिएर तँ समुद्रमा खस्'*

[57] "तिमीले जे भन्छौ सो पाउन सक्छौ" भन्ने एउटा संसारिक लोकप्रिय अभियान The Secret नामक पुस्तक र चलचित्रद्वारा २००६ मा प्रचार गरिएको हो ।

*भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ । यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।"* यो भनाइके धेरै ख्रीष्टियनहरूका निम्ति समस्या खडा गर्छ किनभने उनीहरूले यसलाई उपयुक्त किसिमले बुझ्दैनन् ।

येशूले चेलाहरूका विश्वासलाई इनाम पाउनको निम्ति *मनमा शंका गर्दैन* भन्ने वाक्यांशललाई एउटा शर्तको रूपमा प्रयोग गर्नुभयो । यदि तपाईंसित निश्चयता छैन भने तपाईंले जे भन्नुहुन्छ सो तपाईंको हुनेछ भन्ने कुरा तपाईंको शंकाको वशमा रहन्छ । यदि तपाईंले चाहेको कुरा हुन लगाउन तपाईंले आफैमा विश्वास गर्नुहुन्छ भने तपाईंसित निश्चयता कहिल्यै पनि हुनेछैन । त्यो निश्चयता परमेश्वर र उहाँको वचनबाट मात्र आउन सक्छ । यदि तपाईंको विश्वासको स्रोत परमेश्वर र उहाँको वचन हो भने, यो पक्के हुनेछ भनी तपाईं निश्वित हुन सक्नुहुनेछ किनभने तपाईंसित "परमेश्वरको विश्वास" छ । "*त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।"* (यशैया ५५:११) परमेश्वरले आफ्नो वचनमा कहिल्यै शंका गर्नुहुन्न, र यो सदैव पूरा हुन्छ । विश्वास सुनाइबाट र सुनाइ वचनबाट आउने हुनाले, यदि परमेश्वरले पहाडलाई हटाऊ भनी तपाईंलाई भन्नुभएन भने, तपाईंले आफ्नो हृदयमा शंका गर्नुहुनेछ र पहाड हटेर जानेछैन ।

तपाईंको विश्वासको इनामको निम्ति अर्को शर्तचाहिँ *तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ* । यदि तपाईंले प्रार्थना गरिरहनुभएको वा मागिरहनुभएको कुनै कुराबाट परमेश्वरको जवाफ तपाईंसित छ भने, तपाईंले त्यो प्राप्त गरिसक्नुभएको छ भनी विश्वास गर्न सक्नुहुन्छ ।

विश्वास सुनाइ र सुनाइ परमेश्वरक वचनद्वारा आउने भएको हुनाले, यदि विश्वासीहरूसित परिणाम ल्याउने किसिमको विश्वास हुने हो भने उनीहरूले परमेश्वरको वचन सुन्नु अनिवार्य छ । विश्वासीहरूले परमेश्वरको वचन सुन्ने ३ वटा तरिकाहरूः

१. परमेश्वतको लिखित वचन – धर्मशास्त्र ।

२. भनिएका कुराहरू – गवाही, प्रचार, शिक्षा, अन्य भाषा र अगमवाणी ।

३. एउटा शान्त सुमधुर आवाज- तपाईंको आत्मामा सुन्नु ।

जब विश्वासी उसको विचित्रको परिस्थितिमा लागू हुने परमेश्वरको वचन भेट्टन सक्दैन उसले प्रार्थना गर्नअघि परमेश्वरसँग बुद्धि माग्नुपर्छ । यकूब भन्छन्, "*तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो*

*दिइनेछ । तर त्यसले कत्ति पनि शङ्का नगरी विश्वाससाथ मागोस् । शङ्का गर्नेचाहिँ बतासले उचाल्दै पछार्दैगर्ने समुद्रका छालसमान हुनेछ । त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ । किनकि दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ ।"* (याकूब १:५-८)

अन्तिम शर्तचाहिँ अरूहरूलाई क्षमा दिनु हो । यदि चेलाले उसको विश्वासले इनाम पाओस् भन्ने अपेक्षा गर्छ भने उसले अरूहरूलाई क्षमा गर्नुपर्छ । पापहरूको क्षमा सुसमाचारको मुटु हो, जुन आउनुपर्थ्योः ख्रीष्ट पापीहरूका निम्ति मर्नुभयो र उहाँले आफ्ना चेलाहरूद्वारा मानिसलाई मिलापमा ल्याउँदै हुनुहुन्छ । चेलाहरूसित क्षमाको महत्त्वको बुझाइ अटल होस् भन्ने येशू चाहनुहन्थ्यो, त्यसैले उहाँले भन्नुभयो, *"जब तिमीहरू प्रार्थना गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन् ।"* (मर्कूस ११:२५) हामी ख्रीष्टियनन भएको हैसियतले यो हाम्रो निम्ति परमेश्वरको वचन हो, त्यसैले हामीले यसमा विश्वास गर्नुपर्छ, स्वीकार गर्नुपर्छ र यसलाई काममा उतार्नुपर्छ । अरूहरूलाई क्षमा नगर्नुको परिणाम गम्भीर हुन्छ ।

**पाठको आशयः**
<u>विश्वासद्वारा जिउनलाई केही आवश्यकीय कुराहरू छन् ।</u>

**प्रयोगः**
तपाईंको प्रार्थना जीवनलाई सुधार गर्न तल दिइएको रूपरेखा प्रयोग गर्न सक्नुहुन्छ ।
विश्वासद्वारा प्राप्त गर्नुः
**प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठान्नु** । *विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन् ।* (हिब्रू ११:११)
शुद्ध हुने... आफैलाई धुने । *यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ* । (१ यूहन्ना १:९)

*किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ । तर तिमीहरूले*

*मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन ।* (*मत्ती*:१४-१५)

परमेश्वरको सेवा गर्न तयारी गर्नु । *यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर ।* (रोमी १२:१)

**तपाईंले परमेश्वरबाट के चाहनुहुन्छ वा आवश्यक छ? स्पष्ट पार्नुहोस्**:

- **आफ्नो अभिप्राय जाँच्नुहोस्** । हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस् ।

मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि,

र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस् । (भजनसंग्रह १३९:२३-२४)

*यदि मैले मेरो हृदयमा अधर्मलाई आश्रय दिएको भए, परमेश्वरले सुन्नुहुनेथिएन ।* (भजनसंग्रह ६६:१८)

*परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ* । (१ यूहन्ना ५:१४-१५)

- कुनै शंका भए हटाउनुहोस् । पुजारी उसको प्रार्थना चढाउने धूपको वेदी नजिक जानअघि
  पवित्र स्थानभित्र प्रवेश गर्दा पवित्र आत्माको संकेत गर्ने सात वटा हाँगा भएको सामदान र
  परमेश्वरको वचनको एउटा संकेत गर्ने उपस्थितिको रोटीको टेबल बीच भएर हिँड्नुपर्थ्यो ।

तपाईंले माग्नुपर्ने कुरामा धर्मशास्त्र र पवित्र आत्मा दुवैलाई अनुमति दिनुहोस् ।
यसलाई मनमा राख्नुहोस्:

- परमेश्वरले अगुवाइ गर्नुहुन्छ – शैतानले खेद्छ
- परमेश्वरले दोषी ठहराउनुहुन्छ – शैतानले निन्दा गर्छ
- परमेश्वर कहिल्यै पनि हतारमा हुनुहन्न – शैतानले हैरान बनाउँछ
- परमेश्वले स्वीकार गर्नुहुन्छ – शैतानले दोष लगाउँछ

परमेश्वरलाई जे माग्न जाँदैहुनुहुन्छ त्यस विषयमा पक्का हुनुहोस् । अर्को शब्दमा, ... तपाईंले माग्-नुहुने कुरा उहाँले तपाईंलाई दिनुहुन्छ भनी तपाईं जान्नुहुन्छ । परमेश्वरमा विश्वास गर्नुहोस् । (मर्कूस ११:२२)

**तपाईंको अनुरोध परमेश्वरलाई प्रकट गर्नुहोस् ।** *यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।* (मर्कूस ११:२४)

तपाईंको प्रार्थना सुन्नुभएकोमा र जवाफ दिनुभएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस् । परमेश्वरसँग तपाईंले अनुरोध गर्नुभएको कुरा सारंशमा लेख्नुहोस् र परमेश्वर तपाईंलाई प्रकट गर्नुभएको वा गर्नलाई भन्नुभएको कुनै पनि कुराको अभिलेख राख्नुहोस् ।

परमेश्वरले तपाईंलाई जे दिनुभएको छ भन्ने विश्वास गर्नुहुन्छ सो खुल्लमखुल्ला स्वीकार गर्नुहोस् । *"मैले विश्वास गरें, यसकारण म बोलें" भन्नेकै आत्मा हामीमा भएको हुनाले हामी पनि विश्वास गर्छौं, र हामी बोल्छौं ।* (२ कोरिन्थी ४:१३)

नडराउनुहोस् । *मान्छेको डर एउटा पासोजस्तै हो, तर परमप्रभुमा भरोसा राख्ने मानिस सुरक्षित रहन्छ ।* (हितोपदेश २९:२५) स्मरण रहोस्, परमप्रभुले बाइबलमा उहाँका मानिसहरूलाई ३६५ पटक "नडराओ" भन्नुभएको छ । यदि तपाईं भयभित हुनुहुन्छ भने तपाईंलाई छुटकारा दिन परमेश्वरसँग पुकारा गर्नुहोस् र तपाईंमा उहाँको प्रेम प्रकट होस् भनी बिन्ती गर्नुहोस् । *प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ । किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन ।* (१ यूहन्ना ४:१८)

परिक्षा आउँछ भनी थाहा पाउनुहोस् । परिक्षा प्रायः दुई वटा स्वरूपहरू आउँछन्:

१. पहिलो परिक्षाः परमेश्वरले तपाईंको प्रार्थनाको जवाफ दिइसक्नुभएको छ भनी तपाईंले विश्वासद्वारा बुझ्नुपर्छ । वास्तवमा जवाफ कहिले प्रकट हुन्छ? त्यो पहिलो जाँच हो । सामान्तयाः तपाईंले यो परिस्थितिमा जवाफ जान्न सक्नुहुन्न, तर यदि तपाईंले शंका गर्नुभए भने आवश्यकता पूरा गर्ने समय सिमाभित्र यो हुनेछ । उदाहरणको लागि, दानिएलले प्रार्थना गर्दा उनले प्रारथनाको जवाफ तुरुन्तै पाइहाले । (अध्याय ९) उनले अर्को पटक प्रार्थना गर्दा उनको प्रार्थनाको जवाफ आउन ३ हप्ता लाग्यो, किनभने आत्माले जवाफलाई रोकेको थियो , (अध्याय १०)

- *यस उद्देश्यले कि तिमीहरू सुस्त हुनेछैनौ, तर तिनीहरूका अनुकरण गर्नेछौ, जुनहरू विश्वास र धैर्यद्वारा प्रतिज्ञाका हकदार हुन्छन् ।* (हिब्रू ६:१२)

2. दोस्रो जाँचः जवाफ कसरी आउँछ? यदि तपाईंले सोचेअनुसार गर्न परमेश्वरलाई भनी रहनुभएको छ भने यसमा तपाईंका अपेक्षाहरू हुने क्रममा हुन सक्छ ।

- *आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्, र तेरो आफ्नै समझशक्तिमा* (अपेक्षाहरू) *भर नपर्* । (हितोपदेश ३:५)
- *तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ । आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ । तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस् ।* (१ पत्रुस १:६-७)
- तपाईंका बिन्तीहरूबारेका यदि विचारहरू" आएमा... तपाईंको जाँच हुँदैछ । तपाईंको प्रार्थना सुनिएकोमा र बिन्तिको जवाफ दिएको परमेश्वरलाई तुरुन्तै धन्यवाद चढाउनुहोस् ।

# पाठ ४५
# मोशाको आसन

**समूहको गाँठो फुकाउने प्रश्नहरूः**

- तपाईंको मण्डलीमा तपाईंमाथि आधिकारिक व्यक्ति को हो?
- तपाईंको मण्डलीमा तपाईंमाथि कसको अधिकार रहन्छ?

**परिचयः**

येशूले चेलाहरूलाई विश्वासको बारे सिकाउभएको त्यो ओइलिएको अञ्जीरको रूखलाई छोडेर यरूशलेम सहर प्रवेश गर्नुभयो । उहाँ त्यहाँबाट मन्दिरतिर अघि बढ्नुभयो जहाँ उहाँले अधिकारको विषयमा सिकाउनुभयो । उहाँले भन्नुभयो, "शास्त्रीहरू र फरिसीहरूले आफैलाई मोशाको आसनमा राखेका छन् ।"

येशूले मोशासको आसनको कुरा गर्नुहुँदा, उहाँले सम्भँतः साँच्चैको आसन र सांकेतिक आसनलाई जनाइरहनुभएको थियो । आसनचाहिँ मञ्चमाथि राखिएको ढुङ्गाको बस्ने ठाउँ थियो । यसलाई तोराको मुट्ठा रखिएको सन्दुकको छेवैमा सभाघरको अगाडीपट्टि मानिसहरूतिर फर्काएर राखिएको हुन्थ्यो । सामान्यतयाः व्यवस्था वा अगमवक्ताहरूका कुराहरूलाई व्याख्या गर्दा त्यसमा सबैभन्दा मुख्य धर्मगुरु वा अगुवा बस्थ्यो । निस्सन्देह नै येशूले शास्त्रीहरू र फरिसीहरूबारे भन्नुअहुँदा यसैलाई औँल्याएको हुनुपर्छ, "*तिनीहरू भोजहरूमा तिनीहरू सम्मानका स्थान र सभाघरहरूमा प्रमुख आसनहरू मन पराउँछन्, बजारहरूमा अभिवादन खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन् ।*"

सांकेतिक रूपमा मोशाको आसनले न्यायको स्थानलाई जनाउँछ । त्यहाँबाट मानिसहरूलाई वैधानिक रूपमा बाध्यकारी
हुने निर्णयहरू गरिन्थ्यो । यो अवधारणा प्रस्थान १८:१३-१६ बाट लिइएको हो, "*भोलिपल्ट मोशा मानिसहरूका*

*निम्ति न्याय गर्नलाई बसे । मानिसहरूचाहिँ बिहानदेखि बेलुकासम्म मोशाको वरिपरि आए । मोशाले मानिसहरूका*

*निम्ति गरेका सबै काम मोशाका ससुराले देखेर तिनलाई सोधे, "यो तिमीले मानिसहरूका निम्ति गरेको के काम हो?*

*किन तिमी मात्र न्याय गर्न एकलै बसिरहन्छौ, र मानिसहरूचाहिँ बिहानदेखि बेलुकासम्म तिम्रो वरिपरि उभिरहन्छन्?"*

*मोशाले आफ्ना ससुरालाई भने, "मानिसहरू मद्वारा परमेश्वरको इच्छा बुझ्न आउँछन् । तिनीहरूको केही विवाद छ*

*भने तिनीहरू मकहाँ आउँछन्, र कुनै मानिस र त्यसको भाइबन्धुको बीचमा म न्याय गरिदिन्छु, अनि म*

*तिनीहरूलाई परमेश्वरका विधिविधानहरू बताइदिन्छु ।"* मिश्ना (मौखिक परम्परा)अनुसार, यो अधिकार

मोशाबाट यहोशूलाई योहोशूबाट न्यायकर्ताहरू र अगमवक्ताहरू र अन्तमा महासभालाई दिइएको छ ।

चाखलाग्दि कुराचाहिँ, क्याथोलिकहरूले चौथो शताब्दीतिर पादरीको आसन वा सिंहासन को धारणा विकास गरे । यसलाई पत्रुसको आसन भनिन्थ्यो । क्याथोलिक परम्पराअनुसार पत्रुसलाई परमेश्वरको राज्यको चाँबी दिइएको थियो, यसैले मण्डली सम्बन्धि वैधानिक बाध्यकारी निर्णहरूलाई बाँध्न वा फुकाउने अधिकार छ ।  अन्तमा, रोमका हरेक बिशपले पत्रुसको त्यो आसनप्रति अधिकार रहेको दाबी गरे र त्यसपछि उनी पोप (पापा वा बुबा)को रूपमा चिनिए ।

सन्त जोन ल्याटरेनले रोममा प्रथम मण्डली भवन निर्माण गरे ।[58] पछि पहिलो मण्डली बनाएर यसमा एउटा कुर्सी थपियो । मोशाबाट केही कुरा लिएट पोपले उनलाई सहायता गर्नलाई वैधानिक रूपमा बाध्यकारी निर्णहरू गर्न अरूहरूलाई पनि नियुक्ति गर्न थाले । अहिले, हरेको डायोसिसमा एक जना बिशप हुन्छन् र ऊसित एउटा कुर्सी हुन्छ, जसलाई मण्डलीमा राखियो भने त्यो विशेषाधिकारयुक्त मण्डली (क्याथिड्रल) बन्छ ।

**धर्मशास्त्र पाठः**

**मोशाको आसन**

मत्ती २३:१-२, मर्कूस १२:३९

[58] बेसिलिका विशेषाधिकार दिइएको एउटा क्याथोलिक मण्डली हो । यो शब्द "बेसिलियस"बाट आएको जसको अर्थ राजा हुन्छ । सन्त जोन ल्याटरेनलाई ई.सं. ३२४ मा अभिषेक गरिएको थियो ।

*"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

त्यसपछि येशू भीड र उहाँका चेलाहरूसँग बोल्नुभयो र भन्नुभयो, "शास्त्रीहरू र फरिसीहरूले आफैलाई मोशाको आसनमा बसालेका छन् ।"[59]

मत्ती २३:३-१२, मर्कूस १२:३८-४०, लूका २०:४५-४७
"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश"बाट लिइएको वचन खण्ड

"यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिँ नगर, किनकि तिनीहरूले शिक्षा त
दिन्छन्, तर त्यसअनुसार गर्दैनन् । तिनीहरूले गह्रौँ र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन् ।
तर तिनीहरू आफैचाहिँ ती उठाउनलाई एक औँलाले पनि छुँदैनन् । "तर तिनीहरू आफ्ना सारा काम
मानिसहरूलाई देखाउनलाई गर्दछन् । किनभने तिनीहरू आफ्ना निधार र नाडीमा व्यवस्था-पत्री[60] ठूला बनाउँछन्,

र आफ्ना वस्त्रका झुम्काहरू लम्म्याउँछन्, भोजहरूमा तिनीहरू सम्मानका स्थान र सभाघरहरूमा प्रमुख आसनहरू
मन पराउँछन्, बजारहरूमा अभिवादन खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन् । "तर तिमीहरूलाई कसैले
'गुरुज्यू' नभनोस्, किनकि तिमीहरूका शिक्षक एउटै हुनुहुन्छ, र तिमीहरूचाहिँ सबै दाजुभाइ हौ । तिमीहरू
पृथ्वीमा कसैलाई आफ्ना पिता नभन, किनकि स्वर्गमा तिमीहरूका एउटै पिता हुनुहुन्छ । तिमीहरूलाई कसैले
'मालिक' नभनोस्, किनकि तिमीहरूका एकमात्र मालिक ख्रीष्‍ट नै हुनुहुन्छ । तिमीहरूमध्ये जो सबैभन्दा उच्च छ,
त्यो तिमीहरूको सेवक हुनेछ । जसले आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ, र जसले आफूलाई होच्याउँछ,
त्यो उच्च पारिनेछ ।"

---

[59] मोशाको आसन- यसको शाब्दिक अर्थ "न्यायाधीसको रूपमा सेवा गर्नु" हुन्छ ।

[60] व्यवस्थापत्री- धर्मशास्त्रको अंश (व्यवसस्था ६:४-९, ११:१३-२०, प्रस्थान १३:१-१६) राख्ने छालाको सानो बाकस, जसलाई व्यवस्था ६:८ लाई अक्षरशः पूरा गर्न उनीहरूले उनीहरूको हात र निधारमा बाँधेर राख्थे ।

**आज्ञाहरूः**

- यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिँ नगर ।
- तिमीहरूलाई कसैले 'गुरुज्यू' नभनोस् ।
- पृथ्वीमा कसैलाई आफ्ना पिता नभन ।
- कसैले 'मालिक' नभनोस् ।

**पाठः**

येशूले सिकाउन थाल्नुहुँदा भन्नुभयो, "शास्त्रीहरू र फरिसीहरूले आफैलाई मोशाको आसनमा बसाल्छन् ।" यसको मतलब उनीहरूले आफैलाई उच्च पदमा नियुक्त गरे, यो परमेश्वरले उनीहरूलाई दिननुभएको थिएन । मोशाको आसनका उत्तराधिकारीहरू सबैले मोशादेखि अन्तिम अगमवक्ता मलाकीसम्म सबैको परमेश्वरसँग व्यक्तिगत सम्बन्ध थियो र उनीहरूको अधिकार उहाँबाट आउँथ्यो किनभने उनीहरूले उहाँको आवाज सुन्थे र पालन गर्थे । त्यस समयदेखि मानिसहरूले अरू मानिसहरूलाई उनीहरूको व्यवस्थाको ज्ञान र समझअनुसार नियुक्ति गरे ।

परमेश्वरले सदैव उहाँका मानिसहरूसँग व्यक्तिगत सम्बन्ध चाहनुभयो, जहाँ उनीहरूले उहाँको आवाज सुन्थे र उहाँसँग संगति हुन्थ्यो । परमेश्वरले इस्राएलीहरूलाई मिश्री दासत्वको बन्धनबाट ननिकालेर ल्याउनुनभएको भन्दा बढी प्रष्ट कहिल्यै पनि भएको थिएन । मोशाले इस्राएलीहरूलाई मिश्रदेखि होरेब पर्वत (सीनै)मा ल्याए, जहाँ उनीहरूले परमेश्वरलाई भेट्न सक्थे र कुराकानी गर्न सक्थे । यद्यपि, कष्टको कहानी खुल्यो । के भयो सो हेरौँ ।

परमेश्वरले इस्रएलीहरूलाई भन्ने आज्ञा दिनुभयो, '*अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, सबै जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ । सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ ।*" (प्रस्थान १९:५-६) मानसिहरूले जवाफ दिए, "परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं ।" (प्रस्थान १९:८) करार पक्का गरियो ।

३ दिनपछि सारा इस्राएल जाति भेला भए र परमेश्वरले १० आज्ञा उच्च सोरमा बताउनुभयो । जब उहाँले बोलिसक्नुभयो धर्मशास्त्र उल्लेख गर्छ । *जब सारा मानिसहरूले गर्जन, बिजुली र तुरहीको आवाज सुने र पर्वतबाट धूवाँ उठिरहेको देखे, तब तिनीहरू थरथर काँपे र टाढ़ै उभिरहे । तिनीहरूले मोशालाई भने, "तपाईं हामीसित कुरा गर्नुहोस् र हामी सुन्नेछौं, तर परमेश्वर हामीसित नबोलून्, नत्रता हामी मर्नेछौं ।"* परमेश्वर उहाँका मानिसहरूसँग बोल्न सक्ने बित्तिकै उनीहरूले परमेश्वरसँगको

करार तोडे । उनीहरू परमेश्वरको आवाज सुन्नुको सट्टा मोशाको आवाज सुन्ने दोस्रो दर्जाको उत्तम कुरामा नै अडिए । परमेश्वरले उनीहरूको अनुरोध मान्नुभयो ।

यस घडी इस्राएल जातिको निम्ति सबै थोक परिवर्तन भयो । उनीहरूले परमेश्वरो बोलेको सुन्न नचाहेकाले, उनीहरूले पालन गरून् भनी उहाँले मोशालाई केही व्यवस्थाहरू दिनुभयो र मोशा यसको प्रथम मध्यस्थकर्ता बने ।[61] यो नै मोशाको व्यवस्था भयो यी मानिसहरूलाई ३४०० वर्ष अगुवाइ गर्‍यो । मोशाको व्यवस्थाचाहिँ परमेश्वरको आवाज सुन्न र पलन गर्न इन्कार गरेको[62] पापको कारण थपिएको थियो[63] यसको उद्देश्यचाहिँ मानिसहरूलाई ख्रीष्टसम्म डोर्‍याउनु थियो ।[64]

परमेश्वरले उहाँका मानिसहरूमाथि कृपा गरेर उहाँ मानिसको स्वरूप... येशू, ख्रीष्टमा आउनुभयो । त्यसरी उहाँले उहाँका मानिसहरूलाई भयभीत नतुल्याइ उहाँ कस्तो हुनुहुन्छ भनी उनीहरूलाई देखाउन सक्नुहुन्थ्यो । ययो कुरा येशूले फिलिपलाई जवाफ दिनुहुँदा देखिन्छ, *"येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?"* परमेश्वर उहाँका मानिसहरूकहाँ निम्न, नम्र, र भद्र तरिकाले आउनुहुँदा पनि उनीहरूमध्ये धेरैले उनीहरूको आफ्नै मार्गलाई रुचाएर उहाँको कुरा सुन्न इन्कार गरे ।

शास्त्रीहरू र फरिसीहरूले अध्ययनद्वारा मोशाको व्यवस्थामा सीप र ज्ञान विकास गरे, तर येशूले उनीहरूलाई पाखण्डी भनेर अनवरत रूपमा दोष लगाउनुभयो । उनीहरूले व्यवस्था आफ्नो जीवनमा लागू गरेनन् र मानिसहरूको जीवनमा पनि राम्ररी लागू गरेनन् । उनीहरू मानिसहरूसँग बाह्य रूपमा धर्मी देखिए तर भित्री रूपमा भ्रष्ट थिए । तथापि शास्त्रीहरू र फरिसीहरूले परमेश्वरलाई चिनेको र प्रेम गर्ने बताए, तर पनि उहाँ उनीहरूकहाँ शरीरमा आउनुहुँदा उनीहरूले उहाँलाई घृणा गरे । येशूले उनीहरूलाई के भन्नुभयो सो सुन्नुहोस् ।

---

[61] मध्यस्थकर्ता दुई विरोधी समूहहरू बीचको भिन्नतालाई मिलापमा ल्याउने व्यक्ति हो । (जस्तै, परमेश्वर र उहाँ मानसहरू)

[62] *तब व्यवस्थाको आवश्यकता किन पर्‍यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो । अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गर्‍यो ।* (गलाती ३:१९)

[63] यो अदनको बगैँचामा भएको मौलिक पाप हो । आदम र हव्वाले परमेश्वरको आवाज सुन्न र पालन गर्न इन्कार गरे ।

[64] *विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोर्‍याउने जिम्मा दिइयो । तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं । किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ ।* (गलाती ३:२४-२६)

*तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ ।"*

(यूहन्ना ५:३९-४०)

*तिमीहरू कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरू आपसमा एक-अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको*

*खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँदछ? "यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष*

*लाउनेछु । तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ ।*

*किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले*

*मेरो विषयमा लेखेका थिए । तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?"*

(यूहन्ना ५:४४-४७)

*तर तिमीहरू विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेड़ामध्येका होइनौ । "मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्,*

*र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन् ।* (यूहन्ना १०:२६-२७)

येशूला चेलाहरू शास्त्रीहरू र फरिसीहरूभन्दा फरक थिए, उनीहरूले परमेश्वरको आवाज सुन्न सक्थे किनभने उनीहरूले येशूको आवाज सुने र पालन गरे । येशूले उनीहरूलाई अधिकारको सम्बन्धमा ३ वटा महत्त्वपूर्ण शिक्षा दिनुभयो । पहिलो, शास्त्री र फरिसीहरूले मोशाको व्यवस्थाबारे जे गर्न भनेका छन् सो पालन गर भनी उनीहरूलाई बताउनुभयो । अर्को शब्दमा, शास्त्री र फरिसीहरूले असल र पवित्र व्यवस्था व्याख्या गरिरहेका हुनाले व्यवस्थालाई आदर गर र तिनीहरूका कुरामा ध्यान देऊ किनभने उनीहरू व्यवस्थाका विद्वानहरू हुन् । यो नै धर्मशास्त्रको अधिकारको अधीनता हो ।

दोस्रो, शास्त्रीहरू वा फरिसीहरूले जस्तो व्यवहार नगर्नू भनी येशूले उनीहरूलाई आज्ञा दिनुभयो किनभने उनीहरू परमेश्वरको तारीफ होइन मानिसहरूको तारिफको निम्ति मात्र जिउने पाखण्डीहरू थिए । चेलाहरू शास्त्रीहरू वा फरिसीहरूको भन्दा फरक जीवन जिउननुपर्थ्यो । उनीहरू मानिसहरूको सेवक हुनुपर्थ्यो अधिकारको उच्च पदहरू लिने होइन ।

अन्तमा, मानिसहरू आफैले लिने ३ वटा उपाधीहरू प्रयोग गरेर उनीहरूलाई उचित अधिकारबारे सिकाउनुभयो । उहाँका चेलाहरूले अरूमाथि अधिकार गर्ने हुनु हुँदैनथ्यो न त अरूहरूमाथि अधिकार भएको

व्यक्ति नै हुनुहुन्थ्यो । बरु, उनीहरूले अनवरत रूपमा मानिसहरूलाई परमेश्वरतिर औँल्याइरहनुपर्थ्यो । येशूले भन्नुभएको कुरा यस्तो छ ।

उहाँका चेलाहरूले मानिसहरूलाई चेलाहरूलाई गुरु अर्थात् शिक्षक भन्न लगाउनु हुँदैन । किन? गुरु शब्दले चाहिँ जीवनको निम्ति शिक्षा वा मार्गदर्शन दिन योग्य व्यक्तिलाई जनाउँछ । शिक्षक हुनलाई योग्य "एक" मात्र हुनुहुन्छ भनी येशूले भन्नुभयो । येशूले "एक" शब्द परमेश्वरलाई वा निर्दिष्ट रूपमा पवित्र आत्मालाई जनाउन प्रयोग गर्नुहुन्छ ।

*तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउन आवश्यकता पर्दैन । तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ, अनि त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन । यस अभिषेकले तिमीहरूलाई सिकाएबमोजिम ख्रीष्टमा रहिरहो ।* (१ यूहन्ना २:२७)

*जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ ।* (यूहन्ना १६:१३)

उहाँका चेलाहरूले पृथ्वीमा कसैलाई पनि बुबा भन्नुहुँदैन ।[65] बुबा शब्दले जीवन दिने व्यक्तिलाई जनाउँछ । जीवन दिने "एक" मात्र हुनुहुन्छ जो स्वर्गमा हुनुहुने सृष्टिकर्ता तिमीहरूका पिता हो ।

*किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ ।* (गलाती ३:२६)

*"मैले भनें, "तिमीहरू "देव" हौ, र तिमीहरू सबै सर्वोच्चका छोराहरू हौ ।'* (भजनसंग्रह ८२:६)

उहाँका चेलाहरूले मानिसहरूलाई अगुवाहरू भन्न लगाउनु हुँदैन । किन? किनभने मानिसहरूले अगुवालाई पछ्याउँछन् । अगुवाइ गर्नलाई चुनिएकप "एक" मत्र छ जो ख्रीष्ट हुनुहुन्छ भनी येशूले भन्नुभयो ।

*''त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो ।"* (प्रेरित २:३६)

*येशूले चेलाहरूलाई भन्नुभयो, "मेरो पछि लाग ।"* (मत्ती ४:१९)

**समूह छलफलः**

१. के केही मण्डलीहरूमा शास्त्रीहरू र फरिसीहरू जस्ता मानिसहरू छन्?

२. मेसाइनिक समूहका पास्टरहरूलर किन मानिसहरूले उनीहरूलाई रब्बी भन्न दिन्छन्?

---

[65] येशूले यहाँ आफ्नो शारीरिक बुबाहरूलाई होइन आत्मिक बुबाहरूलाई दर्शाउँदै हुनुहुन्छ ।

३. क्याथोलिक मण्डलीका पास्टरहरूले किन उनीहरूलाई फादर(बुबा) वा पोप (पापा) भन्न लगाउँछन्?
४. मण्डलीका केही मानिसहरूले सेवकको सट्टामा आफूलाई अगुवा भनी उल्लेख गरेको रुचाउँछन्?
५. किन धेरै पास्टरहरूले विशेष पोसाक लगाउँछन्?
६. केही मण्डलीहरूमा किन माथि उठाएको मञ्चमा वा विश्वासीहरूको अगाडी बस्ने आसनहरू राख्छन्?

पाठको आशयः
<u>विश्वासीको साँचो अधिकार परमेश्वरबाट आउँछ र उनीहरूले सेवकको जस्तो व्यवहार गर्नुपर्छ ।</u>

**प्रयोगः**
आज, मण्डली चुनिएको जाति, राजकीय पुजारीगगिरी, पवित्र जाति र परमेश्वरको आफ्नै निजी सम्पत्ति भएका छन् । त्यसो भए हामी कसरी जिउनुपर्छ?

## पाठ ४६
## भविष्यलाई हेर्दै

**परिचयः**
येशूलाई क्रूसमा टाँगिनुभन्दा केही अघि मात्र उहाँले आफ्ना चेलाहरूलाई अलग्गै लागेर उहाँको मृत्युपछि के हुन्छ भनी धेरै कुराहरूको बारे भविष्यवाणी गर्नुभयो । बाइबलका ईश्वरशास्त्रीहरूले यसलाई जैतून डाँडाको सन्देश[66] भन्छन् । ती अगमवाणीहरूसँगै येशूले उहाँका चेलाहरूलाई केही आज्ञाहरू दिनुभयो जुन उनीहरूले भावी घटनाहरूको सन्दर्भमा अनुशरण गर्नुपर्थ्यो ।
हामी येशूको चेलाको हैसियतले उहाँको आज्ञा पालन गर्न सक्नअघि उहाँले यी घटनाहरूको बारे के भनिरहनुभएको छ भनी हामीले आधारभूत कुराहरू बुझ्नुपर्छ । धेरै ख्रीष्टियनहरू भविष्यको कुरा आउँदा अन्योलमा

[66] जैतून डाँडा ।

पर्छन् त्यसैले येशूले कुन सन्दर्भमा बोल्नुभयो भनी स्पष्ट पार्न र उहाँले के भन्नुभयो त्यसलाई नजिकबाट हेर्न यस पाठलाई प्रयोग गर्नेछौँ । सुरु गरौँ ।
 आजका अत्यन्त लोकप्रिय ख्रीष्टियन शिक्षकहरू र लेखकहरूले येशूको जैतून डाँडाको उपदेश उहाँका चेलाहरूका दुई वटा प्रश्नहरूको जवाफको रूपमा दिइएको थियो भनी बताउँदादेखि नै अन्तको समयका घटनाहरूबारेको अन्योलता सुरु हुन्छ । तर सम्बन्धित धर्मशास्त्र खण्डहरूको अध्ययन गर्दा चेलाहरूले उहाँलाई जम्मा ५ वटा प्रश्नहरू सोधेका छन् । उनीहरू मन्दिरबाट निस्कँदैगर्दा उहाँका चेलाहरूले सोधेका २ वटा प्रश्नहरू जवाफ दिनुभयो ।[67] उनीहरू किद्रोन बेँसी तरेपछि पत्रुस, याकूब, यूहन्ना र आन्द्रियासले सोधेका ३ वटा प्रश्नहरूको जवाफ येशूले दिनुभयो, जति बेला उहाँ एकान्तमा आउनुभयो र जैतून डाँडामाथि बस्नुभएको थियो ।

जैतून डाँडाको उपदेशका अंशहरू मत्ती, मर्कूस र लूका ३ वटै सुसमाचारका पुस्तकहरूमा छन् । एक-एक गरेर पढ्दा उस्तै तर फरक कुराहरू बताइएको जस्तो देखिन्छ त्यसैले  पाठकहरू अन्योलमा पर्न सक्छन् । तर जब ती खण्डहरूलाई तुलना गर्दै आपसमा पढिन्छ तब भविष्यका घटनाहरूको स्पष्ट तस्विर खुल्छ ।

पाठकहरूले व्यक्तिवाचल सर्वनाहरूकोलाई विचार नगर्दा पनि भविष्यका घटनाहरू बारे अन्योलता छाउँछ । येशूले कसको बारे वा सँग कुरा गरिरहनुभएको छ? के यो १) हामी, हामीलाई, र हाम्रो, २) तिमीहरू, तिम्रो वा ३) उनीहरू, उनीहरूलाई र उनीहरूको हो? यसमा अन्योलता ल्याउनमा पाठकहरूलाई ऐतिहासिक सन्दर्भहरू र हिब्रू (यहूदी) शब्दावली र धारणाहरूको ज्ञानको कमीले पनि हो ।

पाठकहरूलाई बुझाउनको निम्ति मैले ३ वटा सुसमाचारमा उपलब्ध जैतून डाँडाको उपदेशका विवरणहरूलाई सही क्रममा पढ्ने स्वतन्त्रताको उपभोग गरेको छुः १) मन्दिर भएको डाँडाबाट जानुभएको र २) जैतून डाँडामा बस्नुभएको । उहाँका चेलाहरूले सोधेका ५ वटा प्रश्नहरूलाई सम्बोधन गरिएका छन्, उक्त खण्डहरूभित्र भएका व्यक्तिवाचक सर्वनामहरूलाई गाढा बनाइएको छ साथे ऐतिहसिक तथ्यहरूलाई पादटिप्पीहरूला उल्लेख गरिएका छन् । भविष्यका घटनाहरूबारे येशूको भनाइहरू पछि उही घटनाहरू बारे पावलको टिप्पणीहरूलाई पनि समावेश गरिएको छ । यो अध्ययनको अन्तिम पृष्ठमा चाहिँ येशूका, पावलका र प्रकाशको पुस्तकसँग तुलना गरिएका घटनाहरूका अनुक्रम छ ।

**धर्मशास्त्र पाठः**

[67] यो संवाद सम्भवतः मन्दिर र पुर्वी (सुनौलो) प्रवेशद्वार बीचको खुल्ला ठाउँमा भएको हुन सक्छ ।

<u>मत्ती २४:१-२५:४६; मर्कूस १३:१-३७; लूका २१:५-३६</u>

<u>दृश्य १:</u>
<u>मन्दिर</u>
<u>डाँडा</u>
उपस्थित
भएकाह
रू
१. येशू
२. उहाँका सबै चेलाहरू ।
**स्थान**
विधवाले दुई पैसा भेटी चढाएको हेरर मन्दिरबाट बाहिर निस्कँदै ।

## विधवाको भेटी

मर्कूस १२:४१-४४; लूका २१:१-४

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि उहाँ मन्दिरको भेटी चढ़ाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीड़ले भेटीपात्रमा भेटी चढ़ाएको हेर्नुभयो ।
धेरै धनी मानिसहरूले ठूला-ठूला रकम चढ़ाए । अनि एउटी गरीब विधवाले आएर तामाका दुई सिक्का[68],
अर्थात् एक पैसा[69] चढ़ाई । आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयो,
"साँच्चै म तिमीहरूलाई भन्दछु, भेटीपात्रमा चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा बढ़ी चढ़ाई ।
किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढ़ाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा
जीविका नै अर्पण गरी ।"

**चेलाहरूका दुई प्रश्नहरू**

१. मन्दिर कहिले नष्ट पारिनेछ?
२. मन्दिर नष्ट पारिँदाका चिन्हरू के-के हुनेछन्?

---

[68] दुई वटा तामाका सिक्काहरू- यी हरेक साढे ३ मिनेटको श्रमको ज्याला सहर थिए थियो ।
[69] यहाँ एक पैसा भनिएको दामचाहिँ लगभग ७ मिनेट गरिएको कामको ज्याला बराबर हो ।

## यरूशलेमको मन्दिर नष्ट पारिनेछ

मत्ती २४:१-२; मर्कूस १३:१-२;
लूका २१:५-७

*"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ अप्रिल २१ तारिख, सोमबार अपरान्ह- अबिब/निसान १२ [हप्ताको दोस्रो दिन]
जब उहाँ मन्दिरबाट निस्कँदैहुनुहुन्थ्यो[70], तब उहाँका चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हेर्नुहोस्, गुरुज्यू, कति ठूला-ठूला ढुङ्गाहरू र कति भव्य भवनहरू ।" येशूले तिनलाई भन्नुभयो,
"यहाँ त एउटा ढुङ्गामाथि अर्को ढुङ्गा नछोडिने गरी सबै भत्काइनेछन्[71] ।" अनि उनीहरूले उहाँलाई
सोधे, "हामीलाई भन्नुहोस्, यी घटनाहरू कहिले हुनेछन्?[72] र यी सब कुरा पूरा हुनका निम्ति के चिन्ह हुनेछ?"[73]

## प्रसववेदानाको सुरुवात

मत्ती २४:४-८; मर्कूस १३:५-८; लूका २१:८-११

*"मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

उहाँले भन्नुभयो, "होशियार रहो, तिमीहरूलाई कसैले नबहकाओस् । मेरो नाउँमा धेरै जना 'म उही नै हुँ' र 'बेला नजिक आएको छ,' भनेर भन्छन् । तिनीहरूका पछि तिमीहरू नलाग ।
तिमीहरूले जब युद्धहरू र खैलाबैलाका कुराहरू सुन्नेछौ तब भयभीत नहोओ, किनभने पहिले
यी घटनाहरू हुनैपर्छ, तर अन्त्यचाहिँ तुरुन्तै हुनेछैन ।" तब उहाँले तिनीहरूलाई भन्नुभयो,
"राष्ट्र, राष्ट्रका विरुद्धमा, र राज्य, राज्यको विरुद्धमा उठ्नेछ । भयङ्कर भूकम्पहरू हुनेछन् ।
विभिन्न ठाउँहरूमा अनिकाल र महामारी हुनेछन्, भयङ्कर आतङ्क हुनेछन्, अनि आकाशबाट

---

[70] येशू मन्दिरबाट निस्कनुभयो र सम्भवतः उहाँ किद्रोन बँसीको सोझै पारिपट्टि पर्ने जैतून डाँडातिर जान पूर्वी (सुनौलो) ढोकाबाट निस्कँदै हुनुहुन्थ्यो ।

[71] मन्दिर भत्काइनेछ । यो रोमी सम्राट भेस्पियनका जेठा छोरा टाइटसले ई.सं. ७० अब ९ तारिख (अगस्टको अन्ततिर) पूरा गरे ।

[72] हामीलाई भन्नुहोस्, यी घटनाहरू कहिले हुनेछन्? यो चेलाहरूका पहिलो प्रश्न हो ।

[73] यी सब कुरा पूरा हुनका निम्ति के चिन्ह हुनेछ? यो चेलाहरूका दोस्रो प्रश्न थियो ।

ठूला-ठूला चिन्हहरू हुनेछन् ।
तर योचाहिँ स्त्रीलाई प्रसववेदना सुरु भएझैँ सङ्कष्टको आरम्भ हो ।

<u>प्रश्न #१ को जवाफ</u>

कहिले?- प्रेरितीय गवाहीः मर्कूस १३<u>:९-११; लूका २१:२१-१९</u>

**तर यी सबै कुराहरूअघि**

मर्कूस १३:९-१३; लूका २१:१२-१९

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तर यी सबै कुराहरू हुन अघि, मानिसहरूले तिमीहरूलाई पक्रनेछन्, र सताउनेछन्, र तिमीहरूलाई सभाघरहरूमा सुम्पिदिनेछन्, र झ्यालखानमा हालिदिनेछन् । तिमीहरूलाई मेरो नाउँको खातिर राजाहरू र हाकिमहरूका सामुन्ने पुऱ्याउनेछन् । तर तिमीहरूका लागि यो एउटा गवाही दिने अवसर हुनेछ । यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का गर । किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि सक्नेछैनन् । तर तिमीहरूका आमा-बुबा र दाजुभाइहरू, नातेदारहरू र मित्रहरूले पनि तिमीहरूलाई पक्राइदिनेछन्, र तिमीहरूमध्ये कोही-कोहीलाई तिनीहरूले मार्नेछन् । मेरो नाउँको खातिर तिमीहरूलाई सबै मानिसहरूले घृणा गर्नेछन् । तर तिमीहरूका शिरको एउटा केश पनि नष्ट हुनेछैन । तिमीहरूको धैर्यद्वारा तिमीहरूले आफ्नो प्राण प्राप्त गर्नेछौ ।

<u>प्रश्न #२को जवाफ</u>

चिन्ह के हुनेछ? – <u>यरूशलेमको विनाशः लूका २१:२०-२४</u>

**गैरयहूदीहरूको समय**

लूका २१:२०-२४

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर जब यरूशलेमलाई सेनाहरू[74]ले घेरेका देख्छौ, तब त्यसको विनाश नजिकै आइपुगेको छ भन्ने जान ।

तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून् । सहरभित्र हुनेहरू बाहिर भागिजाऊन्[75], र बाहिर गाउँमा

हुनेहरू सहरभित्र नपसून् । किनभने लेखिएका कुराहरू सबै पूरा हुनलाई यी प्रतिशोधका दिन हुनेछन् ।

ती दिनमा गर्भवती र दूध खुवाउने स्त्रीहरूका निम्ति हाय! किनकि पृथ्वीमा ठूलो सङ्कष्ट आउनेछ,

र यस जातिमाथि क्रोध आइपर्नेछ[76] । तिनीहरू तरवारले मारिनेछन्, र सबै देशहरूमा कैदी बनाएर

लगिनेछन् । अनि अन्यजातिहरूको समय[77] पूरा नभएसम्म तिनीहरूले यरूशलेमलाई खुट्टामुनि कुल्चेर राख्नेछन् ।

<u>मत्ती २४:३-२८; मर्कूस १३:३-२३</u>

दृश्य २: जैतून डाँडा

त्यहाँ उपस्थित हुनेहरू

१. येशू

२. पत्रुस, याकूब, यूहन्ना र आन्द्रियस मात्र ।

**स्थान**

मन्दिरको परिपट्टि जैतून डाँडामा बसिरहेको ।

**चेलाहरूका ३ वटा प्रश्नहरू**

१. झूटा अगमवक्ताहरू र प्रसववेदनाका समय कहिले हुनेछ?

---

[74] यरूशलेमको विनाश । यो रोमी सम्राट भेस्पियनका जेठा छोरा टाइटसले ई.सं. ७० अब ९ तारिख (अगस्टको अन्ततिर) यरूशलेममाथि

विजय हासिल गरे र मन्दिर भत्काए ।

[75] टाइटस र उनको रोमी सेनाहरूले ई.सं. ७० मा यरूशलेम घेरा हाले । जब उनीहरू केही समयको निम्ति घेरा हाल्नबाट पछि हटे ख्रीष्टियनहरू हाल यर्दनको यर्दन नदीको पूर्वतिर रहेको पेल्ला सहरमा भागेर गए ।

[76] यहूदी इतिहासकार जोसिफस फ्लेवियसअनुसार ई.सं. ६६-७० रोमी युद्ध १ लाख यहूदीहरू मारिए र ९७ हजारलाई कैदी बनाएर लगियो ।

[77] अन्यजातिहरूको समय- ई.सं. ७० मा रोमीहरूले यरूशलेम नष्ट पारेपछि, यहूदीहरूलाई त्यहाँ बार कोख्बा विद्रोह (ई.सं. १३१-१३५) नभएसम्म रहन दिइएको थियो । उनीहरूलाई ई.सं. १३४ मा त्यहाँबाट निकालियो र यसको नाम एइलिना क्यापिटोलिना राखियो । त्यो सहर १९६७ जुन ८ तरिखसम्म विदेशी (गैरयहूदी)हरूको अधीनमा रह्यो, जसलाई ६ दिने युद्धमा यर्दनको अधीनबाट मुक्त गरिएको थियो । १९८० मा यरूशलेमलाई इस्राएली सार्वभौमिकताको अधीनतामा रहेको एकिकृत सहर भएको घोषणा गरियो ।

२. तपाईंको आगमनका चिन्हहरू के-के हुनेछन्?

३. युगको अन्तका चिन्हहरू के-के हुनेछन्?

## जैतून डाँडाको उपदेश

मत्ती २४:३; मर्कूस १३:३-४

*"मेरो पछि लाग: परमेश्‍वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि उहाँ मन्दिरको सामुन्ने जैतून डाँड़ामा बस्नुहुँदा[78] पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई गुप्तमा सोधे[79], "हामीलाई भन्नुहोस्, यी घटनाहरू[80] कहिले हुनेछन्[81]? र यी सब कुरा पूरा हुनका निम्ति के चिन्ह हुनेछ? र तपाईंको आगमन[82] र यस युगका अन्त्यको चिन्ह के हुनेछ?"[83]

## प्रसववेदनाको सुरुवात

मत्ती २४:४-८; मर्कूस १३:५-८; लूका २१:८-११

*"मेरो पछि लाग: परमेश्‍वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

उहाँले भन्नुभयो, "होशियार रहो, तिमीहरूलाई कसैले नबहकाओस् । मेरो नाउँमा धेरै जना 'म उही नै हुँ'[84] र 'बेला नजिक आएको छ,' भनेर भन्छन् । तिनीहरूका पछि तिमीहरू नलाग ।

[78] जैतून डाँडामा बस्दै । सम्भवतः यो गेतसमनीको बगैँचा थियो, जुन पूर्वी (सुनौलो) प्रवेशद्वारादेखि सोझै पारीपट्टि जैतून डाँडाको फेदीमा पर्छ ।

[79] उहाँलाई गुप्तमा प्रश्न सोधे- येशू मन्दिरबाट बाहिर जानुहुँदा सबै चेलाहरू सँगै थिए अनि उनीहरूले भविष्यको बारे पहिलो दुई वटा प्रश्नहरू सोधे ।

यहाँ उहाँ जैतून डाँडामा बसिरहँदा हामीले पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले गुप्तमा प्रश्न सोधिरहेको देख्छौँ । यसैले चेलाहरू वास्तवमा कुल ५ वटा प्रश्नहरू सोधे ।

[80] यी घटनाहरूले युद्ध, विपत्ति, अनिकाल आदो अन्य घटनाहरूलाई जनाउँछ, जुन येशूले मन्दिरबारेका प्रश्नहरू (यो कहिले भत्काइनेछ र

यसका चिन्हहरू के-के हुन्) को जवाफ दिँदा बताउनुभएको थियो । हामीजस्तै यी चार जना चेलाहरू अत्यन्त उत्सुक हुँदै गुप्तमा आएर अरू प्रश्नहरू सोध्छन् ।

[81] यी कुराहरू कहिने हुनेछन्? येशू जैतून डाँडामाथि बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासको पहिलो प्रश्न हो । तर चेलाहरूले भविष्यबारे सोधेका समग्र प्रश्नहरूमा यो तेस्रो प्रश्न हो ।

[82] तपाईंको आगमनका चिन्हहरू के हुनेछन्? येशू जैतून डाँडामाथि बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासको दोस्रो प्रश्न हो । तर चेलाहरूले भविष्यबारे सोधेका समग्र प्रश्नहरूमा यो चौथो प्रश्न हो ।

[83] र यस युगका अन्त्यको चिन्ह के हुनेछ? येशू जैतून डाँडामाथि बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासको तेस्रो प्रश्न हो । तर चेलाहरूले भविष्यबारे सोधेका समग्र प्रश्नहरूमा यो पाँचौ प्रश्न हो ।

[84] येशूपछि ख्रीष्ट (मसीह) हुँ भनी दाबी गर्नेहरूः द साइकारि, थुदास (ई.सं. ४४-४६), मेनाहेम बेन जुडा र सिमोन बार कोख्बा (ई.सं. १३५) । ई.सं. १५००-२००० को ५०० वर्षको अवधिमा ४० जनाभन्दा बढीले आफू ख्रीष्ट भएको दाबी गरे ।

तिमीहरूले जब युद्धहरू र खैलाबैलाका कुराहरू सुन्नेछौ तब भयभीत नहोओ, किनभने पहिले
यी घटनाहरू हुनैपर्छ, तर अन्त्यचाहिँ तुरुन्तै हुनेछैन ।" तब उहाँले तिनीहरूलाई भन्नुभयो,
"राष्ट्र, राष्ट्रका विरुद्धमा, र राज्य, राज्यको विरुद्धमा उठ्नेछ । भयङ्कर भूकम्पहरू हुनेछन् ।
विभिन्न ठाउँहरूमा अनिकाल र महामारी हुनेछन्, भयङ्कर आतङ्क हुनेछन्, अनि आकाशबाट ठूला-ठूला चिन्हहरू हुनेछन् ।
तर योचाहिँ स्त्रीलाई प्रसववेदना सुरु भएझैँ सङ्कष्टको आरम्भ हो ।

प्रश्न #३को जवाफ

कहिले? – धर्मत्यागः मत्ती २४:९-१४; मर्कूस १३:१२-१३

## धर्मत्याग

मत्ती २४:९-१४; मर्कूस १३:१२-१३

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्[85], र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन् । तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ । धेरै झूटा अगमवक्ताहरू[86] खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्[87] । दुष्टता बढ़ेको

[85] धेरै मानिसहरू संकष्ट र परमेश्वरको क्रोध जस्ता दुई वटा बाइबलीय धारणाहरूले अन्योलमा पर्छन् । संकष्ट भनेको सन्तहरू यस संसारमा मानसिहरूका हातबाट सहने कष्ट वा पीडाहरू हुन् (यूहन्ना १६:३३) परमेश्वरको क्रोधचाहिँ परमेश्वरले अधर्मीहरूमाथि खन्याउनुहुने उहाँको रिस हो (१ थेसलोनिकी ५:९-१०)

[86] अगमवक्ताले मानिसहरूलाई परमेश्वरको इच्छा बताउनुपर्छ । पुरानो करारमा निम्न कुरा गर्ने अगमवक्तालाई झूटो भनिन्थ्योः १) अरू देवताहरूको सेवा गर्नु भन्यो भने वा २) उसले देखाएका चिन्ह (आश्चर्यकर्म, अगमवाणी आदि) हुन आएन भने । येशूले उहाँलाई अर्को जाँच्ने तरिका पनि दिनुभयो त्यो हो चेलाहरूलाई अगमवक्ताको फल (चरित्र) अर्थात् उसको आचरणले पवत्र आत्माको फल फलाउँदै छ कि छैन ।

[87] यहाँ प्रयोग गरिएको शब्दकोको अर्थचाहिँ सत्यबाट बहकिनु, पछि हट्नु, त्याग्नु हुन्छ; करार भंग गर्नु र मौलिक करारसँग नमिल्ने नयाँ करार स्थापित गर्नु भनी परिभाषित गरिन्छ । यसलाई मानवीय प्रयोगमा "व्याभीचार" तर विश्वासको शब्दावलीमा "मुर्तीपूजा" हुन्छ, त्यसलाई नबुझि पहिलेको करारबाट पहिले कहिल्यै अस्तित्वमा नभएको करबाट ऊ बहकिएर जान सक्दैन तर यस सन्दर्भमा येशू ख्रीष्टको शिक्षा र आज्ञा पालन गर्न छोड्नु र उहाँको मार्गमा नहिँड्नु भन्ने हुन्छ (रोमी ६:१६ मा पावलले सिकाउँछन्, *"के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको?"* ) यस धारणासम्बन्धी नयाँ करारका केही सन्दर्भ खण्डहरू यी हुन्: मत्ती ७:२१-२९; गलाती १:६-९; २ थेसलोनिकी १:७-१०; १ तिमोथी ४:१-३; हिब्रू ३:१२; ६:४-६; २ पत्रुस २:१-३; ३:१७-१८; १ यूहन्ना २:३-६, १८-१९; यहूदा ३-४; प्रकाश २२:१४)। यस शब्दका अर्थहरी निम्नानुसर छन्:

हुनाले धेरैको प्रेम सेलाएर जानेछ । तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ । अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ ।"

## विनाशकारी घृणित थोक र महासंकष्ट

मत्ती २४:१५-२२; मर्कूस १३:१४-२०

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

---

बहकाउनुः 4624. Skandalizó – पासो थाप्नु (कुनै किसिमले), यसरी कसैलाई ठेस खान लगाउनु , बाधा दिनु; पासोमा पार्नु (धर्मत्याग (दल बदल्नु- विद्रोह) – शाब्दिक रूपमा, "पहिलेको आधारलाई छोड्नु"- भङ्ग गर्नु)। (biblehub.com/greek/4624.htm)

सजातीय (सम्बन्धित परिभाषा): 4624 *skandalízō* – पासो थाप्नु (बाधा दिने थोक); (आलङ्कारि रूपमा) ;सही आचरण वा विचारलाई बाधा दिनु"- शाब्दिक रूपमा, "पासोमा पर्नु"। 4625 (*skandalon* पनि हेर्नु होला – पासोको ट्रिगर (थिचेर वा तानेर पासोलाई शिकार समाल लगाउनलाई बनाइइको कुनै पुर्जा); (आलङ्कारि रूपमा) बाधा, चालमा कुनै नकारात्मक कुरा राखिदिने (कुनै जनावरले छुँदा पासो उफ्रने र बन्द हुने डन्डी)।

"भरोसा गर्नुपर्ने र आज्ञा पालन गर्नुपर्ने कसैलाई छोड्न र भरोसा नगर्ने बनाउनु; पछि हट्न लगाउनु," र कर्तृवाच्यमा, पछि हटेर जानु (यूहन्ना ६:६१; मत्ती १३:२१; २४:१०; २६:३३; मर्कूस ४:१७; १४:२९; यूहन्ना १६:१)। जस्तै २ थेसलोनिकी २:१-१६ (पावलले यही घटनामा येशूको शिक्षालाई अझ मजबुद बनाउँछन्)- कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस् । किनकि पहिले विद्रोह (***apostasía*** *(646)* – धर्मत्याग, दल बदल्ने, विद्रोह- शाब्दिक रूपमा, "पहिलो आधार छोड्ने वा "पछि हट्ने) नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन; मर्कूस ३.२८-२९, (मत्ती १२:३१-३२; लूका १२:१०) साँच्चै, म तिमीहरूलाई भन्दछु, मानिसहरूका सबै पाप र ईश्वर-निन्दा क्षमा गरिनेछन्, तर पवित्र आत्माको विरुद्धमा निन्दा गर्नेलाई कदापि क्षमा हुनेछैन, तर त्यो अनन्त पापकर्मको दोषी ठहर्छ । (biblehub.com/greek/988.htm)

ईश्वरनिन्दा *(Strongs No. 988 – blasphémia)*: सहीबाट गलतमा परिणत गर्छ (वा गलतबाट सही), जस्तै परमेश्वरले स्वीकार नगर्नुहुने कुरालाई "सही" भन्छ जसले "*परमेश्वरको सत्यतालाई झूटसँग साट्छ*" *रोमी* :२५) (यशैया ५:२०- "*तिनीहरूलाई, जसले खराबलाई असल र असललाई खराब भन्दछन्, जसले अँध्यारोलाई उज्यालो र उज्यालोलाई अँध्यारो मान्दछन्*" । शाब्दिक रूपमा, कुनै कुरालाई असल (जो साँच्चै असल छ) भन्न ढिला र साँच्चै खराब कुरालाई पहिचान गर्न ढिलो । (*Thayer's Greek Lexicon* – *β λ α σ φ η μ ί α*, निन्दा गर्नु, अपमान गर्नु): क. विश्वव्यापी रूपमा, निन्दा, विचलन, अरूको सुनामलाई हानी पुऱ्याउने वचनहरू । ("क्षमा नहुने पाप" वा "पवित्र आत्मा विरुद्धको ईश्वरनिन्दा" चाहिँ "क्षमा नहुने ईश्वरनिन्दा" हो जुनचाहिँ असललाई खराब र खराबलाई असल भन्नु हो । (एक जना (परमेश्वर) मात्र असल हुनुहुन्छ, मत्ती १९.१७) र "*कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो भने त्यसलाई यस युगमा र आउने युगमा पनि क्षमा हुनेछैन*" *(मत्ती* :३२), "क्षमा हुने ईश्वरनिन्दा" चाहिँ कुनै कुरालाई असल वा खराब भन्नु हो (मत्ती १२:३१, "मानिसहरूका सबै पाप र ईश्वरनिन्दा क्षमा गरिनेछ" (मर्कूस ३:-; *लूका* :*) ।*

"यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक[88] पवित्रस्थानमा खड़ा भएको देखौला[89] (पाठकले बुझोस्), तब यहूदिया[90]मा हुनेहरू पहाड़हरूतिर भागून् ।कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून् । खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन् । हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती दिनमा । तर हिउँदमा वा शबाथ[91]मा तिमीहरू

---

[88] दानिएल ९:२७; ११:३१; १२:११

[89]धेरै ख्रीष्टियनहरूले दाननिएल ९:२६ मा अगमवाणी गरिएको यरूशलेमको विनाश (गैरयहूदीहरूले यरूशलेम सहरलाई कब्जा र नियन्त्रण गरेको) र दानिएल ९:२७ को विनाशकारी घृणित थोक(ख्रीष्टविरोधीलले पवित्रस्थानलाई अपवित्र तुल्याउने)सँग अलमलमा पर्छन् वा मिसाउँछन् । पठाकहरूले यो विषय बुझून् भनी येशूले पनि सावधान गराउनुभयो । विनाशकारी घृणित थोक हुनको निम्ति पवित्र वासस्थान वा मन्दिर हुनुपर्छ । मन्दिर वा पवित्रस्थानमा केही कुरा राखिन्छ, खडा गरिन्छ, वा स्थापित गरिन्छ तब घृणित थोक हुन्छ । मौलिक पवित्र वासस्थानको पवित्रस्थानमा ३ वटा कुराहरू मात्र अनुमति दिइन्थ्योः सुनको वेदी (धूपको वेदी), सात वटा हाँगा भएक सामदान, र १२ वटा रोटीसहितको उपस्थितिको रोटीको टेबल । अगमवाणीले परमेश्वरलाई दिइने नियमित बलिदानहरू र भेटीहरू पनि रोकिने कुरा जनाउँछ ।

दानिएका अगमवाणीहरूले दर्शाएका एक किसिमको घृणित थोक एक पटक पहिले नै भइसकेको छ (दानिएल ८:९-१४)। ई.पू. १६७ मा एन्टिओकस चौथो- एपिफनेस (परमेश्वर प्रकट हुनुहुन्छ)ले मन्दिरमा आफ्नो स्वरूप खडा गरे, बलिदानहरू र भेटीहरू रोके अनि होमबलि चढाउले वेदीमा सुँगुरको बलि चढाए । त्यसको ३ वर्षपछि ई.पू. १६४ मन्दिरलाई शुद्ध गरियो र पुनः परमेश्वरमा अर्पण गरियो । यसको मौलिक वृत्तान्त १ मकाबी ४:३६-६१ मा उल्लेख गरेको पाइन्छ । ८ दिने यहूदी चाड हनुक्काले मन्दिरको पुनःअर्पणको उत्सव मनाउँछ ।

यसलाई प्रेरित पावलले पनि १ थेसलोनिकी २:३-४ मा उल्लेख गर्छन् । कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस् (पावलले यहाँ "येशू कुनै पनि समयमा आउन सक्नुहुन्छ" भन्ने झूटो शिक्षा विरुद्ध लाई फेरि बोल्छन्; बरु दोस्रोआगमन र उठाइलगिने कुरा सँगसँगै हुने कुराहरू हुन जसको निम्ति २ थेसलोनिकी २:१-९ मा उल्लेख गरिएका कुराहरू हुनुपर्छ भन्दै आफ्नो शिक्षालाई अघि बढाउँछन् ।)। किनकि पहिले विद्रोह (पछि हट्ने) नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन (प्रभुको दिन) आउनेछैन। त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ ।"

[90] यहूदिया- येशूको समयमा, यहूदीया यरूशलेमकोको ३५ माइल अर्धव्यासभित्र पर्ने एउटा क्षेत्र थियो ।

[91] शबाथमा- यसले साप्ताहिक शबाथ (शुक्रबाट साँझको ६ बजेदेखि शनिबार साँझको ६ बजेको समय) वा परमप्रभुका चाडहरू (परमप्रभुका ठहराइएका समयहरू, (उत्पत्ति १:१४; लेवी २३)भित्रका कुनै एउटा कुनै, जुन परमेश्वरले उहाँको घटनाक्रममा ठहराउनुभएको भविष्यमा हुने खास दिनहरू र समयहरू, उहाँलाई पछ्याउन चुन्नेहरूलाई उद्धार गर्न र उहाँ आफै प्रकट हुनलाई परमेश्वरले तयार पार्नुभएको समयलाई जनाउँछ, जसरी हाम्रो मसीहले निस्तार, अखमिरी रोटी, अगौटे फलहरू र हप्ताहरूका चाड (पेन्तिकोस)को "ठहराइएका समयहरू"द्वारा परमेश्वरले ठहराउनुभएकै दिनहरूमा आगमवाणीय रूपमा पुरा गर्नुभयो, जहाँ परमेश्वरले सबै मानवजातिलाई उद्धार प्रदान गर्नुभयो । "ठहराइएको समय"को भविष्यको परिपूर्ति यी कुराहरूमा हुन्छः "हिउँदमा नपरोस" र "शबाथ दिनमा" अर्थात् परमेश्वरले अद्वितीय रूपमा ठहराउनुएका चाडको समयहरू जस्तै "पूरीम" ("वर्षेनी उही दिन अर्थात् अदार महिनामा चौधौँ र पन्ध्रौँ दिन... यी पूरीमका दिनहरूलाई उनीहरूका ठहराइएकै समयहरूमा मान्नुपर्छ," एस्तर ९:२०-३१; रहस्य ठहराइएको ससमय ("कुनै थोक लुकाएर राख्न सकिँदैन जो प्रकट गरिनेछैन, अनि कुनै थोक गुप्त छैन जो प्रकाशमा ल्याइनेछैन ।" मर्कूस ४:२२; हिब्रू ४:१३; कलस्सी २:२३; १ शमूएल २:८), जस्तै हनुक्काको रहस्य ठहराइएको समय, जसले दानिएल ८ मा अगमवाणी गरिएको हाम्रो मसीहको गर्भधारणको अगमवाणीय ज्योतिलाई प्रकट गर्छ; त्यसै गरी पूरीमको उत्सवले दाननिएल ९-१२ मा अगमवाणी गरेजस्तै "विनाशकारी घृणित थोक"को सुरुवातको ठिक दिन र समय प्रकट गर्छ, जसले "तुरहीका चाडहरू"सँगको अद्वितीय घटनाक्रमलाई समेट्छ; एस्तरको पुस्तकमा परमेश्वरलाई एक पटक पनि उल्लेख नगरे पनि परमेश्वरले काम गरिरहनुभएको कुरालाई स्पष्ट रूपमा प्रकट गर्छ ।), जुनचाहिँ ठिक हिउँदपछि बसन्तको सुरुवातमा पर्छ र शबाथको दिन उत्सव मनाउन

भाग्न नपरोस् भनी प्रार्थना गर । किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ । ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन् ।

## मानिसको पुत्रको आगमन

मत्ती २४:२३-२८; मर्कूस १३:२१-२३

*"मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर । किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन् । याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु । "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ । अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर । किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ[92] । जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन् ।

प्रश्न #४को जवाफ

ख्रीष्टको आगमनको चिन्ह के हुनेछ?– बादलः मत्ती २४:२९-३१; मर्कूस १३:२४-२७; लूका २१:२५-२८

## बादल

मत्ती २४:२९-३१; मर्कूस १३:२४-२७; लूका २१:२५-२८

*"मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर ती दिनमा त्यस महासङ्कष्टपछि "सूर्य, चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन्, र समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन् । संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मूर्च्छा पर्नेछन्, किनकि

---

सकिँदैन, यसको अतिरिक्त, "निस्तारको चाडबाट ३० दिन (प्रकाश ११:३), र "तुरहीकहरूका चाड"बाट १२९० दिन (दानिएल १२:११), अगमवाणीय चाड र मसीहको गमनको "ठहराइएको समय र हजार वर्षे शासन र अनन्तसम्म नै राजाको रूपमा राज्याभिषेक ।

[92] येशूको आगमन गुप्तम हुँदैन । यद्यपि, उहाँको आगमन अचानक, आकाशबाट, छिट्टो हुन्छ र बिजुलीको चमकजस्तै सबैले देख्न सकिने हुनेछ ।

आकाशका शक्तिहरू डगमगाउनेछन् । सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन [93], ताराहरू आकाशबाट खस्नेछन्, र आकाशमा भएका शक्तिहरू डगमगाउनेछन् । अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्र[94]लाई शक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन्[95] । उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाज[96]को साथ पठाउनेछ, र पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट आफ्ना चुनिएकाहरूलाई भेला गर्नेछ[97] । जब यी कुरा हुन थाल्छन् तब खड़ा होओ र आफ्नो शिर माथि उठाओ, किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ ।"

## अञ्जीरको रूखको दृष्टान्त

मत्ती २४:३२-३३; मर्कूस १३:२८-२९; लूका २१:२९-३१

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओ: जब त्यसका हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भनी तिमीहरू थाहा पाउँछौ । त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ[98], तब ऊ नजिकै, ढोकामै छ भनी जान । साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन ।

### प्रश्न #५को जवाफ

युगको अन्तको चिन्ह के हुनेछ? –

---

[93] यशैया १३:१०, योएल २:३०-३१- सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन ।

[94] मानिसको पुत्र येशूले आफैलाई जनाउन प्रयोग गर्नुभयो जसलाई दानिएल ७:१३-१४ मा भेट्टाइन्छ, "मानिसको पुत्र बादलमा आइरहेको ।"

[95] येशूको आगमनको चिन्ह भनेको उहाँ बादलम देखा पर्नु हो । प्रेरित १:९-११ मा दुई जना स्वर्गदूतहरूले चेलाहरूलाई भन्छन्, उनीहूले येशूलाई माथि स्वर्गतिर गइरहेको जसरी देखेका छन् त्यसरी नै पृथ्वीतिर फर्केर आएको पनि देख्नेछन् । रातको समयमा आगोको खम्बा बनेर इस्राएलीहरूकाई उजाडस्थानमा डोऱ्याउने र परमेश्वरको मन्दिरलाई ढाक्ने बाल पनि यही हो । यसले सदैव परमेश्वरको उपस्थितिलाई जनाउँछ ।

[96] यहाँ उल्लेख गरिएको तुरही शोफर अर्थात् भेडाको सिङ हो । यो तुरही दुई वटा चाडहरूमा फुकिन्थ्यो, एउटा तुरहीको चाड र अर्को प्रायश्चितको दिनमा । यी चाडहरूले मानिसहरूलाई परमेश्वरप्रति पश्चाताप गर्न आह्वान गरिने अवधिको सुरुवात र अन्तलाई उल्लेख गर्छन् । "अन्तिम" वा "ठुलो तुरही"लाई यसको आवाजको तहद्वारा चिनिन्छ । यो आवाजको तह तुरहीको चाडको दिन सुरु हुन्छ र "प्रायश्चितको दिन"को अन्तमा "ढोका बन्द गरे"सँगै पूरा हुन्छ । यो तुरही आफ्ना पापहरू पश्चाताप गर्न इच्छा गर्नेहरूलाई अवसर दिइनेछ भन्ने पक्का गर्ने गरी लामो समयसम्म बजाइन्छ ।

[97] यशैया २७:१२-१३- उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन् ।"

[98] "यी कुराहरू"ले धर्मशास्त्रको अघिल्लो खण्डहरूमा उल्लेख गरिएका "आकाशका चिन्हहरू"लाई जनाउँछ किनभने लूकाको विवरणले मत्ती र मर्कूसबाट अघि बढेर तिनीहरूसँग मिल्ने यही बुँदाबाट सुरु गेर अघि बढ्छ ।

स्वर्ग र पृथ्वी कहिले बितेर जान्छः मत्ती २४:३२-३४; मर्कूस १३:२८-३०; लूका २१:२९-३२

**स्वर्ग र पृथ्वी कहिले बितेर जान्छ**

मत्ती २४:३४-३६; मर्कूस १३:३०-३२; लूका २१:३२-३३

*"मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन[99] । स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन् । "तर त्यस दिन[100] र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले[101] ।

---

[99] युगको अन्तको चिन्ह सेतो न्यायको सिंहासनमा "स्वर्ग र पृथ्वी बितेर जानु" हो । प्रकाशको पुस्तकअनुसार पृथ्वीमा ख्रीष्टको १००० वर्षको शासन नभएसम्म यो हुँदैन ।

[100] "त्यो दिन"ले स्वर्ग र पृथ्वी बितिजाने र पितालाई मात्र थाहा हुने दिनलाई जनाउइरहेको छ । साथै त्यस दिन नयाँ स्वर्ग र नयाँ पृथ्वी पनि सृष्टि गरिनेछ । यहाँ "थाहा नुहुने दिन र घडी"लाई यसको स्वभविक अर्थमा वर्णन गर्न सकिन्छ, पृथ्वीमा जहिले पनि २ दिन र २४ घण्टाको समय सँगै रहन्छन्; वा अगमवाणीको हिसाबले भन्दा होशन्ना रब्बा (मुक्तिको आठौँ दिन) पछि शेमिनि अजेरेत (सभाको आठौँ दिन) र यसको दोब्बर दिन ४८ घण्टाको सिम्चात तोराह (तोराहमा आनन्द मनाउने) हुन्छ, तर यसलाई "एउटा लामो दिन" भनिन्छ । अर्को योम तेरुह हो, जुन तिस्रीको पहिलो र दोस्रो दिनसम्म ("एउटा लामो दिन" र "दिन र रात अज्ञात"को रूपमा चिनिन्छ) हुन्छ । शेमिनि अजेरेत र सिम्चात तोराह "छाप्रो-वासको चाड" (मध्य सेप्टेम्बरदेखि अक्टुबरको प्रारम्भसम्म)को "आठौँ दिन"सँग सम्बन्धित संसार अनन्ततामा प्रवेश गर्ने हजार वर्षको शासन (यशैया ६६:२२-२३) वा मसीही युगपछि कस्तो हुनेछ भनी हामीलाई सिकाउन परमेश्वरले दिनुभएको हो । पवित्र वासस्थानसँग सम्बन्धित "आठ दिन" प्राविधिक रूपमा यसको हिस्सा होइन, किनभने पवित्र वासस्थानको "ठहराइएको समय" ७ दिनसम्म रहन्छ, तथापि, "आठौँ दिन" शबाथ दिन हो, यसलाई अगवाणीमा स्वर्ग र पृथ्वी बितेर जानेसँगै नयाँ स्वर्ग र पृथ्वी सृजने न्यायको ठुलो सेतो सिंहासनको रूपमा चिनिन्छ (प्रकाश २०:११-२१:१)। "आठौँ दिन"को रहस्यचाहिँ यसले नयाँ चक्रको सुरुवातको प्रतिनिधित्व गर्छ । येशूले यो दिनलाई मत्ती २४:३५-३६ मा बताउनुभयो, "स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन् । तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले ।" होशना रब्बाको दिनमा न्यायको छाप लगाइन्छ त्यसलाई योम ककिपुरमा छुटकारा दिइन्छ ।

प्रभुको दिन प्रकाशको पुस्तकको मुख्य विषय नै हो, जस्तो प्रेरित यूहन्ना प्रभुको दिनमा आत्मामा थिए । उनले दिनभरि भएका घटनाहरू वर्णन गरेको यही दिन हो जुन "प्रायश्चितको दिन" पछि, चेताउनीहरू, न्ययाहरू, मृतकको पुनरुत्थानको दिन (होशे ६:२; प्रकाश २०:४-६), शैतानलाई बाँध्ने (प्रकाश २०:१-३), थुमाको विवाह भोज (प्रकाश १९:६-१० र २१:९-२७) र पृथ्वीमा ख्रीष्टको शासन (जकरिया १४)। यही प्रभुको दिन, "आठौँ दिन", शबाथ दिन जसमा उहाँले जातिहरूलाई फेरि छलमा पार्न शैतानलाई मुक्त गर्ने (प्रकाश २०:७-८), स्वर्ग र पृथ्वी बितेर जाने (प्रकाश २१:१), न्यायको टुलो सेतो सिंहासन (प्रकाश २०:१२-१५) र परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने (प्रकाश २१:१-८) वर्णन गर्नुहुन्छ । हामीले यहाँ "आठौँ दिन"को दोहोरो परिपूर्ति पनि पाउँछौँ (साथै "त्यो दिन" र कसैलाई थाहा नहुनेको रूपमा चिनिन्छ, मत्ती २४:३४-३६; मर्कूस १३:३०-३२; लूका २१:३२-३३) : मरियमले आफ्नो छोरा येशूलाई मन्दिरमा प्रस्तुत गर्न ("मोशाको व्यवस्थाअनुसार तिनीहरूको शुद्ध हुने समय पूरा भएपछि तिनीहरूले उहाँलाई परमप्रभुको सामुन्ने समर्पण गर्न यरूशलेममा ल्याए" लूका २:२२-३८)। अघि बालक जन्मको रगतबाट उनको शुद्धिकरणको निम्ति ४० दिन पर्खिन् (लेवी १२:१-४)। यो बिहीबार, तिस्री २१, यहूदी वर्ष ३७५६ वा ई.पू. ५ अक्टुबर २३ थियो; यहूदीहरूले यसलाई होशन्ना रब्बा वा "मुक्तिको महान् दिन" भन्छन्, (मेरा (शिमियोन, धर्मी र भक्तजन जसले होसन्ना रब्बाका दिन इस्राएलको सान्त्वनाको प्रतिक्षा गरिरहेका थिए, जसको अर्थ 'म प्रतिज्ञा गरिएको मसीह देख्न जिउन सक्छु' पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो । "परमप्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ" भन्ने प्रकाश उनले पवित्र आत्माबाट पाएका थिए ।- पद २५-२७) आँखाले तपाईंको उद्धार देखेका छन्, जो तपाईंले सबै मानिसहरूका सामुन्ने तयार पार्नुभएको छ, अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति ।" यो छाप्रो-वास चाडको अन्तिम दिन हो (सुक्कोत)।

[101] न त पुत्रले- केही पाण्डुलिपीहरूले "न त पुत्रले"लाई उल्लेख गर्दैनन् । (जस्तै, KJV तर त्यो दिन र घडी कसैलाई थाहा छैन, थाह छैन, स्वर्गदूतहरूलाई पनि थाहा छैन, तर पिताले मात्र जान्नुहुन्छ ।" मत्ती २४:३६)। तर "पुत्र" शब्द प्रयोग गर्दा ग्रीकमा hyiós (हुइयोस) (Strongs #5207) छोरा (जन्म वा धर्मपुत्र ग्रहणद्वारा- यसले स्वर्गीय पितासँग विश्वासीहरूको स्वरूपलाई जोड दिन्छ अर्थात् धेरैभन्दा धेरै विश्वासमा जिएर उहाँको स्वभावजस्तै भएको (अतिरिक्त शब्द अध्ययन- हिब्रूमा "विश्वास"लाई "इमुनाह" भनिन्छ जुन इमुन "अभ्यास" र नेमान "बफदारिता" बाट आउँछ अर्थात् यसलाई "परमेश्वरप्रति बफदारिताको अभ्यास" भनी परिभाषित गरिन्छ)); (आलङ्कारिक रूपमा) उनीहरूको बुबाको जस्तै स्वभाव भएको कुनै व्यक्ति हुन्छ । विश्वासी परमेश्वरको सन्तान हुनको स्वर्गीय पिताद्वारा नयाँ जन्म पाउनुपर्छ- ख्रीष्ट (अनन्त पुत्रको काम)। नयाँ

## **नोआ र लोतको दिनहरूजस्तै**[102]

मत्ती २४:३७-४१; लूका १७:२८-३७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ[103]। किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन् । मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ । "लोतका दिनमा पनि त्यस्तै भएको थियो, मानिसहरू खाँदैथिए, पिउँदैथिए, किनबेच गर्दैथिए, रोप्दैथिए, बनाउँदैथिए, तर जुन दिन लोत सदोमबाट निस्के, आकाशबाट आगो र गन्धक बर्सेर तिनीहरू सबैलाई नष्ट पार्‍यो । "मानिसको पुत्र प्रकट हुने दिनमा यस्तै हुनेछ । त्यस दिन जो घरको कौसीमाथि छ, त्यसको मालसामान घरभित्र छ भने ती लिनलाई त्यो तल नझरोस् । त्यसरी नै खेतमा हुने पनि फर्केर नआओस् । लोतकी पत्नीलाई याद गर![104] जसले आफ्नो प्राण बचाउन खोज्दछ,

---

करारमा, 5207 /hyiós ("पुत्र")ले स्त्री विश्वासीलाई जनाउँछ (गलाती ३:२८)। (https://biblehub.com/greek/5207.htm)

[102] नोआ र लोतको दिनमा जस्तै- यसको पूरा व्याख्याको निम्ति "नोआ र लोतका दिनहरू कस्ता थिए" नामक लेख पढ्नुहोस् ।

[103] "मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ" भन्ने बुझ्न यसको व्याख्यामा २ वटा कुराहरूलाई विचार गर्नुपर्ने हुन्छ । पहिलो कुरोचाहिँ मत्तीको खण्डभित्र नै पाइन्छ, जसले भन्छ, "जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू (परमेश्वरको नजरमा भ्रष्ट" उत्पत्ति ६:१ र मत्ती २४:१२) खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए" वा यसरी उल्लेख गरिन्छ "भ्रष्ट मानिसहरूको सामान्य व्यापारजस्तै महत्त्वपूर्ण समयप्रति कुनै सजगता हुँदैन ।" दोस्रो बुँदाचाहिँ मत्ती २४:३७-४१ को खण्डभित्र जस्तो स्पष्ट छैन, तर यसलाई उत्पत्ति ५-७ को जलप्रलयको विवरणभित्र राम्ररी बुझ्न सकिन्छ, जसमा नोआको हजुरबा मतूशेलह (जसको अर्थ "उसको मृत्यले पठाउनेछ" हुन्छ) नाम एउटा अगमवाणी थियो, अर्थात् उसको मृत्युको दिन उसको मृत्युले जलप्रलय पठाउनेछ । वस्तवमा, "अबको सात दिनमा म पृथ्वीमा चालीस दिन र चालीस रात पानी बर्साउनेछु" उत्पत्ति ६:४, जसलाई विद्वानहरूअनुसार परमेश्वरले नोआको हजुरबाको विलापको निम्ति ७ दिनसम्म पर्खिरहनुभएको थियो (टाल्मुड, महासभा १०८ख), जसको मृत्यु नै नोआको जलप्रलय आउने संकेत थियो । त्यसैले येशूले उहाँका चेलाहरूलाई उहाँका आगमनका चिन्हरू "अधर्मीहरूको वृद्धि" र पृथ्वीका मानिसहरू माझ "सामान्य काम" हुनेछ, जब कि ज्योतिको सन्तानहरूका निम्ति, उहाँ "रातमा चोरजस्तै" र "अज्ञात दिन र घडी" १ थेसलोनिकी ५:२-६ र मत्ती २४:४४; २५:१३, जुनचाहिँ अगमवाणीय रूपमा "तुरहीको चाड"को दिन पर्छ, प्रधान पुजारी थाहा हुने चाड यो मात्र हो (हिब्रू ४:१४-१६), "रातमा चोरजस्तै" र "अज्ञात दिन र घडी" (१ थेसलोनिकी ५:४-६ र प्रकाश १६:१५; ३:१४, १८) भनेर यसलाई २ दिनसम्म मानिसत्र यसलाई "एउटा लामो दिन"को रूपमा पनि चिनिन्छ । दुई वटा उल्लेखनीय बुँदाहरूका अतिरिक्त, हामी हरेक विवरणसँग मिल्दो दुई वटा प्रष्ट कुराहरू "जलप्रलय" र "दोस्रो आगमन"लाई पनि छुटाउन सक्दैनौँ र परमेश्वरको क्रोध पृथ्वीमाथि खन्याइनेछ १ थेसलोनिकी ५:९ र २ पत्रुस ३:५-१३) परमेश्वरको क्रोधमाथि पृथ्वीमा उहाँको हजार वर्षको शासनको निम्ति राजाहरूका राजा र प्रभुहरूका प्रभुको रूपमा पृथ्वीमा फर्कनु हो, (जकरिया १४ र प्रकाश १९:११-१६; २०:१-६), "ठुलो सेतो सिंहासन," "अन्तिम न्याय," र "नयाँ स्वर्ग र नयाँ पृथ्वी" अघि (प्रकाश २०:७-२१:८)।

[104] परमप्रभुले सदोम र गमोरा नष्ट गर्न लाग्दा, लोत र उनकी पत्नी अदो परमप्रभुले उनीहरूका निम्ति पठाउनुभएका दुई स्वर्गदूतहरूद्वारा विनाशबाट उम्के । तथापि, अदो सहरहरूको विनाश हेर्न पछाडी फर्किन्, किनकि सहरमा नै रहेका उनकी

त्यसले सो गुमाउनेछ, र जसले आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो सुरक्षित राख्नेछ । म तिमीहरूलाई भन्दछु, त्यस रात दुई जना एउटै ओछ्यानमा हुनेछन् । एक जना लगिनेछ र अर्को छोडिनेछ । दुई जना स्त्री एकैसाथ जाँतो पिँधिरहेका हुनेछन् । एउटी लगिनेछे, अर्की छोडिनेछे । दुई जना मानिस खेतमा हुनेछन्, एक जना लगिनेछ, अर्कोचाहिँ छोडिनेछ ।" अनि तिनीहरूले उहाँलाई सोधे, "कहाँ प्रभु?" उहाँले तिनीहरूलाई भन्नुभयो, "जहाँ सिनु छ, गिद्धहरू त्यहाँ भेला हुन्छन् ।"

## सतर्क होओ

मत्ती २४:४२-४४

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ । तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन । यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ ।"

## होशियार रहो

लूका २१:३४-३६

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग-विलास[105], मतवालापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला, र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैँ आइपर्ला । किनकि यसरी नै सारा पृथ्वीमा वास गर्ने सबैमाथि यो आइपर्नेछ । तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो ।"

## जागा रहो

मर्कूस १३:३३-३७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

---

विवाहिर छोरीहरूप्रति उनको दया जाग्यो जो उनीहरूसँग आएनन् । उनले पछाडी फर्केर हेर्दा उनी नूनको खम्बा बनिन्, र यो आजसम्म त्यही ठाउँ छ । (उत्पत्ति १९ र यासारको पुस्तक १९:५१-५२०)।

[105] अधिक

होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ । यो त मालिकले आफ्ना चाकरहरूलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर र पालेलाई जागा रहनू भनी आज्ञा दिएर परदेश लागेको जस्तो हो । "यसकारण तिमीहरू पनि जागा रहो, किनकि घरको मालिक बेलुकी, कि आधा रातमा, कि भाले बास्दा[106], कि बिहान, कहिले आउने हो, सो तिमीहरू जान्दैनौ । नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेका भेट्टाउला । जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो'।"

## विश्वासयोग्य सेवक होओ

मत्ती २४:४५-५१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान देओस् भनी खटाएको हुन्छ? त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ । साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ । तर यदि त्यस दुष्ट नोकरले 'मेरा मालिक बियाँलो गर्छन्' भनी मनमा ठानी, आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र मतवालाहरूसँग खान र पिउन लाग्यो भने, त्यस नोकरको मालिक त्यसले नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ । अनि मालिकले त्यसलाई कठोर दण्ड दिनेछ र त्यसलाई ढोंगीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् ।"

## दश कन्याको दृष्टान्त

मत्ती २५:१-१३

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ । तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के । तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए । किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन् । तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे । दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए । "तर मध्यरातमा 'हेर दुलहा, उनलाई भेट्न आओ,' भन्ने आवाज आयो । "तब ती सबै कन्याहरू ब्यूँझे, र आ-आफ्नो बत्ती ठीकठाक पारे[107] । निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे ।' "तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू

[106] रोमी रातकोतेस्रो पहरलाई "भाले बास्ने समय"को रूपमा चिनिन्छ जुन बिहानको ३ बजे अनन्त हुन्छ ।

[107] ठिकठाक पारे- प्रयोग गर्नलाई तयार पारे ।

दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन ।' "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो ।

"पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ ।' "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन ।"

## सुनका सिक्काको दृष्टान्त

मत्ती २५:१४-३०

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना नोकरहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए । तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कोलाई दुई र अर्कोलाई एक दिएर तिनी गइहाले । तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो । त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो । तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो । "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे । तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो । हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु ।' "मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुसीमा सहभागी हो ।' "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो । हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु ।' "त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी नोकर, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुसीमा सहभागी हो ।' "एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो । यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें । हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस् ।' "त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे नोकर, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तैंले जानेको थिइस् भने, तैंले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ । यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई देओ । किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त

हुनेछ । तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ । त्यस बेकम्मा नोकरलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् ।'

## आफ्नो महिमा मानिसको पुत्र

मत्ती २५:३१-४६

*मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ । र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ । उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ । "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर । किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ । नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ । बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ । झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ ।'

"तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ ।' "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ । किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ । तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ । म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ । नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ ।'

"तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं?'

"तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ ।' "तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्'।"

## प्रेरित पावलको लेखन
## परमप्रभुको दिन[108]

## १ थेसलोनिकी ५:१-१०

तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरूलाई केही लेख्ने आवश्यकता छैन । किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैँ आउनेछ । जब मानिसहरू "शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब गर्भवती स्त्रीलाई बेथा लागेझैँ अचानक तिनीहरूमाथि

---

[108] Fधेरै ख्रीष्टियनहरूको निम्ति प्रभुको दिन व्याख्या गर्न अन्योलपूर्ण र जटिल छ । तल उल्लेख गरिएका कुराहरूले यो शब्दावली र अन्तको समयका घटनाहरूलाई बुझ्न अलि सजिलो बनाउनुपर्छ ।

१. प्रभुको दिन १००० वर्षलामो हुन्छ । प्रेरित पत्रुस भन्छन्, "तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैँ र हजार वर्ष एक दिनझैँ हुन्छ ।" (२ पत्रुस ३:८)

२. प्रभुको दिन सृष्टिदेखि ७औँ हजार वर्षको दिन हो । यो शबाथ दिन अर्थात् परमेश्वरका मानिसहरूका निम्ति विश्रामको दिन हो किनभने परमेश्वरको राज्य पृथ्वीमा स्थापित गरिनेछ, जुनचाहिँ प्रभु येशू ख्रीष्ट राज्य गर्न र शासन गर्नुहुन आउने समयसँगै सुरु हुन्छ अनि जातिहरूलाई छलमा पार्नलाई शैतानलाई मुक्त गर्नअघि अन्त हुन्छ । यो स्वर्ग र पृथ्वी बतिजाने, ठुलो सेतो सिंहानमा हुने न्याय र परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी सृष्टिगर्नुहुने छाप्रो-वासको चाड (अक्टुबर)को ८औँ दिनसँग सम्बन्धित छ । यी ८ दिनहरू हरेकलाई निम्नानुसार उनीहरूको ऐतिहासिक सन्दर्भमा छोटकरीमा खण्डित गरिन्छः

• पहिलो दिन – आदमदेखि नोआसम्म
• दोस्रो दिन – नोआदेखि अब्राहामसम्म
• तेस्रो दिन – अब्राहामदेखि दाऊदसम्म
• चौथो दिन – सानो ज्योति दाऊददेखि ठुलो ज्योति येशू ख्रीष्टसम्म
• पाँचौँ दिन – अन्तिम दिनहरूमध्ये एउटा
• छैठौँ दिन – अन्तिम दिनहरूमध्ये एउटा
• सातौँ दिन – प्रभुको दिन, शबाथ दिन, जुनचाहिँ प्रभु येशू ख्रीष्ट राज्य गर्न र शासन गर्नुहुन आउने समयसँगै सुरु हुन्छ अनि जातिहरूलाई छलमा पार्नलाई शैतानलाई मुक्त गर्नअघि अन्त हुन्छ ।
• आठौँ दिन - यो स्वर्ग र पृथ्वी बतिजाने, ठुलो सेतो सिंहानमा हुने न्याय र परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी सृष्टिगर्नुहुनेछ ।

३. प्रभुको दिनलाई धर्मशास्त्रभरि नै विभिन्न किसमले उल्लेख गरिएको छ जस्तैः त्यो दिन, दिन, प्रभुको दिन, र ख्रीष्टको १००० वर्षको शासन ।

४. प्रभुको दिन प्रकाशको पुस्तकको मुख्य विषय हो, जुन दिन प्रेरित यूहन्ना आत्मामा थिए । उनले दिनभरि भएका घटनाहरूलाई यसरी बताउँछन्: चेताउनीहरू, न्यायहरू, मृतकको पुनरुत्थान, शैतानलाई बाँधिएको, थुमाको विवाह भोज, र पृथ्वीमा ख्रीष्टको शासन ।

५. येशूले परमप्रभुका अन्तिम ३ वटा चाडहरू पूरा गर्नुहुनेछः तुरहीको चाड, प्रायश्चितको चाड र छाप्रो-वासको चाड ।

६. नोटः येशूले परमप्रभुका पहिलो ४ वटा चाडहरू पूरा गरिसक्नुभएको छः निस्तार चाड, अखमिरी रोटीको चाड, अगौटे फलहरूको चाड र ७ वटा ७हरू अर्थात् हप्ताहरू वा पेन्तिकोसको चाड ।

७. प्रभुको दिन पुनरुत्थानको दिन पनि किनकि होशे ६:२ यसरी लेखिएको छ, "दुई दिनपछि उहाँले हामीलाई पुनर्जीवित पार्नुहुनेछ, तेस्रो दिन उहाँले हामीलाई पुनः खड़ा गर्नुहुनेछ, र हामी उहाँकै सामने जीवित रहनेछौं ।" यो अगौटे फल अर्थात् येशू ख्रीष्टको पुनरुत्थानदेखि तेस्रो १००० वर्षको दिन हो ।

विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन् । तर भाइ हो, तिमीहरू अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित पार्नेछैन । किनकि तिमीहरू सबै ज्योतिका सन्तान र दिनका सन्तान हौ । हामी रातका र अन्धकारका सन्तान होइनौं । यसकारण अरूहरूझैँ हामी नसुतौं[109], तर जागा बसौं, र सचेत होऔं । किनकि सुत्नेहरू रातमा सुत्छन्, र मद्य पिएर मात्नेहरू रातैमा मात्छन् । तर हामीचाहिँ दिनका हुनाले हामी सचेत होऔं, र विश्वास र प्रेमका छातीको पाता र मुक्तिका आशाको टोप लगाऔं । किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नलाई अघिबाटै नियुक्त गर्नुभएको हो । उहाँ हाम्रा निम्ति मर्नुभयो, ताकि हामी जागा बसौं वा सुतेका होऔं, हामी सबै उहाँकै साथमा जिउन सकौं ।

## प्रभुको आगमन

२ थेसलोनिकी २:१-२

भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनको विषयमा र उहाँलाई भेट्न हामी एकसाथ भेला हुने विषयमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन चाँड़ै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ ।[110]

## धर्मत्याग

२ थेसलोनिकी २:३

कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस् । किनकि पहिले विद्रोह[111] नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट[112] नभएसम्म त्यो[113] दिन आउनेछैन ।

## विनाशकारी घृणित थोक

२ थेसलोनिकी २:४

[109] परमेश्वरले आफ्ना मानिसहरूलाई उपवास बस्न र उनीहरूका प्राणलाई कष्ट दिने दिन वर्षमा एक दिन मात्र छ । त्यो प्रयाश्चितको दिन अर्थात् शबाथ हो । त्यो दिन परमेश्वरका मानिसहरू भेला हुने साँझ ६ बजे सुरु हुन्छ । धेरै जना रातभरि जागा रहन्छन् किनभने उनीहरू जागा रहनुपर्छ । धर्मशास्त्र अध्ययन, परमेश्वरको प्रशंसा गान र प्रार्थना मुख्य कुराहरू हुन् । परमेश्वर उहाँका मानिसहरूसँग नजिकिरहनुभएको हुनाले धेरै जना संसारिक भाषमा बोल्न छोडेर पवित्र भाषाको साहारा लिइरहेका छन् ।

[110] प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरूको मन चाँड़ै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ । पावलले यहाँ "येशू कुनै पनि समयमा आउन सक्नुहुन्छ" भन्ने झूटो सिद्धान्तविरुद्ध फेरि बोल्छन् अनि २ थेसलोनिकी २:१-९ को खण्डमा उल्लेख गरिएका घटनाहरू पहिले भएपछि दोस्रो आगमन र उठाइ लगिने काम सँगसँगै हुनेछ भन्ने सिकाउँदै अघि बढ्छन् ।

[111] धर्मत्याग (पछि हट्नु) प्रभु येशू ख्रीष्टको आगमन र उहाँसँग हामी भेला हुनअघि आउँछ ।

[112] प्रभु येशू ख्रीष्टको आगमन र उहाँसँग हामी भेला हुनअघि नै ख्रीष्ट विरोधी प्रकट गरिन्छ ।

[113] "त्यो"ले प्रभु येशू ख्रीष्टको आगमन र उहाँसँग हामी भेला हुने कुरालाई जनाउँदैछ ।

त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ[114] ।

## अधर्मको रहस्य

२ थेसलोनिकी २:५-१२

के तिमीहरूलाई याद छैन, म तिमीहरूसँग छँदा नै मैले यी कुराहरू तिमीहरूलाई भनेको थिएँ? त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरू जान्दछौ । किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ । अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ । तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ । शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे । यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन् ।

### उठाइ लगिने (*विश्वासीहरूको स्वर्ग पारवहन*)

१ कोरिन्थी १५:५१-५३

हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं[115], तर हामी सबैको परिवर्तन हुनेछ[116], एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी

---

[114] Tदानिएलले उल्लेख गरेका विनाशकारी घृणित थोक प्रभु येशू ख्रीष्टको आगमन र उहाँसँग हामी भेला हुनअघि आउँछ ।

[115] हामी सबै सुत्दैनौं (प्रकाश २०:४-६, *"तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो । तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें । तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे । अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन् । यो पहिलो पुनरुत्थान हो । पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन् । यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन् ।"*

[116] यसलाई ख्रीष्टियनहरूले "उठाइ लगिने, वा विश्वासीहरूको स्वर्ग पारवहन" भन्छन् । येशूले मार्थालाई यूहन्ना ११:२४-२६ मा यस अवधारणाबारे सचेत गराउनुभयो । *मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ ।" येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ । अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन । के तिमी यो विश्वास गर्छौ?"*

आवाजमा[117] । किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ । किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ ।

## ख्रीष्टमा मरेका

१ थेसलोनिकी ४:१३-१८

तर भाइ हो, सुतिगएकाहरूका[118] विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस् । किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरू[119] लाई कुनै किसिमले पनि उछिन्नेछैनौं । किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैँ प्रभुसँग रहनेछौं । यसैकारण एकले-अर्कोलाई यी वचनहरूले सान्त्वना देओ ।

पाठको आशयः

<u>सतर्क रहो, होशियार रहो र येशूको भावी आगमनप्रति आशावादी होओ ।</u>

## अन्तको समयका घटनाक्रम

येशू, पावल र प्रकाशको पुस्तकको भनाइअनुसार अन्तको समयका घटनाक्रमः

| घटना | येशू | पावल | प्रकाश |
|---|---|---|---|
| प्रेरितीय गवाहीः | **x** | | |
| मन्दिरको विनाशः | **x** | | |
| प्रसववेदनाः | **x** | x | x |
| धर्मत्यागः | **x** | x | |

[117] "अन्तिम" वा "ठूलो तुरही"लाई यसको आवाजको तहबाट चिनिन्छ । यसको आवाजको तह तुरहीको चाडको अन्तसँगै सुरुवात हुन्छ र प्रायश्चितको दिनको "ढोका बन्द गर्ने" उत्सवसँगै अन्त हुन्छ । पश्चाताप गर्न इच्छा गर्ने हरेकलाई यसको निम्ति मौका दिइन्छ भनी पक्का गर्ने गरी तुरहीलाई लामो समयसम्म फुकिन्छ । हरेक ५०औँ वर्षको प्रायश्चितको दिनमा प्रधान पुजारीले उत्सवको वर्षको घोषणा गर्छन् (लेवी २५:९)।

[118] ख्रीष्टमा मरेका ।

[119] मरेका ।

| | | | | |
|---|---|---|---|---|
| विनाशकारी घणित थोकः | **x** | x | x | |
| महासंकट/झूटो मसीहको समयः | **x** | x | x | |
| आकाशमा देखिने चिन्हहरूः | | **x** | x | x |
| परमेश्वरको क्रोधः | **x** | x | x | |
| येशूको आगमन/उहाँसँग भेका हुनेः | | **x** | x | x |
| ख्रीष्टको हजार वर्ष शासनः | | | x | |
| स्वर्ग र पृथ्वी बितेर जान्छ/ ठुलो सेति सिंहासनको न्यायः | | **x** | | x |
| युगको अन्त/नयाँ स्वर्ग र पृथ्वीः | | | x | |

## पाठ ४७
## **नबहकिओ** (भ्रममा नपर)

**गाँठो फुकाउने प्रश्नः**

- यसअघि तपाईंलाई कसैले कहिल्यै बहकाएको छ?
- बहकिनबाट बच्न तपाईंले के गर्न सक्नुहुन्छथ्यो?

**परिचयः**

जैतून डाँडाको उपदेशको मुख्य उद्देश्य भविष्यका घटनाहरूको भविष्यवाणी गर्नुजस्तो देखिन्छ । तर यथार्थमा, येशूले आफ्ना चेलाहरूलाई भविष्यबारे विशेष गरी उहाँको दोस्रो आगमनको सेरोफेरोका घटनाहरूबारे भ्रममा नपर्नबाट बचाउन यसलाई प्रयोग गर्नुहुन्छ । येशूले मन्दिर डाँडा र जैतून दुवे उपदेशमा चेलाहरूका प्रश्नहरूको जवाफ दिँदै उनीहरूलाई "हेर, तिमीहरू भ्रममा नपर (नबहकिओ)" भनी चेताउनी दिनुहुन्छ । छल आउनेछ भन्ने जानेर र उहाँका चेलाहरूलाई बहकिनबाट बचाउन, येशूले केही घटनाहरू घटदा उनीहरूले अवलोकन  गर्नुपर्ने केही निर्दिष्ट निर्देशनहरू दिनुहुन्छ ।

**समूह छलफलः**

१. तपाईं अन्तको समयका घटनाहरूबारे बहकिनुभएको छैन भनी तपाईं कसरी जान्नुहुन्छ?

**धर्मशास्त्र पाठः**

मत्ती २४:४-१४; मर्कूस १३:५-१३; लूका २१:८-२४

### चेताउनीहरू

लूका २१:८-११

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

उहाँले भन्नुभयो, "होशियार रहो, तिमीहरूलाई कसैले नबहकाओस् । मेरो नाउँमा धैरे जना 'म उही नै हुँ' र 'बेला नजिक आएको छ,' भनेर भन्छन् । तिनीहरूका पछि तिमीहरू नलाग । तिमीहरूले जब युद्धहरू र खैलाबैलाका कुराहरू सुन्नेछौ तब भयभीत नहोओ, किनभने पहिले यी घटनाहरू हुनैपर्छ, तर अन्त्यचाहिँ तुरुन्तै हुनेछैन ।" तब उहाँले तिनीहरूलाई भन्नुभयो, "राष्ट्र, राष्ट्रका विरुद्धमा, र राज्य, राज्यको विरुद्धमा उठ्नेछ । भयङ्कर भूकम्पहरू

हुनेछन् । विभिन्न ठाउँहरूमा अनिकाल र महामारी हुनेछन्, भयङ्कर आतङ्क हुनेछन्, अनि आकाशबाट ठूला-ठूला चिन्हहरू हुनेछन् ।

## प्रेरितीय गवाही

मर्कूस १३:९-११; लूका २१:१२-१९

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर यी सबै कुराहरू हुन अघि, मानिसहरूले तिमीहरूलाई पक्रनेछन्, र सताउनेछन्, र तिमीहरूलाई सभाघरहरूमा सुम्पिदिनेछन्, र झ्यालखानमा हालिदिनेछन् । तिमीहरूलाई मेरो नाउँको खातिर राजाहरू र हाकिमहरूका सामुन्ने पुऱ्याउनेछन् । तर तिमीहरूका लागि यो एउटा गवाही दिने अवसर हुनेछ । यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का गर ।  किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि सक्नेछैनन् । तर तिमीहरूका आमा-बुबा र दाजुभाइहरू, नातेदारहरू र मित्रहरूले पनि तिमीहरूलाई पक्राइदिनेछन्, र तिमीहरूमध्ये कोही-कोहीलाई तिनीहरूले मार्नेछन् । मेरो नाउँको खातिर तिमीहरूलाई सबै मानिसहरूले घृणा गर्नेछन् । तर तिमीहरूका शिरको एउटा केश पनि नष्ट हुनेछैन । तिमीहरूको धैर्यद्वारा तिमीहरूले आफ्नो प्राण प्राप्त गर्नेछौ ।"

## यरूशलेमको विनाश[120]

लूका २१:२०-२४

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर जब यरूशलेमलाई सेनाहरूले घेरेका देख्छौ, तब त्यसको विनाश नजिकै आइपुगेको छ भन्ने जान । तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून् । सहरभित्र हुनेहरू बाहिर भागिजाऊन्[121], र बाहिर गाउँमा हुनेहरू सहरभित्र नपसून् । किनभने लेखिएका कुराहरू सबै पूरा हुनलाई यी प्रतिशोधका दिन हुनेछन् ।  ती दिनमा गर्भवती र दूध खुवाउने स्त्रीहरूका

---

[120] यरूशलेमको विनाश- रोमी सम्राट भेस्पियनका जेठा छोरा टाइटसको नेतृत्वमा रोमी फौजले अबको ९ तारिख (अगस्ट अन्तिमतिर) ई.सं. ७० मा यरूशलेम सहर नष्ट पाऱ्यो र मन्दित भत्कायो ।

[121] सहरभित्र हुनेहरू बाहिर भागिजाऊन् । टाइटस र उनका रोमी फौजले ई.सं. ७० को बसन्तमा यरूशलेम सहर घेरा हाले । उनीहरू घेरा हाल्नबाट केही समयको निम्ति पछि हट्दा ख्रीष्टहरू हालको यर्दनमा रहेको यर्दन नदीको  पूर्वपट्टि रहेको पेल्ला सहरमा भागेर गए ।

निम्ति हाय! किनकि पृथ्वीमा ठूलो सङ्कष्ट आउनेछ, र यस जातिमाथि क्रोध आइपर्नेछ[122] । तिनीहरू तरवारले मारिनेछन्, र सबै देशहरूमा कैदी बनाएर लगिनेछन् । अनि अन्यजातिहरूको समय[123] पूरा नभएसम्म तिनीहरूले यरूशलेमलाई खुट्टामुनि कुल्चेर राख्नेछन् ।

## प्रसववेदना प्रारम्भ

मत्ती २४:४-८; मर्कूस १३:५-८

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस् । किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ'[124] भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन् । तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ । नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन । किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन् । तर यी सब त प्रसववेदनाको सुरु मात्र हो ।

## धर्मत्याग

मत्ती २४:९-१४ र मर्कूस १३:१२-१३

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तब तिनीहरूले तिमीहरूलाई सङ्कष्ट[125] को लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन् । तब धेरै

---

[122] जातिमाथि क्रोध आइपर्नेछ । यहूदी इतिहासकार जोसिफस फ्लेभियसका अनुसार ई.सं. ६६-७० को युद्धमा रोमीहरूले ११ लाख यहूदीहरू मारे र ९७ हजार जनालाई कैदी बनाएर लगे ।

[123] अन्यजातिहरूको समय । रोमीहरू ई.सं. ७० मा यरूशलेम नष्ट पारेपछि, यहूदीहरूलाई बार कोख्बा विद्रोह (ई.सं. १३१-१३५)सम्म त्यहाँ हरन दिइएको थियो । उनीहरूलाई ई.सं. १३४ मा यरूशलेमबाट निकालियो र यसलाई एलिया क्यापिटोलिना नाम राखियो । यो सहर ६ दिने युद्धमा १९६७ जुन ८ तारीखमा यर्दनबाट फिर्ता फिर्ता नलिएसम्म यो गैरयहूदीहरूको कब्जामा नै रह्यो ।१९८० मा यरूशलेम ईस्राएली सार्वभौमिकतामा रहेको सहरको रूपमा घोषणा गरियो ।

[124] म ख्रीष्ट हुँ । येशूपछि आफूलाई ख्रीष्ट दाबीगर्नेहरूः साइकेरि, थुदास (ई.सं. ४४-४६), मेनाहेम बेन जुडा र सिमोन बार कोख्बा (ई.सं. १३५) । ई.सं. १५००-२००० सम्मको ५०० वर्षको अवधिमा ४० जनाभन्दा बढी ख्रीष्ट भएको दाबी गरेका छन ।

[125] संकष्ट- धेरै मानिसहरू संकष्ट र परमेश्वरको क्रोधबारे अन्योलमा पर्छन् । संकष्ट सन्तहरूले यस संसारमा मानिसहरूको हातमा भोग्ने कष्ट वा दुःख हो । (यूहन्ना १६:३३; १ पत्रुस ४:१२-१९; मत्ती ५:१०-१२; याकूब १:२-४, १२इ मत्ती १०:२८-२९) परमेश्वरको क्रोधले अधर्मीहरूमाथि खन्याइएको परमेश्वरको रिसलाई जनाउँछ । (१ थेसलोनिकी ५:९-१०)

जना भड्केर जानेछन्[126], र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ । धेरै झूटा अगमवक्ताहरू[127] खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन् । दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ । तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ । अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ ।"

**आज्ञाहरूः**

- कसैले तिमीहरूलाई भ्रममा नपारोस् ।
- तिनीहरूका पछि तिमीहरू नलाग ।
- भयभीत नहोओ ।
- त्यसैले आफ्नो प्रतिरक्षा गर्न अगाडीदेखि नै तयारी नहोओ ।
- उसको विनाश नजिकै छ भन्ने जान ।
- यहूदियामा हुनेहरू पहाडतिर भागून् ।
- सहरभित्र हुनेहरू बाहिरतिर भागून् ।
- बाहिर भकाहरू सहरभित्र नपसून् ।

**पाठः**

बहकिने कुरा नेतृत्वको विषय हो । जो आफ्नो अगुवा होइन उसको पछि लाग्दा वा उसको कुरा सुन्दा त्यो व्यक्ति बहकिनेछ । त्यसको अघिल्लो दिन येशूले आफ्ना चेलाहरूलाई नेतृत्वको बारे सिकाउनुभयो । अगुवाहरू, रब्बी (गुरू) वा बुबा (फादर) नभनून् भनि उहाँले उनीहरूलाई सिकाउनुभयो । उनीहरू हरेक १) येशूलाई पछ्याउन जिम्मेवार थिए, २) पवित्र आत्माद्वारा सिकाइएका थिए र ३) स्वर्गमा हुनुहुने एक मात्र पिताको सेवक थिए ।

उहाँले उहाँको उपदेश "हेर, तिमीहरूलाई कसैले नबहकाओस्" भनी सुरुवार गरेर, चेलाहरूका मनमा केही प्रश्नहरू उठाएको छ भन्ने कुराप्रति येशू विल्कुलै सचेत हुनुहुन्थ्यो । अघि बढ्ने क्रममा येशूले उनीहरूका अपेक्षित प्रश्नहरूको जवाफ दिनुभयो ।

- हामीलाई कसले बहकाउने प्रयास गर्छ? येशूले उहाँको अघिल्लो शिक्षामा छल गर्नेहरू[128]बारे चातउनी दिनुभएको थियोः भेडाको भेषमा ब्वाँसाहरू । उहाँले झूटा

---

[126] भड्केर जानेछन् । यहाँ प्रयोग गरिएको शब्दको अर्थ सत्यतालाई छोड्नु, त्याग्नु भन्ने हुन्छ । नयाँ करारका केही सन्दर्भहरू यस प्रकार छन्: गलाती १:६-९; १ तिमोथी ४:१-३; हिब्रू ३:१२; ६:४-६; २ पत्रुस २:१-३; ३:१७-१८; १ यूहन्ना २:१८-१९ र यहूदा ३-४ ।

[127] झूटा अगमवक्ताहरू । अगमवक्ताले परमेश्वरको इच्छा मानसिहरूलाई बताउनुपर्छ । पुरानो करारमा १) अरू देवताहरूको सेवा गर वा उसले भनेको चिन्ह (आश्चर्यकर्म, अगमवाणी आदि) पूरा भएन भने पुरानो करारमा झूटा अगमवक्ता भनिन्थ्यो । येशू झूटो अगमवक्ताको फल (चरित्र)को चेलाहरूलाई अर्को जाँच दिनुभयोः के उसको आचरणले पवित्र आत्माको फल फलाइरहेको छ?

[128] पाठ १७ र पाठ ३७

अगमवक्ताहरू र झूटा शिक्षकहरूलाई सम्बोधन गर्नुभयो तर अब उहाँले अझ आउन बाँकी रहेको झूटा मसीहरू[129]को खतरा भएको कुरा प्रकट गर्नुहुन्छ ।

- हामी उनीहरूको पछि किन लाग्छौँ? धेरै जनाले परमेश्वरले पठाउनुभएका ख्रीष्ट भएको दाबी गर्दै आउनेछन् भनी येशूले बताउनुभयो । येशूको मृत्यु भएको १ सय वर्षभित्र सिकेरी नामल एउटा मानिस समूह र ३ जना मानिसहरूले आफूलाई मसीहको उपाधि दिएका छन् । ई.सं. १५००-२००० सम्मको ५०० वर्षको अवधिमा ४ जनाभन्दा बढीले आफू मसीह भएको दाबी गरेका छन् ।

- उनीहरूले हामीलाई कसरी प्रभाव पार्नेछन्? मानिसहरू सदैव भविष्यको बारे सरोकार राख्ने भएको हुनाले, यी झूटा मसीहहरूले "समय नजिक भएको" दाबी गर्नेछन् । अर्को शब्दमा, अन्त नजिकै छ र न्याय आउँदैछ भन्ने छन् ।

- हामीले के गर्नुपर्छ? येशूले भन्नुभयो, "उनीहरूको पछि नलाग ।"
- येशू, हामी बहकिन सक्छौँ भनी तिमीहरू चिन्तित भएको हुनाले, अब यथार्थ कुरा हामीले कसरी पहिचान गर्ने? कुरो चुरो यो हो त्यसैले उनीहरूले त्यो कसरी जान्नेछन् भनी बताउनमा बाँकी उपदेश खर्चनुहुन्छ ।

येशूले भविष्यको मार्गचित्रको बन्दोबस्त गर्नुहुन्छ र बाटोहरूमा चिन्हहरू राखिदिनुहुन्छ ताकि चेलाहरू हुन लागेको कुराबारे अन्योलमा नपरून् । त्यसरी उनीहरू भ्रममा पर्नेछैनन् ।

• मार्ग चिन्ह #१- येशूको गवाही दिन प्रेरितहरूलाई पठाइनेछ । उहाँले उनीहरूलाई आज्ञा दिनुहुन्छ, "यसकारण आफ्नो बचाउको निम्ति के भन्ने हो सो अघिबाट सोच्नेछैनौं भनी आफ्ना मनमा पक्का गर । किनभने म तिमीहरूलाई यस्तो बोल्ने मुख र बुद्धि दिनेछु, कि तिमीहरूका विरोधीहरूले प्रत्युत्तर दिन सक्नेछैनन्, अनि खण्डन गर्न पनि सक्नेछैनन् ।"

•मार्ग चिन्ह #२ – केही समयको निम्ति गैरयहूदीहरूले यरूशलेम घेरा हाल्नेछन् । येशूले भन्नुभयो, "तर जब यरूशलेमलाई सेनाहरूले घेरेका देख्छौ, तब त्यसको विनाश नजिकै आइपुगेको छ भन्ने जान ।"

•मार्ग चिन्ह #३- युद्ध र लडाइँका हल्ला सुनिनेछ । येशूले भन्नुभयो, "तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन ।"

- मार्ग चिन्ह #४ – राष्ट्रको विरुद्ध राष्ट्र उठ्नेछ, राज्यको विरुद्ध राज्य उठ्नेछ र विभिन्न ठाउँहरूमा अनिका र भूकम्प जानेछ । येशूले भन्नुभयो, "तर यी सबै प्रसववेदनाको आरम्भ मात्र हुन् ।"

अन्त जत्ति नजिक आऊँछ उत्ति नै येशूले व्यापक संसारक दृष्टिकोणबाट उहाँका चेलाहरू (ख्रीष्टियन)लाई सोझै प्रभाव पार्ने कुराहरूतिर बढी केन्द्रित हुनुहुन्छ ।

[129] ख्रीष्टहरू ।

- मार्ग चिन्ह #५ – येशूका चेलाहरूलाई संकष्ट[130]को निम्ति सुम्पिनेछन्, मारिनेछन् र उहाँको नाउँ (प्रभु येशू ख्रीष्ट)को खातिर सबै जातिहरूले घृणा गर्नेछन् ।
- मार्ग चिन्ह #६ – धेरै जना चेलाहरू उनीहरूको विश्‍वासबाट बहकिएर जानेछन्[131], घृणा गर्नेछन् र एकले अर्कालाई विश्‍वासघात गर्नछन् ।
- मार्ग चिन्ह #७ – झूटा अगमवकत्हरू खडा हुनेछन् र धेरै जनलाई बहकाउनेछन् ।
- मार्ग चिन्ह #८ – अधर्म वृद्धि हुनेहुनाले धेरैको प्रेम सेलाएर जानेछ । येशूले भन्नुभयो, "तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ ।"
- मार्ग चिन्ह #८ – सबै जातिहरूका निम्ति गवाहीको निम्ति सारा संसारभरि राज्यको सुसमाचार प्रचार गरिनेछ । येशूले भन्नुभयो, "त्यसपछि अन्त आउनेछ ।"

**पाठको आशयः**
<u>येशूका निर्देशनहरू अनुशरण गर्नुहोस् र तपाईं भ्रममा पर्नुहुनेछैन ।</u>

---

[130] संकष्टः (thlípsis – STRONGS NT 2347 – θλῖψις) – दबाब (जसले जकड्छ वा रगट्छ- २ कोरिन्थी ४:८-११, "*हामी सबैतिरबाट कष्टित छौं, तर किचिएका छैनौं । अन्योलमा परेका छौं, तर हताश भएका छैनौं । सताइएका छौं, तापनि त्यागिएका छैनौं । प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं । येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैँ हाम्रा शरीरमा बोकिहिँड्छौं । किनकि हामी जीवित छँदा पनि येशूको खातिर सधैँ मृत्युको मुखैमा परिबस्छौं, यस हेतुले कि येशूको जीवन हाम्रा मरणशील शरीरमा प्रकटित होस्* ।"), साँहुरो ठाउँ प्रयोग गरिनु जसले "कसैलाई घेर्छ"; संकष्ट विशेष गरी कसैलाई थचिएको महसुस गराउने आन्तरिक दबाब ("विना विकल्प" वा "उम्कने कुनै उपायविना" सिमित गरिएको- सन्दर्भ होशे २:१४-१५, *"यसैकारण अब म त्यसलाई फकाएर मरुभूमिमा लानेछु, र त्यससित मायालु कुरा गर्नेछु । त्यहाँ म त्यसलाई त्यसका दाखबारीहरू फिर्ता गर्नेछु, र आकोरको बँसीलाई चाहिँ आशाको ढोका तुल्याइदिनेछु । त्यहाँ त्यसले आफ्नो युवावस्थाका दिनमा जस्तै र मिश्रदेशबाट आएको दिनमा झैँ गीत गाउनेछ* ।") – (Thayer's Greek Lexicon); सान्दर्भिको अर्थ – मत्ती २४:१५-२२; मर्कूस १३:१४-२०) "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्) ... किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्‌को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ;" मत्ती ५:१०-१२ धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो । ... रमाओ, र अत्यन्त खुसी होओ; ख्रीष्टको निम्ति कष्ट भोगेकाको गवाहीः

फ्लोरेसु नाम गरेक एक जना पास्टरलाई फलामको रातो झिर र चक्कुले यातना दिइएको थियो । उनलाई नराम्ररी कुटिए । त्यसपछि उनी राखिएको कोठाभित्र भोका मूसाहरूलाइ पाइद्वारा भित्र हालियो । उनी सुत्न सकेनन् किनभने उनले आफ्नो प्रतिरक्षा गरिरहनुपर्‍यो । यदि उनी एकै क्षण विश्राम लिए भने ती मूसाहरूले उनलाई आक्रमण गर्थे ।
उनलाई दुई हप्तासम्म दिन र रातभरि खुट्टामा उभिन बाध्य बनाइयो । उनले आफ्ना भाइहरूलाई विश्‍वासघात गरून् भन्ने कम्युनिस्टहरूले चाहेका थिए, तर उनले कहिल्यै पनि विश्‍वासघात गरेनन्, बरु दढताका साथ प्रतिरोध गरे । अन्तमा, उनीहरूले उनका १४ वर्षका छोरालाई झ्यालखानमा ल्याए, उनीहरूले चाहेको कुरा नभनेसम्म कुटिरहे । त्यो विचरा मानिस अर्ध पागल भए । उनले सकेसम्म सहे, त्यसपछि उनले आफ्नो छोरालाई ठुलो सोरमा भने, "अलेक्जेन्डर, उनीहरूले चाहेको कुरा मैले उनीहरूलाई भन्नैपर्छ! तिमीलाई कुटेको मैले सहन कस्दिनँ!" उनको छोरा जवाफ दिए, "बुबा, मलाई विश्‍वासघाती बनाएर अन्याय नगर्नुहोस् । थाम्नुहोस्! यदि उनीहरूले मलाई मारे भने, म 'येशू र मेरो मातृभूमी'को शब्दसँगै मर्छु ।" कम्युनिस्टहरू अत्यन्त क्रोधित भएर तिनीमाथि खनिए अनि तिनको कोठाको भित्ताभरि रगताम्य बनाएर तिनलाई कुटेर मारे । उनी परमेश्‍वरको प्रशंसा गर्दै मरे । - ख्रीष्टका निम्ति प्रताडित, रिचार्ड उम्ब्राण्ड

[131] बहकिएर जानेछन्- यहाँ प्रयोग गरिएको शब्दको अर्थ सत्यताबाट बहकिनु, छोड्नु, त्याग्नु हुन्छ । नयाँ करारका निम्ति केही सन्दर्भ खण्डहरू यस प्रकार छन्: गलाती १:६-९; १ तिमोथी ४:१-३; हिब्रू ३:१२; ६:४-६; २ पत्रुस २:१-३; ३:१७-१८; १ यूहन्ना २:१८-१९ र यहूदा ३-४ ।

**प्रयोगः**
ई.सं. १६०० तिर जोन काल्भिनले ईश्वरशास्त्रको एउटा पद्धति विकास गरे जसलाई धेरै इभन्जलिकल ख्रीष्टियनहरूले प्रयोग गर्ने संक्षिप्त एकल भनाइ भएको छ, "एक पटक बचाइएको, सधैँको लागि बचाइएको ।"

यदि त्यसै हो भने, उहाँका चेलाहरू बहकिनेबारे येशू किन चिन्तित हुनुभएको त?

यदि यसो भने, बहकिएर धेरै जना को-को हुन् त?

आज, धेरै मानिसहरूले अन्तको समयको बारे उनीहरूले विश्वास गरेका कुराहरू पुस्कहरूम लेखिरहेका छन् र सिकाएरहेका छन् । यी शिक्षाहरूमध्ये धेरैले येशूले भन्नुभएका कुराहरूलाई बेवास्ता गरेका छण् वा यसलाई दोस्रो दर्जाको महत्त्वमा झारिएको छ । याद रहोस्, बहकिने कुराले नेतृत्वसँग सरोकार राख्छ । तपाईंले भविष्यका घटनाहरूका बारे कसलाई विश्वास गर्नुहुन्छ वा पछ्याउनुहुन्छ वा सुन्नुहुन्छ?

के तपाईंले सुनिरहनुभएका व्यक्तिहरू तपाईंको मण्डलीको प्रमूख छन् वा तपाईंको अगुवा हुन्?

## पाठ ४८
# चिन्हहरू

**परिचयः**
आफ्ना चेलाहरूले अनुशरण गरून् भनी येशूले अन्तको समयको बारे मार्गचित्र तयार पार्दैरहनुभएको छ ताकि उनीहरू बहकिएर नजाऊन् । बाँकी संसार पनि उनीहरूको जानकारीबाट लुकेको छैन र अन्त आउँदा चकित हुनेछन् ।
उहाँको आगमन टाढै छ भन्नर जानेर प्ररतिहरूले उनीहरूका जीवनकालमा पहिचान गर्न सकून् भनी मार्ग चिन्हहरू राख्न सुरु गर्नुभयो । अन्त नजिक नभएको हुनाले त्रसित नहुन उहाँले उनीहरूलाई सुझाव दिनुभयो । त्यसपछि उहाँले अरू चिन्हहरू राखिदिनुभयो ताकि भविष्यका चेलाहरू अन्त नजिक आउँदैछ भनी सचेत हुन सकून् । उहाँले यिनीहरूलाई प्रसववेदनाको सुरुवात मात्र हो भन्नुभयो । अर्को चिन्हहरूले उहाँका चेलाहरूका ध्यानलाई उहाँको आगमनभन्दा अघि हुने कुराहरूतिर केन्द्रित गर्छः संकष्ट, धर्मत्याग, झूटा अगमवक्ताहरू र अधर्म । चिन्हहरूले जटिल समय अवधिको संकेत गरे पनि उहाँको आगमन चाँडै हुँदै छ भन्ने ती चिन्हहरूले आशा पनि प्रदान गर्छन् ।

येशू मिति तोक्ने व्यक्ति हुनुहुन्नथ्यो । उहाँको आगमनको समयमा धेरै किसिमका पात्रोहरू हुनेछन् भनी उहाँ जान्नुहुन्थ्यो । पृथ्वी गोलो छ र यहाँ २४ घण्टा र दुई दिनहरू सहअस्तित्व हुन्छ भन्ने पनि उहाँ जान्नुहुन्थ्यो । त्यसैले येशूले उहाँको गमनाबरे छोड्नुभएका चिन्हहरूमा कुनै मितिहरू छैनन। तर तिनीहरू अकाट्य छन् ।

**धर्मशास्त्र पाठः**

मत्ती २४:३, १५-३१; मर्कूस १३:१४-२७; लूका २१:२५-२८

## विनाशकारी घृणित थोक

मत्ती २४:३, १५-२२; मर्कूस १३:३-४, १४-२०

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि उहाँ मन्दिरको सामुन्ने जैतून डाँड़ा[132] मा बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई गुप्तमा सोधे[133], "हामीलाई भन्नुहोस्, यी कुरा[134] कहिले हुनेछन्[135], र तपाईंको आगमन[136] र यस युगका अन्त्यको[137] चिन्ह के हुनेछ?" यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक[138] पवित्रस्थानमा खड़ा भएको देखौला[139] (पाठकले बुझोस्), तब यहूदिया[140]मा हुनेहरू पहाड़हरूतिर भागून् ।कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून् । खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन् । हाय!

---

[132] जैतून डाँडामा बसेर । यो सम्भवतः गेतसमनीको बगैँचा थियो, जुनचाहिँ पूर्वी (सुनौलो) ढोकाको सोझै पारिपट्टि जैतून डाँडाको फेदीमा पर्थ्यो ।

[133] उहाँलाई गुप्तमा सोधे । येशू मन्दिरबाट जानुहुँदा सबै चेलाहरू सँगै थिए र उनीहरूले उहाँलाई भविष्यबारे पहिलो २ वटा प्रश्नहरू सोधे । यहाँ उहाँ जैतून डाँडामाथि बसिरहँदा गुप्तमा प्रश्न सोध्नेहरू हामीले पत्रुस, याकूब, यूहन्ना र अन्द्रियास मात्र देख्छौँ । उनीहरूले उहाँलाई भविष्यबारे अरू ३ वटा प्रश्नहरू सोधे । यसैले चेलाहरू येशूलाई जम्मा ५ वटा प्रश्नहरू सोधे ।

[134] यी कुराहरूले अरू घटनाहरू (युद्ध, विपत्ति, अनिकाल, आदि)लाई जनाउँछ जुन येशूले चेलाहरूलाई मन्दिरबारे सोधेका प्रश्नको जवाफ दिँदा बताउनुभएको थियोः मन्दिर कहिले भत्काइनेछ, र यससँग सम्बन्धिर चिन्हहरू । हामीजस्तै यी ४ जनाहरू पनि "यी कुराहरू"बारे जान्न उत्सुक थिए त्यसैले गुप्तामा आइर येशूलाई सोधे ।

[135] यी कुराहरू कहिले हुनेछन्? येशू जैतून डाँडामाथि बसिरहनुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले सोधेका यो पहिलो प्रश्न हो । चेलाहरूले भविष्यकोबारे सोधेरा समग्र प्रश्नहरूमा यो तेस्रो प्रश्न हो ।

[136] तपाईंको आगमनको चिन्ह के हुनेछ? येशू जैतून डाँडामाथि बसिरहनुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले सोधेका यो दोस्रो प्रश्न हो । चेलाहरूले भविष्यकोबारे सोधेरा समग्र प्रश्नहरूमा यो चौथो प्रश्न हो ।

[137] युगको अन्तको चिन्ह के हुनेछ? येशू जैतून डाँडामाथि बसिरहनुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले सोधेका यो तेस्रो प्रश्न हो । चेलाहरूले भविष्यकोबारे सोधेरा समग्र प्रश्नहरूमा यो पाँचौँ प्रश्न हो ।

[138] दानिएल ९:२७, ११:३१, २१:११

[139] धेरै ख्रीष्टियनहरू दानिएल ९:२६ मा अगमवाणी गरिएको यरूशलेमको विनाश (गैरयहूदीहरूले यरूशलेम सहर कब्बा र नियन्त्रण गर्ने) र दानिएल ९:२७ मा अगमवाणी गरिएको विनाशकारी धृणित थोक (ख्रिष्ट विरोधीले पवित्र स्थानलाई अविपत्र तुल्याएको)मा अल्मिलन्छन् । यो विषय बोझून् भनी येशूले पनि चताउनी दिनुभयो ।

[140] यहूदिया । येशूको समयमा यहूदिया यसको राजधानी यरूशलेमको ३५ माइल अर्धव्यासभित्रपर्ने क्षेत्र थियो ।

गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती दिनमा । तर हिउँदमा वा शबाथमा[141] तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर । किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ । ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन् ।"

## झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू

मत्ती २४:२३-२८; मर्कूस १३:२१-२३

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर । किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन् । याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु । "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ । अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर । किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ[142] । जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन् ।

---

[141] शबाथमा- यसले साप्ताहिक शबाथ (शुक्रबाट साँझको ६ बजेदेखि शनिबार साँझको ६ बजेको समय) वा परमप्रभुका चाडहरू (परमप्रभुका ठहराइएका समयहरू, (उत्पत्ति १:१४; लेवी २३)भित्रका कुनै एउटा कुनै, जुन परमेश्वरले उहाँको घटनाक्रममा ठहराउनुभएको भविष्यमा हुने खास दिनहरू र समयहरू, उहाँलाई पछ्याउन चुन्नेहरूलाई उद्धार गर्न र उहाँ आफै प्रकट हुनलाई परमेश्वरले तयार पार्नुभएको समयलाई जनाउँछ, जसरी हाम्रो मसीहले निस्तार, अखमिरी रोटी, अगौटे फलहरू र हप्ताहरूका चाड (पेन्तिकोस)को "ठहराइएका समयहरू"द्वारा परमेश्वरले ठहराउनुभएकै दिनहरूमा आगमवाणीय रूपमा पुरा गर्नुभयो, जहाँ परमेश्वरले सबै मानवजातिलाई उद्धार प्रदान गर्नुभयो । "ठहराइएको समय"को भविष्यको परिपूर्ति यी कुराहरूमा हुन्छः "हिउँदमा नपरोस" र "शबाथ दिनमा" अर्थात् परमेश्वरले अद्वितीय रूपमा ठहराउनुएका चाडको समयहरू जस्तै "पूरीम" ("वर्षेनी उही दिन अर्थात् अदार महिनामा चौधौँ र पन्ध्रौँ दिन... यी पूरीमका दिनहरूलाई उनीहरूका ठहराइएकै समयहरूमा मान्नुपर्छ," एस्तर ९:२०-३१; रहस्य ठहराइएको ससमय ("कुनै थोक लुकाएर राख्न सकिँदैन जो प्रकट गरिनेछैन, अनि कुनै थोक गुप्त छैन जो प्रकाशमा ल्याइनेछैन ।" मर्कूस ४:२२; हिब्रू ४:१३; कलस्सी २:२३; १ शमूएल २:८), जस्तै हनुक्काको रहस्य ठहराइएको समय, जसले दानिएल ८ मा अगमवाणी गरिएको हाम्रो मसीहको गर्भधारणको अगमवाणीय ज्योतिलाई प्रकट गर्छ; त्यसै गरी पूरीमको उत्सवले दाननिएल ९-१२ मा अगमवाणी गरेजस्तै "विनाशकारी घृणित थोक"को सुरुवातको ठिक दिन र समय प्रकट गर्छ, जसले "तुरहीका चाडहरू"सँगको अद्वितीय घटनाक्रमलाई समेट्छ; एस्तरको पुस्तकमा परमेश्वरलाई एक पटक पनि उल्लेख नगरे पनि परमेश्वरले काम गरिरहनुभएको कुरालाई स्पष्ट रूपमा प्रकट गर्छ ।), जुनचाहिँ ठिक हिउँदपछि बसन्तको सुरुवातमा पर्छ र शबाथको दिन उत्सव मनाउन सकिँदैन, यसको अतिरिक्त, "निस्तारको चाडबाट ३० दिन (प्रकाश ११:३), र "तुरहीकहरूका चाड"बाट १२९० दिन (दानिएल १२:११), अगमवाणीय चाड र मसीहको गमनको "ठहराइएको समय र हजार वर्षे शासन र अनन्तसम्म नै राजाको रूपमा राज्याभिषेक ।

[142] येशूको आगमन गुप्तमा हुनेछैन । तथापि, उहाँको आगमन अचानक, आकाशबाट हुनेछ, छिट्टो हुनेछ र बिजुली चम्केजस्तै सबैले देख्न सक्ने गरी हुनेछ ।

## मानिस पुत्रको आगमन

मत्ती २४:२७-३१; मर्कूस १३:२४-२७; लूका २१:२५-२८

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ । जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन् । तर ती दिनमा त्यस महासङ्कष्टपछि "सूर्य, चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन्, र समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन् । संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मूर्च्छा पर्नेछन्, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन[143], ताराहरू आकाशबाट खस्नेछन्, र आकाशमा भएका शक्तिहरू डगमगाउनेछन् । तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्र[144]लाई आकाशका बादलहरूमा[145] शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन् । उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाज[146]को साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्[147] । जब यी कुरा हुन थाल्छन् तब खड़ा होओ र आफ्नो शिर माथि उठाओ, किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ ।"

**आज्ञाहरूः**

- ✞ पाठकहरूले बुझून् ।
- ✞ यहूदियामा भएकाहरू पहाडतिर भागून् ।
- ✞ घरको छतमा भएकाहरू कुनै कुरा लिन तल घरभित्र नझरोस् ।
- ✞ खेतमा हुनेहरू आफ्नो खास्टो लिन नफर्कोस् ।

---

[143] यशैया १३:१०; योएल २:३०-३१ । "सूर्य अँध्यारो हुनेछ र चन्द्रमाले ज्योति दिनेछैन ।"

[144] मानिसको पुत्र येशूले आफैलाई जनाउन प्रयोग गर्नुभएको सन्दर्भ हो र यो दानिएल ७:१३-१४ मा पाइन्छ, "मानिसको पुत्र आकाशमा बादलमा आउँदै गरेको ।"

[145] येशूको आगमनको चिन्ह बादलमा देखा पर्नु हो । प्रेरित १:९-११ मा २ स्वर्गदूतहरूले चेलाहरूलाई येशू जसरी स्वर्गतिर गइरहेको देखेका छन् त्यसरी पृथ्वीमा फेरि आइरहेको देख्नेछन् भनी बताए । कुरा गरिएको विशेष बादलचाहिँ हिब्रूमा शेखाइना हो अर्थात् महिमाको बादल । इस्राएलीहरूलाई मरुभूमि अगुवाइ गर्ने र रातको समय आगोको खम्बामा परिणत हुने र परमेश्वरको मन्दिरलाई ढाक्ने बादल यही हो । यसले सदैव परमेश्वरको उपस्थितिको प्रतिनिधित्व गर्छ ।

[146] त्यो तुरहीले शोफर अर्थात् भेडाको सिङलाई जानउँछ । यसलाई तुरहीको चाड र प्रयाश्चितको चाड गरी दुई वटा चाडहरूमा बजाइन्थ्यो । यी चाडहरूले मानिसहरूलाई पश्चाताप गर्न मानिसहरूलाई गरिएको आह्वानको समय अवधिको सुरु र अन्तलाई दर्शाउँछ । "अन्तिम" वा "ठुलो तुरही"लाई यसको आवाजको तहबाट चिनिन्छ । यसको आवाजाको तह तुरहीको चाडको अन्तमा सुरुहुन्छ र प्रयाश्चितको दिनको अन्तमा हुने "ढोका बन्द गर्ने" उत्सवसँगै पूरा हुन्छ । पश्चाताप गर्न इच्छा गर्ने जोकसैलाई अवसर दिइन्छ भनी निश्चयता दिलाउन यसलाई लामो समयसम्म बजाइन्छ ।

[147] यशैया २७:१२-१३ । "उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन् ।"

- ✞ यो हिउँद वा शबाथको दिन नहोस् भनी प्रार्थना गर ।
- ✞ उसलाई विश्वास नगर ।
- ✞ हेर, मैले तिमीहरूलाई पहिले नै भनिसकेको छु ।
- ✞ उनीहरूलाई विश्वास नगर ।
- ✞ खडा होओ र शिर माथि उठाओ ।

**समूह छलफलः**

- मार्ग चिन्ह बुझ्न तपाईंले के गर्नुपर्छ? (नक्समा भएका संकेतहरूबारे बताउने मुख्य कुरा (चाँबी) पत्ता लगाउनु ।)
- भविष्यको निम्ति येशूको मार्गचित्र बुझ्न तपाईंले के गर्नुपर्छ? (पुरानो करारका संकेतहरूको व्याख्या पत्ता लागउनु ।)

**पाठः**

- मार्ग चिन्ह #१०- विनाशकारी घृणित थोक । येशूले भन्नुभयो, "पाठकहरू बुझून् ।"

येशूले यस बेलासम्म प्रयोग गर्नुभएका चिन्हहरू सामान्य प्रकृतिका जस्तो देखिन्छन् । तथापि, विनाशकारी घृणित थोकचाहिँ निर्दिष्ट छ, प्रभु येशू ख्रीष्टको आगमनसम्म डोऱ्याउने भविष्यसूचक घटनाहरूका श्रृङ्खलाहरूले यो कहिले हुन्छ भन्ने उल्लेख गर्छन् । येशूले भन्नुभएअनुसार यो एउटा घटना बुझ्नुपर्छ ।

विनाशकारी घृणित थोकबार उल्लेख गर्ने धर्मशास्त्र खण्डहरू दानिएल ९:२७; ११:३१ र १२:११ हुन् । यी निम्नानुसार छन्:

"धेरै जनासित एक 'सात' (हप्ताको अवधि[148])को लागि तिनले एउटा करारको सदर गर्नेछन् । 'सात' को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन् । अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन ।" (९:२७)

"त्यसको सशस्त्र सेना मन्दिरको किल्लालाई बिठुलो पार्न खड़ा हुनेछ र दैनिक बलिदान रोक्नेछ। त्यसपछि तिनीहरूले विनाशकारी घृणित थोकको स्थापना गर्नेछन् ।" (११:३१)

"दैनिक बलिदानको काम हटाएर विनाशकारी घृणित थोकको स्थापना गरिएको समयदेखि जम्मा एक हजार दुई सय नब्बे दिन हुनेछन् ।" (१२:११)

विनाशकारी घृणित थोक हुनको निम्ति पवित्र वासस्थान (पाल) वा मन्दिर अस्तित्वमा हुनुपर्छ जब । यसभित्र कुनै थोक राखिन्छ, स्थापना गरिन्छ वा खडा गरिन्छ तब घृणित थोक हुन्छ । मौलिक पवित्र वासस्थानमा ५ वटा कुराहरूलाई मात्र अनुमति दिइएको थियोः सुनको वेदी (धूतको वेदी), ७ वटा हाँगा भएको सामदान, १२ वटा रोटीसहितको उपस्तितिको रोटी,

[148] यसले सम्भवतः "शिमित्ता" वा "वर्षौंको हप्ता"लाई दर्शाउँदैछ ।

करारको सन्दूक र कृपा आसन । दानिएल ११:३१ ४ १२:११अनुसार परमेश्वरलाई चढाइने नियमित[149] बलिदानहरू र भेटीहरू रोकिनेछ ।
एक किसिम[150]को यस्तो घृणित तोक पहिले नै एक पटक भइसक्यो तर दानिएका अगमवाणीहरूमा उल्लेख गरिएको पूर्ण अवधिमा छैन (दानिएल ८:९-१४ र १२:११-१२)। ई?पू. १६७ मा एन्टिओकस चौथो- एपिफनस (परमेश्वर प्रकट हुनुहुन्छ)ले मन्दिरमा आफ्नो स्वरूप खडा गरे, बलिदानहरू रोके र वेदीमा सुँगुरको बलि चढाए । त्यसको लहभग ३ वर्षपछि ई.पू. १६४ मा मन्दिरलाई शुद्धिकरण गरियो र फेरि अर्पण गरियो । यसको विस्तृत विवरण मकाबी ४:३६-६१ मा उल्लेख गरेको पाइन्छ । यहूदीहरूको ८ दिने हनुक्को उत्सवले मन्दिरको पुनः अर्पणको उत्सव मनाउँछ ।

प्रेरित पावलले पनि विनाशकारी घृणि थोकको बारे २ थेसलोनिकी २:३-४ मा उल्लेख गर्छन् । "कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस् । किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन (प्रभुको दिन[151]) आउनेछैन । त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरूको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ[152] ।"

विनाशकारी घृणित थोक हुनेछ भनी येशूका चेलाहरूले पहिले नै थाहा पाउनेछन् किनभने त्यो हिउँद याममा वा शबाथ[153]मा नपरोस् भनी प्रार्थना गर भनी येशूले उनीहरूलाई आज्ञा गर्नुहुन्छ ।
अनि यो भएपछि यहूदिया[154]मा भएका चेलाहरूलाई तुरुन्तै पहाडतिर भाग्न उहाँले आज्ञा दिनुहुन्छ ।

---

[149] "नियमित"को निम्ति हिब्रू शब्द टेमिड हो, जसको अर्थ अनन्त वा अनवरत रूपमा जारी रहनु हुन्छ । यी बलिदानहरूले परमेश्वरसँगको सम्बन्ध पुनर्स्थापना गर्न दुई वटा बलिदानहरू हुन्छन्, त्यो हो पाप बलि (परमेश्वर विरुद्धका अनभिज्ञा पापहरू) र दोष बलि (अरूविरुद्ध गरिएका अनभिज्ञा पापहरू) र ५ वटा बलिदानहरूमध्ये होमबलि (परमेश्वरप्रतिको सेवा वा भक्ति- बिहान एक पटक र साँझ एक पटक ल्याइन्थ्यो), मेलबलि (परमेश्वरलाई धन्यवाद दिने र प्रशंसार गर्ने- कुनै पनि समयमा ल्याउन सकिन्थ्यो), दोष(धूप)बलि (प्रार्थना- बिहान एक पटक र साँझ एक पटक ल्याइन्थ्यो), अन्नबलि (रोटी र दाखमद्य० हरेक दिनको आवश्यकताको निम्ति परमेश्वरमाथिको पूर्ण निर्भता स्वीकार गर्न र परमेश्वरको आराधना गर्न)।

[150] येशू र पावल दुवैले विनाशकारी घृणित थोक भविष्यमा हुने कुरा उल्लेख गरेका हुनाले, एन्टिओकस चौथोले गरेका घटनाहरू ती भनिका भन्दा २०० वर्षअघि नै भएका हुनाले यसको परिपूर्तिको हिस्सा हुन सक्दैनथ्यो ।

[151] प्रभुको दिन १०००-वर्ष कोसमय अवधि हो जुनचाहिँ पृथ्वीमा शासन गर्न र राज्य गर्न प्रभु येशू ख्रीष्टको आगमनसँगै सुरुवात हुन्छ । त्यस बेला ख्रीष्टका चेलाहरू भेला पारिनेछन् र दुष्टहरूमाथि परमेश्वरको क्रोध खन्याइनेछ । पावलले ई.सं. ५१ मा पत्र लेखेका थेसलोनिकीहरूचाहिँ प्रभुको आगमन पहिले नै भइसक्यो कि भनी चिन्तित थिए । यद्यपि झूटा अगमवक्ताहरू खडा हुने र संकष्टहरूजस्ता येशूले भन्नुभएका केह चिन्हहरू त्यस बेलासम्ममा केहीचाहिँ आइसकेका थिए, तर पनि विनाशकारी घृणित थोक नभएसम्म उनीहरूलाई उठाइलगिनेछैन भनी पावलले बताए ।

[152] पवित्र वासस्थानवा मन्दिरमा बस्ने ठाउँ एउटा मात्र थियो त्यो कृपा आसन । यहाँ नै करारको सन्दूकमाथि परमेश्वरको उपस्थिति वास गर्थ्यो । के यो व्यक्ति त्यो कृपा आसनमा बस्ने गरी दुस्साहसी हुन्छ त?

[153] यसले साप्ताहिक शबाथलाई जनाउन सक्थ्यो (शुक्रबार साँझ ६ बजे देखि शनिबार साँझ ६ बजेसम्म वा परमप्रभुका चाडहूभित्रका कुनै पनि ७ वटा शबाथहरू)

[154] यहुदिया यरूशलेमको ३५ माइए अर्धव्यासभित्रको क्षेत्र थियो ।

विनाशकारी घणित थोक महासंकष्ट[155]को प्रारम्भिक अवधिको चिन्ह हो, जसलाई पुरानो करारमा याकूबको कष्टको समयको रूपमा चिनिन्छ । धैरै मानिसहरूले मसीहक अपेक्षा गरिरहेको हुनेछन् र मसिही जोश निकै उच्च हुनेछ । यसैले यस अवधिमा झूटा अगमवक्ताहरू र झूटा ख्रीष्टहरू देखा पर्नेछन् भनी येशूले उहाँका चेलाहरूलाई चेताउनी दिनुभयो । र उनीहरूले ठुला-ठुला चिन्हहरू र अचम्मका कामहरू गरिरहेका हुनेछन् । उनीहरूलाई नपछ्याउन येशूले उनीहरूलाई चेताउनी दिनुहुन्छ किनभने उहाँको आगमन हरेकले स्पष्ट रूपमा देख्ने गरी हुनेछ ।

• मार्ग चिन्ह #११ – आकाशमा चिन्हहरू । येशूले भन्नुभयो, "तर जब यी कुराहरू हुन सुरु हुन्छन्, आफ्ना शिरहरू उठाओ किनभने तिमीहरूका उद्धार नजिकै छ ।"

येशूले भन्नुभएअनुसार महासंकष्टपछि यी आकाशका चिन्हहरू देखिन थाल्छन् । प्रभुको दिनभन्दा अघि आउने घटनाहरू उल्लेख गर्ने चिन्हहरू पुरानो करारमा उल्लेख गरिएका छन्:

सूर्य अध्याँरो हुनेछ ।

१. चन्द्रमाले ज्योति दिनेछैन ।
२. ताराहरू आकाशबाट खस्नेछन् ।
३. आकाशका शक्तिहरू डगमगाउनेछन् ।

"हेर, परमप्रभुको दिन देशलाई उजाड़ पार्न र त्यहाँ भित्र भएका पापीहरूलाई त्यहाँबाट सर्वनाश गर्न, क्रोध र भयानक रीसको साथ निष्ठुर दिन आइरहेछ । आकाशका ताराहरू र तिनका तारापुञ्जले आफ्नो चमक दिनेछैनन् । सूर्य पनि उदय हुँदाहुँदै अँध्यारो हुनेछ, र चन्द्रमाले ज्योति दिनेछैन । म संसारलाई त्यसको दुष्ट्याइँको निम्ति र दुष्टलाई तिनीहरूका अधर्मको निम्ति दण्ड दिनेछु । म अहङ्कारीको घमण्डको अन्त गर्नेछु, र निष्ठुरहरूको शेखी झार्नेछु । म मान्छेलाई निखुर सुनभन्दा दुर्लभ र ओपीरको सुनभन्दा पनि अझ अप्राप्य बनाउनेछु । यसैकारण उहाँको ज्वलन्त रीसको दिनमा म आकाशलाई थरथर काम्ने तुल्याउनेछु, र सर्वशक्तिमान् परमप्रभुको क्रोधमा पृथ्वी त्यसको ठाउँमा हल्लिनेछ ।" (यशैया १३:९-१३)

> "आकाश र पृथ्वीमा म अचम्मका कामहरू देखाउनेछु, अर्थात् रगत, आगो र धूवाँका मुस्लाहरू । परमप्रभुको त्यो महान् र भयङ्कर दिन आउनुभन्दा अघि सूर्य अँध्यारोमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन् ।" (योएल २:३०-३१)

• मार्ग चिन्ह #१२ – मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ ।

मानिसको पुत्रको चिन्ह अन्तिम चिन्ह हो जुन येशूका चेलाहरूले खोजिरहेका छन् । उनीहरूले चिन्ह खोजिरहेका हुनेछन् किनभने आकाशमा चिन्हहरू देखा पार्दा येशूले

[155] यो संकष्ट वा कष्ट सन्तहरूले यस संसारका मानिसहरूका हातबाट पाउने कष्ट हो । (यूहन्ना १६:३३)

उनीहरूलाई खडा हुन[156] (तयारी हुन) र शिर उठाउने (आकाशतिर हेर्न) आज्ञा दिनुभएको छ ।

यो चिन्ह के हुनेछ भनी धेरै मानिसहरू अन्योलमा छन् तर धर्मशास्त्रमा यो स्पष्ट छ । "मानिसको पुत्र" भन्ने शब्दावली दानिएल ७:१३-१४ बाट एको हो । यो मसीहलाई उल्लेख गर्ने हिब्रू शैली हो जसलाई येशूले आफूलाई दर्शाउन प्रयोग गरिरहनुभयो ।

*"राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो । उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो । उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे । उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन ।"*

येशूका चेलाहरूले खोजिरहेका चिन्हचाहिँ "आकाशको बादल" हो । हामी ख्रीष्टियन भएको हैसियतले यसप्रति सजग हुनुपर्छ किनभने यसलाई प्रेरितको पुस्तकको १:९-११ मा येशू स्वर्ग जानुभएको सन्दर्भमा उल्लेख गरिएको थियो ।

*"उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो । जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए । तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ ।"*

यो साधारण बादल होइन । यो महामको बादल हो । यो इस्राएलीहरूला उजाडस्थानमा आगोको खम्बा भएर डोऱ्याउने र परमेश्वरको मन्दिर भर्ने बादल यही हो । यसले सदैव परमेश्वरको उस्थितिलाई दर्शाउँछ । यस बेला पृथ्वी हल्लाइनेछ भनी येशूले भन्नुभयो । त्यसैले यो बादल देखा पर्दा यसलाई देख्न कोही पनि चुक्दैन किनकि यो ज्योतिले भरिएको हुन्छ । उहाँको आगमन बिजुली चम्केजत्तो हुनेछ भनी येशूले पनि भन्नुभयो  यो स्पष्ट रूपमा देख्न सकिने हुनेछ!

परमप्रभुले उहाँका स्वर्गदूतहरूलाई ठुलो तुरहीको आवाजमा पठाउनुहुनेछ र उनीहरूले उहाँ चुनिएकाहरूलाई चारै दिशाबाट भेला पार्नेछन् । ठुलो तुरहीलाई १ थेसलोनिकओ ४:१६ मा "परमेश्वरको तुरही" र १ कोरिन्थी १५:५२ मा "अन्तिम तुरही" पनि भनिन्छ । त्यो तुरही शोफर

[156] सायद धर्मशास्त्रले उल्लेख गरेको यो घटना नभएसम्म उहाँका मानिसहरू प्रार्थनामा निहुरनुपर्छ होला । *"तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो ।" (लूका*  :३६)

(भेडाको सिङ) हो । यो भेडाको सिङबाट बनाइएको हुन्छ किनभने अब्राहामले ईसहाकलाई बलि चढाउन लाग्दा परमेश्वरले ईसहाकको सट्टामा थुमा दिनुभएको थियो । त्यसैले यसलाई बजाउँदा उहाँका मानिसहरूलाई उनीहरूका निम्ति उहाँको बन्दोबस्तबारे याद दिलाइन्छ ।

**शोफरलाई दुई वटा चाडहरूमा बजाइन्थ्यो ।**

योम तेरुहा – तुरहीको चाड वा चेताउनीको दिनचाहिँ पहिलो चाडको बाइबलीय नाम हो । यहूदीहरूले यसलाई रोश होशनाह वा "वर्षको शिर" पनि भन्छन् किनभने यो सातौँ महिनाको पहिलो दिन हो । उनीहरूले यसलाई योम हाजिकारोम अर्थात् सम्झनाको दिन र योम हाद्दिम अर्थात् न्यायको दिन पनि भन्छन् । (योएल २:१-१४)

- योम किपूर- प्रयाश्चितको चाड दोस्रो चाड हो (योएल २:१५-१७)
- यी दुई वटा चाडहरूले यामिम नोराइम भनिने भयको दिन परमेश्वरप्रति मानिसहरूको पश्चतापको १० दिनको अवधिको सुरु र अन्तलाई देखाउँछ ।

येशूले ठुलो तुरही भनी उल्लेख गर्नुहुँदा केहीले यसलाई "तुरहीको ठुलो आवाज" भनी अनुवाद गरे । "ठुलो आवाज" अनुवादले काम गर्छ किनभने यसले शोफरमा बजाइने अन्तिम उच्च सोर "टिकियाह डेदोला"लाई जनाउँछ, जुनचाहिँ लामो समयसम्म बजाइन्छ । त्योचाहिँ तुरहीको दिनको अन्तमा सुरुवात हुन्छ । यसलाई पुर्स्थापनाको वर्षको प्रयाश्चितको दिनको अन्तमा "ढोका बन्द गर्ने" अवधिसँगै अन्त गरिन्छ । यो तुरहीचाहिँ पश्चताप गर्ने इच्छा गर्ने जोसुकैलाई अवसर प्रादन् गरिनेछ भन्ने आभास गरिने किसिमले लामो समयसम्म बजाइन्छ । कुनै पनि मानिसले यति लामो समयसम्म (१० दिनसम्मस) तुरही नबजाउने हुनाले यसलाई परमेश्वरो तुरही ठानिन्छ ।

प्रेरित पावलले "अन्तिम तुरही"भन्दा उनको मनमा ३ वटा कुराहरू छन् ।

अन्तिम उच्च आवाज बजाइदैछ ।

- अन्तिम पुर्स्थापनाः मानिसहरूलाई बन्धनबा मुक्त गरिँदा उनीहरूका ऋणहरू रद्द गरिन्छ, र उनीहरूका जग्गा जमिन फर्काइदिइन्छ ।
- हिब्रू परम्पराः परमप्रभुले ईसाहाकलप सट्टामा दिइएको थुमाको दुई वटा सिङहरू जोगाउनुभयो । एउटा सिङ उहाँले सीनैको पर्वतमा बजाउनुभयो र अर्को उहाँले युगको अन्तमा मसीहको आगमन हुँदा बजाउनुहुनेछ ।

**पाठको आशयः**

<u>समयका चिन्हहरू बुझ ।</u>

## पाठ ४९
## होशियार होओ

**परिचयः**
येशू आफैले भविष्यको बारे सरोकार राख्नुभयो । आफ्ना चेलाहरूले यसका चुनौतीहरूको सामना गर्न तयारी भएको उहाँ चाहनुहुन्छ । त्यसैले उहाँले जैतून डाँडाको उपदेश भ्रममा नपर भनेर प्रारम्भ गर्नुहुन्छ, उनीहरूलाई भविष्यको बाटोहरूमा मार्ग चिन्हहरू उनीहरूलाई दिनुहुन्छ र उनीहरूलाई होशियार रहहो भनेर अन्त गर्नुहुन्छ । यसलाई हामीले आधुनिक शिविर यात्रासँग तुलना गर्न सक्छौँ ।

जोन उनलाई मनपर्ने शिविर क्षेत्रमा हप्तान्तको निम्ति जाँदैछन् जहाँ उनले आफ्ना प्रिय मित्र टेडलाई भेट्न चाहन्छन् । जोन भन्छन्, "टेड, तपाईंले मेरो मनपर्ने शिविर क्षेत्रमा मसँग समय बिताउन राजी भएको म साह्रै खुसी छु तर हामी फरक-फरक समयमा जानेहुनाले गर्दा म तपाईंलाई केही निर्देशनहरू दिन चाहन्छु । पहिलो, मेरो शिविर क्षेत्रमा पुग्न अलि जटिलताचाहिँ छ, त्यसैले मेरो कुरामा ध्यान दिनु होला । मेरो शिविर क्षेत्र कहाँ छ भनी अरूहरूलाई सोधेर लाभ हुनेछैन, किनभने तिनीहरूलाई थाहा हुँदैन । यदि तपाईंले उनीहरूका कुरा सुन्नुभयो भने तपाईं भ्रममा पर्नुहुनेछ ।

सहरको उत्तरतिरको पुरानो धुलाम्य बाटो भएर आउनुहोस्... यो सुरुमा अलि धेरै खाल्डाखुल्डीहरू छन् त्यसपछि दोबाटो आईपुग्छ ... त्यहाँबाट दायाँतिर लाग्नुहोस् । यो बाटो जङ्गलतिर जानेछ । तपाईं जङ्गलतिर लागेपछि अझ जटिल हुन सक्छ किनकि कुनै पनि चिनो नभएका थुप्रै बाटोहरू छन् । तपाईं जङ्गलतिर पस्दा तपाईंको देब्रेतिरको तेस्रो बाटो समात्नुहोस् । तालबाट दाहिनेतिर मोडिनुहोस् । तपाईं लगभग २ माईल अगडागी गएपछि तपाईंले देब्रेतिर एउटा ठुलो ठुङ्गा देख्नुहुनेछ ... त्यहाँ दाहिमेतिर लाग्ने बाटो पक्रनुहोस् ।

यहाँदेखि बाटो निकै नराम्रो छ त्यसैले कतै यो गलत बाटो पो हो कि भन्ने तपाईंलाई लाग्न सक्छ । तर अगाडी बड्दैजानुहोस् र केही समयपछि एउटा फराकिलो मैदान देख्नुहुनेछ जहाँ धेरै मानिसहरू क्याम्पिङ (शिविर)मा हुनेछन् । यदि म कहाँ छु भनी तपाईंले उनीहरूलाई सोध्नुभयो भने उनीहरूले तपाईंलाई गलत दिशातिर देखाउनेछन् र तपाईं हराउन सक्नुहुन्छ ।

त्यो मैदानलाई उछिनेर अझै अलि टाढासम्म जानुहोस् । तपाईंले त्यहाँ बाटोको पारिपट्टि धेरै रूखहरू ढलेको देख्नुहुनेछ । यसको दाहिनेतिरबाट अघि बढ्नुहोस् । त्यस बेलासम्ममा हल्का अँध्यारो पनि भइसकेको हुनेछ । तपाईं रूखहरूविनाको ठाउँ नभेटेसम्म अघि बढिरहनुहोस् जहाँबाट तपाईं भिरपखेरा देख्नुहुनेछ । त्यहाँबाट तपाईंले आकाशका सबै ताराहरूको व्यापक दृश्य देख्न सक्नुहुन्छ । त्यहाँबाट तपाईंले मैले बालेको ठुलो आगो पनि देख्न सक्नुहुन्छ । तपाईं यात्राले गर्दा थाकेको हुन सक्छ तर होशियार रहनु होला, कनकि यदि तपाईं होशियार रहनुभएन भने तपाईंले बाटोको चिन्हहरू गुमाउनुहेनछ र तपाईं शिविर क्षेत्रमा कहिल्यै पुग्न सक्नुहुनेछैन ।

येशू होशियार रहनेबारे अटल हुनुहुन्छ । उहाँले आफ्ना चेलाहरूले पालन गर्नुपर्ने २० वटा निर्देशनहरू जारी गर्नुहुन्छ । अन्तिम १० वटाहरूले होसियारीको विषयको चर्चा गर्छन् ।

**धर्मशास्त्र पाठः**

मत्ती २४:३२-२५; मर्कूस १३:२८-३७; लूका २१:२९-३६

## अञ्जीरको रूखको दृष्टान्त

मत्ती २४:३२-४४; मर्कूस १३:२८-३३; लूका २१:२९-३२

"अञ्जीरको रूखबाट पाठ सिकः त्यसको हाँगा कमलो भएर पालुवा हाल्ने बित्तिकै ग्रीष्म ऋतु नजिक आएछ भन्ने तिमीहरू थाहा पाउँछौ । यसरी नै तिमीहरूले पनि जब यी घटनाहरू भइरहेका देख्छौ[157], तब ऊ नजिक छ, ढोकामा नै छ भन्ने जान । साँच्चै म तिमीहरूलाई भन्दछु, यी सबै कुरा भई नसकून्जेल यो पुस्ता बितिजानेछैन । स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बिलेछैनन् । "तर त्यस दिन र त्यस घड़ीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, न त स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले[158] ।"

## राति चोरजस्तै

[157] "यी कुराहरू"ले "आकाशका चिन्हहरू" सम्बन्धी धर्मशास्त्र खण्डहरूलाई जनाउँछ, किनकि मत्ती र मर्कूसकोबाट मोडिएपछि लूकाको विवरणले फेरि उनीहरूसँगै मेल खाने कुरालाई लिन्छ ।

[158] न त पुत्रले । केही पाण्डुलिपीहरूले "न त पुत्रले' भन्ने वाक्यांशलाई छोड्छन् । (जस्तै *"तर त्यस दिन र त्यस घड़ीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, न त स्वर्गमा हुने स्वर्गदूतहरूले" मत्ती* :३६)। तर "पुत्र" शब्द प्रयोग गर्दा ग्रीकमा *hyiós (Strongs #5207)* छ जसको अर्थ जन्म वा धर्मपुत्र ग्रहण गरेर छोरा भएको भन्ने हुन्छ । पुत्रले अझ धेरै उहाँको चरित्रसँग मिल्दो र अझ धेरै विश्वासमा जिएर स्वर्गीय पिताजस्तो भएको कुरालाई जोड दिन्छ (अतिरिक्त शब्दको अध्ययन- हिब्रूमा विश्वासशब्दको मूल एमुनाह हो जुन 'एमुन'को अर्थ "अभ्यास" र 'नेमान'को अर्थ "बफदारीता" हुन्छ र यसलाई "परमेश्वरप्रति बफदारीताको अभ्यास" भनी अनुवाद गर्न सकिन्छ । (अलङ्कारिक) उनीहरूको पिताको जस्तै स्वभाव भएको । विश्वासीहरू परमेश्वरका पुत्रहरू हुनलाई स्वर्गीय पिताद्वारा नयाँ गरी जन्मुपर्छ । नयाँ करारमा, 5207 */hyiós ("son")* पुत्र शब्दले समनारूपमा स्त्री विश्वासीलाई जनाउँछ (गलाती ३:२८)। *(https://biblehub.com/greek/5207.htm)*

मत्ती २४:३७-४४

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ । किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए, अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन् । मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ । त्यस बेला दुई जना खेतबारीमा हुनेछन्, एक जना लगिनेछ, अर्को छोडिनेछ । दुई स्त्रीहरू जाँतो पिँधिरहेका हुनेछन्, एउटी लगिनेछ, अर्की छोडिनेछ । "यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ । तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन । यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ ।"

## होशियार रहो

मर्कूस १३:३३-३७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"होशियार रहो, जागा बस र प्रार्थना गर, किनकि त्यो बेला कहिले आउने हो, सो तिमीहरू जान्दैनौ । यो त मालिकले आफ्ना चाकरहरूलाई घरको प्रत्येक काम र दायित्वको जिम्मा दिएर र पालेलाई जागा रहनू भनी आज्ञा दिएर परदेश लागेको जस्तो हो । "यसकारण तिमीहरू पनि जागा रहो, किनकि घरको मालिक बेलुकी, कि आधा रातमा, कि भाले बास्दा, कि बिहान, कहिले आउने हो, सो तिमीहरू जान्दैनौ । नत्रता ऊ अचानक आउँदा उसले तिमीहरूलाई निदाइरहेका भेट्टाउला । जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो' ।"

## विश्वासयोग्य सेवक होओ

मत्ती २४:४५-५१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान देओस् भनी खटाएको हुन्छ? त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ । साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ । तर यदि त्यस दुष्ट नोकरले 'मेरा मालिक बियाँलो गर्छन्' भनी मनमा ठानी, आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र मतवालाहरूसँग खान र पिउन लाग्यो भने, त्यस नोकरको मालिक त्यसले नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ । अनि मालिकले त्यसलाई कठोर दण्ड

दिनेछ र त्यसलाई ढोंगीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् ।"

## पुत्रको सामुन्ने खड़ा होओ

लूका २१:३४-३६

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग-विलास, मतवालापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला, र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैँ आइपर्ला । किनकि यसरी नै सारा पृथ्वीमा वास गर्ने सबैमाथि यो आइपर्नेछ । तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो ।"

## दश कन्याको दृष्टान्त

मत्ती २५:१-१३

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ । तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के । तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए । किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन् । तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे । दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए । "तर मध्यरातमा 'हेर दुलहा, उनलाई भेट्न आओ,' भन्ने आवाज आयो । "तब ती सबै कन्याहरू ब्यूँझे, र आ-आफ्नो बत्ती ठीकठाक पारे[159] । निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे ।' "तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन ।' "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो । "पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ ।' "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन ।"

[159] प्रयोग गर्नलाई तयार पारे ।

**आज्ञाहरूः**

- अब अञ्जीरको रूखबाट सिक ।
- उहाँ नजिकै ढोकामा नै हुनुहुन्छ भनी जान ।
- यसकारण, होशियार रहि ।
- तर यसबारे पक्का होओ ।
- यसैकारण तिमीहरू तयारी होओ ।
- ध्यान देओ, होशियार रहो ।
- यसकारण जागा रहो ।
- होशियार रहो ।
- जागा रहो ।
- तर प्रार्थना गर्दै सबै समय होशियार रहो ।

महासंकष्टअघि उठाइलगिनेः

हाल संयुक्त राज्य अमेरिकामा अन्तिम दिनका घटनाहरूको अध्ययन प्रचलित छ । यो "माहसंकष्टअघि उठाइलगिने"[160] नामद्वारा चर्चित छ जुनचाहिँ "कालखण्डवाद"(*Dispensationalism*) को रूपमा चिनेने ईश्वरशास्त्र पद्धतिबाट आएको हो । कालखण्डवाद पद्धतिको ईश्वरशास्त्र इङ्ग्ल्याण्डका जोन नेल्सन डर्बीले १८२७ मा विकास गर्न थालेका थिए । उनले १८३० मा मार्गरेट म्याक्डोनाल्डको अगमवाणी सुनेपछि अन्तिम दिनका घटनाहरूको अध्ययनमा महासंकष्टअघि उठाइलगिने दृष्टोणलाई घुसाएका थिए । सी.आई. स्कफिल्डले १९१७को उनको सन्दर्भ बाइबलमा यसलाई समावेश गरेपछि डर्बिको कालखण्डवादी दृष्टिकोणलाई आधार मिल्यो । त्यसपछि यसलाई डलास थियलजिकल सेमिनारीमा सिकाउन थालियो र यसका एक जना विद्यार्थी हेल लिन्डसेले यसलाई उनको *The Late Great Planet Earth* (1970) नामक पुस्तकद्वारा अझै लोकप्रिय बनाए ।

महासंकष्टअघि उठाइलगिने दृष्टिकोणका ४ वटा मूलभुत कुराहरूः

१. ख्रीष्टियनहरूलाई ७ वर्षको संकष्टको अवधिअघि नै उठाइलगिने (प्रभुलाई आकाशमा भेट्नलाई) छ ।

२. येशू ख्रीष्टको दोस्रो आगमनअघि नै हामीलाई उठाइलगिनेछ ।

३. उठाइलगिने कार्य "गोप्य" हुन्छ । (यसलाई कसैले देख्नेछैन । रहनेहरू भनेको यहूदीहरू वा अविश्वासीहरू मात्र हुन् र सबै ख्रीष्टियनहरू आँखाको एक निमेषमा अलप भए छन् भन्ने उनीहरे पत्ता लगाउनेछन् ।)

४. उठाइलगिने सन्निकट छ । (यो कुनै पनि समय हुन सक्छ । यो हुनअघि कुनै चिन्हको आउनु पर्दैन ।)

---

[160] अन्तिम दिनका घटनाहरूको यो दृष्टिकोण वास्तवमा महासंकष्टअघि नै विश्वासीहरूलाई उठाइलगिन्छ भन्ने भविष्यवादी पूर्वसहश्राब्द हो । अलेजन्डर रिजीले मण्डलीको ऐतिहासिक अवस्थितिमाको पृष्ठ १५१ मा रूपरेखा प्रस्तुत गर्छन् ।

समूह छलफलः
माथि उल्लेख गरिएका महासंकष्टअघि उठाइलगिने दृष्टिकोणको आधारमा तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।

१. यदि येशूको आगमन सन्निकट छ (कुनै पनि समय हुन सक्छ) भने
   - अ. उहाँले किन त्यसो भन्नु भएन?
   - आ. क उहाँले आफ्ना चेलाहरूलाई भविष्यका कुनै निर्दिष्ट घटनाहरूबारे बताउने कष्ट किन गर्नुपर्थ्यो?
   - इ. भ्रममा नपर भनी उहाँले किन चेताउनी दिनुपर्थ्यो?
   - ई. ती घटनाहरू घटिरहेको देख्दा किन चेलाहरूलाई पालन गर्नको निम्ति निर्दिष्ट आज्ञाहरू जारी गर्नुभयो?
   - उ. यदि यस्तो  योजना थियो भने त उठाइललगिनअघि कुनै चिन्हको आवश्यकता नै पर्दैनथ्यो, त्यस भए हामी उहाँसँग भेला हुने कुराचाहिँ धर्मत्याग र अधर्मको मानिस नदेखिएसम्म हुँदैन भनी किन प्रेरित पावलले भन्छन् त?

२. येशूले आफ्ना चेलाहरूलाई होशियार रहन आज्ञा दिनुभयो ।
   - अ.किन?
   - आ. उठाइलगिने कुरो गोप्य कुरो भए होशियार (जागा) रहनु र नरहनुले फरक पार्छ र?
   - इ. उनीहरूको केको निम्ति होशिया (जागा) रहनुपर्ने?

३. यदि ख्रीष्टको आगमनअघि नै विश्वासीहरूलाई उठाइलगिने हो भने, किन कुनै प्रेरितहरू व अगमवक्ताहरूले यसबारे लेखेनन् त?

**पाठः**
उहाँको आगमन कस्तो हुन्छ भनी बताए लगत्तै येशूले उनीहरूलाई अञ्जीरको दृष्टान्तबाट सिक्ने निर्देशन दिनुहुन्छ । दृष्टान्त[161] ध्यान खिँच्नको निम्ति प्रयोग गरिएको बारे कुराकानी गर्नुहोस् । चेलाहरू केही घण्टाअघि मात्र अघिल्लो दिन सराप दिइएको अञ्जीरको रूखको छेउ हुँदै एका थिए जुन एकै दिनमा जरादेखि नै सुकेको थियो ।
अञ्जीरले गलत चिन्ह दिएको हुनाले येशूले त्यो अञ्जीरको रूखलाई सराप दिनुभयो । त्यो समय अप्रिल थियो । सामान्यतयाः जुलाइ वा अगस्ट नभइकन अञ्जीरको पात पलाउँदैन, अक्टुबरमा मात्र फल पाक्छ । तर अञ्जीरको पात पलाएसँगै फल पनि फल्छ । त्यसैले कुनै फल छ कि भनेर हेर्नलाई येशू जानुभयो[162] । त्यो रूखमा कुनै फल नभएको[163] हुनाले यो

---

[161] दृष्टान्त परिचित विषयलाई प्रयोग गरेर अपरिचित विषयबारेको अवधारणासँग तुलना गरिने उदाहरण हो ।

[162] फल हरियो भएकोले पातहरूले छेकेको हुन सक्छ भनेर नजिकबाट हेर्नु आवस्यक थियो ।

[163] रूख यसको फलबाट चिनिन्छ । (मत्ती १२:३३) बप्तिस्मा दिने यूहन्नाले उनीकहाँ बप्तिस्मा लिन आउने फरिसीहरू र सदुकीहरूका निम्ति उस्तै सादृश्य प्रयोग गरे । उनले तिनीहरूलाई भने, "यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ । अहिले नै रूखको फेदमा बन्चरो परिसकेको छ । यसकारण असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ" (मत्ती ३:८, १०)

भ्रम[164] रहेछ भनी येशूले यसलाई सराप दिनुभयो । अञ्जीरको रूखको ग्रीष्म ऋतुमा पलाउँछ भन्ने यहूदी संस्कारमा सबैलाई थाहा थियो । त्यसैले, ग्रीष्टम नजिकै छ भन्ने चिन्हको काम यसले गर्थ्यो । त्यसरी नै येशूले उहाँको आगमनको समयबारे प्रचलित ज्ञान होस् भन्ने चाहनुहुन्छ । आकाशमा देखिने चिन्हहरूः अञ्जीरको रूखलेजस्तै[165] सूर्य र चन्द्रमाले ज्योति नदिने, आकाशबाट ताराहरू खस्ने कार्यले उहाँको आगमनको चिन्हको काम गर्छन् । यो नजिकै वा ढोकैमा छ । यी आकाशका चिन्हहरू ख्रीष्टको आगमनभन्दा अघि हुने चिन्हहरू मान्य छन् भन्ने कुरामा कुनै सन्देह नहुनुपर्ने हो, किनकि ३ वटै सम्मिलित सुसमाचारहरूले आकाशका चिन्हहरूको लगत्तैपछि अञ्जीरको दृष्टान्तलाई उल्लेख गरेका छन् ।  होशियार हुने विषयले अञ्जीरको रूखको दृष्टान्त वरिपरि चक्कर लाउँछ । कुनै पनि मानिस दिनमा २४सै घण्टा र हप्तामा सातै दिन जागा रहन सक्दैन भन्ने कुरा येशू जान्नुहुन्छ र उहाँले त्यसै गर्न पनि भन्नुभएको छैन । तथापि कहिले जागा रहने भनी उनीहरूलाई बताइरहनुभएको छ । अञ्जीरको रूखको जस्तै आकाशमा चिन्हहरू देखिन थालेपछि, आफ्नो उद्धार नजिक छ भनी जानेर जागा रहनुपर्छ । वास्तवमा आकाशमा चिन्हहरू देखिन थालेको र उहाँको आगमन सनभएसम्म एक पुस्ता हुन्छ भनी येशूले बताउनुभयो । कहिले हशियार रहने भन्ने कुरालाई मत्तीले टेवा दिन्छन् (मत्ती २४:३७-४१)जत बेला उनले मानिसको पुत्रको आगमनलाई नोआको दिनसँग तुलना गर्छन् । कहिले जहाजमा प्रवेश गर्न वा होशियार रहने भनी नोआलाई आगमवाणीय चिन्ह दिइएको थियो भनी ख्रीष्टियनहरू सचेत छैनन् । उनको घटनालाई नजिकबाट हेरौँ ।

यो नोआका हजुरबुबा हनोकदेखि सुरुहुन्छ जुन आदमदेखि ७ पुस्ता हुन्छ । यहूदाका अनुसार हनोक अगमवक्ता थिए र उनी परमेश्वरसँग हिँडे । उनी उनको ३६५औँ वर्षमा मृत्यु नभइकन नै परमेश्वरकहाँ गए[166] । हनोक अमवक्ता भएकाले उनको छोराको नाउँ मतूशेलह राखे ।

[164] त्यो रूख भ्रम थियो किनभने यसले परमेश्वरले त्यो अञ्जीरको रूखलाई सृष्टि गर्नुहुँदा ठहराउनुभएको संरचना अनुशरण गरेन । अर्को शब्दमा, रूखचाहिँ परमेश्वर र यसको प्रकृति विरुद्ध विद्रोही भयो । यो दुई वटा कुराहरूमा चुनेः १) यसको पात गलत समयमा पालायो र २) यसले पातसँगै फल फलाएन, यसले येशूलाई दुई वटा कुराले त्यसको विरुद्ध बलियो प्रमाण दियो । यसकारण, यो सराप दिन योग्यको थियो । अञ्जीरको रूखलाई सरापेको कुराले पाखण्डीहरूका निम्ति चेताउनीको काम गऱ्यो जो उनीहरू आफै भ्रमपुर्ण थिए (उनीहरू ख्रीष्टियन भन्छन् तर पवित्र आत्माको फल फलाउँदैनन्)। पाखण्डीहरूलाई सरापचाहिँ रूने र दाह्रा किट्नेहरू बस्ने ठाउँमा पठाउनु हो (मत्ती २४:□□*)* /

[165] "*जब उहाँले छैटौँ मोहोर तोड्नुभयो, तब मैले ठूलो भूकम्प गएको देखें । सूर्य भाङ्ग्राजस्तो कालो भयो, र पूर्णिमाको चन्द्रमा रगतजस्तै रातो भयो । अनि अञ्जीरको रूखलाई बतासले हल्लाउँदा नपाकेका फलहरू झरेझैँ आकाशका ताराहरू पृथ्वीमा खसे ।" (प्रकाश* □:१२-१३)

[166] हामीले हाल त्यो घटनालाई "उठाइलगिएको" वा "परमेश्वरकहाँ लगिएको" भन्छौँ । धर्मशास्त्रमा मृत्यु नभइ जीवितै परमेश्वरले स्वर्ग लानुभएका हनोक र एलिया दुई जना मात्र हुन् ।

मतूशेलहको मूल अर्थ "उसको मृत्युले ल्याउनेछ"[167] वा तिनकै केही भिन्न विषय[168] त्यसैको भन्ने हुन्छ । यहूदी विद्वानहरूका अनुसार नोआले जहाजमा प्रवेश गर्ने वचन परमेश्वरबाट प्राप्त गर्न सात दिनअघि मतूशेलह मरेका थिए । त्यसपछि जलप्रलय सुरु हुनुभन्दाअघि अरू ७ दिनसम्म उनी जहाजभित्र नै रहे (उत्पत्ति ७:४)।

नोआले जहाज बनाइ सकेका भए तापनि मतूशेलहको मृत्यु नभएसम्म उनी "होशियार" वा "तयारी" हुनु पर्दैनथ्यो, जुनचाहिँ नजिकिदै गरेको जलप्रलयको आगमवाणीसहितको चिन्ह थियो । त्यसपछि नोआ र उनको घराना सन्निकट परमेश्वरको क्रोधबाट बच्नलाई जहाजभित्र प्रवेश गर्नको निम्ति परमेश्वरको वचन आयो । त्यसरी नै ख्रीष्टियनहरू पनि आकाशमा हुने चिन्हहरूलाई हेरेर परमेश्वरको नजिकिँदै गरेको न्यायलाई पहिचान गरेर "होशियार" वा "तयारी" हुनुपर्छ । त्यसपछि परमेश्वरको वचन (येशू ख्रीष्ट) उहाँको घरानालाई परमेश्वरको सन्निकट क्रोधबाट बचाउन आउनुहुनेछ ।

येशूले अञ्जीरको रूखको दृष्टान्तबाट सुरुवात गरेर उहाँका चेलाहरूलाई होशियार रहन उत्साह दिनुहुन्छ । येशूले यसो गर्नुहुँदा उहाँको टिप्पणीभरि नै होशियारीसँगै ३ वटा अवधारणाहरू उल्लेख गर्नुहुन्छः

१) जो उहाँका चेलाहरू होइनन् उनीहरूले के हुन्छ भनी थाहा पाउनेछैनन् ।

२) दिन र घडी कसैलाई थाहा हुनेछैन ।

३) अँध्यारो वा राति ।

जो येशूका चेलाहरू होइनन् उनीहरूले उहाँको आगमनको प्रतिक्षा गरिरहेका नहुनेभएकोले, आकाशमा देखिने चिन्हहरूको उनीहरूका निम्ति उत्तिकै महत्त्व हुँदैन ।

येशूको गमनको दिन वा घडी कसैले जान्नेछैन, किनभने पृथ्वीमा दुई वटा दिनहरू र २४ घण्टा सदैव रहिरहनेछन् । हिब्रू परम्पराअनुसार मानिसहरूको न्याय योम तेरुआह भनिने तुरहीको चाड[169]मा सुरुवात हुनेछ, जुनचाहिँ औँसी नआएसम्म सुरुवात हुँदैन; यहूदीहरूले यसलाई "दिन वा घडी कसैलाई थाहा नहुने चाड"को उल्लेख गर्छन् ।

---

[167] स्रोतहरूः

Missler Chuck, Cosmic Codes: Hidden Messages from the Edge of Eternity, Koinonia House, 1999.

Jones, Alfred, Dictionary of Old Testament Proper Names, Kregel Publications, Grand Rapids, MI, 1990.

Kaplan, Rabbi Aryeh, The Living Torah, Maznaim Publishing Corporation, Jerusalem, 1981.

Pink, Arthur W., Gleanings in Genesis, Moody Bible Institute, Chicago, IL, 1922.

Rosenbaum, M., and Silbermann, A., Pentateuch with Onkelos's Translation (into Aramaic) and Rashi's Commentary, Silbermann Family Publishers, Jerusalem, 1973.

Stedman, Ray C., The Beginnings, Word Books, Waco, TX, 1978.

[168] उदाहरणको लागि, म्याथ्यु हेन्री भन्छन्, "केहीले उनको बुबा अगमवक्ता भएका हुनाले उनको नाम अगमवणी थियो भनी केहीले भन्छन् । मतूशेलहको अर्थ ऊ मर्छ, वा त्यहाँ वाण छ वा पठाउनु अर्थात् डुबाउनु हुन्छ, जुनचाहिँ मतूशैलहको मृत्यु भएको वर्ष नै आयो ।"

[169] तो चाडलाई रोस शन्नाह (नयाँ वर्षको दिन), योम हाजिकारोन (सम्झनाको दिन) र योम हाद्दिम (न्यायको दिन) पनि भनिन्छ ।

येशूको आगमन हुँदा उहाँले भन्नुभएअनुसार यो अँध्यारो हुनेछ[170] र पुरानो करारमा प्रभुको दिनको बारे धेरै प्रमाणहरू दिइएका छन्:

*"हेर, परमप्रभुको दिन देशलाई उजाड़ पार्न र त्यहाँ भित्र भएका पापीहरूलाई त्यहाँबाट सर्वनाश गर्न, क्रोध र भयानक रीसको साथ निष्ठुर दिन आइरहेछ । आकाशका ताराहरू र तिनका तारापुञ्जले आफ्नो चमक दिनेछैनन् । सूर्य पनि उदय हुँदाहुँदै अँध्यारो हुनेछ, र चन्द्रमाले ज्योति दिनेछैन ।" (यशैया □□:□-□□)*

*"किनकि त्यो दिन नजिकै छ, परमप्रभुको दिन नजिकै छ— बादल लागेको दिन, जाति-जातिहरूका अन्त्यको दिन त्यो हुनेछ" (इजकिएल □□:□)*

*"सियोनमा तुरही फुक, मेरो पवित्र डाँड़ामा चेताउनी ध्वनि बजाओ । देशमा बस्नेहरू सबै थरथर कामून्, किनकि परमप्रभुको दिन आउँदैछ, त्यो नजिकै छ, अन्धकार र उदासी दिन, बादल र बाक्लो अँध्यारोले ढाकेको दिन । पर्वतहरूमा प्रभात फैलिएझैं एक ठूलो र शक्तिशाली सेना आउँछ । त्यस्तो अघि कहिल्यै भएको थिएन, न त फेरि पुस्ता-पुस्तासम्म कहिल्यै हुनेछ ।" (योएल □:१-२)*

*"फैसला गरिने बेँसीमा धुइरोको धुइरो छ, किनकि फैसला गरिने बेँसीमा परमप्रभुको दिन नजिक आएको छ । सूर्य र चन्द्र अँध्यारा हुनेछन् र ताराहरूले आफ्नो चमक दिनेछैनन् । परमप्रभु सियोनबाट गर्जनुहुनेछ, र यरूशलेमबाट उहाँले आफ्नो उच्च सोर सुनाउनुहुनेछ । आकाश र पृथ्वी थरथर काम्नेछन्, तर परमप्रभु आफ्नो प्रजाको निम्ति शरणस्थान, इस्राएलका मानिसहरूका निम्ति गढ़ हुनुहुनेछ ।" (योएल □:१४-१६)*

*"के परमप्रभुको दिन उज्यालो होइन तर अन्धकार हुँदैन र— पटक्कै उज्यालो नभएको निष्पट्ट अन्धकार?" (आमोस □:२०)*

*"तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरूलाई केही लेख्ने आवश्यकता छैन । किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैं आउनेछ । जब मानिसहरू "शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब गर्भवती स्त्रीलाई बेथा लागेझैं अचानक तिनीहरूमाथि विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन् । तर भाइ हो, तिमीहरू अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित पार्नेछैन । किनकि तिमीहरू सबै ज्योतिका सन्तान र दिनका सन्तान हौ । हामी रातका र अन्धकारका सन्तान होइनौं । यसकारण अरूहरूझैं हामी नसुतौं, तर जागा बसौं, र सचेत होऔं । किनकि सुत्नेहरू रातमा सुत्छन्, र मद्य पिएर मात्नेहरू रातैमा मात्छन् । तर हामीचाहिँ दिनका हुनाले हामी सचेत होऔं, र विश्वास र प्रेमका छातीको पाता र मुक्तिका आशाको टोप लगाऔं । किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन, तर हाम्रा प्रभु*

[170] येशूको आगमनमा अँध्यारो हुनेछ भनी हामीले धर्मशास्त्रबाट बुझ्न सक्छौं । यो कुन समयमा हुन्छ भन्ने कुरा महत्त्वपूर्ण होइन किनभनेसुर्य,चन्द्रमा र ताराहरूले ज्योति दिनेछैनन् । यो किन अडकलबाजीको कुरा भएको छ । यो तेरुआह औँसीको पहिलो दिन हुन्छ भन्ने करा ख्याल गर्नुपर्छ जति बेला रातको आकाश अध्याँरो हुन्छ ।

*येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नलाई अघिबाटै नियुक्त गर्नुभएको हो । उहाँ हाम्रा निम्ति मर्नुभयो, ताकि हामी जागा बसौं वा सुतेका होऔं, हामी सबै उहाँकै साथमा जिउन सकौं ।" ( थेसलोनिकी :९-१०)*

**पाठको आशयः**

जब आकाशमा चिन्हरू देख्छौ होशियार होओ ।

**पाठ ५०**

**निस्तार दृष्टिकोण- प्रभुको टेबल**

**परिचयः**

"अनि जब बेला भयो, तब उहाँ प्रेरितहरूसँग भोजन गर्न बस्नुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै यो निस्तार-चाड़को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो भोज फेरि खानेछैनँ ।"

प्रभुको निस्तारको खाना नै "प्रभु-भोज"को रूपमा चिनिएको छ । यसपछि उस्तै किसिमको चाड आयो जुसलाई यहूदीहरूले आज पनि मान्छन् । यस खानाको रिवाजलाई "सेडर" भनिन्छ जसको अर्थ "क्रम" हुन्छ । यसलाई यसो भनिन्छ किनभने त्यो खानामा सहभागी हुनको निम्ति अनुशरण गर्नुपर्नने घटनाहरूका एउटा निर्दिष्ट क्रम छ ।

मैले यस पाठलाई अन्तिम भोजसँगै परस्पर खप्टिने निस्तार सेडारका तत्वहरूलाई देखाउन अर्पित गर्ने अठोट गरेको छु । यो पाठ विद्यार्थीहरूलाई केही पृष्ठभूमीको जानकारी दिएर सुरुवात हुन्छ अनि यो निस्तार खानाको वास्तविक क्रमतिर अघि बढ्छ । निस्तार सिडरको हरेक तत्वलाई यसको हिब्रू नाममा उल्लेख गरी नेपाली व्याख्या दिइनेछ । सिडरको समयमा के हुन्छ भन्ने यसपछि आउँछ र अन्तिम भोजमा के भयो भन्ने घटनाहरूलाई जोड्नेछ ।

**धर्मशास्त्र पाठः**

<u>मत्ती २०:१७-२३; मर्कूस १०:३२-४०; लूका १८:३१-३४; यूहन्ना ११:५५-५७</u>

## येशूले निस्तारको तयारी गर्नुहुन्छ

मत्ती २०:१७-१९; मर्कूस १०:३२-३४; लूका १८:३१-३४; यूहन्ना ११:५५-५७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ अप्रिल १७, बिहीबार बिहान (अबिब/निसान ८)[171]

यहूदीहरूको निस्तार-चाड नजिकै थियो, र गाउँ-गाउँबाट धेरै जना आफू-आफूलाई शुद्ध पार्न भनी निस्तार-चाड़को आरम्भ हुन अघि यरूशलेममा गए । तब तिनीहरूले येशूलाई खोजे, अनि तिनीहरू मन्दिरमा खड़ा हुँदा आपसमा भन्न लागे, "तिमीहरूलाई कस्तो लाग्छ, के उनी चाड़मा आउलान्?" मुख्य पूजाहारीहरू र फरिसीहरूले चाहिँ येशूलाई पक्रन उहाँ कहाँ हुनुहुन्छ भनी कसैले थाहा पाए खबर गर्नू भन्ने आज्ञा दिएका थिए ।

[171] अबिब/निसान ८ । यो महिनाको बाइबलीय नाम अबिब हो, जसको अर्थ "हरियो बाला" हुन्छ । यहूदीहरूले यो महिनालाई "निसान" भन्छन् । यो परमेश्वरको पात्रोको पहिलो दिन हो, जसमा "परमप्रभुको ठहराइएको समय" पर्छ । यो पवित्र पात्रोको निम्ति प्राथमिक सन्दर्भ लेवी २३ हो ।

अबिब/निसान ८ यहूदी पात्रोको मिति हो जुन ग्रेगरियन पात्रोको ई.सं. अप्रिल १७ सँग मेल खान्छ । द्रुत गतिमा भइरहेका येशू अन्तिम दिनका घटनाहरूलाई हामीले गणना गर्ने किसिमको समयमा कहिले भए भनी पाठकले अझ राम्ररी बुझ्न सकून् भनी यहाँदेखि यहूदी मितिहरूलाई पनि समावेश गरेका छौँ ।

नोटः यस पुस्तकमा प्रयोग गरिएका मितहरू बुझ्नको निम्ति यहूदीहरूका हरेक दिनचाहिँ साँझ ६ बजे सुरुवात हुन्छ भनी सचेत हुनुपर्छ । यसकारण, अबिब/निसान ८, वास्तवमा बुधबार साँझ ६ बजे सुरुवात भयो ।

उहाँहरू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो, र येशू तिनीहरूका अगिअगि हिँड़िरहनुभएको थियो । चेलाहरू अचम्मित थिए, र अरू पछिपछि आउनेहरू भयभीत थिए । तब उहाँले बाह्रै चेलाहरूलाई फेरि एकातिर लगेर आफूमाथि परिआउने कुराहरू तिनीहरूलाई सुनाउनुभयो । उहाँले भन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं । त्यहाँ मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू र शास्त्रीहरूकहाँ सुम्पिदिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्ड दिनेछन्, र अन्यजातिहरूका हातमा सुम्पिदिनेछन् । अनि तिनीहरूले उसलाई गिल्ला गर्नेछन् र उसलाई थुक्नेछन्, उसलाई कोर्रा लगाउनेछन् र उसलाई मार्नेछन् । तर तीन दिनपछि ऊ फेरि जीवित भई उठ्नेछ ।" तर चेलाहरूले यी कुराहरू एउटै पनि बुझेनन् । तिनीहरूका निम्ति यो कुरा गुप्तमा राखियो, अनि भनिएको यो कुरा तिनीहरूको समझले भ्याएन ।

अन्तिम भोज खाएको स्थानः

अन्तिम भोज मातिल्लो कोठामा भयो । यो यरूशलेमको दक्षिणपश्चिम खण्डमा अवस्थित सीनै पर्वतको टाकुरामा छ । माथिललो कोठा राजा दाऊदको चिहानको सोझै माथितिर पर्छ ।

दाखमद्यको कचौराः

धर्मशास्त्रमा दाखमद्य आनन्दको संकेत हो । निस्तारमा, सहभागीहरूले ४ कचौरा दाखमद्य पिउँछन् । ती हरेक कचौराले उनीहरूका निम्ति परमेश्वरको मुक्तिको एउटा पक्षलाई दर्शाउँछ ।[172]

अखमिरी रोटीः

धर्मशास्त्रमा रोटी खानाको संकेत हो, जुन शरीरलाई जिवित राख्ने स्रोत हो । निस्तार चाडभरि नै सहभागीहरूले अखमिरी रोटी खान्छन् ।[173]

## अन्तिम भोजको बसाइ व्यवस्था
## टेबलको तीनतिर बस्ने व्यवस्था गरिएको

---

[172] यी पक्षहरूलाई प्रस्थान ६:६-८मा व्यक्त गरिन्छ:

१. म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु ।


२. आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु ।

३. म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु ।

४. अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ । म त्यो तिमीहरूको अधिकारमा दिनेछु । म परमप्रभु हुँ ।"

[173] खमिर भ्रष्ट तुल्याउने वस्तु हो, जसले रोटीमा परिवर्तन ल्याउँछ । हिब्रूहरूको मामिलामा उनीहरूको खमिरकोस स्रोत मिश्र थियो । परमेश्वरले उनीहरूलाई मिश्रबाट छुटकारा दिन लाग्नुभएको हुनाले, उहाँले खमिर (मिश्र- उनीहरूका विगतको जीवन)लाई पूर्ण रूपमा हटाउनु आवश्यक थियो ताकि उहाँले उनीहरूलाई मन्ना (स्वर्गको रोटी) खुवाउन सुरुवात गर्न सक्नुभएकोहोस् । अखमिरी रोटीलाई हेर्ने हो भने हामीले डाम र घोचेको देख्छौँ । ख्रीष्टियनहरूका निम्तो यसले हाम्रो प्रभु येशू ख्रीष्टको याद दिलाउँछ, जो हामी सहभागी हुने जीवनको रोटी हुनुहुन्छ । *"तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।"* (यशैया ५३:५)

येशू र उहाँका चेलाहरू अन्तिम भोज खानलाई बसेका टेबल ढल्कने टेबल वा टेबलको तीनतिर बस्न मिल्ने गरी राखिएको थियो । खानाको अवधिमा, देब्रे हातमाथि अडेस लागेर दाहिने हातले खाने चलन थियो । देब्रेतिरको टेबलको भाग सबैभन्दा महत्त्वपूर्ण हुन्थ्यो । अतिथि सत्कार गर्ने व्यक्ति उसको दाहिने र देब्रेतिर आदरनिय व्यक्तिहरूसहित (#२यहूदा र #३- यूहन्ना) छेउको दोस्रो स्थानमा बस्थ्यो (#१- येशू) र टेबलको दाहनेतिर छेउमा कम महत्त्वका व्यक्तिलाई (#४- पत्रुस) बसालिन्थ्यो । अन्तिम भोजभन्दा केही समयअघि यी आदरका पदहरूबारे बहस चलेको थियो ।




## परमेश्वरको राज्यमा महान्

मत्ती २०:२०-२३; मर्कूस १०:३५-४०

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तब जब्दियाका छोराहरूकी आमा[174]ले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँड़ा टेकी उहाँसँग बिन्ती गरिन् । उहाँले तिनलाई सोध्नुभयो, "तिमी के चाहन्छ्यौ?" तिनले उहाँलाई भनिन्, "आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरू[175]मध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन् ।" जब्दियाका दुई छोराहरू, याकूब र यूहन्ना उहाँकहाँ आएर भने, "गुरुज्यू, हामी तपाईंसँग जे माग्छौं तपाईंले

[174] सलोमी- कन्या मरियमकी बहिनी, येशूको आफ्नै आमाकी दीदिबहिनी ।

[175] जब्दियाका छोराहरू याकूब र यूहन्ना ।

हाम्रा निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ ।" उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूका निम्ति म के गरिदिऊँ भन्ने तिमीहरूको इच्छा छ?" तिनीहरूले उहाँलाई भने, "तपाईंको महिमामा हामीमध्ये एक जना तपाईंको दाहिनेपट्टि र अर्को तपाईंको देब्रेपट्टि बस्न पाउने मन्जूरी हामीलाई दिनुहोस् ।" तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू के माग्दछौ सो तिमीहरू जान्दैनौ । के जुन कचौरा म पिउँछु, त्यो तिमीहरू पिउन सक्छौ? अथवा जुन बप्तिस्मा मैले लिएको छु, त्यो बप्तिस्मा तिमीहरू लिन सक्छौ?" तिनीहरूले उहाँलाई भने, "हामी सक्छौं ।" येशूले तिनीहरूलाई भन्नुभयो, "जुन कचौरा म पिउँछु त्यो तिमीहरू पिउनेछौ, र जुन बप्तिस्मा मैले लिएको छु त्यो बप्तिस्मा तिमीहरू लिनेछौ । तर मेरो दाहिनेपट्टि र मेरो देब्रेपट्टि बस्न दिनुचाहिँ मैले दिने होइन, यो त जस-जसको निम्ति तयार भइराखेको छ, तिनीहरूकै निम्ति हो ।"

## येशूले फरिसीको घरमा सिकाउनुहुन्छ

लूका १४:७-११

*मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि भोजमा आएका अतिथिहरूले आदरको स्थान छानेका देखेर उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो: "विवाहको भोजमा तिमीले कसैको निम्तो पायौ भने आदरका स्थानमा नबस । तिमीभन्दा बढ़ी प्रतिष्ठित व्यक्तिले त्यहाँ निम्तो पाएका होलान् । तिमीलाई र तिनलाई निम्तो दिने मेजमानले आएर तिमीलाई भन्नेछ, 'यिनलाई बस्ने ठाउँ देऊ,' र तिमीचाहिँ लज्जित भएर सबैभन्दा तल्लो स्थानमा बस्नुपर्नेछ । तर जब तिमीले निम्तो पाउँछौ, गएर तल्लो ठाउँमा बस, र मेजमानले आएर तिमीलाई भन्नेछ, 'ए मित्र, माथि गएर बस्नोस् ।' त्यस बेला तिमीसँग खान बस्नेहरूका सामुन्ने तिम्रो इज्जत हुनेछ[176] । किनकि हरेक जसले आफूलाई उच्च तुल्याउँछ, त्यो होच्याइनेछ, र आफूलाई होच्याउनेचाहिँ उच्च पारिनेछ ।"

[176] येशू मृतकबाट जीवित हुनुभएपछि उहाँले पत्रुसलाई बोलाउनुभयो, जसले अन्तिम भोजमा सबैभन्दा कम आदरको आसन बसेका थिए उनलाई मि आऊ भन्नुभयो । येशूले पत्रुसलाई भेडाको गोठालो बनाएर उसलाई आदरको स्थान दिनुभयो । (यूहन्ना २१:१५-१७)

## सिडर (Seder)
## रोटी भाँचेको[177]

<u>मत्ती २६:२०-३०; मर्कूस १४:१७-२६; लूका २२:१४-३०; यूहन्ना १३:१-१७:२६</u>

### अन्तिम भोज[178]

मत्ती २६:२०; मर्कूस १४:१७; लूका २२:१४-१६; यूहन्ना १३:१

*मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ अप्रिल २२ तारिख, मंगलबार साँझ (अबिब/निसान १४) [हप्को चौथो दिन] निस्तार-चाड़को अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो। अनि जब बेला भयो, तब उहाँ प्रेरितहरूसँग भोजन गर्न बस्नुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै यो निस्तार-चाड़[179]को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो भोज फेरि खानेछैनँ।"

कादेशः उत्सवको दिनको पवित्रीकरण वा आशिष्‌को प्रार्थना

- दाखमद्यको पहिलो कचौरा[180]लाई आशिष् दिइन्छ[181]

---

[177] अखमिरी रोटी। खमिर भ्रष्ट तुल्याउने वस्तु हो, जसले रोटीमा परिवर्तन ल्याउँछ। हिब्रूहरूको मामिलामा उनीहरूको खमिरकोस स्रोत मिश्र थियो। परमेश्वरले उनीहरूलाई मिश्रबाट छुटकारा दिन लाग्नुभएको हुनाले, उहाँले खमिर (मिश्र- उनीहरूका विगतको जीवन)लाई पूर्ण रूपमा हटाउनु आवश्यक थियो ताकि उहाँले उनीहरूलाई मन्ना (स्वर्गको रोटी) खुवाउन सुरुवात गर्न सक्नुभएकोहोस्। अखमिरी रोटीलाई हेर्ने हो भने हामीले डाम र घोचेको देख्छौँ। ख्रीष्टियनहरूका निम्तो यसले हाम्रो प्रभु येशू ख्रीष्टको याद दिलाउँछ, जो हामी सहभागी हुने जीवनको रोटी हुनुहुन्छ। *"तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं।"* (यशैया ५३:५)

[178] अन्तिम भोज। येशूले आफ्ना चेलाहरूसँग खानुभएको खाना जुन रात उहाँहरूले अर्को साँझ सुरु हुने यहूदी निस्तारको विधि अनुशरण गर्नुभएको देखिन्छ। यसै विधिलाई "सिडर" भनिन्छ जसको अर्थ "क्रम" हुन्छ। यसलाई यस्तो नाम दिइएको किनभने त्यो खाना सहभागी हुने व्यक्ति अनुशरण गर्नुपर्ने एउटा निर्दिष्ट क्रम छ। सेवाको क्रमलाई पादटिप्पणी उल्लेख गरिन्छ, जसमा हिब्र नामसहित रिवाज खाना र यसको छोटो व्याख्या हुन्छ।

[179] यो निस्तारले अर्को साँझ हुने यहूदी निस्तारलाई होइन प्रभुको निस्तारलाई जनाउँछ।

[180] दाखमद्यको पहिलो कचौरा पवित्रीकरण वा पवित्रताको कचौरा हो। (*म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु।*) ख्रीष्टियनहरूका निम्ति पवित्रताको जीवनको निम्ति अलग गरेर यस संसाको बन्धनबाट छुटकारा दिने परमेश्वरको प्रतिज्ञालाई दर्शाउँछ।

[181] आदर्श प्रार्थनाचाहिँ "हे ब्रम्हाण्डका शासक परमप्रभु परमेश्वर तपाईं धन्यको हुनुहुन्छ, जसले दाखको फल सृष्टि गर्नुभयो" भन्ने हुन्छ।

## पहिलो कचौरा[182]

### "किद्दुश"[183]

लूका २२:१७-१८

*मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

> तब कचौरा लिएर धन्यवाद चढ़ाउनुभएपछि उहाँले भन्नुभयो, "यो लेओ, र तिमीहरू आपसमा बाँड़ । किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ ।"

ऊर-हाट्जः धोएर शुद्धिकरण ।

- सहभागीहरूले खानामा सरिक हुनअघि उनीहरूका हातहरू र गोडाहरू विधिवत रूपमा धुन्छन्[184] ।

## येशूले उहाँका चेलाहरूका गोडा धुनुहुन्छ

### "ऊर-हट्ज[185]

यूहन्ना १३:२-१७

*मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि बेलुकीको भोजनको बेला दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो । पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँदथियो । अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो । तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न लाग्नुभयो । जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, "प्रभु, के तपाईंले मेरा गोडा धुने?" येशूले तिनलाई जवाफ दिनुभयो, "म के गर्दैछु तिमी अहिले जान्दैनौ, तर पछि बुझ्नेछौ ।" पत्रुसले उहाँलाई भने, "तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन ।" येशूले तिनलाई जवाफ दिनुभयो, "मैले धोइदिइनँ भनेता मसित तिम्रो केही हिस्सा हुनेछैन ।" सिमोन पत्रुसले

[182] पहिलो कचौरा । खानाको अवधिमा हरेकलाई ४ कचौरा दाखमद्य दिइन्थ्यो । दाखमद्यको हरेककचौराले उहाँका मानिसहरूप्रति परमेश्वरको उद्धारको एउटा अभिव्यक्तिलाई दर्शाउने धर्मशास्त्रलाई संकेत गर्छ । दाखमद्यको पहिलो कचौरा पवित्रीकरण वा पवित्रताको कचौरा हो । (*म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु ।*) ख्रीष्टियनहरूका निम्ति पवित्रताको जीवनको निम्ति अलग गरेर यस संसाको बन्धनबाट छुटकारा दिने परमेश्वरको प्रतिज्ञालाई दर्शाउँछ ।

[183] किद्दुस । उत्सवको दिनको पवित्रिकरण वा आशिष्को प्रार्थना । आदर्श प्रार्थनाचाहिँ "हे ब्रम्हाण्डका शासक परमप्रभु परमेश्वर तपाईं धन्यको हुनुहुन्छ, जसले दाखको फल सृष्टि गर्नुभयो" भन्ने हुन्छ ।

[184] *आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़ । (यशैया :१६)*

[185] ऊर-हट्ज । धोएर शुद्धिकरण । *आफूलाई धोएर चोखो पार । मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़ । (यशैया :१६)*

उहाँलाई भने, “हे प्रभु, मेरा गोडा मात्र होइन, तर मेरा हात र शिरसमेत धोइदिनुहोस् ।” येशूले तिनलाई भन्नुभयो, “नुहाइसकेको मानिसलाई गोडाबाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ । अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन ।” किनभने उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो । यसैकारण उहाँले भन्नुभएको थियो, “तिमीहरू सबै शुद्ध छैनौ ।” तिनीहरूका गोडा धोइसक्नुभएपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो । तब उहाँले तिनीहरूलाई भन्नुभयो, “के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरें? तिमीहरू मलाई ‘गुरु र प्रभु’ भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ । यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक-अर्काका गोडा धुनुपर्छ, किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर । साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन । यदि तिमीहरूले यी कुरा जान्यौ र ती गर्‍यौ भने, तिमीहरू धन्य हुनेछौ ।

कर्पसः सागसब्जी- पहिलो पटक डुबाउने ।

- नून-पानीमा एउटा हरियो सब्जी डुबाएर सहभागीहरूले खान्छन् । यसले यहूदीहरूलाई निस्तारअघिको जीवन (हरियो सब्जी)चाहिँ आँसु(नून-पानी)ले भरिएको थियो भन्ने याद दिलाउँछ ।

## खमिर प्रकट गरिन्छ

**“कर्पस”**[186]

मत्ती २६:२१-२५; मर्कूस १४:१८-२१; लूका २२:२१-२३; यूहन्ना १३:२१-२२

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश” बाट लिइएको वचन खण्ड*

“मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु । तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि ‘मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो ।’[187] “यो हुन अघि अहिले नै म तिमीहरूलाई भन्दछु, ताकि जब त्यो हुन आउँछ, म उही नै हुँ भनेर तिमीहरूलाई विश्वास होस् । साँच्चै म तिमीहरूलाई भन्दछु, ‘जसलाई म पठाउँदछु, उसलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, अनि मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ’ ।” यी कुरा भनेपछि येशू आत्मामा व्याकुल हुनुभयो र उहाँले गवाही दिई भन्नुभयो, “साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये एक जनाले मलाई पक्राइदिनेछ ।” उहाँले कसको विषयमा भन्नुभएको हो भनी अनिश्चित भएर चेलाहरूले एक-अर्कालाई हेराहेर गरे । तब तिनीहरू साह्रै दुःखित भएर प्रत्येकले उहाँलाई सोध्न लागे, “प्रभु, के त्यो म

[186] कर्पस- पहिलो डुबाउने । नून-पानीमा एउटा हरियो सब्जी डुबाएर सहभागीहरूले खान्छन् । यसले यहूदीहरूलाई निस्तारअघिको जीवन (हरियो सब्जी)चाहिँ आँसु(नून-पानी)ले भरिएको थियो भन्ने याद दिलाउँछ ।

[187] भजनसंग्रह ४१:९ ।

हुँ?" अनि उहाँले भन्नुभयो, "जसले मसँगै थालमा रोटी चोपेको छ, त्यसैले मलाई पक्राइदिनेछ । मानिसको पुत्र त उसको विषयमा धर्मशास्त्रमा लेखेबमोजिम जानेछ । तर धिक्कार त्यस मानिसलाई, जसद्वारा मानिसको पुत्र पक्राइनेछ । त्यो मानिस त नजन्मिएकै भए त्यसको निम्ति असल हुनेथियो ।" तब उहाँलाई पक्राइदिने यहूदाले सोध्यो, "गुरुज्यू, के त्यो म हुँ?" उहाँले त्यसलाई भन्नुभयो, "तिमी आफैले भन्यौ ।"
**मेररः** तितो झार- दोस्रो पटक डुबाउने ।

- तितो झार (कुनै किसिमको साग)लाई गुलियो मिश्रण[188]मा डुबाएर सहभागीहरूले खान्छन् ।

## खमिर हटाइन्छ
## मेरर[189]

यूहन्ना १३:२३-३०

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

उहाँका चेलाहरूमध्ये येशूले प्रेम गर्नुहुने चेलाचाहिँ येशूको छातीमा अड़ेस लागिरहेका थिए । तब सिमोन पत्रुसले तिनलाई इशारा गरेर सोधे, "उहाँले यो कसको विषयमा भन्नुभएको हो?" येशूको छातीमा त्यसरी अड़ेस लागेर नै तिनले उहाँलाई सोधे, "प्रभु, त्यो को हो?" येशूले जवाफ दिनुभयो, "जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु, त्यो त्यही हो ।" तब उहाँले रोटीको टुक्रा चोप्नुभयो, र निकालेर त्यो सिमोनको छोरो यहूदा इस्करियोतलाई दिनुभयो । रोटीको टुक्रा लिएपछि शैतान त्यसभित्र पस्यो[190] । तब येशूले त्यसलाई भन्नुभयो, "तिमीलाई जे गर्नु छ, सो चाँड़ै गरिहाल ।" तर उहाँले किन त्यसलाई यसो भन्नुभयो भनी भोजन गर्न बसेकाहरू कसैले पनि बुझेनन् । किनभने कसै-कसैले यो सोचे, कि यहूदासँग पैसाको थैलो छ, यसैले येशूले

[188] यो समिश्रण (ह्यारोसेट)चाहिँ स्याउ, मह, ओखर र दाखमद्य मसाएर बनाइन्छ । यहूदीहरूले मिश्रमा ईंटा र माटोको काम गर्नुपर्थ?यो भनी यसले उनीहरूलाई याद दिलाउँछ । तीतो कुरालाई गुलियो समिश्रणमा डुबाएको कुराले चाहिँ उनीहरूसित भएको परमेश्वरप्रतिको आशाले अत्यन्त तितो परिस्थितिलाई पनि गुलियो बानउँछ भन्ने उनीहरूलाई याद दिलाउँछ ।

[189] मेरर- दोस्रो पटक डुबाउने । तितो झार (कुनै किसिमको साग)लाई गुलियो मिश्रणमा डुबाएर सहभागीहरूले खान्छन् । यो समिश्रण (ह्यारोसेट)चाहिँ स्याउ, मह, ओखर र दाखमद्य मसाएर बनाइन्छ । यहूदीहरूले मिश्रमा ईंटा र माटोको काम गर्नुपर्थ?यो भनी यसले उनीहरूलाई याद दिलाउँछ । तीतो कुरालाई गुलियो समिश्रणमा डुबाएको कुराले चाहिँ उनीहरूसित भएको परमेश्वरप्रतिको आशाले अत्यन्त तितो परिस्थितिलाई पनि गुलियो बानउँछ भन्ने उनीहरूलाई याद दिलाउँछ ।

[190] शैतान त्यसभित्र पस्यो । येशूका चेलाहरूले सबै खमिरहरू हटाएर निस्तारक निम्ति घर तयार पारेका थिए तर उनीहरूले भौतिक अर्थमा मात्र यसो गरे भन्ने कुरालाई ख्याल गर्नुपर्छ । येशू घरको मुख्य व्यक्ति भएको हैसियतले मुख्य खानाअघि यो कार्यको आत्मिक पाटो पूरा गर्नुभयो । उहाँले यो चेकाहरूको हृदय खोजि गरेर पूरा गर्नुभयो र उहाँले यहूदाको हृदयमा खमिर (भ्रष्टता, पाप वा शैतानको प्रतिनिधि) भेट्टाउनुभयो । त्यसपछि येशूले आफ्नो घरबाट खमिरलाई हटाउन यहूदालाई जाऊ भनी आज्ञा गर्नुभयो ।

त्यसलाई चाड़को निम्ति चाहिएको सामग्री किनोस्, अथवा त्यसले गरीबहरूलाई केही देओस् भन्नुभएको हो । तब रोटीको टुक्रा लिएपछि यहूदा इस्करियोत तुरुन्तै बाहिर निस्किहाल्यो । त्यस बेला रात परेको थियो । जब त्यो बाहिर गयो तब येशूले भन्नुभयो, "अब मानिसको पुत्र महिमित भएको छ, र परमेश्वर उसमा महिमित हुनुभएको छ । यदि परमेश्वर उसमा महिमित हुनुभएको छ भने परमेश्वरले आफैमा उसलाई महिमित पार्नुहुनेछ, अनि उसलाई तुरुन्तै महिमित तुल्याउनुहुनेछ ।

याचाट्जः रोटी भाँच्ने ।

- सेतो सुतीको कपडाभित्रबन्द गरेर राखेका ३ टुक्रा रोटी निकालिन्छ र बीचको एउटालाई भाँचिन्छ । यी अझ ठुला २ वटालाई त्यो भोज पूरा नभएसम्म लुकाएर राखिन्छ । यसलाई मिठाइको रूपमा खाइन्छ । त्यो भाँचिएको सानो रोटी र ती मौलिक दुई वटा रोटीलाई फेरि सेतो सुतीको कपडामा बन्द गरिन्छ । यिनीहरूलाई मोट्जि, माट्जाको रूपमा चिनिने त्यो भोजको मुख्यभागमा खाइन्छन् ।

## तीन वटामा एउटा प्रकट गरिन्छ
## याचाट्ज[191]

लूका २२:१९

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।"

म्याग्गिडः निस्तारको घटना बाताउने ।

---

[191] याचाट्ज- याचाट्जमा सेतो सुतीको कपडामा बाँधिएका मेट्जोस(अखमिरी रोटी)लाई बाहिर निकालिन्छ । बीचको माट्जा (रोटी)लाई २ टुक्रा बनाएर भाँचिन्छ । (यो पहिलो भँचाइ हो) ती दुई टुक्रा बनाएर भाँचिएका रोटीलाई अर्को दुई वटा सिङ्गो रोटीहरूसँगै सेतो सुतीको कपडामा बन्द गरिन्छ । यिनीहरूलाई मोट्जि,माट्जाहको रूपमा चिनिने मुख्य भोजको हिस्साको अवधिमा खाइन्छ । (यो दोस्रो भँचाइ हो) पहिलो भँचाइबाट लुकाइएका २ वटा रोटीहरूलाई भोजको अन्त्यसम्म राखिन्छ । यसलाई टजुउनको रूपमा चिनिने सिडरको हिस्साको रूपमा खाइन्छ । (यो तेस्रो भँचाइ हो)

यहूदीहरूलाई सिडरको यस भगाको महत्त्वलाई बताउन प्रायः कठिन हुन्छ । धेरै तीन वटा एक अर्थात् एकताको प्रतिनिधित्व गर्छ भनी धेरै स्वीकार गर्छन् । यसले परमेश्वरका ३ वटा नामहरूलाई जानउँछ भन्न सक्छन् । वा अब्राहाम, ईसहाक र याकूबलाई जनाउँछ भन्न पनि सक्छन् ।

हामी ख्रिष्टियनहरूका निम्तिचाहिँ ती ३ वटा मेट्जोसले पिता, पुत्र र पवित्र आत्मालाई दर्शाउँछ । यी ३ वटै रोटी खमिर(भ्रष्टता)विनाको र उही वस्तुबाट बनेका हुन् । यिनीहरू फरक-फरक रूपमा रहे पनि एउटा हुन् । सेतो सुतीको कपडाले बेह्रिएको कुराले चाहिँ उहाँको स्वर्गीय वासस्थानलाई जनाउँछ, जुनचाहिँ शुद्ध र पवित्र छ । स्वर्गबाट परमेश्वर प्रकट हुनुहुँदा बीचको भाँचिएको रोटीले पुत्रलाई दर्शाउँछ जो उहाँमा सहभागी हुन्छ ती सबैको निम्ति उहाँ जीवनको रोटी (मन्ना) हो । भाँचिएको रोटीलाई सेतो कपडामा फर्काएर बेह्रिएको कुराले पुत्रको मृतकबाट पुनरुत्थान र स्वर्ग आरोहणलाई दर्शाउँछ । मुख्य भोजको अन्तमा बालबालिकाहरूले त्यो लुकाइएको मेट्जाहलाई खोज्छन् र जसले यसलाई भेट्टाउँछ उसलाई ईनाम दिइन्छ । यसले उहाँको पुनरुत्थानपछि उहाँले भेट्ने बालबालिकाहरू (ख्रीष्टियनहरू)लाई जानउँछ । बुबाहरू (यहूदीहरू) उहाँको दोस्रो आगमनमा उहाँसँग सहभागी हुन्छन् ।

- निस्तारको घटना प्रस्थानको पुस्तकमा उपलब्ध छ (प्रस्थान ३:१-६:१-१२, २८-३९-१३:१६ _ वास्तविक निस्तार चाडको खण्डः प्रस्था ११:१-१२:४०) परमेश्वरले उहाँका मानिसहरूलाई दासत्वबाट कसरी छुटकारा दिनुभयो र उनीहरूलाई प्रतिज्ञाको मुलुकमा लानुभयो भनी बताउँछ ।
- दाखमद्यको दोस्रो कचौरा ।

## दोस्रो कचौरा[192]

### "म्याग्गिड"[193]

माह निस्तानाहः चार प्रश्नहरू ।

- ४ वटा प्रश्नहरू म्याग्गिड(निस्तार घटना)को हिस्सा हो र यी सामनायतयाः बालबालिकाहरूले सोध्छन् । प्रश्नहरू यसरी सोधिन्छ कि जवाफहरूले निस्तारको सारा वृत्तान्त नै बताओस् ।

चेलाहरूले येशूला सोधेका ४ प्रश्नहरूः

सिमोन पत्रुस – "प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?"

थोमा – "प्रभु, तपाईं कता जाँदैहुनुहुन्छ भन्ने हामीलाई थाहा छैन, तब हामीले बाटो कसरी चिन्ने?"

फिलिप – "प्रभु, हामीलाई पिता देखाउनुहोस् र यो नै हामीलाई पर्याप्त हुनेछ ।"

यहूदा (स्करियोत होइन) – "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?"

## एउटा नयाँ आज्ञा

यूहन्ना १३:३०-३५

तब रोटीको टुक्रा लिएपछि यहूदा इस्करियोत तुरुन्तै बाहिर निस्किहाल्यो । त्यस बेला रात परेको थियो । जब त्यो बाहिर गयो तब येशूले भन्नुभयो, "अब मानिसको पुत्र महिमित भएको छ, र परमेश्वर उसमा महिमित हुनुभएको छ । यदि परमेश्वर उसमा महिमित हुनुभएको छ भने परमेश्वरले आफैमा उसलाई महिमित पार्नुहुनेछ, अनि उसलाई तुरुन्तै महिमित तुल्याउनुहुनेछ । "साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु! तिमीहरूले मलाई खोज्नेछौ, र जसो मैले यहूदीहरूलाई भनें, अब तिमीहरूलाई पनि म भन्दछु, 'जहाँ म गइरहेछु, तिमीहरू आउन सक्दैनौ ।' "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई

---

[192] दोस्रो कचौरा- दाखमद्यको दोस्रो कचौरा न्याय वा शिक्षाको कचौरा हो (*आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु ।*) ख्रीष्टियनहरूका निम्ति निस्तारको घटान सुसमाचार हो । अर्को शब्दमा भन्दा येशूले हामीलाई छुटकारा दिन कसरी क्रूसमा उहाँका हातहरू पसार्नुभयो ।

[193] म्याग्गिड- परमेश्वरले उहाँका मानिसहरूलाई दासत्वबाट कसरी छुटकारा दिनुभयो र उनीहरूलाई प्रतिज्ञाको मुलुकमा लानुभयो भनी निस्तारको घटना बताउने ।

त्यस्तै प्रेम गर । यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ ।"

## चार प्रश्नहरू
## माह निश्तानाह[194]
## पहिलो प्रश्न

यूहन्ना १३:३६-१४:४

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?" येशूले जवाफ दिनुभयो, "म जहाँ गइरहेछु, तिमी अहिले मलाई पछ्याउन सक्दैनौ, तर पछि त तिमीले मलाई पछ्याउनेछौ ।" पत्रुसले उहाँलाई भने, "प्रभु, म किन अहिले नै तपाईंलाई पछ्याउन सक्दिनँ? तपाईंको निम्ति म आफ्नो प्राण दिनेछु ।" येशूले जवाफ दिनुभयो, "के तिमी आफ्नो प्राण मेरो निम्ति दिनेछौ? साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीन पल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन ।" "तिमीहरूको हृदय व्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर । मेरा पिताको घरमा[195] बस्ने ठाउँहरू धेरै छन् । त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ । जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ ।"

## दोस्रो प्रश्न

यूहन्ना १४:५-७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

थोमाले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ, हामी जान्दैनौं, तब हामीले बाटो कसरी चिन्ने?"

- [194] चार वटा प्रश्नहरू म्यागिड(निस्तार घटना)को हिस्सा हो र यी सामनायतयाः बालबालिकाहरूले सोध्छन् । प्रश्नहरू यसरी सोधिन्छ कि जवाफहरूले निस्तारको सारा वृत्तान्त नै बताओस् ।

  चेलाहरूले येशूला सोधेका ४ प्रश्नहरूः

  सिमोन पत्रुस – "प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?"

  थोमा – "प्रभु, तपाईं कता जाँदैहुनुहुन्छ भन्ने हामीलाई थाहा छैन, तब हामीले बाटो कसरी चिन्ने?"

  फिलिप – "प्रभु, हामीलाई पिता देखाउनुहोस् र यो नै हामीलाई पर्याप्त हुनेछ ।"

  यहूदा (स्करियोत होइन) – "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?"

[195] मेरो पिताको घर । "स्वर्ग ।"

येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ[196] । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन । तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ । अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ ।"

## तेस्रो प्रश्न

यूहन्ना १४:८-१४

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ । मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ । नत्रभने यी कामहरूकै खातिर विश्वास गर । "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु । तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु ।

## मेरा आज्ञाहरू पालन गर

यूहन्ना १४:१५-२१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ । र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ । तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ ।

"म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ । म तिमीहरूकहाँ आउनेछु । अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौ । म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ । त्यस दिन तिमीहरूले जान्नेछौ, कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा छु । मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती

[196] "बाटो, सत्य र जीवन म नै हुँ । यो येशू छैठौँ "म हुँ" कतन हो ।

पालन गर्दछ । अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ । म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु ।"

## चौथो प्रश्न

यूहन्ना १४:२२-२६

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

यहूदाले (इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?" येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं । मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन । जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो । "यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको हुँ । तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ ।

मोट्जि, मेट्जाहः अखमिरी रोटी बाँड्ने ।

- मुख्य भोजको सुरुवातमा याचाट्जामा सेतो सुती कपडामा फर्काएर राखिएको अखमिरी रोटीलाई फेरि ल्याइन्छ, भाँचिन्छ र सबैलाई बाँडिन्छ ।
- दाखमद्यको तेस्रो कचौरा ।

## तेस्रो कचौरा[197]

## "मोट्जि, मेट्जाह"[198]

मत्ती २६:२६-२९; मर्कूस १४:२२-२५

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, "लेओ, खाओ, यो मेरो शरीर हो ।" तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, "तिमीहरू सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बगाइन्छ । तर म तिमीहरूलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ ।"

शुल्हान ओरिखः मुख्य भोज(खाना)।

---

[197] तेस्रो कचौरा- दाखमद्यको तेस्रो कचौरा आशिष् वा उद्धारको कचौरा हो (*म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु ।*)

[198] मोट्जि, मेट्जाह- २ वटा अखमिरी रोटीहरू र स-साना टुक्राहरू, जसलाई पहिलो भँचाइ (याचाट्जा)बाट बचाएर राखिएको थियो त्यसलाई फेरि बाहिर ल्याइन्छ, भाँचिन्छ र सबैलाई बाँडिन्छ ।

- मुख्य खाना खाँदैगर्दा सहभागीहरूले यसलाई रोटी भँचाइको विषयबारे अतिरिक्त छलफल वा सामजिक समयको रूपमा प्रयोग गर्छन् ।

## महान् को

लूका २२:२४-३०

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अब तिनीहरूमध्ये सबैभन्दा प्रमुख को गनिने हो भनी चेलाहरूका बीचमा वाद-विवाद हुन लाग्यो । उहाँले तिनीहरूलाई भन्नुभयो, "अन्यजातिका राजाहरूले तिनीहरूमाथि प्रभुत्व गर्छन्, र तिनीहरूमाथि अधिकार चलाउनेहरू 'उपकारी' भनिन्छन् । तर तिमीहरूचाहिँ यस्तो नहोओ । तिमीहरूमध्ये जो ठूलो छ, त्यो सानो बनोस्, र अगुवा हुनेले चाहिँ सेवा गरोस् । किनभने ठूलो को हो? भोजन खान बस्ने कि सेवा गर्ने? के भोजन खान बस्ने होइन? तर म तिमीहरूका बीचमा एक जना सेवा गर्नेजस्तै छु । "तिमीहरूचाहिँ मेरो परीक्षामा मलाई साथ दिनेहरू हौ । जसरी मेरा पिताले मलाई एउटा राज्य दिनुभयो, म पनि तिमीहरूलाई दिन्छु, ताकि मेरो राज्यमा तिमीहरू मेरो टेबिलमा खाने र पिउनेछौ, र इस्राएलका बाह्र कुलको न्याय गरेर सिंहासनहरूमा बस्नेछौ ।

## पत्रुसको बारे अगमवाणी

लूका २२:३१-३४

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ ।" अनि पत्रुसले उहाँलाई भने, "हे प्रभु, म तपाईंसँग झ्यालखानमा र मृत्युसम्मै जान तयार छु ।"

अनि उहाँले भन्नुभयो, "पत्रुस, म तिमीलाई भन्दछु, तिमीले मलाई चिन्दिनँ भनेर तीन पल्ट अस्वीकार नगरुञ्जेल आज भाले बास्नेछैन ।"

जेफनः छुटकाराको मोलको अफिकोमेन (ग्रीक शब्दको अर्थ "मिठाइ")।

- अखमिरी रोटीलाई पहिलो पटक भाँचेर त्यसबाट प्राप्त टुक्रा, जसलाई बालबालिकाहरूले खोजेर पत्ता लगाउँछन् । त्यसपछि यसलाई उद्धार गरिन्छ, भाँचिन्छ र सबैलाई बाँडिन्छ ।

## तीन वटामा एउटा प्रकट गरिन्छ

**"याचाट्जा"**[199]

लूका २२:१९[200]

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

## म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु

**"बेरिख"**[201]

यूहन्ना १४:२७-३१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

शान्ति म तिमीहरूसँग छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ । तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस् । "मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ । तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ । अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक । म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ । त्यसको ममाथि केही शक्ति छैन । तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस् । उठ, हामी यहाँबाट जाऔं ।"

## ममा रहो

[199] याचाट्ज- याचाट्जमा सेतो सुतीको कपडामा बाँधिएका मेट्जोस(अखमिरी रोटी)लाई बाहिर निकालिन्छ । बीचको माट्जा (रोटी)लाई २ टुक्रा बनाएर भाँचिन्छ । (यो पहिलो भँचाइ हो) ती दुई टुक्रा बनाएर भाँचिएका रोटीलाई अर्को दुई वटा सिङ्गो रोटीहरूसँगै सेतो सुतीको कपडामा बन्द गरिन्छ । यिनीहरूलाई मोट्जि,माट्जाहको रूपमा चिनिने मुख्य भोजको हिस्साको अवधिमा खाइन्छ । (यो दोस्रो भँचाइ हो) पहिलो भँचाइबाट लुकाइएका २ वटा रोटीहरूलाई भोजको अन्त्यसम्म राखिन्छ । यसलाई टजुउनको रूपमा चिनिने सिडरको हिस्साको रूपमा खाइन्छ । (यो तेस्रो भँचाइ हो)

यहूदीहरूलाई सिडरको यस भगाको महत्त्वलाई बताउन प्रायः कठिन हुन्छ । धेरै तीन वटा एक अर्थात् एकताको प्रतिनिधित्व गर्छ भनी धेरै स्वीकार गर्छन् । यसले परमेश्वरका ३ वटा नामहरूलाई जानउँछ भन्न सक्छन् । वा अब्राहाम, ईसहाक र याकूबलाई जनाउँछ भन्न पनि सक्छन् ।

हामी ख्रिष्टियनहरूका निम्तिचाहिँ ती ३ वटा मेट्जोसले पिता, पुत्र र पवित्र आत्मालाई दर्शाउँछ । यी ३ वटै रोटी खमिर(भ्रष्टता)विनाको र उही वस्तुबाट बनेका हुन् । यिनीहरू फरक-फरक रूपमा रहे पनि एउटा हुन् । सेतो सुतीको कपडाले बेह्रिएको कुराले चाहिँ उहाँको स्वर्गीय वासस्थानलाई जनाउँछ, जुनचाहिँ शुद्ध र पवित्र छ । स्वर्गबाट परमेश्वर प्रकट हुनुहुँदा बीचको भाँचिएको रोटीले पुत्रलाई दर्शाउँछ जो उहाँमा सहभागी हुन्छ ती सबैको निम्ति उहाँ जीवनको रोटी (मन्ना) हो । भाँचिएको रोटीलाई सेतो कपडामा फर्काएर बेह्रिएको कुराले पुत्रको मृतकबाट पुनरुत्थान र स्वर्ग आरोहणलाई दर्शाउँछ । मुख्य भोजको अन्तमा बालबालिकाहरूले त्यो लुकाइएको मेट्जाहलाई खोज्छन् र जसले यसलाई भेट्टाउँछ उसलाई ईनाम दिइन्छ । यसले उहाँको पुनरुत्थानपछि उहाँले भेट्ने बालबालिकाहरू (ख्रीष्टियनहरू)लाई जानउँछ । बुबाहरू (यहूदीहरू) उहाँको दोस्रो आगमनमा उहाँसँग सहभागी हुन्छन् ।

[200] यो पदलाई दुई पटक प्रयोग गरिन्छ किनभने पद २० मा लूकाले यसो भन्छन्, "त्यसैगरी... उनीहरूले खाइसेकपछि"

[201] बेरिख- खानापछिको अनुग्रह ।

यूहन्ना १५:१-११

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"साँचो दाखको बोट म हुँ[202], र मेरा पिता किसान हुनुहुन्छ । ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ । मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ । ममा रहो[203], र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ । यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ । कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैँ बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ । यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन् । तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ । तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ । "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु । तिमीहरू मेरो प्रेममा रहो । यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु । मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।

## मेरो आज्ञा

यूहन्ना १५:१२-१७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर । आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन । म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ । अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन । तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु । मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल

[202] साँचो दाखको बोट म हुँ । यो येशूको सातौँ "म हुँ" भनाइ हो ।

[203] ममा रहो । यूहन्ना ६:५३-५६ अनुसार, विश्वासीले येशूको मासु खाँदा येशूमा रहन्छ र विश्वासीले येशूको रगत पिउँदा येशू त्यसमा रहनुहुन्छ ।

रहिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ । म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर ।

## विनाकारण घृणा गरिएको

यूहन्ना १५:१८-२५

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो । यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो । तर तिमीहरू यस संसारका होइनौ । तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ । मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन ।' तिनीहरूले मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन् । तिनीहरूले मेरो वचन पालन गरे भने तिमीहरूको वचन पनि पालन गर्नेछन् । तर तिनीहरूले यी सब कुरा मेरो नाउँको खातिर तिमीहरूलाई गर्नेछन्, किनभने तिनीहरूले मलाई पठाउनुहुनेलाई चिन्दैनन् । म नआएको भए र तिनीहरूलाई नबताएको भए तिनीहरू पापको दोषी हुनेथिएनन्, तर अब त आफ्ना पापको निम्ति तिनीहरूसँग केही बहाना छैन । जसले मलाई घृणा गर्दछ, त्यसले मेरा पितालाई पनि घृणा गर्दछ । यदि अरू कसैले नगरेको काम मैले तिनीहरूका बीचमा नगरेको भए तिनीहरू पापको दोषी हुनेथिएनन् । तर अब तिनीहरूले मलाई र मेरा पिता दुवैलाई देखेका छन् र घृणा गरेका छन् । तर, व्यवस्थामा लेखिएको यो वचन पूरा हुनलाई यो भएको थियो, 'तिनीहरूले मलाई विनाकारण घृणा गरे ।'[204]

## पवित्र आत्माको प्रतिज्ञा

यूहन्ना १५:२६-१६:१६

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ ।" "तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ । तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन् । वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ । तिनीहरूले यी काम गर्नेछन्, किनभने

[204] भजनसंग्रह ३५:१९ र ६९:४

तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन् । तर यी कुरा मैले तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब तिमीहरूलाई के भनेथें सो तिमीहरूलाई स्मरण हुनेछ । पहिले नै मैले तिमीहरूलाई यी कुरा भनिनँ, किनकि म तिमीहरूसँग थिएँ । "अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर 'तपाईं कहाँ जाँदैहुनुहुन्छ?' भनी तिमीहरू कसैले मलाई सोध्दैनौ । तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ । तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ । किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु । अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ । पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ । र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ ।

"मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ । जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ । उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ । जे-जति पितासँग छन्, ती मेरा हुन् । यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ ।

## पिताले मलाई प्रेम गर्नुहुन्छ

यूहन्ना १६:१६-३३

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ ।" तब उहाँका कुनै-कुनै चेलाहरूले एक-अर्कालाई भने, "उहाँले हामीहरूलाई यो भन्नुभएको के हो? 'अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरू मलाई देख्नेछौ,' र 'किनकि म पिताकहाँ गइरहेछु' ।" तिनीहरूले भने, "उहाँले 'अलि बेर' भन्नुभएको के हो? हामी जान्दैनौ, उहाँ के भन्दैहुनुहुन्छ ।" तिनीहरूले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई थाहा भयो, र उहाँले भन्नुभयो, "'अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि अलि बेरपछि मलाई देख्नेछौ' भन्ने कुराको अर्थ के हो भन्ने विषयमा के तिमीहरू आपसमा बहस गरिरहेछौ? साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू रुनेछौ र विलाप गर्नेछौ, तर संसार रमाउनेछ । तिमीहरू शोकित हुनेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ । बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर जब

तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन् । यसरी नै अहिले तिमीहरूलाई शोक हुन्छ, तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन् । अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन । त्यो दिन तिमीहरूले मलाई केही सोध्नेछैनौ । साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ । अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग, अनि तिमीहरूले पाउनेछौ । यसरी तिमीहरूको आनन्द पूर्ण होओस् । "यी कुरा मैले तिमीहरूलाई दृष्टान्तमा भनेको छु । तर समय आइरहेछ, जब म तिमीहरूसँग फेरि दृष्टान्तमा बोल्नेछैनँ, तर पिताको विषयमा तिमीहरूलाई स्पष्ट बताउनेछु । त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ । म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ, किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ । म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरि म संसारलाई छोड़ेर पिताकहाँ जाँदैछु ।" उहाँका चेलाहरूले भने, "अब तपाईं स्पष्ट बोल्दैहुनुहुन्छ, दृष्टान्तमा होइन । अब हामीहरूले बुझ्यौं, तपाईं सबै कुरा जान्नुहुन्छ, अनि तपाईंलाई कसैले सोध्ने आवश्यकता छैन । यसैले हामी विश्वास गर्छौं, कि तपाईं परमेश्वरबाट आउनुभएको हो ।" येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरू अब विश्वास गर्दछौ? हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौ । तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्छ । मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस् । संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।"

निर्ट्जाहः अन्तिम आशिष् ।

- दाखमद्यको चौथो कचौरा ।[205]

## अन्तिम आशिष्

**"निर्ट्जाह"**[206] यूहन्ना ७:१-२६

[205] चौथो कचौरा- दाखमद्यको चौथो कचौरा प्रशंसा वा आशाको कचौरा हो (*अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ । म त्यो तिमीहरूको अधिकारमा दिनेछु । म परमप्रभु हुँ ।*) यसलाई एलियाको कचौरा पनि भनिन्छ र परमेश्वरका सबै प्रतिज्ञाहरू पूरा हुनलाई भविष्यतिर हेर्छ ।

[206] निर्ट्जाह- अन्तिम आशिष् ।

## *मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

यी कुरा भनिसक्नुभएपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस् । किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस् । अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् । जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु । अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस् । "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु । तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन् । तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो । किनभने जुन वाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन् । म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरेका छन् । म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई दिनुभएको छ । किनभने तिनीहरू तपाईंकै हुन् । मेरा सबै जे छन् तपाईंका हुन्, र तपाईंका जे छन् मेरा हुन् । मेरो महिमा तिनीहरूमा प्रकट भएको छ । "म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन् । मचाहिँ तपाईंकहाँ आइरहेछु । पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन् । जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें । तिनीहरूको रक्षा गरें । अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो । "तर अब म तपाईंकहाँ आइरहेछु । संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस् । मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गर्‍यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ । तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस् । तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ । तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो । जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु । तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन् । "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन् । हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई

पठाउनुभयो भनी संसारले विश्वास गरोस् । जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैँ तिनीहरू पनि एक होऊन् । म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् । "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो । "धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन् । मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ ।"

"हलेल"**:** (परमेश्वरको स्तुतिहोस्")

- सेवाको अन्तमा सहभागीहरूले भजनसंग्रह ११३ देखि ११८ लाई गाउँछन् जसलाई "हलेल" गाउनु भनिन्छ । ११८:२२-२९ पढ्नुहोस्:

जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा आश्चर्यमय छ । आजको दिन परमप्रभुले सृजनुभएको हो, यसमा हामी आनन्दित होऔं र रमाऔं । हे परमप्रभु, हामीलाई बचाउनुहोस्, हे परमप्रभु, हामीलाई सफलता दिनुहोस् । परमप्रभुको नाउँमा आउने धन्यको हो । परमप्रभुको भवनबाट हामी तिमीहरूलाई आशीर्वाद दिन्छौं । परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र उहाँले हामीमाथि आफ्नो प्रकाश चम्कन दिनुभएको छ । हातमा स्याउला लिएर शोभायात्रामा वेदीका सीङहरूसम्म हर्षसाथ जाओ । तपाईं मेरा परमेश्वर हुनुहुन्छ, र म तपाईंमा धन्यवाद चढ़ाउनेछु । तपाईं मेरा परमेश्वर हुनुहुन्छ, र म तपाईंलाई उच्च पार्नेछु । परमप्रभुलाई धन्यवाद चढ़ाओ, किनभने उहाँ भलो हुनुहुन्छ । उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।

एउटा भजन गाएपछि उहाँहरू जैतून डाँड़ातिर निस्केर जानुभयो । (मत्ती २६:३०)

## पाठ ५१
## रोटी भाँच्ने

**परिचयः**

येशूले अन्तिम भोजको अवधिमा रोटीहरू३ पटक[207] भाँच्नुभयो र ४ वटा दाखमदयको कचौरा पिउनुभयो[208] भन्ने हामीले गत पाठमा पत्ता लगायौँ । हामीले यस पाठमा रोटी र दाखमद्यको महत्त्वलाई हेर्नेछौँ ।

नयाँ करारमा "रोटी भाँच्नु" शब्दलाई पवित्र विधि[209]को सन्दर्भमा प्रयोग गरिन्छ, जसलाई ख्रीष्टियनहरूले प्रभु-भोजको रूपमा चिन्छन्, जसमा रोटी र दाखमद्य लिन्छन् । परम्परागत रूपमा, यस विधि[210]लाई केही नामहरू दिइएका छन् । ती यस प्रकार छन्:

- रोटी भाँच्नु ।
- कम्युनियन- मानिसहरू बीचको साझा सम्बन्ध वा संगति ।
- पवित्र विधि- परमेश्वर र विश्वासीहरू बीचको साझा सम्बन्धवा संगति ।
  *"जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु ।"*
- प्रभु-भोज ।
- प्रभुको टेबल ।
- खाद्य र पेय भेटी ।
- रोटी र दाखमद्य ।
- धन्य पवित्र विधि- असल शपथ वा प्रतिज्ञा ।
- अगाप्पे- प्रेम वा प्रिती भोज ।
- युलोजिया- आशिष् वा राम्रो बोल्नु ।
- युकारिस्ट- ग्रीक शब्द जसको अर्थ म आनन्द मनाउँछ वा धन्यवाद वा कृतज्ञता हुन्छ । यो शब्द येशूले अन्तिम भोजमा दिनुभएको धन्यवादबाट ल्याइएको हो ।

**धर्मशास्त्र पाठः**

मत्ती २६:२६-२९; मर्कूस १४:२२-२५; लूका २२:१४-२०

---

[207] याचाट्जमा सेतो सुतीको कपडामा बाँधिएका मेट्जोस(अखमिरी रोटी)लाई बाहिर निकालिन्छ । बीचको माट्जा (रोटी)लाई २ टुक्रा बनाएर भाँचिन्छ । (यो पहिलो भँचाइ हो) ती दुई टुक्रा बनाएर भाँचिएका रोटीलाई अर्को दुई वटा सिङ्गो रोटीहरूसँगै सेतो सुतीको कपडामा बन्द गरिन्छ । यिनीहरूलाई मोट्जि,माट्जाहको रूपमा चिनिने मुख्य भोजको हिस्साको अवधिमा खाइन्छ । (यो दोस्रो भँचाइ हो) पहिलो भँचाइबाट लुकाइएका २ वटा रोटीहरूलाई भोजको अन्त्यसम्म राखिन्छ । यसलाई टजुउनको रूपमा चिनिने सिडरको हिस्साको रूपमा खाइन्छ । (यो तेस्रो भँचाइ हो)

[208] चार वटा हरेक कचौराहरूका नामहरू छन् र यी पक्षहरूलाई प्रस्थान ६:६-८मा व्यक्त गरिन्छ:

१. पवित्रीकरण (पवित्रता)- *म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु ।*

२. न्याय (निर्देशन वा विपत्ति) - *आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु ।*

३. आशिष् (उद्धार)- *म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु ।*

४. एलिया (आशा वा प्रशंसा)- *अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ । म त्यो तिमीहरूको अधिकारमा दिनेछु । म परमप्रभु हुँ ।*

[209] यो शब्दको अर्थ "पवित्र कर्तव्य" हुन्छ ।

[210] यसलाई "आधिकारिक आदेश" भनेर पनि चिनिन्छ ।

## **अन्तिम भोज**[211]

मत्ती २६:२०; मर्कूस १४:१७; लूका २२:१४-१६; यूहन्ना १३:१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ अप्रिल २२ तारिख, मंगलबार साँझ (अबिब/निसान १४) [हप्ताको चौथो दिन]

निस्तार-चाड़को अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा भएका आफ्ना जतिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो । अनि जब बेला भयो, तब उहाँ प्रेरितहरूसँग भोजन गर्न बस्नुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले दुःख भोग्न अघि नै यो निस्तार-चाड़[212]को भोजन तिमीहरूसँग खाने ठूलो इच्छा गरेको थिएँ, किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्यमा यो पूरा नहोउञ्जेल म यो भोज फेरि खानेछैनँ ।"

## **पहिलो कचौरा**[213]

### **किद्दुश**[214]

लूका २२:१७-१८

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तब कचौरा लिएर धन्यवाद चढ़ाउनुभएपछि उहाँले भन्नुभयो, "यो लेओ, र तिमीहरू आपसमा बाँड़ । किनकि म तिमीहरूलाई भन्दछु, परमेश्वरको राज्य नआउञ्जेल अब उप्रान्त अङ्गुरको रस म पिउनेछैनँ ।"

## **तीन वटामा एउटा प्रकट गरिएको**

### **याचाट्ज**[215]

---

[211] अन्तिम भोज । येशूले आफ्ना चेलाहरूसँग खानुभएको खाना जुन रात उहाँहरूले अर्को साँझ सुरु हुने यहूदी निस्तारको विधि अनुशरण गर्नुभएको देखिन्छ । यसै विधिलाई "सिडर" भनिन्छ जसको अर्थ "क्रम" हुन्छ । यसलाई यस्तो नाम दिइएको किनभने त्यो खाना सहभागी हुने व्यक्ति अनुशरण गर्नुपर्ने एउटा निर्दिष्ट क्रम छ । सेवाको क्रमलाई पादटिप्पणी उल्लेख गरिन्छ, जसमा हिब्रू नामसहित रिवाज खाना र यसको छोटो व्याख्या हुन्छ ।

[212] यो निस्तारले अर्को साँझ हुने यहूदी निस्तारलाई होइन प्रभुको निस्तारलाई जनाउँछ ।

[213] पहिलो कचौरा । खानाको अवधिमा हरेकलाई ४ कचौरा दाखमद्य दिइन्थ्यो । दाखमद्यको हरेककचौराले उहाँका मानिसहरूप्रति परमेश्वरको उद्धारको एउटा अभिव्यक्तिलाई दर्शाउने धर्मशास्त्रलाई संकेत गर्छ । दाखमद्यको पहिलो कचौरा पवित्रीकरण वा पवित्रताको कचौरा हो । (*म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु ।*) ख्रीष्टियनहरूका निम्ति पवित्रताको जीवनको निम्ति अलग गरेर यस संसाको बन्धनबाट छुटकारा दिने परमेश्वरको प्रतिज्ञालाई दर्शाउँछ ।

[214] किद्दुस । उत्सवको दिनको पवित्रिकरण वा आशिष्को प्रार्थना । आदर्श प्रार्थनाचाहिँ "हे ब्रम्हाण्डका शासक परमप्रभु परमेश्वर तपाईं धन्यको हुनुहुन्छ, जसले दाखको फल सृष्टि गर्नुभयो" भन्ने हुन्छ ।

[215] याचाट्ज- याचाट्जमा सेतो सुतीको कपडामा बाँधिएका मेट्जोस(अखमिरी रोटी)लाई बाहिर निकालिन्छ । बीचको माट्जा (रोटी)लाई २ टुक्रा बनाएर भाँचिन्छ । (यो पहिलो भँचाइ हो) ती दुई टुक्रा बनाएर भाँचिएका रोटीलाई अर्को दुई वटा सिङ्गो रोटीहरूसँगै सेतो सुतीको कपडामा बन्द गरिन्छ । यिनीहरूलाई मोट्जि,माट्जाहको रूपमा चिनिने मुख्य भोजको हिस्साको अवधिमा खाइन्छ । (यो दोस्रो भँचाइ हो) पहिलो भँचाइबाट लुकाइएका २ वटा रोटीहरूलाई भोजको अन्त्यसम्म राखिन्छ । यसलाई टजुउनको रूपमा चिनिने सिडरको हिस्साको रूपमा खाइन्छ । (यो तेस्रो भँचाइ हो)

लूका २२:१९

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।"

**दोस्रो कचौरा**[216]

**म्यागिगड**[217]

**तेस्रो कचौरा**[218]

**मोट्जि, मेट्जाह**[219]

मत्ती २६:२६-२९; मर्कूस १४:२२-२५

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, "लेओ, खाओ, यो मेरो शरीर हो ।" तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, "तिमीहरू सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बगाइन्छ । तर म तिमीहरूलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ ।"

---

यहूदीहरूलाई सिडरको यस भगाको महत्त्वलाई बताउन प्रायः कठिन हुन्छ । धेरै तीन वटा एक अर्थात् एकताको प्रतिनिधित्व गर्छ भनी धेरै स्वीकार गर्छन् । यसले परमेश्वरका ३ वटा नामहरूलाई जानउँछ भन्न सक्छन् । वा अब्राहाम, ईसहाक र याकूबलाई जनाउँछ भन्न पनि सक्छन् ।

हामी ख्रिष्टियनहरूका निम्तिचाहिँ ती ३ वटा मेट्जोसले पिता, पुत्र र पवित्र आत्मालाई दर्शाउँछ । यी ३ वटै रोटी खमिर(भ्रष्टता)विनाको र उही वस्तुबाट बनेका हुन् । यिनीहरू फरक-फरक रूपमा रहे पनि एउटा हुन् । सेतो सुतीको कपडाले बेह्रिएको कुराले चाहिँ उहाँको स्वर्गीय वासस्थानलाई जनाउँछ, जुनचाहिँ शुद्ध र पवित्र छ । स्वर्गबाट परमेश्वर प्रकट हुनुहुँदा बीचको भाँचिएको रोटीले पुत्रलाई दर्शाउँछ जो उहाँमा सहभागी हुन्छ ती सबैको निम्ति उहाँ जीवनको रोटी (मन्ना) हो । भाँचिएको रोटीलाई सेतो कपडामा फर्काएर बेह्रिएको कुराले पुत्रको मृतकबाट पुनरुत्थान र स्वर्ग आरोहणलाई दर्शाउँछ । मुख्य भोजको अन्तमा बालबालिकाहरूले त्यो लुकाइएको मेट्जाहलाई खोज्छन् र जसले यसलाई भेट्टाउँछ उसलाई ईनाम दिइन्छ । यसले उहाँको पुनरुत्थानपछि उहाँले भेट्ने बालबालिकाहरू (ख्रीष्टियनहरू)लाई जानउँछ । बुबाहरू (यहूदीहरू) उहाँको दोस्रो आगमनमा उहाँसँग सहभागी हुन्छन् ।

216 दोस्रो कचौरा- दाखमद्यको दोस्रो कचौरा न्याय वा शिक्षाको कचौरा हो (*आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु ।*) ख्रीष्टियनहरूका निम्ति निस्तारको घटान सुसमाचार हो । अर्को शब्दमा भन्दा येशूले हामीलाई छुटकारा दिन कसरी क्रूसमा उहाँका हातहरू पसार्नुभयो ।

217 म्यागिगड- परमेश्वरले उहाँका मानिसहरूलाई दासत्वबाट कसरी छुटकारा दिनुभयो र उनीहरूलाई प्रतिज्ञाको मुलुकमा लानुभयो भनी निस्तारको घटना बताउने ।

218 तेस्रो कचौरा- दाखमद्यको तेस्रो कचौरा आशिष् वा उद्धारको कचौरा हो (*म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु ।*)

219 मोट्जि, मेट्जाह- २ वटा अखमिरी रोटीहरू र स-साना टुक्राहरू, जसलाई पहिलो भँचाइ (याचाट्जा)बाट बचाएर राखिएको थियो त्यसलाई फेरि बाहिर ल्याइन्छ, भाँचिन्छ र सबैलाई बाँडिन्छ ।

**खाना गफ**
**शुल्हान ओरिख** [220]
**अफिकोमेन वा अफिकोमेनोस**[221]
**जेफन**[222]

लूका २२:१९

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।"

**चौथो कचौरा** [223]

लूका २२:२०

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो ।"

**आज्ञाहरूः**

- ✞ यो लेओ र तिमीहरू माझ बाँड ।
- ✞ यो मेरो सम्झनामा गर्ने गर ।
- ✞ लेओ, खाओ, यो मेरो शरीर हो ।
- ✞ तिमीहरू सबै यसबा पिओ ।

**पाठ- शरीर र रगतः**

[220] शुल्हान ओरिखः मुख्य खाना खाँदैगर्दा सहभागीहरूले यसलाई रोटी भँचाइको विषयबारे अतिरिक्त छलफल वा सामजिक समयको रूपमा प्रयोग गर्छन् ।

[221] अफिकोमेन वा अफिकोमेनोस- दुवै ग्रीक शब्द हुन् । अफिकोमेनको अर्थ "मिठाइ" जब कि अफिकोमेनोसको अर्थचाहिँ "आउनेवाला" हुन्छ ।

[222] जेफन- अखमिरी रोटीलाई पहिलो पटक भाँचेर त्यसबाट प्राप्त टुक्रा, जसलाई बालबालिकाहरूले खोजेर पत्ता लगाउँछन् । त्यसपछि यसलाई उद्धार गरिन्छ, भाँचिन्छ र सबैलाई बाँडिन्छ ।

[223] चौथो कचौरा- दाखमद्यको चौथो कचौरा प्रशंसा वा आशाको कचौरा हो (*अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ । म त्यो तिमीहरूको अधिकारमा दिनेछु । म परमप्रभु हुँ ।*) यसलाई एलियाको कचौरा पनि भनिन्छ र परमेश्वरका सबै प्रतिज्ञाहरू पूरा हुनलाई भविष्यतिर हेर्छ ।

येशूले आफ्ना चेलाहरूलाई परमेश्वरसँगको घनिष्ठ संवादको आत्मिक आशयहरू सिकाउनुभयो । उहाँका शिक्षाहरू यति धेरै विवदास्पद भए कि उहाँका धेरै चेलाहरूले विश्वास नै त्यागे । बाँकी रहेकाहरू पनि उहाँलाई क्रूसमा नटाँगेसम्म अन्योलमा पारे र बुझ्न चुके ।

येशूले भन्नुभयो, *"म जीवनको रोटी हुँ । तिमीहरूका पिता-पुर्खाहरूले उजाड-स्थानमा मन्न खाए तापनि तिनीहरू मरेर गए । स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन । स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ । कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ । र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो ।" तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?"* (यूहन्ना ६:४८-५२)

उनीहरूको बहस सुनेर येशूले बुझ्ने गरी स्पष्ट रूपमा भन्नुभयो ।

*"साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन । मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु । किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो । मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु ।"* (यूहन्ना ६: ५३-५६)[224]

येशूको शिक्षा सुनेपछि उहाँका धेरै चेलाहरू विश्वासबाट पछि हटे (विश्वास त्यागे)।

*जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ । स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए । यो रोटी खानेचाहिँ सधैँभरि जिउनेछ ।" उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो । यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, "यो वचन कठोर छ, कसले यो सुन्न सक्तछ र?" तर उहाँका चेलाहरू यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरूलाई भन्नुभयो, "के यी कुरा तिमीहरूका निम्ति ठोकरको कारण भइरहेछ? तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो? जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन । जुन वचन*[225] *मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन् । तर तिमीहरूमध्ये कति छन्, जसले विश्वास गर्दैनन् ।" किनभने विश्वास नगर्नेहरू को-को हुन्, र उहाँलाई धोका दिने को हुनेछ भनी येशूलाई सुरुदेखि नै थाहा थियो । अनि उहाँले भन्नुभयो, "यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, 'यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन ।" यसपछि उहाँका चेलाहरूमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिँड्न छोड़े ।* (यूहन्ना ६:५७-६६)

---

[224] येशूको भनाइमा, १) विश्वासीले येशूको देह खाएपछि येशूभित्र रहन्छ (वास गर्छ) २) जब विश्वासीले येशूको रगत पिउँछ येशू ऊभित्र रहनुहुन्छ (वास गर्नुहुन्छ)।

[225] यहाँ येशूले "वचन" भन्नाले "जसले मेरो देह खान्छ र रगत पिउँछ, ऊ ममा रहन्छ र ऊभित्र रहन्छु" भन्नेलाई जनाउनुहुन्छ

**पाठ- मानिसहरूलाई बलियो बनाउँदैः**

येशूका धेरै चेलाहरू क्रुद्ध भए र अनन्त जीवन पाउन उहाँको देह खाने र उहाँको रगत पिउने उहाँको सुझावलो प्रतिरोध गरे । यहूदीहरूले होइन गैरयहूदीहरूले मात्र मानिसहरूको मासु खन्छन् । मोशाको व्यवस्थमा रगत खान निषेध गरिएको कुराले उहाँले दिइरहनुभएको आत्मिक आशय बुझ्न बाधा दिइरहेको थियो ।

नरभक्षणवादको तर्कसंगत परिभाषाचाहिँ "मानिसहरूलाई बलियो बनाउने अभ्यास वा प्रकृया" हो । प्राचीन समयका मानिसहरूले मरेको मानिसको सामर्थ्य, पवित्रता, बुद्धि र चरित्र अनुकरण गर्न उसको रगत पिउँथे र देह खान्थे । उनीहरूका मृत्युपछि खाने सम्भावाना भएकाहरूमा वीर योद्धाहरू, पवित्र मानिसहरू, कन्याहरू र बुबाआमाहरू थिए । त्यसको पूरै शरीर खाने होइन, तर खानामा त्यो मरेको व्यक्तिको मासु र रगतको सानो टुक्रा मात्र हुन्थ्यो । यो पनि मृतक व्यक्तिसँगको पवित्र तरिकाले संञ्चार गर्न अभ्यास गरिन्थ्यो ।

यी अवधारनाहरू यति धेरै प्रचलित थिए, ख्रीष्टियनहरूले उनीहरूला प्रभु येशू ख्रीष्टको देह र शरीर खाएर नरभक्षण गर्छन् (मानिसको मासु खान्छन्) भन्ने धेरै मानिसहरूले विश्वास गर्थे । आत्मिक अर्थमा उनीहरू सही थिए । प्रारम्भिक मण्डलीहरूले विश्वासद्वारा ख्रीष्टको देह(रोटी) र रगत (दाखमद्यको कचौरामा) सहभागी भएर उनीहरू आत्मिक रूपमा बलियो हुन्छन् भन्ने विश्वास गर्थे । उनीहरूले उनीहरूका प्रभुको सामर्थ्य, बुद्धि, पवित्रता र चरित्र अभ्यास गरिरहेका थिए भन्ने पनि उनीहरूले विश्वास गर्थे । वास्तवमा पवित्र भोजद्वारा उनीहरू उहाँसँग अन्तरसम्बन्धित रहेका थिए, उनीहरूले उहाँको देह खाएर र उहाँको सगर पिएर उनीहरू उहाँभित्र रहनुहुन्थे  उहाँ उनीहरूभित्र रहनुहुन्थ्यो ।

येशूले भन्नुभएजस्तै उनीहरूको विश्वास र प्रार्थनाको जीवन दुवै सबल पारिन्थ्योः
*"ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ । यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ । कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैँ बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ । यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन् । तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ । तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ ।"* (यूहन्ना १५:४-८)

**पाठ- आत्मिक अन्तरदृष्टिः**

येशूले उहाँका चेलाहरूलाई के गर्न भनिरहनुभएको थियो र उनीहरू किन नाराज भएका थिए सो उहाँले बुझ्नयभएको थियो । यदि उनीहरूले कुनै रगत खाए भने उक्त व्यक्तिलसई सङ्गतिबाट बहिष्कार गिरन्थ्यो र परमेश्वर उसको विरुद्धमा हुनुहुन्थ्यो भनी मोशाको व्यवस्थाले प्रष्ट रूपमा उल्लेख गरेको थियो ।

*"किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ । मैले रगतचाहिँ वेदीमा तिमीहरूको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्वारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ । यसकारण तिमीहरू अथवा तिमीहरूसँग वास गर्ने परदेशीहरूमा कसैले पनि रगत नखानू भनी मैले इस्राएलीहरूलाई भनेको हुँ । "'इस्राएलीहरू वा तिमीहरूसँग वास गर्ने परदेशीहरूमध्ये जसले शिकार खेलेर खानु हुने कुनै पशु कि पक्षी समात्छ, त्यसले त्यसको सबै रगत निथारेर माटोले ढाकिदेओस् । किनभने सबै जीवधारीको प्राण तिनीहरूको रगतमा हुन्छ । यसैकारण मैले इस्राएलीहरूलाई भनेको छु: "कुनै जीवधारीको रगत तिमीहरूले नखानू, किनभने सबै जीवधारीको प्राण तिनीहरूको रगतमा हुन्छ । त्यो खाने जोसुकै पनि बहिष्कार गरिनेछ ।"* (लेवी १७:११-१४)

येशू परमेश्वरले भन्नुभएको कुराप्रति सजग हुनुहुन्थ्योः जीवन रगतमा थियो र त्यो जीवन रगत खाएर स्थानान्तरण गर्न (सार्न) सकिन्थ्यो । त्यसैले परमेश्वरले रगत खान निषेध गर्नुभयो, किनभने मानिसहरूले यसले प्रवाह गर्ने जीवनमा सहभागी हुन्थे । यद्यपि, येशू कुनणै चरा वा पशु हुनुहुन्थ्यो तर जीवित परमेश्वरको पुत्र हुनुहुन्थ्यो । उहाँ ख्रीष्ट हुनुहुन्छ; उहाँ उहाँका पिताको निम्ति सबै कुरामा पवित्र र प्रशन्न तुल्याउने अनि मृत्युसम्मै आज्ञाकारी हुनुहुन्थ्यो ।  उहाँले यही जीवन हामीलाई दिन चाहनुहुन्छ । येशूले पदार्थहरूद्वारा आत्मा र जीवन प्रवार गर्दै हुनुहुन्छ भन्ने जानेर उहाँले उहाँको देह खान र रगत पिउन लगाउँदै हुनुहुन्थ्यो । सहभागीहरूले उहाँको जीवनका विशेषताहरू ग्रहण गर्दै हुन्थे ।

## पाठ- प्रभु-भोज बारे तीन वटा प्रमूख अवधारणहरू:

प्रारम्भिक कालका ख्रीष्टियनहरूको सैद्धातन्क द्दष्टिकोण यथार्थमा के थियो भन्ने थाहा छैन तर पनि उनीहरूले विश्वासद्वारा प्रभु येशू ख्रीष्टको देह र रगतमा सहभागी भइरहेका छन् भन्ने कुरा उनीहरूले विश्वास गर्थे, यसैले उनीहरूले मानिसको मासु खान्छन् भनी रोमीहरूले उहरूलाई दोष लगाए । अहिले धेरै जसो ख्रीष्टियनहरूले तल दिइएकाहरूमध्ये तीन वटा विचारधारालाई मान्छन् ।

१. **ट्रान्सब्सटेन्सियसन** (**Transubstantiation**) – रोटी र दाखमद्यको वास्तविक स्वरूप कायमै रहे पनि रोटी रदाखमद्यचाहिँ देह र रगतको भौतिक तत्वमा परिणत हुन्छ । यो विचाधारलाई रोमन क्याथोलिकले ई.सं. १२१५ मा लेटरेनको चौथो परिषद्मा अनुमोदन गरेका थिए । यो मण्डलीको ऐतिहासक द्दष्टिकोण हो र यो प्रोटेस्टेन्ट सुधार नभएसम्म १५०० वर्षसम्म रह्यो ।

२. **कन्सब्सटेन्सियसन** (**Consubstantiation**) – रोटी पनि रोटी नैरहन्छ र दाखमद्य पनि दाखमद्य नै रहन्छ, तर येशूको देह र रगतचाहिँ रोटी र दाखमद्य भित्र, सँग र मुनि

रहन्छ । अर्को शब्दमा,रोटी, दाखमद्य, देह र रगत सँगै मिश्रण बने । यो अवधारणालाई मार्टिन लुथरले १५१९ मा प्रस्तुत गरे ।

३. **सम्झना मात्र**- रोटी र दाखमद्य संकेतहरू मात्र हुन्; यो "यसलाई मेरो सम्झनामा गर्ने गर" भन्ने वाक्यांमा आधारित छ । देह खाने र रगत पिउने कुरालाई आफ्ना समकालीनहरूले अप्रिय ठानेपछि उल्रिख ज्युङ्गलिले ई.सं. १५२० मा प्रतिपादन गरे ।

## पाठ- पवित्र विधिको विकासः

१. मौलिक रूपमा प्रभु-भोज दैनिक हुन्थ्यो ।[226] क्याथोलिक मण्डलीले अझै पनि हप्ताको सातै दिन बिहान र साँझ दिन्छ ।

२. प्रभु-भोजमा सहभागी हुनलाई तीन वटा कुराहरू आवश्यक पर्छन् ।
   - बप्तिस्मा ।
   - विश्वास ।
   - येशू ख्रीष्टको इच्छासँग एकाकार भएको जीवन । यसलाई चाहिँ सामान्यतयाः स्व-चिन्तन र पापहरू स्वीकारद्वारा गरिन्छ ।

*किनभने जहिले- जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ । यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ । यसैकारण तिमीहरूमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ सुतिसकेका छन् । तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं । तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई अनुशासन गर्नुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं । यसकारण मेरा भाइ हो, खानलाई एकसाथ भेला हुँदा एक दोस्रालाई पर्ख । यदि कोही भोको छ भने त्यसले घरैमा खाओस्, नत्रता एकसाथ भेला हुँदा तिमीहरू दण्डको भागी हुनेछौ । अरू कुराहरूका विषयमा म आउँदा निर्देशन दिनेछु ।"* (१ कोरिन्थी ११:२६-३४)

३. प्रभु-भोजले विश्वासहरूलाई एक-अर्कासँग जोड्छ ।

[226] *तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर- घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे ।* (प्रेरित २:४६)

*"आशिष्का त्यो कचौरा*[227] *जुनको निम्ति हामी आशिष् माग्छौं*[228]*, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र? त्यो रोटी, जुन हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन? किनभने रोटी एउटै हो, हामी धेरै भए तापनि एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं ।"* (१ कोरिन्थी १०:१६-१७)

४. चौथो शताब्दीमा पवित्र विधिमा भजनसंग्रह ३४ गाइन्थ्यो ।

हरसमय म परमप्रभुको प्रशंसा गर्नेछु, उहाँको प्रशंसा निरन्तर मेरो मुखमा हुनेछ । मेरो प्राणले परमप्रभुमा गर्व गर्नेछ । कष्टमा परेकाहरू यो सुनेर खुशी होऊन् । मसँगसँगै परमप्रभुको महिमा गर, र हामी एकसाथ उहाँको नाउँ उच्च पारौं ! मैले परमप्रभुलाई खोजें, र उहाँले मलाई जवाफ दिनुभयो, मलाई मेरा सबै डरहरूबाट छुटकारा दिनुभयो । उहाँलाई हेर्नेहरू उज्ज्वल हुन्छन्, र तिनीहरूका शिर शर्मले कहिल्यै झुक्नेछैनन् । यस दु:खित मानिसले परमप्रभुलाई पुकारा गर्‍यो, अनि उहाँले सुन्नुभयो, र त्यसलाई त्यसका सबै कष्टबाट बचाउनुभयो । परमेश्वरको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ । परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ कति भला हुनुहुन्छ । उहाँमा शरण लिने मानिस धन्यको हो । हे परमप्रभुका पवित्र जन हो, उहाँको भय मान । किनकि उहाँको भय मान्नेहरूलाई केही कुराको खाँचो पर्दैन । जवान सिंहहरू कमजोर होलान्, र तिनीहरू भोकाउँछन्, तर परमप्रभुको खोजी गर्नेहरूलाई कुनै उत्तम कुराको अभाव हुँदैन । आओ, हे बालक हो, मेरा कुरा सुन, म तिमीहरूलाई परमप्रभुको भय मान्न सिकाउनेछु । तिमीहरूमध्ये कसैले जीवनलाई प्रेम गर्छ, र धेरै असल दिनहरू देख्न इच्छा गर्दछ भने— आफ्नो जिब्रोलाई खराबीबाट र आफ्ना ओठलाई झूट बोल्नबाट अलग्ग राख । खराबीबाट फर्केर असल गर, शान्ति खोज, र त्यसकै पछि लाग । परमप्रभुको नजर धर्मात्माहरूमाथि रहन्छ, र उहाँले तिनीहरूको पुकारा सुन्नुहुन्छ । परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ, अनि उहाँले तिनीहरूको स्मृतिसम्म पनि धरतीबाट मेटाइदिनुहुनेछ । जब धार्मिक जनहरूले पुकारा गर्छन्, तब परमप्रभुले सुन्नुहुन्छ, र तिनीहरूका सबै सङ्कष्टबाट तिनीहरूलाई उद्धार दिनुहुन्छ । चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ । धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन्, तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ । परमप्रभुले त्यसका सबै हाड़हरूको रक्षा गर्नुहुन्छ । तिनमा एउटै पनि भाँचिँदैन । खराबीले दुष्टलाई नष्ट पार्दछ, र धार्मिक जनका विरोधीहरू जति दोषी ठहरिनेछन् । परमप्रभुले आफ्ना दासहरूका जीवन उद्धार गरिदिनुहुन्छ, उहाँमा शरण लिने कोही पनि दोषी ठहरिनेछैन । (भजनसंग्रह ३४)

---

[227] त्यो आशिषको कचौरा येशूले अन्तिम भोजमा पिउनुभएको तेस्रो कचौरा थियो र यसले प्रस्थान ६:७लाई जनाउँछ *"म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु ।"*

[228] हिब्रूमा आशिष् "परमप्रभुको स्तुति होस्" बाट सुरु हुन्छ त्यसपछि उक्त व्यक्तिले केको निम्ति धन्यवाद दिएको हो सो आउँछ ।

प्रभु-भोजमा प्रयोग गरिने दाखमद्य रगतजस्तो देखिने रातो हुन्छ ।

५. मौलिक रूपमा दाखमद्य पिराइएको (खमिर मिसाइएको) हुन्थ्यो ।
६. प्रोटेस्टेन्ट सुधारपछि मात्र अङ्गुरको रस प्रयोग गर्न थालिएको हो । येशू अङ्गुरको रस होइन दाखमद्य पिउनुभयो तथापि अङ्गुरको रस पनि दाखको फल नै हो ।
७. कहिलेकाहिँ दाखमद्यमा पानी मिसाइन्थ्यो किनभने येशूलाई क्रूसमा टाँग्दा उहाँको कोखाबाट पानी र रगत निस्केको थियो ।
८. रोटी सामान्यतयाः अखमिरी हुन्थ्यो । ख्रीष्ट येशू भ्रष्टपार्ने कुनै पनि कुरा छैन भन्ने यसले दर्शाउँथ्यो । अखमिरी रोटीमा प्रायः धर्काहरू बनाइन्थ्यो र घोचिन्थ्यो । "*तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।*" (यशैया ५३:५)
९. कहिलेकाहिँ खमिरी रोटी प्रयोग गरिन्छ किनभने यो सजिलो र स्वादिलो हुन्छ ।
१०. रोटीलाई "होस्ट" भनिन्थ्यो किनभने यसमा ख्रीष्टको उपस्थिति हुन्थ्यो । ग्रीकमा "होस्टिया"को अर्थचाहिँ "बलिदान" हुन्छ जसले ख्रीष्टलाई हाम्रो बलिदानको रूपमा चित्रण गर्छ ।
११. प्रभु-भोज प्रायः घुँडा टेकेर दासको मुद्रामा रहेर लिन्थ्यो ।
१२. समयसँगै ख्रीष्टियनहरूको सङ्गतिअझै औपचारिक र विधिवत् भयो । प्रभु-भोज लिने कुरा सङ्गतिहरूको मुख्य विषय बन्न थाले, जुनचाहिँ सङ्गति, प्रार्थना र वचन प्रडारभन्दा अघि हुन्थे । प्रभु-भोजलाई सङ्गतिको अन्ततिर गर्न थालिएपछि छैठौँ शताब्दीदेखि यसलाई "मास"शब्द प्रयोग गर्न थालियो । यो शब्दचाहिँ "मिस्सा"बाट आएको हो जसको अर्थ हुन्छ "छुट्नु" हुन्छ, (उदाहरणको लागि सेवाको अन्त)।
१३. "मध्य काल"देखि हालसम्म पनि क्याथोलिक प्रिस्टहरूले रोटीलाई प्रभु-भोज लिने व्यक्तिको जिब्रोमा राखिदिन्छन् । प्रभु-भोजमा सहभागी हुनेहरूले रोटीको केही अंशलाई शुभ होस् भनेर बचाएर राख्न थालेपछि यो परिपाटी सुरु गरिएको थियो ।
१४. ई.सं. १४१६ मा कन्टेन्सको परिषद्ले क्याथोलिकले स्रवसाधरणलाई दाखमद्यको कचौरा प्रतिबन्ध लगायो । तर यो निर्णय १९७० मा भ्याटिन द्वितीयमा उल्टाइयो ।

**पाठ- प्रतिस्थापित जीवन**:

येशू उहाँको सेवाको प्रारम्भमा काना सहरको विवाह भोजमा पानीलाई दाखमद्यमा परिणत गर्दा प्रभु-भोजको आत्मिक विषयको चर्चा गर्नुभयो ।[229] उहाँले प्रतिस्थापित जीवन[230]को आधारभूत अवधारणा प्रवाह गर्नको निम्ति पानीलाई दाखमद्यमा परिणत गरेर उहाँका चिन्हहरूमध्ये पहिलो चिन्हको रूपमा यसलाई प्रयोग गर्नुभयो । "*म ख्रीष्टसँगै क्रूसमा*

---

[229] यूहन्ना २:१-११

[230] *म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु*(बप्तिस्मा- पानीद्वारा संकेत गरिएको), *अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ* (प्रभु-भोज- दाखमद्यद्वारा संकेत गरिएको) *। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।* (गलाती २:२०)

*टाँगिएको छु(*बप्तिस्मा- पानीद्वारा संकेत गरिएको*), अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ (*प्रभु-भोज- दाखमद्यद्वारा संकेत गरिएको*) । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्‍वरका पुत्रमा विश्‍वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।* (गलाती २:२०)

- येशूले शुद्धिकरणको निम्ति अलग गरिएका ६ वटा पानीका भाँडा[231] हरू प्रयोग गर्नुभयो ।
- भाँडोले कुनै कुरा राख्ने वस्तुलाई दर्शाउँछ ।
- धर्मशास्त्रभरि नै मानिसहरूलाई कुनै कुरा राखिने वस्तुको रूपमा उल्लेख गरिएको छ (भाँडो, घर, मन्दिर, मसक, चुन पोतेको चिहान, आदि)
- भाँडो महत्त्वपूर्ण हुन्छ, तर जुन कुराको निम्ति बनाइएको हो त्यो वस्तुसँग यसलाई तुलना गर्न मिल्दैन ।
- शुद्धिकरणका भाँडाहरूमा पानी भर्दा (डुबाइएको वा बप्तिस्मा दिइएको) अरूहरूलाई शुद्ध तुलयाउन उपयोगी हुन्थे ।
- तर पनि येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो ।
- दाखमद्य रगत, जीवन, पवित्र आत्मा र आनन्दको संकेत हो (पूरा व्याख्याको निम्ति Wilson’s Dictionary of Bible Types हेर्नु होला)।
- येशूले साँचो शुद्धिकरण रगत, प्रतिस्थापित जीवन, पवित्र आत्माको भरपूरीबाट आउँ र यसले ठुलो आनन्द पैदा गर्छ भन्ने संकेत गरिरहनुभएको थियो ।
- शुद्धिकरणको भाँडोभित्रको पदार्थको परिवर्तनले उक्त व्यक्तिको स्वभावमा हुने परिवर्तनलाई दर्शाउँछ । यस उप्रान्त पानीलाई खन्याइन्दैन तर पवित्र आत्मालाई खन्याइन्छ ।

  *अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्‍वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्' ।" तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्‍वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन ।"* (यूहन्ना ७:३७-३९)

[231] ६ मानिसलाई जनाउने अङ्क हो । मानिसलाई छैठौँ दिनमा सृष्टि गरिएको थियो । उसको आधारभूत समयलाई अङ्क ६ ले भाग जाने किसिमका छन् (१ मिनेटमा ६० सेकेण्ड, १ घण्टामा ६० मिनेट, १ दिनमा २४ घण्टा र १ वर्षमा १२ महिना)। उसको आधारभूत ज्यामितीय मापन पनि अङ्क ६ ले भाग जानेहरू छन् (वृत्तमा ३६०डिग्री, समकोण ९० डिग्री आदि)।अझ हालसालैको कुरा गर्ने हो भने मानिसको ज्ञान पद्धति पनि अङ्क ६ मा आधारित छ । कम्प्युटरले "६" मूलभुत कुराहरूको श्रृङ्खलामा काम गर्छ । यसले कार्यहरूलाई परिवर्तन गर्न प्रवाहको दिशालाई नै परिवर्तन गरिदिन्छ । "६" आधारभूत कुरहरूले "६०" प्रतिस्थापनलाई "६"ले गुणन गर्दा सूचनाको एउटा अंश सहर हुन्छ । यस पद्धतिको सुत्र भनेको नै "६" "६०" "६" हुन्छ ।

- दाखमद्यले व्यक्तिको आचरणलाई परिवर्तन गर्छ । रक्सीजन्य पेय पदार्थहरूलाई यसले व्यक्तिको आचचरणमा ल्याउने बद्लावको कारण कहिलेकाहिँ "आत्माहरू" भनिन्छ ।
- चेलाहरू पवित्र आत्माले भरिँदा उनीहरूलाई दाखमद्यले मातिएको दोष लगाइएको थियो ।

• कानाको आश्चर्यकर्मको आत्मिक निष्कर्षचाहिँ... शुद्धिकरणको पानीले भरिएका (डुबाइएका वा बप्तिस्मा दिइएका) भाँडाहरू(मानिसहरू)लाई चाहिँ अरूहरूमा परिवर्तन ल्याउने गरी भित्री रूपमा परिवर्तन (पवित्र आत्माले भरिन्छ) गरिन्छ ।

**पाठ- बाइबलीय मूलः**

रोटी र दाखमद्यको प्रयोगलाई हामीले अब्राहामको समयदेखि नै देख्न सक्छौँ ।

*कदोर्लाओमेर र तिनका मित्र राजाहरूलाई जितेर फर्कंदा शावेको उपत्यका, अर्थात् राजाको उपत्यकामा सदोमका राजा तिनलाई भेट गर्न आए । अनि शालेमका राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर अब्रामकहाँ आए । उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए । उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस् । सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो ।" अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए ।"* (उत्पत्ति १४:१७-२०)

धर्मशास्त्रनुसार मल्कीसेदेक "धार्मिकताका राजा" र "शान्तिका राजा" दुवै थिए (हिब्रू ७:२)। यो उनको नाम र पदवीबाट ननिकालिएको हो । उनको नाम मल्कीसेदेक (मल्कीको अर्थ राजा र सेदेकको अर्थ धार्मिकता) थियो । उनको पदवीचाहिँ शालेम(शालोम)का राजा थियो, अनि शालेमको अर्थ शान्ति हुन्छ । उनको नाम "धार्मिकता र शान्तिका राजा" भएको हुनाले, उनको यी दुवैमाथि अधिकार थियो । यसकारण, उनले चाहेका कसैलाई पनि धार्मिकता र शान्ति दिने शक्ति उनीसँग थियो ।

मल्कीसेदेकले रोटी (धार्मिकता) र दाखमद्य (शान्ति)को उपहारहरूद्वारा अब्राहामलाई धार्मिकता र शान्ति दिए । त्यसपछि, उनले अब्राहामलाई आशिष् दिए । अब्राहाम मल्कीसेदेकका उपहारहरूद्वारा यति प्रशन्न भए परमेश्वरलाई उनलाई दिनुभएका सबै थोक (संसारिक राजाहरूलाई जितेर ल्याएका लूटका मालहरू)को दशांस (दशौँ भगा) मल्कीसेदेकलाई दिए ।

भजनसंग्रह ११०:४, हिब्रू ५ र ६ अध्यायअनुसार येशूलाई मल्कीसेदेकको किसिमको प्रधान पाजरीको रूपमा उल्लेख गरिएको छ । हिब्रूको पुस्तकमा त्यही किसिमको प्रधान पुजारीको रूपमा १५ पटक उल्लेख गरिएको छ । रोटी र दाखमद्यको सम्बन्धमा यो गम्भीर आशय थियो ।

मल्कीसेदेकको रीतिको एउटाचाहिँ "राजकीय पुजारीगिरी" हो किनभने रीतिको शिरचाहिँ राजा हुन् (मल्कीसेदेक धार्मिकताका राजा र शान्तिका राजा थिए)। येशू पनि उही रीतिको

प्राधान पुजारी हुनुभएको हुनाले उहाँले पनि मल्कीसेदेकले जस्तै रोटी र दाखमद्यद्वारा धार्मिका र शान्ति प्रदान गर्न सक्नुहुन्छ ।
अन्तिम भोजमा रोटीले उहाँको शरीर र दाखमद्यले उहाँको रगतलाई दर्शाउँछ भनी येशूले बताउनुभयो । यी पदार्थहरूमा सहभागी हुने ख्रीष्टियनहरू ख्रीष्टको धार्मिकता र शान्तिमा सहभागी हुन सक्छन् ।
अब्राहाम र मल्कीसेदेक भेटघाट भएको ४०० वर्षपछि हामीले फेरि पनि रोटी र दाखमद्य देखा परेको देख्छौँ । यस पटक परमेश्वरले मोशालाई लेवीय पुजारीगिरीद्वारा परमेश्वरलाई भेटी चढाउन लगाउने आज्ञा गर्नुहुन्छ ।

**लेवी पुजारीहरूका भेटीहरूः**
इस्राएलका समग्र बलिदान पद्धति परमेश्वरसँगको सम्बन्ध वा सङ्गति गर्ने उद्देश्यको निम्ति गरिन्थे । भेटीहरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छः १) परमेश्वरसँको सम्बन्ध पुर्स्थापना गर्नेहरू र २) परमेश्वरसँगको सम्बन्धमा लिइएकाहरू । पापले मानिसहरूलाई परमेश्वरबाट अलग गरेको हुनाले सम्बन्ध वा सङ्गति पुर्स्थापना गर्ने बलिदानहरू पहिला चढाइन्छ ।

दुई वटा बलिदानहरूले परमेश्वरसँगको सम्बन्ध पुनर्स्थापना गर्छन् ।

- पाप – अज्ञानताद्वारा परमेश्वर विरुद्ध गरिएका अपराध(गलत कार्य)हरूका निम्ति । (हाम्रा प्रधान पुजारी येशूले मानवजातिको निम्ति एक मात्र स्थायी पापबलि चढाउननुभयो)

  नोटः जानीजानी गरिएका पापहरूका निम्ति कुनै बलिदान छैन । यस किसिमको पापको निम्ति पश्चाताप र प्रवृत्तिको परिवर्तन आवश्यक पर्छ जसले परमेश्वरको इच्छा उल्लङ्खन गर्ने अपराधीलाई यो सम्भव गराउँछ । उदाहरणको लागि हिब्रू १०:२६ ले भन्छ, *"किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन..."*

- दोष – अज्ञानताद्वारा अरूहरू विरुद्ध गरिएका अपराधहरूका निम्ति । (क्षतीपुर्ती दिननुपर्छ)

परमेश्वरसँगको सङ्गतिमा पाँच वटा (नियमित)[232] बलिहरू लिइन्थ्यो ।

- होम – यो भक्ति वा सेवाको बलिदान हो यसलाई बिहान र साँझ गरी दुई पटक गरिन्थ्यो ।
- शान्ति (मेल) – यो धन्यवाद र प्रशंसाको बलिदान र यलाई कुनै पनि समयमा गर्न सकिन्थ्यो ।
- अन्न – यो आफ्नो हरेक आवश्यकताको निम्ति परमेश्वरमाथिको पूर्ण निर्रतालाई स्वीकार गर्न र उहाँको आराधना गर्न सामान्यतयाः अखमिरी रोटीमा सहभागी हुने अन्न बलि हो । यसलाई होम, शान्ति (मेल) र अर्घ बलिसँगै ल्याइन्थ्यो ।

[232] "नियमित"को निम्ति हिब्रू शब्द टेमिड हो, जसको अर्थ अनन्त वा अनवरत रूपमा जारी रहनु हुन्छ । यी बलिदानहरूले परमेश्वरसँगको सम्बन्ध पुनर्स्थापना गर्न दुई वटा बलिदानहरू हुन्छन्, त्यो हो पाप बलि (परमेश्वर विरुद्धका अनभिज्ञा पापहरू) र दोष बलि (अरूविरुद्ध गरिएका अनभिज्ञा पापहरू) र परमेश्वरसँगको सम्बन्धमा ५ वटा बलिदानहरू लिइन्छ ।

- अर्घ – यो आफ्नो हरेक आवश्यकताको निम्ति परमेश्वरमाथिको पूर्ण निर्रतालाई स्वीकार गर्न र उहाँको  आराधना गर्न दाखमद्य खन्याउने कुरासँग सम्बन्धित छ । यसलाई होम, शान्ति (मेल) र  अर्घ बलिसँगै ल्याइन्थ्यो ।

- धूप –  यो प्रार्थनाको सेवा हो र यो पनि बिहान र साँझ गरी दिनमा दुई पटक गरिन्थ्यो ।

पाठ- राजकीय पुजारीगरीका बलिहरूः

१ पत्रुस २:९ अनुसार, येशू प्रधान पुजारी हुनुहुन्छ । "*तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक ।*"  मल्कीसेदेको रितिको पुजारीको हैसियतमा लेवीय पुजारीले पहिले नै देखाएअनुसार हामीले दैनिक उपयुक्त बलिदानहरू ल्याउने हाम्रो कर्तव्यहरू पूरा गर्नुपर्छ ।

परमेश्वरसँगको सम्बन्धलाई पुनर्स्थापना गरने बलिदानहरूलाई पहिले चढाइन्छः

- पाप – *यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।* (१ यूहन्ना १:९)- परमेश्वर विरुद्ध गरिएका पापहरू स्वीकार गर्ने ।
- दोष –  *"यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ । पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ ।"* (मत्ती ५:२३-२४) "*यसकारण तिमीहरू एकले- अर्कासँग आ- आफ्ना पाप स्वीकार गर ।*" (याकूब ५:१६)- अरू विरुद्ध गरिएका पापहरू स्वीकार गर्नु ।

परमेश्वरसँगको सम्बन्धमा बलिहरू दोस्रोमा चढाइन्छः

- होम – *यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ- आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर ।* (रोमी १२:१) – परमेश्वरको निम्ति सेवा बन्ने ।
- धूप – *अनि अर्को एउटा स्वर्गदूत आए, अनि सुनको धुपौरो लिएर वेदीको छेउमा खड़ा भए । सिंहासनको सामुन्ने रहेका सुनको वेदीमाथि सबै सन्तहरूका प्रार्थनासँग चढ़ाउनका निम्ति तिनलाई धेरै धूप दिइयो । धूपको धूवाँ सन्तहरूका प्रार्थनाका साथ स्वर्गदूतको हातबाट परमेश्वरको सामुन्ने मास्तिर गयो ।* (प्रकाश ८:३-४) - परमेश्वरसँग प्रार्थना गर्ने ।

शान्ति (मेल) –  *उहाँको भवनका द्वारहरूभित्र धन्यवादसाथ पस, र प्रशंसा गर्दै उहाँको मन्दिरमा प्रवेश गर । उहाँलाई धन्यवाद चढ़ाओ, र उहाँका नाउँको प्रशंसा गर ।* (भजनसंग्रह १००:४) – परमेश्वरको प्रशंसा गर्ने र उहाँलाई धन्यवाद चढाउने ।

- अन्न र अर्ध (रोटी र दाखमद्य)- *किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पी पनि दिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र*

*धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले- जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।" किनभने जहिले- जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ ।* (१ कोरिन्थी ११:२३-२६)- परमेश्वरको धार्मिकता र शान्ति प्राप्त गर्ने ।

**समूह छलफलः**

१. यसको जीवनलाई दीगो राख्न तपाईंको शरीरलाई शक्ति र सामर्थ्य केले दिन्छ? (खाना र पानी)

२. तपाईंलाई यो कति पटक आवश्यक पर्छ? (दैनिक)

३. यसको जीवन चलिरहन यसलाई शक्ति र सामर्थ्य केले दिन्छ? (येशू ख्रीष्टको शरीर र रगतले)

४. तपाईंलाई कति पटक आवश्यक पर्छ?

## पाठ ५२
## एक-अर्कालाई प्रेम गर

**समूहको गाँठो फुकाउने प्रश्नहरूः**

१. तपाईंका साथीहरूमध्ये कसैको नाम लिनुहोस्?

२. के कुराले उनीहरूलाई तपाईंको साथी बनाउँछ?

३. मित्रता कसरी प्रारम्भ भयो?

**परिचयः**

येशूले अन्तिम भोजमा आफ्ना चेलाहरूसँग कुराकानी गर्नुहुँदा उहाँले एकले अर्कालाई प्रेम गर्ने कुरामा जोड दिनुभयो । एक-अर्काका सन्द्रभहरूले येशूका अरू चेलाहरूलाई मात्र जनाउँछ किनभने उहाँ आफ्ना चेलाहरूसँग मात्र कुरा गरिरहनुभएको थियो ।

**धर्मशास्त्र पाठः**

<u>यूहन्ना १३:१२-१७, ३४-३५; १५:१२-१७</u>

### येशूले आफ्ना चेलाहरूका गोडा धुनुहुन्छ
### ऊर-हट्ज[233]

यूहन्ना १३:२-१७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

अनि बेलुकीको भोजनको बेला दियाबलसले सिमोनको छोरो यहूदा इस्करियोतको मनमा उहाँलाई पक्राइदिने विचार अघिबाटै हालिसकेको थियो । पिताले सबै थोक उहाँका हातमा दिनुभएको छ, र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो, र परमेश्वरकहाँ नै जाँदैहुनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँदथियो । अनि उहाँ भोजनबाट उठ्नुभयो, र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेह्रनुभयो । तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेह्रेको तौलियाले तिनीहरूका गोडा पुछ्न

[233] ऊर-हट्ज । धोएर शुद्धिकरण । *आफूलाई धोएर चोखो पार । मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़ । (यशैया* :१६)

लाग्नुभयो । जब उहाँ सिमोन पत्रुसकहाँ आउनुभयो, तिनले उहाँलाई भने, “प्रभु, के तपाईंले मेरा गोडा धुने?” येशूले तिनलाई जवाफ दिनुभयो, “म के गर्दैछु तिमी अहिले जान्दैनौ, तर पछि बुझ्नेछौ ।” पत्रुसले उहाँलाई भने, “तपाईंले मेरा गोडा कहिल्यै धुनुहुनेछैन ।” येशूले तिनलाई जवाफ दिनुभयो, “मैले धोइदिइनँ भनेता मसित तिम्रो केही हिस्सा हुनेछैन ।” सिमोन पत्रुसले उहाँलाई भने, “हे प्रभु, मेरा गोडा मात्र होइन, तर मेरा हात र शिरसमेत धोइदिनुहोस् ।” येशूले तिनलाई भन्नुभयो, “नुहाइसकेको मानिसलाई गोडाबाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ । अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन ।” किनभने उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो । यसैकारण उहाँले भन्नुभएको थियो, “तिमीहरू सबै शुद्ध छैनौ ।” तिनीहरूका गोडा धोइसक्नुभएपछि आफ्नो बाहिरी वस्त्र लाएर उहाँ फेरि बस्नुभयो । तब उहाँले तिनीहरूलाई भन्नुभयो, “के तिमीहरू जान्दछौ, मैले तिमीहरूका निम्ति के गरें? तिमीहरू मलाई ‘गुरु र प्रभु’ भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ । यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक-अर्काका गोडा धुनुपर्छ, किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर । साँच्चै म तिमीहरूलाई भन्दछु, नोकर आफ्नो मालिकभन्दा ठूलो हुँदैन, अनि खबर लाने खबर पठाउनेभन्दा ठूलो हुँदैन । यदि तिमीहरूले यी कुरा जान्यौ र ती गऱ्यौ भने, तिमीहरू धन्य हुनेछौ ।

## एक-अर्कालाई प्रेम गर

यूहन्ना १३:१२-१७, ३४-३५; १५:१२-१७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

जब त्यो बाहिर गयो तब येशूले भन्नुभयो, “अब मानिसको पुत्र महिमित भएको छ, र परमेश्वर उसमा महिमित हुनुभएको छ । यदि परमेश्वर उसमा महिमित हुनुभएको छ भने परमेश्वरले आफैमा उसलाई महिमित पार्नुहुनेछ, अनि उसलाई तुरुन्तै महिमित तुल्याउनुहुनेछ । “साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु! तिमीहरूले मलाई खोज्नेछौ, र जसो मैले यहूदीहरूलाई भनें, अब तिमीहरूलाई पनि म भन्दछु, ‘जहाँ म गइरहेछु, तिमीहरू आउन सक्दैनौ ।’ “एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर । यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ ।”

**आज्ञाहरूः**

- तिमीहरूले पनि एक-अर्कालाई प्रेम गर्नुपर्छ ।

✞ "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु ।

✞ मैले तिमीहरूलाई प्रेम गरेजस्तै एक-अर्कालई प्रेम गर ।

✞ एक-अर्कलाई प्रेम गर ।

**पाठः**

येशू भोज सुरुवात हुन लाग्दा उहाँका बाहिरी वस्त्रहरू एकातिर राख्नुभयो र चेलाहरूका खुट्टा धुन थाल्नुभयो । ती दिनहरूमा मानिसहरू खेतबारीमा काम गर्नुपर्ने, फोहोर ठाउँहरूमा हिँड्नुपर्ने, धूलैधुलो भएको बाटोमा हिँड्नपर्ने भएकोले उनीहरूका खुट्टा निकै फोहिर हुन्थे । सामान्यतयाः खुट्टा धुने काम मेजमानीको कुनै एउटा नोकेरले गर्ने काम थियो । येशू आफै मेजमानी भए पनि उहाँको कुनै नोकर थिएन त्यसैले उहाँ आफैले चेलाहरूका खुट्टा धुनुभयो ।

**समूह छलफलः**

१. समूहका हरेक सदस्यलाई एकले अर्काको खुट्टा धुन लगाउनुहोस् ।

२. हामीले एक-अर्काको खुट्टा धुएको येशूले किन चाहनुहुन्छ भन्ने तपाईंलाई लाग्छ?

- <u>हामीलाई नम्र राख्न ।</u>
- <u>जीवनमा सेवकको हाम्रो भूमिक याद दिलाउन ।</u>
- <u>हाम्रा दायित्वहरूमध्ये एउटा शुद्ध र सफा रहन एक-अर्कालाई सहायता गर्नु हो ।</u>

**धारावाहिक पाठः**

चेलाहरूका गोडा धोएपछि येशू दोस्रो पटक[234] रोटी डुबाएर यहूदालाई नदिएसम्म अघि बढिरहनुभयो । त्यसै बेला शैतान यहूदाभित्र प्रवेश गर्‍यो, त्यसपछि ३० चाँदीको सिक्कामा येशूलाई विश्वासघात गर्ने योजना पूरा गर्न त्यो टेबलबाट उठेर राति नै बाहिर निस्क्यो । यहूदा निस्केर गएपछि मात्र येशूले प्रेमको विषयमा बोल्न थाल्नुभयो ।

येशूले उहाँको सेवाकार्यको प्रारम्भमा डाँडाको उपदेशमा "आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्ननु" भन्ने आज्ञा दिनुभएको थियो, तर अहिले उहाँले नयाँ आज्ञा जारी गर्नुभयो । उहाँले भन्नुभयो, *"एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर ।"* यो उनीहरूले आफ्नो छिमेकीलाई प्रेम गर्ने कुरालाई परिवर्तन गर्ने तरिका थिएन, तर त्योचाहिँ ख्रीष्टका अरू चेलाहरूलाई प्रेम गर्ने विशेष तरिकाको निम्ति अतिरिक्त आज्ञा थियो ।

[234] यो दोस्रो पटक रोटी डुबाउने कार्यलाई "मेरर" भनिन्छ, तितो झार (कुनै किसिमको साग)लाई गुलियो मिश्रणमा डुबाएर सहभागीहरूले खान्छन् । यो समिश्रण (ह्यारोसेट)चाहिँ स्याउ, मह, ओखर र दाखमद्य मसाएर बनाइन्छ । यहूदीहरूले मिश्रमा ईंटा र माटोको काम गर्नुपर्थ?यो भनी यसले उनीहरूलाई याद दिलाउँछ । तीतो कुरालाई गुलियो समिश्रणमा डुबाएको कुराले चाहिँ उनीहरूसित भएको परमेश्वरप्रतिको आशाले अत्यन्त तितो परिस्थितिलाई पनि गुलियो बानउँछ भन्ने उनीहरूलाई याद दिलाउँछ ।

.

समूह छलफलः

३. येशूले आफ्ना चेलाहरूप्रतिको प्रेम कसरी प्रकट गर्नुभयो? सूची बनाउनुहोस् ।

- चेलाहरू कसरी बनाउने भनी उनीहरूलाई देखाउनुभयो ।
- उनीहरूले गलत गर्दा उनीहरूलाई हप्काउनुभयो ।
- उनीहरूलाई क्षमा गर्नुभयो ।
- उनीहरूका निम्ति प्रार्थना  गर्नुभयो ।
- उनीहरूका गोडा धुनुभयो ।
- पिताको आज्ञा पलन गर्नुभयो ।
- उहाँको समय त्याग्नुभयो ।
- उनीहरूको सेवा गर्नुभयो ।
- उनीहरूलाई सिकाउनुभयो ।
- उनीहरूका जीवनलाई महत्त्वपूर्ण बनाउनुभयो ।
- उनीहरूलाई शक्ति र अधिकार दिनुभयो ।
- उनीहरूलाई सन्देश दिनुभयो ।
- उनीहरूलाई आत्मिक वरदानहरू दिनुभयो ।
- उनीहरूलाई निर्देशन दिनुभयो ।
- उनीहरूका डरहरूलाई शान्त पार्नुभयो ।

४. येशूले उनीहरूलाई प्रेम गरेजस्तै एक-अर्कालै प्रेम गरेको उहाँ किन चाहनुहुन्छ? (ताकि उनीहरू उहाँका चेलाहरू हुन् भन्ने मानिसहरूले जानून् ।) कि? (दियाबलसका कामहरू नष्ट गर्नको निम्ति) (१यूहन्ना ३:७-७)

**धारावाहिक पाठः**

खानापछि येशूले फेरि प्रेमको विषयबारे बोल्न थाल्नुहुन्छ, यस पटक उहाँले चेलाहरूलाई यसबारे अझ गहिरो रूपमा विचार गर्न प्रेरित गर्नुहुन्छ । प्रेमको सबैभन्दा गहिरो अभिव्यक्तिचाहिँ आफ्नो मित्रको निम्ति आफ्नो ज्यानै दिनु हो ।

यूहन्ना १५:१४, १६-१७ बारे समूह छलफल:

## मेरो आज्ञा

यूहन्ना १५:१४-१७

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ । अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन । तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु । मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई

सो दिनुहुनेछ । म तिमीहरूलाई यो आज्ञा दिँदछु, कि तिमीहरूले एक-अर्कालाई प्रेम गर ।"

५. येशूका मित्रहरू को हुन्? (उहाँ जे आज्ञा गर्नुहुन्छ सो गर्ने)
६. येशूसँगको मित्रतामा को अग्रसर हुन्छ? (उहाँ)
७. उहाँले मित्रतामा किन अग्रसरता लिनुहुन्छ? (ताकि उहाँका मित्रहरू फल फलाऊन् ।)
८. उहावले कुन फलको बारे कुरा गरिरहनुभएको छ? (पवित्र आत्माका फलहरू (गलाती ५:२२-२६) वा परमेश्वरको स्वभाव र चरित्र (दाख र हाँगाहरू- यूहन्ना १५:५-८)
९. फल कसले खान्छ? (तपाईं बाहे सबैले)
१०. यो फल कहिलेसम्म रहननुपर्छ? (सदासर्वदा)
११. कसैको नाउँमा माग्नु अर्थ के हुन्छ? (यो कसैले उसैसँग मागेजस्तै हो)
१२. येशूको नाउँ के हो? (म मुक्ति हुँ?)
१३. केबाट छुटकारा वा मुक्ति? (सबै थोकबाट)
१४. एक-अर्का भनिएकाहरू को-को हुन्? (अरू चेलाहरू)

**पाठको आशयः**
<u>येशूले अन्तिम आफ्ना चेलाहरूसँग कुराकानी गर्ने क्रममा भोजमा सिकाउनुभएको तथ्यको आधारमा हामी उहँका साँचो मित्रहरू हौँ वा होइनौँ भनी चिन्तन गर्ने हाम्रो कर्तव्य बन्छ ।</u>
प्रयोगः
के हामीले उहाँले जे गर्नलाई भन्नुभएको छ त्यही गरिरहेका छौँ? तपाईंको गृहकारयको रूपमा ५८ "एक-अर्का"का सूचीलाई तिनीहरूको सन्दर्भमा पढ्नुहोस् ।

**"एक-अर्का"**

१. एक-अर्कासँग शान्तिमा बस (मर्कूस ९:५०)
२. एक-अर्काको गोडा धोओ (यूहन्ना १३:१४)
३. एक-अर्कालाई प्रेम गर (यूहन्ना १३:३४)
४. एक-अर्कालाई प्रेम गर (यूहन्ना १३:३४)
५. एक-अर्कालाई प्रेम गर (यूहन्ना १३:३५)
६. एक-अर्कालाई प्रेम गर (यूहन्ना १५:१२)
७. एक-अर्कालाई प्रेम गर (यूहन्ना १५:१७)
८. भातृ प्रेममा एक-अर्काप्रति समर्पित होओ (रोमी १२:१०)
९. एक-अर्का आदर गर (रोमी १२:१०)
१०. एक-अर्कासँग एकै मनको होओ (रोमी १२:१६)

११. एक-अर्कालाई प्रेम गर (रोमी १३:८)
१२. एक-अर्काको न्याय नगर (रोमी १४:१३)
१३. ख्रिष्टले हामीलाई स्वीकार गर्नुभएजस्तै एक-अर्कालाई स्वीकार गर (रोमी १५:७)
१४. एक-अर्कालाई अर्ती देओ (रोमी १५:१४)
१५. एक-अर्कालाई पवित्र चुम्बनले अभिवादन गर (रोमी १६:१६)
१६. तिमीहरू खान आउँदा एक-अर्कालाई पर्ख (१ कोरिन्थी ११:३३)
१७. एक-अर्काको उस्तै वास्ता गर (१ कोरिन्थी १२:२५)
१८. एक-अर्कालाई पवित्र चुम्बनले अभिवादन गर (१ कोरिन्थी १६:२०)
१९. एक-अर्कालाई पवित्र चुम्बनले अभिवादन गर (२ कोरिन्थी १३:१२)
२०. एक-अर्काको प्रेमद्वारा सेवा गर (गलाती ५:१३)
२१. तर यदि तिमीहरूले एक-अर्कालाई टोक्छौ भने त होशियार रहो, नत्र एक-अर्कालाई नष्ट गरौला (गलाती ५:१५)
२२. एक-अर्कालाई चुनौती दिएर, एक-अर्काको ईर्ष्या गरेर घमण्डी नहौँ (गलाती ५:२६)
२३. एक-अर्काको बोझ उठाओ (गलाती ६:२)
२४. प्रेममा एक-अर्कालाई सहने गर (एफिसी ४:२)
२५. एक-अर्काप्रति दयालु होओ (एफिसी ४:३२)
२६. एक-अर्कालाई क्षमा गर (एफिसी ४:३२)
२७. एक-अर्कासँग भजन र आत्मिक गानहरू कुरा गर (एफिसी ५:१९)
२८. ख्रीष्टको भयमा एक-अर्काको अधीनमा बस (एफिसी ५:२१)
२९. एक-अर्कालाई आफूलाई भन्दा बढी महत्त्वको ठान (फिलिप्पी २:३)
३०. एक-अर्कालाई नढाँट (कलस्सी ३:९)
३१. एक-अर्कालाई सहने गर (कलस्सी ३:१३)
३२. एक-अर्कालाई क्षमा गर (कलस्सी ३:१३)
३३. एक-अर्कासँग भजन र आत्मिक गानसहित सिकाओ (कलस्सी ३:१६)
३४. एक-अर्कालाई भजन र आत्मिक गानहरूसहित अर्ती देओ (कलस्सी ३:१६)
३५. एक-अर्काको निम्ति प्रेममा वृद्धि होओ र प्रशस्त होओ (१ थेसलोनिकी ३:१२)
३६. एक-अर्कालाई प्रेम गर्न परमेश्वरद्वारा सिकाइएका (१ थेसलोनिकी ४:९)
३७. एक-अर्कालाई यी वनचहरूले सान्त्वना देओ (१ थेसलोनिकी ४:१८)
३८. एक-अर्कालाई उत्साह देओ (१ थेसलोनिकी ५:११)
३९. एक-अर्कालाई निर्माण गर (१ थेसलोनिकी ५:११)
४०. तर एक-अर्कालाई दिनप्रति दिन उत्साह देओ (हिब्रू ३:१३)

४१. एक-अर्कालाई प्रेम गर्न र असल कामहरू गर्न कसरी प्रेरित गर्ने विचार गर (हिब्रू १०:२४)

४२. एक-अर्कालाई उत्साह देओ (हिब्रू १०:२५)

४३. एक-अर्काको विरुद्ध नबोल (याकूब ४:११)

४४. एक-अर्काको विरुद्ध गनगन नगर (याकूब ५:९)

४५. एक-अर्कासँग आफ्नो पापहरू स्वीकार गर (याकूब ५:१६)

४६. एक-अर्काको निम्ति प्रार्थना गर (याकूब ५:१६)

४७. अन्तमा एक-अर्कालाई हृदयदेखि नै प्रेम गर (१ पत्रुस १:२२)

४८. एक-अर्काप्रति प्रेमलाई तीव्र पार (१ पत्रुस ४:८)

४९. एक-अर्काको सत्कार गर (१ पत्रुस ४:९)

५०. जसरी कसैले विशेष वरदान पाएको छ त्यसरी नै एक-अर्काको सेवा गर्न प्रयोग गर (१ पत्रुस ४:१०)

५१. एक-अर्काप्रति नम्रता धारण गर (१ पत्रुस ५:५)

५२. एक-अर्कालाई पवित्र चुम्बनले अभिवादन गर (१ पत्रुस ५:१४)

५३. एक-अर्कालाई प्रेम गर (१ यूहन्ना ३:११)

५४. एक-अर्कालाई प्रेम गर (१ यूहन्ना ३:२३)

५५. एक-अर्कालाई प्रेम गरौँ (१ यूहन्ना ४:७)

५६. हामीले एक-अर्कालाई प्रेम गर्नुपर्छ (१ यूहन्ना ४:११)

५७. यदि हामी एक-अर्कालाई प्रेम गर्छौं भने, परमेश्वर हामीसँग हुनुहुन्छ (१ यूहन्ना ४:१२)

५८. एक-अर्कालाई प्रेम गर (२ यूहन्ना ५)

## पाठ ५३
## शान्तिपूर्ण हृदयहरू

**समूहको गाँठो फुकाउने प्रश्नः**
भविष्यबारे चिन्तित हुने मानिसहरूलाई तपाईंले कसरी सान्त्वना दिनुहुन्छ?

**परिचयः**
यहूदा आन्तिम भोजबाट बाहिर जाने बित्तिकै येशू र चेलाहरू सहभागी भएका भोजको भागलाई म्यागिड अर्थात् निस्तारको विवरण भन्नेको रूपमा चिनिन्छ । म्यागिडको प्रारम्भमा उनीहरूले दाखमद्यको दोस्रो कचौरामा सहभागी भएका हुन सक्छन्, जुनचाहिँ न्याय वा शिक्षाको कचौरा हो । यसको अभिप्रायचाहिँ त्यो भोजमा सहभागी हुनेहरूलाई परमेश्वरले कसरी छुटकारा दिनुभयो भनी याद दिलाउनु थियो । "*आफ्नो हात उठाएर तिनीहरूलाई ठूलो दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु ।*" (प्रस्थान ६:६)

निस्तारको विवरण अझै पनि उही असाधारण तरिकाले गरिन्छ । त्यो भोजमा सहभागी हुने बालबालिकाहरू जवाफमा निस्तारको विवरण आउने किसिमले त्यहाँ बुढापाकाहरूलाई प्रश्न सोध्छन् । अन्तिम भोजमा चेलाहरूले येशूलाई चार वटा प्रश्नहरू सोधे । ति हुन्:

सिमोन पत्रुस – "प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?"

थोमा – "प्रभु, तपाईं कता जाँदैहुनुहुन्छ भन्ने हामीलाई थाहा छैन, तब हामीले बाटो कसरी चिन्ने?"

फिलिप – "प्रभु, हामीलाई पिता देखाउनुहोस् र यो नै हामीलाई पर्याप्त हुनेछ ।"

यहूदा (स्करियोत होइन) – "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?"

**धर्मशास्त्र पाठः**

यूहन्ना १३:३६-१४:३१

**चार प्रश्नहरू**
**माह निश्ताना**[235]

यूहन्ना १३:३६-१४:२६

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश' बाट लिइएको वचन खण्ड*

सिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ?" येशूले जवाफ दिनुभयो, "म जहाँ गइरहेछु, तिमी अहिले मलाई पछ्याउन सक्दैनौ, तर पछि त तिमीले मलाई पछ्याउनेछौ ।" पत्रुसले उहाँलाई भने, "प्रभु, म किन अहिले नै तपाईंलाई पछ्याउन सक्दिनँ? तपाईंको निम्ति म आफ्नो प्राण दिनेछु ।" येशूले जवाफ दिनुभयो, "के तिमी आफ्नो प्राण मेरो निम्ति दिनेछौ? साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीन पल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन ।" "तिमीहरूको हृदय व्याकुल नहोस् । तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर । मेरा पिताको घर[236]मा बस्ने ठाउँहरू धेरै छन् । त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ । जहाँ म गइरहेछु, तिमीहरू त्यहाँ जाने बाटो चिन्छौ ।" थोमाले उहाँलाई भने, "हे प्रभु, तपाईं कहाँ जाँदैहुनुहुन्छ, हामी जान्दैनौं, तब हामीले बाटो कसरी चिन्ने?" येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन । तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ । अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ ।" फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन

[235] माह निश्ताना "जको रात किन अरू सबै रातहरूभन्दा फरक छ?" भन्ने हिब्रू वाक्यांशका प्रथम दुई वटा शब्दहरू हुन् । त्यो वाक्यांश निस्तारमा सहभागी भएका सक्षम बालकले गीतको माध्यमद्वारा प्रश्न गर्दा चार प्रश्नहरूको हरेक हरफको प्रारम्भमा आउँछ ।

[236] मेरो पिताको घर- "स्वर्ग"

वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ । मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ । नत्रभने यी कामहरूकै खातिर विश्वास गर । "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु । तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु । "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ । र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ । तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ । "म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ । म तिमीहरूकहाँ आउनेछु । अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरूले मलाई देख्नेछौ । म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ । त्यस दिन तिमीहरूले जान्नेछौ, कि म मेरा पितामा छु, र तिमीहरू ममा, र म तिमीहरूमा छु । मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ । अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ । म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु ।" यहूदाले (इस्करियोतचाहिँ होइन) उहाँलाई भने, "प्रभु, तपाईंले के भन्नुभएको, तपाईं आफैलाई हामीमा प्रकट गर्नुहुन्छ, र संसारलाई चाहिँ होइन?" येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं । मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन । जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो । "यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको हुँ । तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ ।

## म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु
## बेरिख[237]

यूहन्ना १४:२७-३१

*मेरो पछि लाग: परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

शान्ति म तिमीहरूसँग छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ । तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस् । "मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ ।

[237] बेरिख- खानापछिको अनुग्रह ।

तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ । अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक । म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ । त्यसको ममाथि केही शक्ति छैन । तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस् । उठ, हामी यहाँबाट जाऔं ।"

**आज्ञाहरूः**

- तिमीहरूको हृदय व्याकुल नहोस् ।
- परमेश्वरमा विश्वास गर ।
- ममा पनि विश्वास गर ।
- म पितामा छु र पिता ममा हुनुहुन्छ भनी मलाई विश्वास गर ।
- तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीय नहोओ ।

**पाठः**

येशूले म्याग्गिडलाई कतणका श्रृङ्खलाहरूसँगै सुरुवात गर्नुभयो । "*साना बालक हो, केही बेरसम्म म तिमीहरूसँग छु! तिमीहरूले मलाई खोज्नेछौ, र जसो मैले यहूदीहरूलाई भनें, अब तिमीहरूलाई पनि म भन्दछु, 'जहाँ म गइरहेछु, तिमीहरू आउन सक्दैनौ ।'* उहाँले यो उहाँको सन्निकट मृत्युको बारे बोल्नुभएको हो किनकि उहाँले क्रूसमा आफ्नो हात पसारेर उहाँका मानिसहरूको उद्धार गर्नुहुनेछ भन्ने राम्ररी थाहा थियो । चेलाहरूलाई सान्त्वना दिन येशूले अगमवाणी गर्न थाल्नुभयो ।

परमेशवरले आफ्ना मानिसहरूलाई सान्त्वना दिन सदैव अगमवाणी प्रयोग गर्नुभएको छ । उहाँको उनीहरूसँग उहाँको वचनद्वारा विशेष सम्बन्ध छ भन्ने यसले उनीहरूलाई याद दिलाउँछ । निर्णायक शक्ति उहाँको नै हो भनी निश्चय गराउँदै उहाँ निर्देशन प्रदान गर्न तत्पर हुनुहुन्छ । धर्मशास्त्र भन्छ, "*त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।*" (यशैया ५५:११) अगमवाणी सबैभन्दा बढी इच्छा गर्नुपर्ने आत्मिक वरदान हो भनी प्रेरित पावलले पछि भने, "*तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ । तिनीहरूका आत्मिक वृद्धि, उत्साह र सान्त्वनाको निम्ति ऊ बोल्दछ ।*" (१ करिन्थी १४:३)

येशूले त्यस रात भविष्यबारे बताउने र परमेश्वरबाट आएका सत्यता घोषणा गर्ने आगमवाणीका दुवै पक्षहरू प्रयोग गरेर अगमवक्ताको शैलीमा बोल्नुभयो । उहाँले भविष्यकाका अल्पकालीन र दीर्घकालीन अगमवाणीहरू गर्नुभयो । यदि छोटो समयभित्र नै पूरा हुने अगमवाणीहरू पूरा भएनन् भने मानिसहरूले त्यो अगमवक्ता, उसले भनेका दुर भविष्यमा हुने कुराहरू र कुनै पनि अन्य अगमवाणीलाई बेवास्ता गर्नुपर्थ्यो ।

पत्रुस कहाँ जाँदैहुनुहुन्छ भनी येशूलाई प्रश्न सोधेका हुनाले, येशूले पहिले दुर भविष्यमा हुने अगमवाणी बताएर उनको जवाफ दिनुभयो । *"म जहाँ गइरहेछु* (क्रूसमा), *तिमी अहिले मलाई पछ्याउन सक्दैनौ, तर पछि त तिमीले मलाई पछ्याउनेछौ ।"* कहावतअनुसार पत्रुसलाई रोममा उधोमुन्टो बनाएर ई.सं. ६५ मा क्रूसमा झुन्ड्याइएको थियो । त्यसपछि येशूले तत्काल पूरा हुने अगमवाणी गर्नुभयो । *"साँच्चै म तिमीलाई भन्छु, तिमीले मलाई तीन पल्ट इन्कार नगरेसम्म भाले बास्नेछैन ।"* यो येशूले बताउनुभएको ८ घण्टाभित्र नै पूरा भएको थियो ।

येशूले २० वटा यस्ता अगमवाणीहरू श्रृङ्खलाहरू जारी गर्नुभयो, जसलाई "तिमीहरूको हृदय व्याकूल नहोस्" भन्ने आज्ञाद्वारा प्रस्तुत गरियो । येशूले उनीहरूको वरिपरि कोष्ठक राखेझै गरेर "तिमीहरूको हृदय व्याकूल नहोस्, न त भयभीय होओ" भन्ने उस्तै किसिमको आज्ञाद्वारा अन्त्य गर्नुभयो । त्यसपछि , *"अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक"* भन्ने कथनसँगै बीचैमा रोक्नुभयो ।

येशूले चेलाहरूलाई उत्साह दिन, सबल तुल्याउन र सान्त्वना दिन प्रयोग गर्नुभएका दुर भविष्यमा र छिट्टै हुने अगमवाणीहरू दुवैलाई हेरौँ:

१. म तिमीहरूको निम्ति ठाउँ तयार पार्न जान्छु । (दूर भविष्य)

२. म फेरि आउनेछु, तिमीहरूलाफ मसँगै लानेछु कि म जहाँ छु तिमीहरू पनि त्यही हुनेछौ । (दूर भविष्य)

३. म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ । (छोटो समयमा, ५५ दिन)

४. र तीभन्दा ठूला काम गर्नेछ (छोटो समयभित्र, ५५ दिन)

५. तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु । (छोटो समयभित्र, ५५ दिन)

६. तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु ।(छोटो समयभित्र, ५५ दिन)

७. उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । (छोटो समयभित्र, ५५ दिन)

८. उहाँ तिमीहरूसँग रहनुहुनेछ । (छोटो समयभित्र, ५५ दिन)

९. म तिमीहरूलाई टुहुरा छोनेछैन । (छोटो समयभित्र, ५५ दिन)

१०. म तिमीहरूकहाँ आउनेछु । (छोटो समयभित्र, ४ दिन)

११. केहीबेर पछि संसारले मलाई देख्नेछैन (छोटो समयभित्र, १२ घण्टाभित्र)

१२. तर तिमीहरूले मलाई देख्नेछौ (छोटो समय, र दिन)

१३. म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित हुनेछौ (दूर भविष्य)

१४. जसले मलाई प्रेम गर्छ त्यसलाई मेरो पिताले प्रेम गर्नुहुन्छ । (छोटो समय, ५५ दिन)

१५. जसले मलाई प्रेम गर्छ म त्यसलाई प्रेम गर्नेछु ( छोटो समय, ५५ दिन)

१६. जसले मलाई प्रेम गर्छ, म त्यसकहाँ प्रकट हुनेछु (छोटो समय, ५५ दिन)

१७. हामी त्यसकहाँ आउनेछौँ र हामी त्योसँग बस्नेछौँ (छोटो समय, ५५)

१८. उहाँले तिमीहरूलाई सबै थोक सिकाउनुहुनेछ (छोटो समय, ५५ दिन)

१९. मैले भनेका कुराहरू उहाँले तिमीहरूलाई याद दिलाउनुहुनेछ (छोटो समय, ५५ दिन)

२०. म तिमीहरूसित शान्ति छोड्छु; म मेरो शान्ति तिमीहरूलाई दिन्छु (छोटो समय, तुरुन्तै)

**समूह छलफलः**

१. तपाईं भविष्यको निम्ति चिन्तित हुँदा कहिल्यैँ येशूले तपाईंलाई सान्त्वना दिनुभएको छ?

२. यदि छ भने, उहाँले कसरी सान्त्वना दिनुभयो?

**धारावाहिक पाठः**

येशूले चेलाहरूलाई सान्त्वना दिनेभन्दा पनि बढी गर्नुभयो उहाँ तिनीहरूलाई सत्य बताउनुभयो । धर्मशास्त्रका यी खण्डहरूको मुख्य विषय जुनचाहिँ येशूले आफ्नै बारेमा बताउनुभएकोछ सो हामीले अध्ययन गर्नेछौँ । *"बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।"* धेरैका निम्ति यो जटिल कथन हो! पिताकहाँ जाने बाटोहरू धेरै छन् भन्न उनीहरू रुचाउँछन् ।

**समूह छलफलः**

३. *"बाटो, सत्य र जीवन म नै हुँ"* भन्ने कथनको अर्थ के होला भन्ने तपाईंलाई लाग्छ?

४. *"मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन"* भन्ने भनाईलाई के तपाईंले विश्वास गर्नुनहुन्छ?

५. पिताकहाँ जाने एउटा भन्दा बढी बाटोहरू छन् भन्नेहरूलाई तपाईं के भन्नुहुन्छ?

*"बाटो, सत्य र जीवन म नै हुँ"* भन्ने येशूको सात वटा कथन "म हुँ" कथनहरूमध्ये छैठौँ हो, जसलाई उहाँले यूहन्नाको पुस्तकमा प्रयोग गर्नुभएको छ । अरूहरूचाहिँ १) म रोटी र जीवन हुँ (६:३५), २) म संसारको ज्योति हुँ (८:१२), ३) म ढोका हुँ (१०:७ र ९), ४) म असल गोठालो हुँ (१०:११ र १४), ५) म पुनरुत्थान र जीवन हुँ (११:२५) र ७) म साँचो दाखखो बोट हुँ (१५:१ र ५)। येशूले हरेक पटक "म हुँ" भन्नु हुँदा उहाँले परमेश्वरको स्मरणीय नाम पुकार्दै हुनुहुन्थ्यो । किनकि यस्तो लेखिएको छः

*मोशाले परमेश्वरलाई भने, "हेर्नुहोस्, जब म इस्राएलीहरूकहाँ गएर तिनीहरूलाई भन्नेछु, 'तिमीहरूका पिता- पुर्खाका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो,' तब तिनीहरूले 'उहाँको नाउँ के हो त?' भनेर सोधे भने, मैले तिनीहरूलाई के भन्ने?" तब परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ ।" फेरि उहाँले भन्नुभयो, इस्राएलीहरूलाई*

*तैंले यसो भन्नू, "म हुँ"[238] भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो । परमेश्वरले मोशालाई यो पनि भन्नुभयो, "इस्राएलीहरूलाई भन्, परमप्रभु, तिमीहरूका पिता- पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो । मेरो नाउँ सदा यही रहनेछ, र सबै पुस्तासम्म मेरो नाउँको सम्झना यही हुनेछ ।* (प्रस्थान ३:१३-१५)

मोशा परमेश्वरका मानिसहरूलाई छुटकारा दिन र अगुवाइ गर्न चुनिएका थिए । उनले आश्चर्यकर्महरू गरे र परमेश्वरको व्यवस्था (शिक्षा वा निर्देशन) मानिसहरूलाई बताए । येशूले जस्तै मोशाले पनि आपू मर्नअगि आउनेवाला[239]को बारे अगमवाणी गरे ।

*परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका आफ्नै दाजुभाइमध्येबाट मजस्तै एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ । तिमीहरूले तिनको कुरा सुन्नू[240] । किनकि "अब उप्रान्त परमप्रभु हाम्रा परमेश्वरको सोर सुन्नु नपरोस् र यो डरलाग्दो अग्नि कहिल्यै हेर्नु नपरोस्, नत्रता हामी मर्नेछौं" भनी होरेब पर्वतमा सभाको दिन परमप्रभु तिमीहरूका परमेश्वरसँग तिमीहरूले यही बिन्ती गरेका थियौ ।*

*परमप्रभुले मलाई भन्नुभयो, "तिनीहरूले ठीकै भनेका छन् । तिनीहरूका निम्ति तिनीहरूका दाजुभाइमध्येबाट तँजस्तै म एक जना अगमवक्ता खड़ा गर्नेछु । म मेरो वचन तिनको मुखमा हालिदिनेछु, र मैले आज्ञा गरेका सबै कुरा तिनले तिनीहरूलाई भन्नेछन् । ती अगमवक्ताले मेरो नाउँमा[241] भनेका मेरा वचनहरू नसुन्नेको लेखा म लिनेछु ।* (व्यवस्था १८:१५-१९)

आउनेवाला को हो भनी मानिसहरूलाई पहिचान गर्न सहायता गर्न, परमेश्वरले यहोशूलाई अगमवक्ताको रूपमा नियुक्त गर्न लगाउनुभयो जो उनी पछि आउँथे ।

*अनि परमप्रभुले मोशालाई भन्नुभयो, "हेर्, तेरो मृत्युको दिन नजिक आइपुग्यो । यसकारण यहोशूलाई बोला, र भेट हुने पालमा तिमीहरू हाजिर होओ । त्यहाँ म त्यसलाई कार्यभार सुम्पनेछु ।" तब मोशा र यहोशू गएर भेट हुने पालमा हाजिर भए । परमप्रभुले नूनको छोरा यहोशूलाई यो आज्ञा दिनुभयो: "बलियो र साहसी हो! किनकि मैले दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा तैंले नै इस्राएलीहरूलाई पुऱ्याउनेछस्, र म आफै तँसँग हुनेछु ।"* (व्यवस्था ३१:१४ र २३)

यहोशूको अर्थचाहिँ "म मुक्ति हुँ" हो । योवास्तवमा हिब्रूमा येशूको नाउँ अर्थात् "येशुआ" हो । परमेश्वरका मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा डोऱ्याउने काम मोशाको थिएन किनभने

---

[238] हिब्रूमा "म हुँ"लाई "याह" भनी उच्चारण गरिन्छ ।

[239] मोशाले येशूको बारे अगमवाणी गरे र येशूले पवित्र आत्माको बारे अगमवाणी गर्नुभयो ।

[240] चेलाहरू येशूको रूप परिवर्तन हुँदा पर्वतमाथि चम्किलो बादलले तिनीहरूलाई ढाकिहाल्यो, र त्यस बादलबाट एउटा आवाज आयो, *"यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन ।"* (मत्ती १७:५)

[241] *येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु ।" (यूहन्ना :५८)*

उनले पाप गरे[242] । परमेश्वरका मानिसहरूलाई प्रतिज्ञाको मुलुकसम्म डोऱ्याउने दायित्व यहोशू (येशूआ)को थियो र छ ।

प्रेरित ७ अध्यायमा, पवित्र आत्माले भरिएर स्तिफनसले यहूदीहरूका शासकीय परिषद् अर्थात् महासभाको येशूप्रति साथै उहाँअघिका सबै अगमवक्ताहरूप्रति उनीहरूको व्यवहार[243] विरुद्ध गवाही दिए । त्यसैको निम्ति उनलाई मण्डलीको पहिलो शहीद बनाएर ढुङ्गाले हानेर मारे । इस्राएलीहरूले उनीहरूको अनुरोधअनुसार परमेश्वर मानिसहरूद्वारा बोल्नुहुँदा पनि उनीहरूले सुनेका थिएनन् । येशूले पुजारीहरू र फरिसीहरूलाई उनीहरूले परमेश्वरको आवाज[244] सुन्न र आज्ञा पालन गर्न चुकेका कुरा पहिले नै बताइसक्नुभएको थियो र उहाँले उही कुरालाई जोड दिन मोहीहरूको दृष्टान्त[245] पनि भन्नुभएको थियो ।

मोशाले अगमवाणी गरेकाहरूमध्ये येशू एक जना हुनुभएको हुनाले, उहाँले आफ्ना चेलाहरूलाई आज्ञा गर्नुहुन्छ, "तिमीहरूको हृदय व्याकुल नहोस्, परमेश्वरमा विश्वास गर, ममा पनि विश्वास गर ।" त्यसपछि उहाँले उनीहरूलाई उहाँको पहिचानको रूपमा दुई वटा प्रमाणहरू पेश गर्नुभयो । पहिलो प्रमाण उहाँले तिनीहरूसँग बोल्नुभएका वचनहरू[246] थिएः उहाँका वचनहरू पूरा हुन्छन् कि हुँदैन भनी व्यवस्था र अगमवक्ताहरूसँग पनि रुजु गर्न सकिन्थ्यो । येशूले उनीहरूलाई दिनुभएको दोस्रो प्रमाणचाहिँ उहाँले गर्नुभएका आश्चर्यकर्महरू हुन् । *"मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर ।"* (यूहन्ना १४:११)

**समूह छलफलः**

६. धर्मशास्त्रको आधारमा तपाईंले आफ्नै बारे कस्तो "महुँ" कथन बनाउन सक्नुहुन्छ?

---

[242] मोशाले चट्टानबाट पानी ननिकाल्नलाई दोस्रो पटक हिर्काउँदा परमेश्वरको आज्ञा मानेन् (पाप गरे)। इस्राएलका सन्तानहरू तिर्खाउँदा परमेश्वरले चट्टानलाई हिर्काउनु भनी मोशालाई मौलिक रूपमा भन्नुभयो (प्रस्थान १७:६)। इस्राएलका सन्तान दोस्रो पटक तिर्खाउँदा चट्टानबाट पानी निकाल्नलाई हिर्काउनुको सट्टा आज्ञा मात्र गर्नु भन्नुभएको थियो । तर मोशा उनका विद्रोही मानिसहरूसँग रिसाए र चट्टानलाई दोस्रो पटक हिर्काए (गन्ती २०:३-१३)। परमेश्वरले मोशालाई प्रतिज्ञाको मुलुकमा उहाँलाई मानिसहरूलाई लान नदिनुको कारणचाहिँ उनले अगमवक्ताको रूपमा उनीहरूलाई गलत चिन्ह दिनु नै थियो । हामीले १ कोरिन्थी १०:४ बाट थाहा पाउँछौँ, त्यो पानी निस्केको चट्टानचाहिँ ख्रीष्ट हुनुहुन्थ्यो । येशूले भन्नुभयो, यदि कोही तिर्खाएको छ भने त्यो मकहाँ आओस् र पिओस् ।" येशू नै ख्रीष्ट हुनुभएको हुनाले परमेश्वरले आफ्नो पुत्रलाई मानिसको लट्ठिले मुक्तिको निम्ति एक पटक मात्र हिर्काउन दिनुहुन्छ र त्यसपछि उहाँको नाउँमा भन्ने मात्र हो भनी परमेश्वरले बताइरहनुभएको छ । "परमप्रभुको नाम पुकार्ने हरूलदे उद्धार पाउनेछन्" (योएल २:३२ र रोमी १०:१३)

[243] प्रेरित ७:३७ले भन्छ, *''ती तिनै मोशा हुन्, जसले इस्राएलीहरूलाई भनेका थिए, 'परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूमध्येबाट तिमीहरूका निम्ति एक जना अगमवक्ता खड़ा गर्नुहुनेछ ।'*

[244] *"यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु । तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ । किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए । तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?"* (यूहन्ना ५:४५-४७)

[245] मत्ती २१:३३-४६ ।

[246] *प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो ।* (हिब्रू १:१-२)

**पाठको आशयः**
<u>येशू नै बाटो, सत्य र जीवन हुनुएकोले, उहाँमा विश्वास गर्नु र उहाँले आज्ञा गर्नुभएका सबै थोक पालन गर्नु कति धेरै महत्त्वपूर्ण छ?</u>

**पाठ ५४**
**ख्रीष्टमा रहनु**

**समूहको गाँठो फुकाउने प्रश्नः**
येशू कसरी पितामा र पिता उहाँ हुन सक्नुहुन्छ? (यूहन्नाको सुसमाचारको पुस्तक येशू वचन हुनुहुन्थ्यो भन्ने परिचयसँगै सुरुवात हुन्छ । यसैले वचन पिता छ र पिता वचनमा हुनुहुन्छ । हामीले बुझ्ने अवधारणा भनेको एक मात्र परमेश्वर हुनुहुन्छ जोचाहिँ १) सृष्टिकर्ता (पिता, मष्तिष्क, विचार वा सोच पैदा गर्ने), वचन (पुत्र, पिताको विचारको सन्तान- पिताले जे भन्नुहुन्छ त्यसको अधीनमा सबै थोक ल्याइन्छ) र ३) पवित्र आत्मा (शक्ति, जीवन्त तुल्याउने वा वचनले घोषणा गरेको काम पूरा गर्ने)। यस पक्षामा मानिसहरू परमेश्वरजस्तै देखिन्छ,

उनीहरूसित विचारहरू हुन्छ, उनीहरू शब्दहरू बोल्छन्, र उनीहरूका इच्छा वा विचारहरू पूरा गर्न उनीहरूका शरीर वा अरूहरूलाई प्रयोग गर्छन् ।)

**परिचयः**

अन्तिम भोज अन्तहुन लाग्दा येशूले आफ्ना चेलाहरूलाई उहाँमा विश्वास गर्न आज्ञा गर्नुभयो र यसोभन्नुभयो, "म पितामा छु र पिता ममा हुनुहुन्छ ।" चेलाहरूका निम्ति यो अत्यन्त गहन कुरा थियो । येशूले के भन्न खोज्नुभएको? हाम्रो समयमा पनि यो धेरै हदसम्म रहस्य नै भएको छ । तैपनि हामी ख्रीष्टियन भएको हैसियतले उहाँको भनाइ हामीले विश्वास गर्छौं र हाम्रा धेरै ईश्वरशास्त्र यसेको सेरोफेरोमा निर्माण भएको छ ।

हामी आजको पाठमा प्रवेश गर्नअघि केही अन्य धर्मशास्त्रका खण्डहरू हेरौँ:

१. परमेश्वरले ढाँट्न असम्भव छ । (हिब्रू ६:१८) (उहाँ एक मात्र हुनु भएकोले... उहाँका विचारहरू, शब्दहरू र कार्यहरू एकाकार हुन्छन् । यदि उहाँहरू असहमत भएका भए उनीहरू एक हुँदेनथे ।)

२. *उहाँ नै चट्टान हुनुहुन्छ । उहाँका काम सिद्ध छन्, र उहाँका सबै चाल न्यायोचित छन् । एउटा विश्वासयोग्य परमेश्वर जसले भूल गर्नुहुन्न, न्यायी र सत्य उहाँ हुनुहुन्छ ।* (व्यवस्था ३२:४)

. *येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।* (विश्वास सुनाबाट आउँछ र सुनाइ ख्रीष्टको वचनद्वारा आउँछ) *तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ । अबदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ ।" फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?' म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ ।* (यूहन्ना १४:६-१०)

४. (येशू पितासँग कुरा गर्दैहुनुहुन्छ) "*तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो ।"* (यूहन्ना १७:१७)

५. *गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ ।* (१यूहन्ना ५:७)

६. (येशू बलिरहनुभएको छ) "*तिमीहरू मानव दृष्टिले न्याय गर्दछौ। म कसैको न्याय गर्दिनँ। 16मैले न्याय गरें भने पनि, मेरो न्याय सत्य ठहरिन्छ। किनभने न्याय गर्ने म एकलै छैनँ, तर म छु, र मलाई पठाउनुहुने पिता हुनुहुन्छ ।"* (यूहन्ना ८:१५-१६)

७. *"कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ । किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ । मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ । किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनुभएको छ । म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो । यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु ।"* (यूहन्ना १२:४७-५०)

८. तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' ।" (मत्ती ४:४)

**धर्मशास्त्र पाठः**

## ममा रहो

यूहन्ना १५:१-११

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"साँचो दाखको बोट म हुँ[247], र मेरा पिता किसान हुनुहुन्छ । ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ । मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ । ममा रहो[248], र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ । यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ । कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ । यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन् । तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ । तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ । "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु । तिमीहरू मेरो प्रेममा रहो । यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र

[247] साँचो दाखको बोट म हुँ । यो येशूका ७ वटा "म हुँ" भनासहरूमा सातौँ भनाइ हो ।

[248] ममा रहो । यूहन्ना ६५३-५६ अनुसार विश्वासीले येशूको देह खाँदा ऊ उहाँभित्र रहन्छ र उहाँको रगत पिउँदा उहाँ त्यसभित्र रहनुहुन्छ ।

उहाँको प्रेममा रहन्छु । मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।

**आज्ञाहरूः**

- ✟ ममा रहो, र म तिमीहरूमा रहन्छु ।
- ✟ मेरो प्रेममा रहो ।

**पाठः**

चेलाहरू येशूसँगै अन्तिम भोजको स्थलबाट निस्कँदा, उहाँले परमेश्वरसँगको एकाकारको अवधारणालाई अझ धेरै वर्णन गर्नुहुन्छ । उहाँले "म साँचो दाखको बोट हुँ"[249] भनेर संवाद सुरुवात गर्नुहुन्छ । उहाँले दाखको बोट[250]को सादृश्यद्वारा चेलाहरू उहाँसँग एक भएर (जोडिएर) फल फलाउन सक्षम हुन्छन् भनी बताउनुहुन्छ ।

**समूह छलफलः**

१. येशूले आफैलाई "साँचो दाखको बोट" भन्नुहुन्छ, के असत्य दाखको बोट पनि छ त? (छ । इजकिएल १७:१-१०)

२. येशूले कस्तो फलको कुरा गरिरहनुभएको छ? (गलाती ५:२२-२३ मा उल्लेख गरिएका पवित्र आत्माका फलहरू)

३. फल फलाउनुको उद्देश्य के हो? (यसले परमेश्वरलाई महिमा दिन्छ र अरूहरूलाई आशिष् दिन्छ)

४. हामीले फल नफलाउँदा परमेश्वरले के गर्नुहुन्छ? (उहाँले हामीलाई छाँट्नुहुन्छ पद २ । परमेश्वरको भलाइले मानिसलाई पश्चतापतिर डोऱ्याउँछ (रोमी २:४))

५. हामी कसरी फल फलाउ सक्षम हुन्छौँ? (ख्रीष्टमा रहेर (पद ४)। *यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ ।* (२ कोरिन्थी ५:१७))

६. हामी अझ धेरै फल कसरी फलाउँन सक्छौँ? (परमेश्वरले हामीलाई छिँवल्नुहुन्छ (पद २)। ताडना दिएर (हिब्रू १२:५-६) ध्यान केन्द्रित गर्न नसक्दा फल फल्ने होइन पातहरू मात्र फलाउँछन् ।)

७. दाखको बोट छिँवल्कुको उद्देश्य के हो र यो कसरी गरिन्छ? (यसले अझ गुणस्तर दाखहरू फलाउँछ । दाखहरू एक वर्षको पालुवाहरूमा मत्र फल्छन् र टुप्पोहरूका टुसालाई मात्र छोडिन्छ ।)

[249] यो येशूले आफ्नै बारे यूहन्नाको सुसमाचारमा बताउनुभएको "म हुँ" कथनको अन्तिम कथन हो ।

[250] उहाँले दिनुभएको सादृश्य जे भयो त्यससँग पूर्ण रूपमा मेल खान्छः उहाँ र चेलाहरूले रोटी र दाखमद्य बाँडेर एक-अर्कासँग मिलेर खाइरहेका थिए ।

८. हामीले कसरी धेरै फल फलाउँछौँ? (पद ५) प्रभुविना हामीले केही पनि गर्न सक्दैनौँ भन्ने पहिचा गरेर र उहाँसँगको अनवरत सम्बन्धमा रहेर ।)

९. हामी ख्रीष्टमा रहेका छौँ भनी हामीले कसरी थाहा पाउने? (हामी रोटी र कचौरामा सहभागी भइरहन्छौँ । *मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु ।* (यूहन्ना ६:५३-५६[251])

१०. यदि हामी ख्रीष्टमा रहेनौँ भने के हुन्छ? (पद ६) हामी ओइलिन्छौँ र सुख्खा हुन्छौँ । त्यसपछि हामीलाई बटुलिन्छ र बाल्नलाई आगोमा हालिन्छ ।)

११. यदि हामीले रोटी र दाखमद्यलाई त्याग्यौँ भने के हुन्छ? (हामी ख्रीष्टसँगको सङ्गति छैनौँ र उहाँले आज्ञा गर्नुभएको कुरा हामीले पालन गरेका छैनौँ भनिरहेका हुन्छौँ ।)

धारावाहिक पाठः
येशूले उहाँको शिक्षणलाई जारी राख्दै भन्नुहुन्छ, यदि उहाँका चेलाहरू उहाँमा रहे र उहाँका वचन उनीहरूमा रहे भने, उनीहरूले चाहेको जे माग्छन् सो उनीहरूका निम्ति गरिनेछ । त्यस घडी चेलाहरूले कुनचाहिँ वचन भनी सोचिरहेका हुन सक्छन् । येशूले त्यसको जवाफ तुरुन्तै दिनुहुन्छ! उहाँले अर्को आज्ञा जारी गर्नुभयो र यसमा कसरी रहने भनी उनीहरूलाई बताउनुभयो । मेरो प्रेममा रहो । यदि तिमीहरूले मेरा आज्ञाहरू पालन गर्‍यौ भने, तिमीहरू मेरो प्रेम रहनेछौ । पिताले उहाँलाई पनि यस्तै व्यवहार गर्नुहुन्थ्यो ।

**समूह छलफलः**

१२. येशू नै परमेश्वरको वचन हुनुभएकोले उहाँका आज्ञा(शिक्षा)हरू हामीलाई कति धैरै महत्त्वपूर्ण छन्?

१३. के ख्रीष्टले आज्ञा गर्नुभएका कुराहरू पालन नगरे नै ख्रीष्टियनहरूका प्रार्थनाको जवाफ नआएको हो?

१४. तल दिइएका पदहरूको अर्थ के हो?

*यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं । जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन । तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ । हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं । उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ ।* (१यूहन्ना २:३-६)

**पाठको आशयः**

[251] येशूले भन्नुभएअनुसार १) विश्वासीले उहाँको देह खाँदा ऊ उहाँभित्र रहन्छ र २) विश्वासी येशूको रगत पिउँदा येशू त्यसभित्र रहनुहुन्छ ।

<u>हामी पवित्र आत्माद्वारा नयाँ जन्म पाइसकेका हुनाले र परमेश्वर हामीभित्र वास गर्नुभएको हुनाले, हाम्रा वचनहरू र कार्यहरू परमेश्वरको वचनअनुसार हुनुपर्छ ।</u>

प्रयोगः

दुई वटा फरक दाखबारीका गीतहरू पढ्नुहोस् । यशैया <u>५:१-७ र २७:२-६)</u>

**पाठ ५५**
**भ्रममुक्त**

**समूहको गाँठो फुकाउने प्रश्नः**

के तपाईं कुनै कुराबारे भ्रममुक्त हुनुभएको छ? थियो भने, केबाट भ्रममुक्त हुनुभएको थियो?

**परिचयः**

अन्तिम भोजको अन्ततिर येशूले उहाँका चेलाहरू संलग्न हुने विभिन्न सम्बन्धहरूबारे उनीहरूसँग कुराकानी गर्न थाल्नुभयो । पहिलो, उहाँले उहाँसँह उनीहरूको सम्बन्धबारे कुरा गर्नुभयो । "*मेमा रहो र म तिमीहरूमा रहनेछु ।*" अन्तमा, उहाँले संसारसँग उनीहरूको सम्बन्धबारे बताउनुभयो । "*यदि संसारले (कसमोस) तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान कि, तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो । यदि तिमीहरू यस संसारका (कसमोस) हुँदा हौ त संसारले तिमीहरूलाई आफ्नो ठानी माया गर्नेथियो । तर तिमीहरू यस संसारका (कसमोस) होइनौ । तिमीहरूलाई मैले संसारबाट चुनेँ, यसैकारण संसारले (कसमोस) तिमीहरूलाई घृणा गर्दछ ।*"

येशूले संसारको कुरा गर्नुहुँदा भूमि, सागरहरू, तालहरू, नदीहरू, पहाडहरूसहितको पृथ्वी[252]को कुरा गर्नुभएको होइन । बरु धर्मशास्त्रले ग्रीक शब्द कसमोस[253] प्रयोग गर्छ । कसमोस शब्दलाई "गहना" भनी अनुवाद गरिएको छ । योचाहिँ बाहिरी रूपमा देखिने थोकहरू वा पृथ्वीमा काम गर्ने तरिका हो । ख्रीष्टियन स्त्रीहरू कस्तो देखिनुपर्छ भन्ने धर्मशास्त्रमा पनि यही मूल भएको शब्द प्रयोग गरिएको छ ।

> *केशको सिङ्गार, सुनको गहनापात (*मूल शब्द, कसमोस*) र दामी वस्त्र तिमीहरूको बाहिरी सिङ्गारपटार नहोस् । तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ ।* (१ पत्रुस ३:३-४)
>
> *यसै गरी म चाहन्छु, कि स्त्रीहरूले सरलता र भद्रतासाथ सुहाउँदो वस्त्र पहिरून् (*मूल शब्द – कसमोस*), केशको बढ़ी सिङ्गार गरेर, सुन, मोती र बहुमूल्य वस्त्रहरू पहिरेर होइन, तर असल कामद्वारा सुसज्जित होऊन्, जो परमेश्वरको भक्ति गर्ने स्त्रीहरूलाई सुहाउँछ ।* (१ तिमोथी २:९-१०)

जब हामीले कुनै स्त्रीले आकर्षक पोसाक र गहनाहरू पहिरिएको देख्छौँ, तिनी साँच्चै आकर्षक देखिन्छे, तथापि, यसले ती स्त्रीको बारे कुनै पनि कुरा बताउँदैन । तिनी यस्तो देखिन्छिन् मात्र । यो एउटा भ्रम हो! संसार (कसमोस) पनि यस्तै हो... यो एउटा भ्रम हो । संसारका थोकहरू आकर्षक देखिन्छन् तथापि, तिनीहरू जस्तो देखिन्छन्, त्यस्तो छैनन् ।[254] झूटहरूका पिता शैतानले यस संसार(कसमोस)का सबै राज्यहरूमाथि शसन गर्छ भनी धर्मशास्त्रले हामीलाई बताउँछ । यसकारण, यसले धारण गरिरहेका सबै कुराहरू छलपूर्ण (भ्रमपूर्ण) मखुन्डोहरू हुन् ... यो भ्रम हो । वास्तवमा, तपाईंले संसार शब्दको सट्टामा भ्रम

---

[252] यदि येशूले पथ्वी वा यस, भौतिक पक्षहरूको बारे कुरा गर्नुभएको थियो भने, यसो निम्ति ग्रीक शब्द "गे" प्रयोग गरिन्थ्यो ।

[253] नयाँ करारमा "संसार" भनी अनुवाद गरिएका अरू दुई वटा मुख्य शब्दहरू प्रयोग गरिएका छन् । पहिलो "आइयोन" *"aion"* हो । यसलाई "युग" भनेर पनि अनुवाद गरिएको छ, यसले समय ... अस्तित्व वा अँधिको बारे उल्लेख गर्छ । दोस्रोचाहिँ "आइकुमेन" *"ikoumene"* हो । यसले क्षेत्र ... पृथ्वीको अवधारणालाई दर्शाउँछ ।

[254] "तिनीहरू जस्तो देखिन्छन्, त्यस्तो छैनन्"को विषय त्रिपक्षीय चलचित्र "Matrix" को मुख्य विषय थियो । (२००२-२००५)

शब्द राख्न (प्रतिस्थापन गर्न) सक्नुहुन्छ । उदाहरणको लागि तपाईंले याकूबको पुस्तकको यो प्रसिद्ध खण्डलाई यसरी पढ्न सक्नुहुन्छ, *"व्यभिचारी मानिस हो, संसार(भ्रम) सँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसार(भ्रम) सँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ ।"*

शब्दकोशअनुसार भ्रम भनेको झूटो विचार वा अवधारणा हो । यो तथ्यअनुसार नभएको विश्वास वा राय हो जुन अवास्तविक, छलपूर्ण वा भ्रमपूर्ण स्वरूप वा प्रतिक हो । धेरै मानिसहरूले भ्रममुक्तलाई नकारात्मक अर्थमा प्रयोग गर्छन्, तथापि, भ्रममुक्त हुनु असल हो । भ्रममुक्त शब्दको अर्थ भ्रम वा झूटा विचारहरूबाट छुटकारा पाउनु हुन्छ ।

**धर्मशास्त्र पाठः**

यूहन्ना १५:१८-१६:३३

## विनाकारण घृणा गरिएको

यूहन्ना १५:१८-२५

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान, कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो । यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो । तर तिमीहरू यस संसारका होइनौ । तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ । मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन ।' तिनीहरूले मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन् । तिनीहरूले मेरो वचन पालन गरे भने तिमीहरूको वचन पनि पालन गर्नेछन् । तर तिनीहरूले यी सब कुरा मेरो नाउँको खातिर तिमीहरूलाई गर्नेछन्, किनभने तिनीहरूले मलाई पठाउनुहुनेलाई चिन्दैनन् । म नआएको भए र तिनीहरूलाई नबताएको भए तिनीहरू पापको दोषी हुनेथिएनन्, तर अब त आफ्ना पापको निम्ति तिनीहरूसँग केही बहाना छैन । जसले मलाई घृणा गर्दछ, त्यसले मेरा पितालाई पनि घृणा गर्दछ । यदि अरू कसैले नगरेको काम मैले तिनीहरूका बीचमा नगरेको भए तिनीहरू पापको दोषी हुनेथिएनन् । तर अब तिनीहरूले मलाई र मेरा पिता दुवैलाई देखेका छन् र घृणा गरेका छन् । तर, व्यवस्थामा लेखिएको यो वचन पूरा हुनलाई यो भएको थियो, 'तिनीहरूले मलाई विनाकारण घृणा गरे ।'[255]

## पवित्र आत्माको प्रतिज्ञा

यूहन्ना १५:२६-१६:१६

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

[255] तिनीहरूले मलाई विनाकारण घृणा गरे । भजनसंग्रह ३५:१९ र ६९:४ ।

"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ ।" "तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ । तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन् । वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्‍वरको सेवा गर्दैछु भनी ठान्नेछ । तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन् । तर यी कुरा मैले तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब तिमीहरूलाई के भनेथें सो तिमीहरूलाई स्मरण हुनेछ । पहिले नै मैले तिमीहरूलाई यी कुरा भनिनँ, किनकि म तिमीहरूसँग थिएँ । "अब म मलाई पठाउनुहुनेकहाँ गइरहेछु, तर 'तपाईं कहाँ जाँदैहुनुहुन्छ?' भनी तिमीहरू कसैले मलाई सोध्दैनौ । तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ । तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ । किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु । अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ । पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्‍वास गर्दैनन्, धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ । र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ ।

"मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ । जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोर्‍याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ । उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ । जे-जति पितासँग छन्, ती मेरा हुन् । यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ ।"

## पिताले तिमीहरूलाई प्रेम गर्नुहुन्छ

यूहन्ना १६:१६-३३

*मेरो पछि लागः परमेश्‍वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

"अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ ।" तब उहाँका कुनै-कुनै चेलाहरूले एक-अर्कालाई भने, "उहाँले हामीहरूलाई यो भन्नुभएको के हो? 'अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरू मलाई देख्नेछौ,' र 'किनकि म पिताकहाँ गइरहेछु' ।" तिनीहरूले भने, "उहाँले 'अलि बेर' भन्नुभएको

के हो? हामी जान्दैनौ, उहाँ के भन्दैहुनुहुन्छ ।" तिनीहरूले उहाँलाई सोध्ने इच्छा गर्दैछन् भन्ने येशूलाई थाहा भयो, र उहाँले भन्नुभयो, "'अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि अलि बेरपछि मलाई देख्नेछौ' भन्ने कुराको अर्थ के हो भन्ने विषयमा के तिमीहरू आपसमा बहस गरिरहेछौ? साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू रुनेछौ र विलाप गर्नेछौ, तर संसार रमाउनेछ । तिमीहरू शोकित हुनेछौ, तर तिमीहरूको शोक आनन्दमा परिणत हुनेछ । बालक जन्माउने बेलामा स्त्रीलाई पीडा हुन्छ किनभने तिनको बेला आएको हुन्छ, तर जब तिनले बालक जन्माउँछिन्, तब तिनलाई त्यस वेदनाको सम्झना हुँदैन किनकि संसारमा एउटा बालकको जन्म भयो भन्ने कुरामा तिनी हर्षित हुन्छिन् । यसरी नै अहिले तिमीहरूलाई शोक हुन्छ, तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन् । अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन । त्यो दिन तिमीहरूले मलाई केही सोध्नेछैनौ । साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ । अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग, अनि तिमीहरूले पाउनेछौ । यसरी तिमीहरूको आनन्द पूर्ण होओस् । "यी कुरा मैले तिमीहरूलाई दृष्टान्तमा भनेको छु । तर समय आइरहेछ, जब म तिमीहरूसँग फेरि दृष्टान्तमा बोल्नेछैनँ, तर पिताको विषयमा तिमीहरूलाई स्पष्ट बताउनेछु । त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ । म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ, किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ । म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरि म संसारलाई छोड़ेर पिताकहाँ जाँदैछु ।" उहाँका चेलाहरूले भने, "अब तपाईं स्पष्ट बोल्दैहुनुहुन्छ, दृष्टान्तमा होइन । अब हामीहरूले बुझ्यौं, तपाईं सबै कुरा जान्नुहुन्छ, अनि तपाईंलाई कसैले सोध्ने आवश्यकता छैन । यसैले हामी विश्वास गर्छौं, कि तपाईं परमेश्वरबाट आउनुभएको हो ।" येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरू अब विश्वास गर्दछौ? हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौ । तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्छ । मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस् । संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।"

**आज्ञाहरूः**

- ❖ मैले भनेका वचन याद गर, "एउटा नोकर मालिकभन्दा ठुलो हुँदैन ।"
- ❖ माग र तिमीहरूलाई दिइनेछ, कि तिमीहरूको आनन्द पूर्ण होस् ।
- ❖ तर साहस गर ।

**समूह छलफलः**

१. मानिसहरूमा भएका केही भ्रमहरू उल्लेख गर्नुहोस्?

२. मानिसहरू कसरी भ्रमबाट मुक्त हुन्छन्? (सत्य जानेर । "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ । तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।" (यूहन्ना ८:३१-३२)

**पाठः**

चेलाहरूलाई संसारले घृणा गर्नेछ भनी येशूले पाठ सुरु गर्नुहुन्छ । यो बुझ्न सकिने किसिमको छ किनभने संसार र यसको पद्धति झूटहरूमा आधारित छन् जब कि येशू, उहाँका चेलाहरू र परमेश्वरको राज्य सत्यतामा आधारित छन् । यसकारण, विवाद अवश्यमभावी हो ।

येशूले यसो भन्दै अघि बढ्ननुभयो, "यदि तिमीहरू यस संसारका हुँदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्नेथियो । तर तिमीहरू यस संसारका होइनौ । तिमीहरूलाई संसारबाट मैले चुनें, यसैकारण संसारले तिमीहरूलाई घृणा गर्दछ । मैले तिमीहरूलाई भनेको वचन याद राख, 'नोकर घरको मालिकभन्दा ठूलो हुँदैन ।' तिनीहरूले मलाई सताए भने तिमीहरूलाई पनि सताउनेछन् ।"

संसारको झूटहरूसँग लड्नलाई प्रभुले पवित्र आत्मा पठाउने प्रतिज्ञा चेलाहरूसँग गर्नुभयो । पवित्र आउनुभयो र येशू नै बाटो, सत्य र जीवन हुनुहुन्थ्यो उहाँद्वारा बाहेक पिताकहाँ कोही जान सक्दैन भनी गवाही दिनुभयो । यसको अतिरिक्त, पवित्र आत्माले संसारलाई पाप, धार्मिकता र न्यायको सन्द्रभमा दोषी ठहराउनुहुन्छ । *गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ ।* (१यूहन्ना ५:७)

पवित्र आत्माको आगमन नै परमेश्वरको राज्य[256] धरतीमा एको छ भन्ने चिन्ह हो । यो दानिएलले अगमवाणी गरेका राज्य हो, चट्टानबाट विनामानव हात काटिएर आएको ढुङ्गा[257]ले यस संसार(कसमोस)का राज्यहरूलाई कुल्च्यो । यस राज्यका हरेक सदस्यलाई स्वर्गीय हातहतियारहरू[258] दिइनेछ र हरेकले पवित्र आत्माको तरवार चलाउँछन्, जुन परमेश्वरको वचन हो । त्यो तरवार जतातिर मच्चाइन्छ त्यतातिर यसले संसारका झूटहरू र भ्रमहरूलाई नष्ट पार्नेछ ।

येशूले चेलाहरूलाई उहाँको नाउँमा माग्न आज्ञा गर्नभयो ताकि उनीहरूले प्राप्त गर्नेछन् र उनीहरूको आनन्द पूर्ण हुनेछ भन्नुभयो । येशू ख्रीष्टलाई प्रभुको रूपमा मान्ने हामी हरेकले शासकहरू, शक्तिहरू, यस अन्धकारका संसारिक शक्तिहरू र स्वर्गीय स्थानहरूमा रहेका दुष्टका आत्मिक शक्तिहरू विरुद्ध आत्माको तरवार प्रयोग गरेर प्रभावशाली हुन उहाँसँग बिन्ती गरिरहनुपर्छ ।

हाम्रा शत्रुहरूले मानिसहरूलाई झूटहरू र भ्रमहरूद्वारा नियन्त्रण गरे तापनि हाम्रो युद्ध शरिर र रगतको विरुद्ध होइन । सत्य थाहा नपाएर हामीलाई सताउने मानिसहरू यिनै हुन् ।

---

[256] किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो । (रोमी १४:१७)

[257] दानिएल २:३४ र ४४-४५ ।

[258] एफिसी ६:१०-१७ ।

उनीहरूले येशूलाई जस्तै यातना दिन सक्छन्, गिल्ला गर्न सक्छन् वा मार्न पनि सक्छन् । तर हाम्रो आशा यस संसारको होइन भन्ने जानेर हामी खुसी हुनुपर्छ । येशूले पाठलाई यसरी अन्त गर्नुभयो, "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस् । संसार(कसमोस)मा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसार(कसमोस)लाई जितेको छु ।"

**समूह छलफलः**

३. धेरै ख्रीष्टियनहरूले उनीहरूको जीवनको सबै थोक अत्यन्त राम्रो हुन्छ भन्ने विश्वास गर्छन् । यसबारेको सत्यता के हो? (धर्मशास्त्रले यस संसारम संकष्ट हुन्छ भनेको कुरा उनीहरूले बिर्सिन्छन् ।)

४. धेरै ख्रीष्टियनहरूलर मण्डलीमा भएका हरेक राम्रो, समझदार र क्षमाशील हुन्छ भन्ने विश्वास गर्छन् । तर यसबारेको सत्य के हो? (मण्डलीका हरेक जना ख्रीष्टियन होइन, वस्तवमा, उनीहरूलाई काम नष्ट पार्न तपाईंको शत्रुले पठाएको हुन सक्छ । साथै ख्रीष्टियनहरू ख्रीष्टको स्वरूप धारण गर्नुपर्छ तर उनीहरू परिपक्वाताको त्यो स्तरमा नपुगेका हुन सक्छन् ।)

५. धेरै ख्रीष्टियनहरूले विवाह गरेपछि उनीहरू जीवन पूर्ण रूपमा आनन्दित हुन्छ भन्ने विश्वास गर्छन् । तर यसबारेको सत्यता के हो? (यसको निम्ति कडा परिश्रम आवश्यक पर्छ, आफू मर्नु र उनीहरूको जीवनसाथीको अधीनतामा रहन समय लाग्छ ।)

६. धेरै ख्रीष्टियनहरूले एक-अर्कालाई भरोसा गर्नुपर्छ भन्ने विश्वास गर्छन् । यसबारेको सत्यता के हो त? (जुनसुकै मानिसलाई भरोसा गर्नुपर्छ भनी कहाँ लेखिएको छ? धर्मशास्त्रअनुसार हामीले परमेश्वरमा मात्र भरोसा गर्नुपर्छ । (भजनसंग्रह २०:७; ५६:४; हितोपदेश ३:५ र यूहन्ना १४:१)

७. धेरै ख्रीष्टियनहरूल आत्मिक वृद्धि त्यत्तिकै भईहाल्छ भन्ने विश्वास गर्छन् । तर यसबारेको सत्यता के हो त? आत्मिक वृद्धि एउटा प्रकृया हो जसमा विश्वासी परमेश्वरको वचन सुनेर र पालन गरेर ख्रीष्टको स्वरूप धारण गर्छ । ऊ विभिन्न घडीहरूमा जाँच भएर पनि गुज्रनुपर्छ ।)

८. धेरै ख्रीष्टियनहरूले उनीहरूका समस्याहरू सरकारले समाधान गरिदिन्छ भन्ने विश्वास गर्छन् । यसाबरेको सत्यता के हो त?

पाठको आशयः

<u>सत्यतालाई स्वागत गरेर भ्रममुक्ततालाई स्वागत गर्नुहोस् । सत्यताको निम्ति सतावटमा पर्दा आनन्दित होओ किनभने यसले तपाईं ख्रीष्टको स्वरूपमा रूपान्तरण हुनुभएको कुरालाई पुष्टि गर्छ ।</u>

**प्रयोगः**

सत्यता भन्नु भए बापत तपाईंले सतावट भोग्नुभएको एउटा घटना उल्लेख गर्नुहोस् र यो समूहलाई बताउनुहोस् ।

## पाठ ५६
## उहाँको प्रतिक्षा गर्दै

**समूहको गाँठो फुकाउने प्रश्नः**
कसैला पर्खंदा तपाईंले के गर्नुहुन्छ?

**परिचयः**
अन्तिम भोज अन्त हुन लाग्दा येशूले चेलाहरूका निम्ति प्रार्थना गर्नुभयो र चौथो कचौरालाई आशिष् दिनुभयो । हे परमप्रभु हाम्रो परमेश्वर, ब्रम्हाण्डका राजा, जसले दाखको फल सृष्टि गर्नुभयो, तपाईं धन्यको हुनुहुन्छ ।

दाखमद्यको यो चौथो कचौरा अर्थात् एलियाको कचौरा निस्तार भोज चाडको सबैभन्दा अन्तिम बिन्दु हो र हरेक इस्राएलले परमेश्वरका साबै प्रतिज्ञाहरू पूरा हुनलाई भविष्यतिर औँल्याउँछन् । यसलाई प्रशंसा र आशाको कचौरा भनिन्छ, र विशेष गरी प्रस्थान ६:८लाई जनाउँछ, *"अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ । म त्यो तिमीहरूको अधिकारमा दिनेछु। म परमप्रभु हुँ ।"* इस्राएलीहरूले यो चाड १५ सय वर्षदेखि मनाउँदै आइरहेका छन्, र अहिले परमप्रभुको निस्तार चेलाहरूको आँखाको सामुन्ने पूरा हुँदैथियो ।

उनीहरूले कचौराबाट पिएपछि हलेल[259] गाएर अन्त गरे । उनीहरूले भनेका कुरा केही घण्टाभित्र नै पूरा हुन्छ भन्ने कुरा उनीहरूलाई थाहा थिएन । भजनसंग्रह ११८ को अन्तिम १५ वटा पदहरू हेर्नुहोस्:

*परमप्रभु मेरो शक्ति र मेरो भजन हुनुहुन्छ, र उहाँ मेरो उद्धार हुनुभएको छ ।*

*धर्मीहरूका पालमा हर्ष र विजयको गुञ्जन हुन्छः "परमप्रभुको दाहिने बाहुलीले सामर्थी काम गरेको छ!*

*परमप्रभुको दाहिने बाहुली उचालिएको छ, परमप्रभुको दाहिने बाहुलीले सामर्थी काम गरेको छ ।"*

---

[259] भजनसंग्रह ११३-११८ ।

*म मर्दिनँ, तर जीवित रहनेछु, र परमप्रभुले गर्नुभएका कार्यहरूको घोषणा गर्नेछु । परमप्रभुले मलाई कठोरतासाथ ताड़ना दिनुभएको छ, तर उहाँले मलाई मृत्युको वशमा सुम्पनुभएको छैन ।*

*मेरो निम्ति धार्मिकताका ढोकाहरू खोलिदिनुहोस्, तीभित्र प्रवेश गरेर म परमप्रभुमा धन्यवाद चढ़ाउनेछु । परमप्रभुको ढोका यही हो, भक्तहरू यसभित्र प्रवेश गर्दछन् ।*

*तपाईंले दिनुभएका मेरा प्रार्थनाहरूका उत्तरका निम्ति म तपाईंलाई धन्यवाद दिनेछु, तपाईं मेरो उद्धार हुनुभएको छ ।*

*जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा आश्‍चर्यमय छ ।*

*आजको दिन परमप्रभुले सृजनुभएको हो, यसमा हामी आनन्दित होऔं र रमाऔं । हे परमप्रभु, हामीलाई बचाउनुहोस्, हे परमप्रभु, हामीलाई सफलता दिनुहोस् ।*

*परमप्रभुको नाउँमा आउने धन्यको हो । परमप्रभुको भवनबाट हामी तिमीहरूलाई आशीर्वाद दिन्छौं ।*

*परमप्रभु नै परमेश्‍वर हुनुहुन्छ, र उहाँले हामीमाथि आफ्नो प्रकाश चम्कन दिनुभएको छ । हातमा स्याउला लिएर शोभायात्रामा वेदीका सीङहरूसम्म हर्षसाथ जाओ ।*

*तपाईं मेरा परमेश्‍वर हुनुहुन्छ, र म तपाईंमा धन्यवाद चढ़ाउनेछु । तपाईं मेरा परमेश्‍वर हुनुहुन्छ, र म तपाईंलाई उच्च पार्नेछु । परमप्रभुलाई धन्यवाद चढ़ाओ, किनभने उहाँ भलो हुनुहुन्छ । उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।*

उहाँले भजन गाइसकेपछि उनीहरू राति नै निस्के । चिसो हावा चलिरहेको थियो तर नराम्रो भने थिएन र पुर्णिमाको उज्यालोमा अद्‌भुत दृश्य थियो । येशू र चेलाहरू नजिकैको इस्सेन ढोकाबाट सहरबाट बाहिर निस्के । उनीहरू बेन-हिन्नोम बेँसीतिर झर्ने ओरालो झरे, पछि हेसेल्डेमा[260] भनिएको ठाउँलाई काटेर किद्रोन खोला तरे ।

उत्तरतिर सुस्काइरहेको खोलाको बाटो हुँदै दुई वटा शान्त पहरा चौकीहरू, जकरियाको चिहान र चन्द्रमाको उज्यालो धपक्क परेको अब्शालोमको स्मारक पार गरे । बेला-बेलामा भुक्ने कुकुरहरूको आवाजले त्यो रातको सन्नाटालाई छचल्काउँथ्यो, जुन उनीहरूको वरिपरि खास्टोझैं झुन्डिएको थियो र मन्दिर परिसरभित्रबाट बाहिर निस्केका धमिला आगोका उज्यालोहरू देखिन्थे । उनीहरूको छोटो यात्रा जेतून बगैँचामा टुङ्गियो जसलाई गेतसमनी, “तेलको कोल” भनेर पनि चिनिन्थ्यो ।

## धर्मशास्त्र पाठः

[260] हेसेल्डेमा- यहूदा स्करियोतले ३० टुक्रा चाँदीको सिक्कामा येशूलाई विश्‍वासघात गरेपछि, उनले त्यो पैसा पुजारीहरू र धर्मगुरुहरूलाई फर्काउने कोशिष गरे । तर त्यो पैसालाई मन्दिरको कोषमा राख्न उनीहरूलाई उपयुक्त लागेन, किनभने त्यो रगतको पैसा थियो । बरु उनीहरूले विदेशीहरूलाई दफन गर्नको निम्ति कुमालेक खेत किने । त्यसदिनदेखि त्यसलाई हेसेल्डेमा अर्थात् रगतको खेत भनियो ।

## गतसमनीको बगैँचामा

मत्ती २६:३६-४६; मर्कूस १४:३२-४२; लूका २२:३९-४६; यूहन्ना १८:१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

त्यसपछि उहाँहरू गेतसमनी नाउँ भएको ठाउँमा जानुभयो, र उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मैले प्रार्थना गरुञ्जेल तिमीहरू यहीँ बस ।" तब उहाँले पत्रुस, याकूब र यूहन्नालाई साथमा लैजानुभयो, र उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन लाग्नुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ । तिमीहरू यहीँ बस, र जागा रहो ।"

अनि अलि पर गएर उहाँ भूइँमा घोप्टिनुभयो, र हुन सक्छ भने त्यो घड़ी उहाँबाट टलोस् भनी प्रार्थना गर्नुभयो । अनि उहाँले भन्नुभयो, "अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ । यो कचौरा मबाट हटाइदिनुहोस् । तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस् ।" उहाँ फेरि आउनुहुँदा तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो । उहाँले पत्रुसलाई भन्नुभयो, "सिमोन, के तिमी निदाइरहेछौ? के एक घण्टा पनि जागा बस्न सकेनौ? जागा रहो, अनि प्रार्थना गर, र तिमीहरू परीक्षामा नपर । आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ ।" फेरि गएर उहाँले दोहोऱ्याएर त्यही प्रार्थना गर्नुभयो । फेरि आएर उहाँले तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, किनभने तिनीहरूका आँखा निद्राले साह्रै लट्ठिएका थिए, र उहाँलाई के जवाफ दिने हो, सो जानेनन् । उहाँ तेस्रो पल्ट आउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू अझै निदाउँदैछौ र आराम गरिरहेका छौ? अब भयो, बेला आइपुग्यो । हेर, मानिसको पुत्र पापीहरूका हातमा पक्राउ पर्न लागेको छ । उठ, जाऔं । हेर, मलाई विश्वासघात गर्ने नजिकै छ ।"

**आज्ञाहरू:**

- मैले प्रार्थना गरुञ्जेल तिमीहरू यहीँ बस ।
- यहाँ बस र जागा रहो ।
- जागा रहहो र प्रार्थना गरिरहो ।
- जागा रहो र प्रार्थना गर ताकि तिमीहरू परिक्षामा नपर ।
- उठ, जाऔँ ।

**समूह छलफलः**

१. के पर्खन कठिन हुन्छ?

२. कि कठिन हुन्छ वा किन कठिन हुँदैन?

**पाठः**

तेलको कोलचाहिँ जैतून बगैँचाको उत्तरतिर छेउमा रहेको ओडार[261]मा थियो । येशूले सम्भवतः उहाँका ८ जना चेलाहरूलाई उहाँले प्रार्थना नगरेसम्म यहाँ नै रहनु भन्नुभएको हुन सक्छ । चेलाहरूसँगको उहाँको अन्तरक्रियाबाट हाम्रो प्रभुको प्रतिक्षा गर्दा हामीले गर्ने केही कुराहरू हामीले सिक्न सक्छौँ ।

उहाँलाई पर्खन कहिलेकाहिँ दिक्कलाग्दो हुन्छ । हामी सेवाकार्यमा मुक्त भएको चाहन्छौँ तर यसो हुँदैन । हामीले केही कुराको निम्ति प्रार्थना गर्छौं तर जवाफ आएजस्तो लाग्दैन । हामीलेकिन प्रतिक्षा गर्नुपर्छ? समयहरू बितेर जान्छन् । कहिकेकाहिँ हामीले उहाँलाई याद दिलाउँछौँ, "हे प्रभु, तपाईंले "पर्ख" भन्नु पो सजिलो छ किनकि तपाईं त सदासर्वदा स्वर्गमा हुनुहुन्छ बास गरिरहनुभएको छ, तर हामी धरतीमा यी अस्थायी शरीरमा छौँ । हाम्रा दिनहरू गन्ती गरिएका छन् र चाँडै बितेर गइरहेका छन् । केले रोकेको छ?"

के यो कुरा तपाईंलाई परिचितजस्तो लाग्छ?

चेलाहरू पनि हामीभन्दा भिन्न तिएनन्, त्यसैले उहाँको प्रतिक्षा गर्दा गर्नुपर्ने केही निर्देशनहरू येशूले उनीहरूलाई दिनुभयो । उहाँले चेलाहरूलाई बस भनेर सुरु गर्नुभयो । "मै प्रार्थना नगरेसम्म यहाँ बस ।" बस्नु भन्नाले आरामदायी अवस्तालाई जनाउँछ । यो काम गर्ने पनि होइन र सुत्ने पनि होइन । यो अर्को कामको निम्ति तयारी अवस्थमा रहनु हो । हामी ख्रीष्टियनहरूले प्रभु हाम्रो निम्ति मार्ग तयार पार्न अघि-अघि जानुहुन्छ भन्ने कुरा राम्ररी याद गर्नुपर्छ । हिब्रूको पुस्तकअनुसार हाम्रो प्रधान पुजारी येशू "हाम्रो मध्यस्थथा गर्न जीवित हुनुहुन्छ ।" हामी प्रभुको प्रतिक्षागर्नहरूलाई "*तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरुडझैँ माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्*" (यशैया ४०:३१)

येशूले पत्रुस, याकूब र यूहन्नालाई साथमा लिएर आफैलाई अरू ठुलो समूहबाट छुट्टाउनुभयो र बगैँचाको दक्षिणतिर केही परसम्म हिँडेर जानुभयो । उहाँहरू बगैँचाभित्र प्रवेश गरेपछि ती ३ जनालाई पनि त्यहाँ नै रहन र लागा रहनू भन्नुभयो । हामीले ख्याल गर्नुपर्ने दोस्रो निर्देशनचाहिँ उहाँको प्रतिक्षा गर्दा हामी जागा रहनुपर्छ ।

येशू कुनै पनि महत्त्वपुर्ण तरिकाले देका पर्ने कहिल्यै अपेक्ष नगरी आत्मासन्तुष्टि बन्ने हाम्रो आदत हुन्छ । तैपनि उहाँ आउनुहुनेछ! हिब्रूका लेखकले यसरी लेख्छन्, "*हामी चाहन्छौं, कि तिमीहरू प्रत्येकले आफ्ना सम्पूर्ण आशा प्राप्त गर्नका निम्ति अन्त्यसम्मै त्यही तत्परता देखाउनेछौ, यस उद्देश्यले कि तिमीहरू सुस्त हुनेछैनौ, तर तिनीहरूका अनुकरण गर्नेछौ, जुनहरू विश्वास र धैर्यद्वारा प्रतिज्ञाका हकदार हुन्छन् ।* (हिब्रू ६:११-१२) येशू फर्कनुहुँदा पत्रुस, याकूब र यूहन्ना सुतिरहेको भेट्टाउनुभयो र उनीहरूलाई हप्काउनुभयो ।

जागा रहने कुरामा थप्ने अर्को कुराचाहिँ प्रार्थना हो । येशूले भन्नुभयो, "जागा रहो र प्रार्थना गर ।" त्यस रात येशूले बगैँचामा उहाँको पिताको इच्छा खोज्नुभयो । हामी यस्तै किसिमको प्रार्थना गर्नुपर्छ । केहीले यसलाई "आत्ममा प्रार्थना गर्नु" भन्छन् । प्रेरित पावलले यसलाई रोमीको पत्रमा उल्लेख गरेका छन् । *त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ*

[261] ओडारचाहिँ तेल तयारी गर्न र भण्डारण गर्नको निम्ति थियो किनभने तिनीहरू हिउँदमा न्यायो र ग्रीष्मामा सितल हुन्थे ।

*। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ । र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ ।* (रोमी ८:२६-२७)

हामी ख्रीष्टियनहरूले धेरै पटक प्रर्थना गर्छौं तर परमेश्वरले जवाफ दिने साँच्चै अपेक्षा गरिरहेको हुँदैनौँ, त्यसैले हामी अगि बढ्छौँ र हामीले पहिले नै जे गर्ने योजना गरेका थियौँ त्यही गर्छौं । वा सुत्न जाँदा हामीले प्रार्थना गर्छौं र त्यसपछि हामी निदाइहाल्छौँ । येशूले चेलाहरूलाई जागा रहन र प्रार्थना गर्न अर्ती दिनुहुन्छ ताकि उनीहरू परिक्षामा नपरून् । आफ्नै पारामा कामकुरो गर्ने वा सुत्न जाने परिक्षामा पर्ने दुई वटा चरम कुराहरू हुन् । जागा रहने र सावदान रहने कारणचाहिँ प्रभुको जवाफ के हुनेछ भनी हेर्नु हो ।

येशूले पनि पितासँग उही विषयको निम्ति ३ पटकसम्म प्रार्थना गर्नुभयो... उहाँले तयारी गरिरहनुभएको कुरा अर्के तरिकाले हुन सक्थ्यो? येशू विश्वासको मानिस हुनुहुन्थ्यो । उहाँको प्रार्थना जवाफ आउँथ्यो । उहाँले जे माग्नुहुन्थ्यो सो उहाँले प्राप्त गर्नुहुन्छ भन्ने उहाँले विश्वास गर्नुभयो । प्रार्थनाबारे ख्रीष्टियनहरूले याद गर्नुपर्छ कि हामीले परमेश्वरसँग कुनै कुरा माग्दा हामीले हाम्रो बिन्ती प्राप्त गरिसकेका छौँ भनी विश्वास गर्नुपर्छ ।[262] परमेश्वरसवग उही कुराको निम्ति ३ पटकसम्म बिन्ती गर्नु पनि उपयुक्त देखिन्छ । येशूले एउटै विषयको निम्ति ३ पटक प्रार्थना[263] गर्नुभएजस्तै प्रेरित पावलले पनि त्यही सिद्धान्त बहन गर्छन् ।

येशू फेरि फर्कनुभयो र चेलाहरू सुतिरहेको भेट्टाउनुभयो त्यसैले उहाँले उनीहरूलाई अर्को निर्देशन दिनुभयो । "उठ र प्रार्थना गर ।" प्रभुको प्रतिक्षा गर्दा हामी सिक्ने चौथो कुराचाहिँम जब हामी तकित हुन्छौछ हामी हाम्रो गोडामा खडा भएर प्रार्थना गर्नुपर्छ । प्रभुले हामी जे गर्नु भन्नुहुन्छ सो गर्नको निम्ति हामी तयारी भएको कुरा यसले प्रकट गर्छ ।

चेलाहरू उठ्नलाई तयारी हुँदैगर्दा येशूले उनीहरूलाई अन्तिम निर्देशन दिनुभयो, "उठ, जाऔँ ।" हामीले सिक्ने अन्ति कुराचाहिँ जब उहाँले हामीलाई कुनै कुरा गर्न हामीलाई निर्देशन दिनुहुन्छ हामीले सो तुरुन्तै गरिहाल्नुपर्छ ।

**समूह छलफलः**

३. येशूले उहाँका चेलाहरूलाई गेतसमनीको बगैँचामा सिकाउनुभएको कुरालाई दश कन्याको दृष्टान्त (मत्ती २५:१०१३)सँग कसरी तुलना गर्न सकिन्छ?

**पाठको आशयः**

<u>प्रभुको प्रतिक्षा गर्दा गर्नुपर्ने कार्यमा सक्रिय सहभागीता चाहिन्छ ।</u>

- हामी व्यस्त र सुतिरहेको होइन विश्रामको अवस्था रहनु आवश्यक छ ।
- हामी जागा रहनु आवश्यक छ ।

---

[262] *यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।* (मर्कूस ११:२४)

[263] २ कोरिन्थी १२:८ ।

- परमेश्वरको इच्छा खोज्दै प्रार्थना गरिरहनु आवश्यक छ ।
- काम गर्न तयारी रहनु आवश्यक छ ।
- उहाँको कुराको तुरुन्तै प्रतिक्रिया दिनु आवश्यक छ ।

**प्रयोगः**
केही गर्न प्रभुको प्रतिक्षा गरिरहवदा अर्को पटक यो रूपरेखा प्रयोग गर्नुहोस् ।

## पाठ ५७
## पवित्र आत्मा लेओ

**परिचयः**
हामी यसअघिको पाठ देख्यौँ कि येशू गेतसमनीको बगैवचामा प्रार्थना गर्न जानुहुँदा उहाँको प्रतिक्षा गर्दा येशूले उनीहरूलाई प्रार्थना गर्न सिकाउनुभयो । यसको निम्ति उनीहरूको सक्रिय सहभागीताको आवश्यक थियो । उनीहरू यओ कुराहरू गर्नुपर्थ्योः

१. व्यस्त वा सुतिरहेको अवस्थामा हहोइन विश्रामपूर्ण अवस्था रहने ।
२. जागा रहने ।
३. परमेश्वरको इच्छा खोज्दै प्रार्थना गरिहरने ।
४. काम गर्न तयारी रहने ।
५. उहाँका आज्ञाहरूको तुरुन्तै पालन गर्ने ।

येशूले प्रार्थना गर्ने सक्ने बित्तिकै उहाँलाई गिरफ्तार गरियो, जाँचियो, मृत्युदण्डको सजाय सुनाइयो, क्रूसमा टाँगियो र दफन गरियो । उहाँ चिहानमा ३ दिन ३ रात रहनुभएपछि उहाँ मृतकबाट जीवित भइउठ्नुभयो । उहाँ त्यस बिहान मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो र अपरान्ह इम्माउसको बाटोमा हौंड्दै गर्दा उहाँको काका क्लेओपास र सिमोनकहाँ पनि देखा पर्नुभयो । क्लेओपास र सिमोन येशू जीवित भएको कुरा पत्रुसलाई सुनाउन यरूशलेमतिर नै फर्केर दौडँदै आए । ती दुई जना उनीहरूको कुरा बताउँदै गर्दा येशू अचानक उनीहरू सबैकहाँ देखा पर्नुभयो ।

**समूह छलफलः**

१. के येशूले भनेअनुसार फर्केर आउनुहुन्छ भनी चेलाहरूले पर्खिरहेका थिए भन्ने तपाईंलाई लाग्छ? किन लाग्छ वा किन त्यसो लाग्दैन?

२. यदि येशू उनीहरू माझमा देखा पर्नुहुँदा तपाईं चेलाहरूसँग भएको भए तपाईंको प्रतिक्रिया कस्तो हुन्थ्यो?

**धर्मशास्त्र पाठः**

मर्कूस १६:१३-१४; लूका २४:३३-४३; यूहन्ना २०:१९-३१

## येशू प्रेरितहरूकहाँ देखा पर्नुहुन्छ

मर्कूस १६:१३-१४; लूका २४:३३-४३; यूहन्ना २०:१९-२३

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ अप्रिल २७ तारिख, आइतबार राति- निसान १९

तिनीहरू त्यति नै बेला उठेर यरूशलेममा फर्के, र एघार चेला र तिनीहरूसँग जम्मा भएकाहरूलाई भेटे, र तिनीहरूलाई यसो भने, "प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ ।" तिनीहरूले बाटोमा भएका कुराहरू र रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने, सो बताइदिए । तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा खड़ा हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस् ।" तिनीहरू तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे । तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ? मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर । किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन् ।" यसो भन्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो । तर खुसीले पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ केही खानेकुरो छ?" तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए । अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो । तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु ।" अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ । जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन ।

## शंकालु थोमा

मत्ती २८:१६-१७; यूहन्ना २०:२४-३१

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ मे ५ तारिख, सोमबार साँझ- निसान २७

येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन् । यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं ।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औँला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ ।" आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए । थोमा पनि तिनीहरूसँग थिए । ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति!" तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर । तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल । शङ्का नगर, तर विश्वासी होऊ ।" थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्‍वर!" येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्‍वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्‍वास गर्छन् ।" येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन् । तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्‍वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्‍वास गर, र विश्‍वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस् ।

**आज्ञाहरूः**

- तिमीहरूलाई शान्ति ।
- तिमीहरूलाई शान्ति; जसरी पिताले मलाई पठाउनुभएको म पनि तिमीहरूलाई पठाउँछ ।
- पवित्र आत्मा लेओ ।
- तिमीहरूलाई शान्ति ।
- शंका नगर तर विश्वास गर ।

**पाठः**

येशू अचानक कोठामा देखा पर्नुहुँदा चेलाहरू चकित भए त्यसैले उहाँले उनीहरूलाइ शान्त रहन आज्ञा गर्नुभयो । उहाँ यो कुरा उनीहरूलाई यसभन्दा ५ दिनअघि अन्तिम भोजको दिन बताउभएको थियो, *"अलि बेरपछि तिमीहरूले मलाई फेरि देख्नेछैनौ, अनि अलि बेरपछि मलाई फेरि देख्नेछौ ।"* तैपनि उहाँलाई देख्दा उनीहरू छक्के परे । त्यसपछि, येशूले उनीहरूको अविश्वास र कठोर हृदयको निम्ति उनीहरूलाई हप्काउनुभयो, किनभने उहाँ मृतकबाट जीवित भइउठ्नुभएर देखेकाहरूका कुरा पनि विश्वास गरेका थिएनन् ।

पहिले त चलाहरूले भूत देखेछौँ भन्ने सोचे । तर येशूले उनीहरूलाई भूत होइन भनी उनीहरूलाई निश्चयता दिलाउनुभयो । पहिले उहाँले उनीहरूलाई उहाँको काँटीले छेडेका

हातहरू[264] र खुट्टाहरू देखाउनुभयो । दोस्रो, उहाँले भूतको हाड्डी र मासु हुँदैन तर उहाँको हड्डी र मासु थियो त्यसैले उहाँको शरीर छुन उनीहरूलाई आह्वान गर्नुभयो । त्यो भौतिक प्रमासँगै उनीहरूको माझमा खडा हुनुहुने साँच्चै येशू नै हुनुहुन्छ भनी उनीहरू रमाउन थाले । येशूले अन्तिम भोजमा चेलाहरूको आनन्द बारे पनि अगमवाणी गर्नुभयो, *"तर म फेरि तिमीहरूलाई देख्नेछु, र तिमीहरूका हृदय आनन्दित हुनेछन्। अनि कसैले तिमीहरूको आनन्द तिमीहरूबाट खोस्नेछैन ।"*

चेलाहरूले येशूलाई दिएका पोलेको माछाको टुक्रा खाएर, येशूले उनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु ।" अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ । जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन ।"

**समूह छलफलः**

३. पिताले येशूलाई के गर्न पठाउनुभएको थियो? (लूका ४:१८ हेर्नु होला) चलाहरू बनाउन, पवित्र आत्माका वरदानहरू प्रयोग गर्न, अरूहरूलाई प्रेम गर्न, मानिसहरूका पाप क्षमा गर्न आदि ।

४. चेलाहरूले के गरेको येशू चाहनुहुन्छ? त्यही कुरा जे उहाँले गर्नुभएको थियो ।

५. येशूले चेलाहरूलाइ अन्तिम भोजको दुई वटा फरक परिस्थितिहरूमा पवित्र पठाउनुहुनेछ भनी बताउनुभएको थियो, र पनि किन उहाँले पवित्र पाऊन् भनी उनीहरूलाई आज्ञा गर्नुभएको? किनभने पवित्र आत्मा उपहार हो र उपहार पाउनुपर्छ (उदाहरणको लागि, परमेश्वरले उहाँको वचन, उहाँका अगमवक्ताहरू, उहाँको पुत्र, र उहाँको मुक्ति पठाउनुभयो... तिनीहरू सबै उपहारहरू हुन्छ र तिनीहरूलाई लाभको निम्ति प्राउनुपर्छ ।

६. येशूले माथि भन्नुभएको उहाँको कथन तपाईंका कसरी लागू हुन्छ भन्ने तपाईं विश्वास गर्नुहुन्छ?

७. येशूले चेलाहरूमाथि किन श्वास फुक्नुभएको होला?

**धारावाहिक पाठः**

येशूले चेलाहरूलाई पवित्र आत्मा पराउनलाई आज्ञा गर्नुहुँदा उहाँले किन सास फुक्नुभयो भन्नेबारे विभिन्न धारणाहरू छन् । हामी तिनीहरूमध्ये केही महत्त्वपूर्ण धारणाहरूलाई यस पाठमा समेट्नेछौँ ।

- हिब्रूमा पवित्र आत्माको निम्ति रुवाक क्वोदेश शब्द प्रयोग गरिन्छ जसको शाब्दिक अर्थ "परमेश्वरो सास" भन्ने हुन्छ । येशूले चेलाहरूमाथि फुक्नुभएको सासले उनीहरूलाई १)

[264] काँटीले छैडेका हातहरू- यसको पूर्ण व्याख्याको निम्ति "काँटीले छैडेका हातहरू- परमेश्वरको माहन् नाउँ" शीर्षकको लेख हेर्नु होला ।

उनीहरूले जे जानेका थिए सो याद दिलाएको थियो, "बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ । आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ ।" र २) जे आउनेवाला थियो त्यसको पूर्वछाया थियो र अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो ।"

- अर्कोचाहिँ पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भनी येशूले देखाइरहनुभएको थियो; पहिले तिमीहरूलाई सास लिनुपर्छ र फ्याँक्नुपर्छ । अर्को शब्दमा, उपहारजस्तै अरूलाई दिनअघि पहिले यसलाई प्राप्त गर्नुपर्छ ।
- केहीले यसलाई "नयाँ जन्म"को चिन्ह हो भन्ने विश्वास गर्छन्, किनभने परमेश्वरले आदम र हव्वालाई जीवन दिन उहाँको सास फुक्नुभयो ।
- येशूले चेलाहरूलाई त्यस बेला पवित्र आत्मा दिनुभयो र उद्धार पाउनको निम्ति हरेकले पवित्र आत्मा पाउनुपर्छ भन्ने अरूहरूले विश्वास गर्छन् । पछिचाहिँ उनीहरू प्रभावकारी साक्षी बन्नको निम्ति शक्ति धारण गर्न (पवित्र आत्माका वरदानहरूले सुसज्जित) उनीहरूले पवित्र आत्माको बप्तिस्मा (डुब्नुपर्छ) पाउनुपर्छ ।

हरेक अनन्त जीवन पाऊन् भनी येशूले पवित्र आत्मा दिनुभएको कुरा उल्लेख गर्ने पहिकलो धर्मशास्त्र खण्ड यूहन्ना ४:१३-१४ हो । उहाँले भन्नुहुन्छ, *"यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन । जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!"* जसले येशूले दिनुहुने पानी (पवित्र आत्मा) पिउँछ त्यो अनन्त जीवनको पहुँचमा हुन्छ भन्ने धारणासँग यस खण्डले जोड्छ । यस अवस्थामा पानी कुनै भाडो वा इनारमा हुन्छ । साथै पानीचाहिँ कुनै व्यक्तिभित्र पनि हुन्छ । यसले हरेक विश्वासी जीवनको स्रोतको पहुँचमा हुन्छ वा ऊ उक्त कुरा माग्नेलाई दिन सक्ने अवस्थामा हुन्छ भन्ने धारणालाई समर्थन गर्छ । पानीको धेरै हिस्सा लुकिएको अवस्थामा रहन्छ ।

चेलाहरू प्रभावकारी साक्षी होऊन् भनी येशूले उनीहरूलाई शक्ति धारण गराउने उद्देश्यले हरेकलाई पवित्र आत्माको बप्तिस्मा दिइरहनुभएको कुरालाई यूहन्ना ७:३७-३९ ले उल्लेख गर्छ । *अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्' ।" तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन ।* यो खण्डले जीवन दिने पानी (पवित्र आत्मा) दिइएका विश्वासीहरूलाई सम्बोधन गर्छ; अर्को शब्दमा, गवाहीहरूलाई । यस अवस्थामा, पानीको एउटा मात्र ईनार होइन अरू धेरै ईनारहरू हुन्छन् । अनि यो पानीको मूल फुट्ने मात्र होइन तर पानी ठुलो मात्रामा बगिरहेको छ । पानीको नदी जोसुकेले देख्न सक्छ र त्यहाँबाट पिउन सक्छ ।

येशूलले चेलहरूलाई पवित्र आत्मा लेओ भन्नुहुँदा उनीहरूले निश्चय नै अन्तिम भोजमा येशूले पवित्र आत्माको बारे बताउनुभएको कुरा सम्झेका हुनुपर्छ । यिनै भनाइहरूले पवित्र आत्माको बारे आधारभूत बुझाइ निर्माण गर्छन् ।
येशूले भन्नुभएको कुराबारे तपाईंको मनमा के विचारहरू आए?

- पवित्र आत्मा दिने व्यक्ति पिता हुनुहुन्छ । (यूहन्ना १४:१६)
- पवित्र आत्मा येशूका चेलाहरूसँग रहनुहुन्छ । (यूहन्ना ४:१६)
- चेलाहरूसित पवित्र आत्माबारे अत्यन्त परिचित ज्ञान हुनेछ । (यूहन्ना १४:१७)
- पवित्र चेलाहरूसँग वास गर्नुहुनेछ । (यूहन्ना १४:१७)
- पवित्र आत्मा चेलाहरूभित्र रहनुहुनेछ । (यूहन्ना १४:१७)
- परमेश्वरले पिताले येशूको नाउँ पवित्र आत्मा पठाउनुहुनेछ । (यूहन्ना १४:२६)
- पवित्र आत्माले चेलाहरूलाई सबै थोक सिकाउनुहेनछ । (यूहन्ना १४:२६)
- येशूले चेलाहरूलाई भन्नुभएका कुराहरू पवित्र आत्माले उनीहरूलाई सबै थोक याद दिलाउनुहुनेछ । (यूहन्ना १४:२६)
- येशू आफैले पनि पवित्र आत्मा पठाउनुहनेछ । (यूहन्ना १५:२६) । "तिमीहरूलाई पवित्र आत्मा बप्तिस्मा दिइनेछः भन्दा बप्तिस्मा दिने यूहन्नाले पनि यही कुराको गवाही दिएका थिए ।
- पवित्र आत्मा सत्य हुनुहुन्छ । (यूहन्ना १५:२६)
- पवित्र आत्माले येशूको गवाही दिनुहुनेछ । (यूहन्ना १५:२६)
- पवित्र आत्माले संसारलाई दोषी ठहराउनुहुनेछ किनभने उनीहरूले येशूलाई विश्वास गर्दैनन् । (यूहन्ना १६:८-९)
- पवित्र आत्माले संसारलाई धार्मिकताको बारे दोषी ठहराउनुहुनेछ किनभने येशूलाई मृतकबाट जीवित तुल्याइएको छ । (यूहन्ना १६:८, १०)
- पवित्र आत्माले न्यायको बारे दोषी ठहराउनुहुनेछ किनभने यस संसारको शासक शैतानको न्याय गरिएको छ । (यूहन्ना १६:८, ११)
- पवित्र आत्माले चेलाहरूलाई सारा सत्यतामा अगुवाइ गर्नुहुनेछ । (यूहन्ना १६:१३)
- पवित्र आत्मा आफ्नै अग्रसर भएर बोल्नुहुन्न । (यूहन्ना १६:१३)
- पवित्र आत्माले जे सुन्नुहुन्छ त्यही मात्र बोल्नुहुनेछ । (यूहन्ना १६:१३)
- पवित्र आत्मा बोल्नुहुनेछ । (यूहन्ना १६:१३)
- पवित्र आत्माले भविष्यबारे बताउनुहुनेछ । (यूहन्ना १६:१३)
- पवित्र आत्माले येशूलाई महिमित तुल्याउनुहुनेछ । (यूहन्ना १६:१४)
- पवित्र आत्माले येशूको जेजति हो ती सबै बारे समझशक्ति दिनुहुनेछ । (यूहन्ना १६:१४)

येशूले पवित्र आत्माबारे अरू कुराहरू पनि बताउनुभएको छ, तपाईंको मनमा के विचारहरू आए?

- स्वर्गमा हुनुहुने पिताले माग्नेहरूलाई पवित्र आत्माको वरदान दिनुहुनेछ । (लूका ११:१३)
- पवित्र आत्माद्वारा नयाँ जन्म नपाई कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैन । (यूहन्ना ३:५)
- जब कुनै व्यक्ति पवित्र आत्माद्वारा नयाँ गरी जन्मिन्छ, ऊ हावाजस्तै हुन्छ । हावा कहाँबाट आउँछ र कतातिर जान्छ तपाईं थाहा पाउनुहुन्न किनभने यो जहाँ चाहन?छ उतै जान्छ ... तपाईंले यसको आवाज मात्र सुन्नहुन्छ । (यूहन्ना ३:८)

- पवित्र आत्माले माथिबाटको शक्तिले चेलाहरूलाई पहिऱ्याउनुहुनेछ । (लूका २४:४९)

चेलाहरूकहाँ देखा पर्नुभएको ८ दिनपछि येशू उनीहरू गालीलमा हुँदानै फेरि उनीहरूकहाँ देखा पर्नुभयो । यस पटक थोमा पनि उनीहरूसँगै थिए । येशूले आफ्नि पहिचान थोमालाई प्रकट गर्दै शंक नगर्न र विश्वास गर्न उनीहरूलाई आज्ञा दिनुहुन्छ । त्यसपछि, चेलाहरूले जस्तो उहाँलाई नदेख्ने तर उहाँमाथि विश्वास गर्नेहरूमाथि उहाँले अगमवाणीको रूपमा आशिष् दिनुहुन्छ ।

समूह छलफलः

८. येशूलाई कहिल्यै नदेखेकाहरूलाई पनि येशूले किन आशिष् दिनुभएको होला? (उनीहरू विश्वास गर्ने मानिसहरू हुन् र ईनाम पाउन योग्यका थिए किनभने विश्वास सुनाइबाट आउँछ र सुनाइ परमेश्वरको वचनबाट आउँछ । बोलाइएका धेरै छन् तर चुननिएका थोरै छन् ।)

९. प्रेरितको पुस्तकअनुसार येशूको नाउँमा बप्तिस्मा लिइसकेकाहरूले पनि उनीहरूमाथि हात राखेर पवित्र आत्मा दिन सकिन्छ । (प्रेरित ८:१८) के त्यो पद आज पनि लागू हुन्छ? किन लागू हुन्छ वा किन लागू हुँदैन?

**पाठको आशयः**

<u>तपाईंले पवित्र आत्मा पाउने कुरा निश्चय गर्नुहोस् ।</u>

**प्रयोगः**

तल दिइएका धर्मशास्त्र खण्डहरू पढ्नुहोस्:

- प्रेरित २:१-४ "शक्ति धारण गर्ने"
- प्रेरित २:३३ "सुन्नु र देख्नु"
- प्रेरित २:३८-३९ "पसउनेछौ"
- प्ररित २:४३ "प्ररितहरूसित शक्ति छ"
- प्रेरित ३:२२-१३ "तिमीहरूकहाँ येशूलाई पठाइन्छ ... आज्ञा पालन गर वा नष्ट हुनेछ"
- प्ररित ४:२९-३१ "चिन्हहरू र आश्चर्यकर्महरू साथै साहसिक गवाहीको निम्ति प्रार्थना"
- प्रेरित ६:५-८ "स्तिफनसमाथि हात राखिन्छ र उनले चिन्हहरू र अश्चर्यकर्महरू गरिन्छ"
- प्रेरित ८:५-१९ "फिलिप समरियामा जान्छन् र मानिसहरूले शक्ति प्राप्त गर्छन्"

- प्रेरित ९:१७-१८ "पावलले पवित्र आत्मा पाउँछन् र बप्तिस्मा लिन्छन्"
- प्रेरित १०:४३-४८ "कर्नेलियस र उनको घरानाले पवित्र आत्मा पाउँछन्"
- प्रेरित १९:१-६ "यूहन्नाको बप्तिस्मा र पवित्र आत्माको बप्तिस्मा"
- १ कोरिन्थी १२ र १४ अध्याय "पवित्र आत्माका वरदानहरू"
- १ तिमोथी ४:१४ "तिमोथीले पवित्र आत्माको वरदान पाउँछन्"

**म तिमीहरूभित्र मेरो आत्मा राख्नेछु**

इजकिएल ३६:२६-२७

म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु । तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु । अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारीसाथ मान्ने तुल्याउनेछु ।

## पाठ ५८
## महान् आज्ञा

**समूहको गाँठो फुकाउने प्रश्नः**
तपाईंको जीवनको निम्ति परमेश्वरको इच्छा के हो?

**परिचयः**

येशू मृतकबाट जीवित हुनुभएको ४० दिनसम्म देखा पार्नुभयो । उहाँले चेलाहरूलाई परमेश्वरको राज्यबारे धेरै कुराहरू चेलाहरूलाई बताउनुभयो र धर्मशास्त्र बुझ्नलाई उनीहरूका समझ खोलिदिनुभयो । ख्रीष्टले कष्ट भोग्नेछ, र ३ दिनपछि मृतकबाट जीवति पारिनेछ अनि पाप क्षमाको निम्ति पश्चाताप गर्न यरूशलेमदेखि सुरु गरेर सबै जतिहरूलाई बताइनेछ भनी उहाँले तिनीहरूलाई बताउनुभयो । उनीहरू यी कुराहरूका गवाही हुन् भनी उनीहरूलाई बताउनुभयो ।

४०औँ दिनमा येशूले चेलाहरूलाई यरूशलेम बाहिर बेथानी[265] नजिकैको जैतून डाँडामा लानुभयो र उनीहरूलाई सँगै भेला गर्नुभयो । उनीहरू त्यहाँ आइपुगेपछि, उहाँले उनीहरूलाई केही दिनमा नै पवित्र आत्माको बप्तिस्मा नदिएसम्म यरूशलेम नछोड्न उनीहरूलाई आज्ञा दिनुभयो । उनीहरू अलमल्लमा परेर उहाँले त्यस बखत ईस्राएल राज्य पुर्स्थापना गर्नुहुन्छ कि भनी उहाँलाई सोधे । पिताले ठहराउनुभएको समय वा घडी उनीहरूलाई जान्नु जरुरत छैन तर उनीहरूले केही दिन मा नै पवित्र आतमा पाउनेछन् भनी जवाफ दिनुभयो ।

त्यसपछि उहाँले उहाँको अन्तिम आज्ञाहरू दिनुभयो, जसलाई आज "महान् आज्ञा" भनिन्छ । उहाँले चेलाहरूलाई आशिष् दिनुभएपछि उनीहरूले हेर्दाहेर्दै उहाँ स्वर्गतिर उचालिनुभयो । उनीहरू चकित परे! येशू माथि उचालिँनुहुँदा उहाँलाई एउटा बादल[266]ले उठाइ लग्यो । त्यसपछि २ स्वर्गदूतहरू देखा पर्छन् र उनीहरूले देखजस्तै गरी उहाँ फेरि फर्केर आउनुहुनेछ भनीबताउँछन् ।

**समूह छलफलः**

१. यदि तपाईं पनि त्यस दिन ती चेलाहरूसँगै हुनुभएको भए तपाईंको मनमा के प्रश्न उठ्थ्यो होला?

**धर्मशास्त्र पाठः**

**अन्तिम आज्ञाहरू- महान् आज्ञा**[267]

मत्ती २८:१८-२०; मर्कूस १६:१५-१९; लूका २४:४४-५३; प्रेरित १:३-१२

*मेरो पछि लागः परमेश्वरबाट आएको सन्देश" बाट लिइएको वचन खण्ड*

ई.सं. ३१ जुन ५ तारिख, बिहबार – इय्यार २७

---

[265] बेथानी लाजरस, मरियम र मार्थाको घर थियो । यो यरूशलेमदेखि लगभग २ माइल जैतून डाँडाको दक्षिणपूर्वमा अवस्थित थियो ।

[266] यो विशेष बादललाई हिब्रूमा शखाइना भनिन्छ जसको अर्थ महिमाको बादल हुन्छ । इस्राएलीहरूलाई उजाड-स्थानमा बादलको खम्बा बनेर डोऱ्याउने, परमेश्वरको मन्दिरलाई ढाक्ने यही बादल हो । यसले सदैव परमेश्वरको उपस्थितिलाई जनाउँछ ।

[267] महान् आज्ञाः मूलभुत आज्ञा नयाँ चेलाहरू बनाउनु थियो । यसलाई पुरा गर्न येशूले विधिहरू निर्दिष्ट गर्नुभयो । ती हरेक कुराहरू पूरा भएका सूची तल दिइएका छन्: १) सारा संसारभरि जाओ (प्रेरित २:१-६, २) सुसमाचार प्रचार गर (प्रेरित २:२२-३६, ३) बप्तिस्मा देओ (प्रेरित २:२८-४१, ४) येशूले आज्ञा गर्नुभएका सबै थोक पालन गर्न सिकाउने (प्रेरित २:४२)।

उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ ।" तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ । तिमीहरू यी नै कुराका साक्षी हौ । हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो ।" त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो । अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर[268] सारा सृष्टिलाई सुसमाचार प्रचार गर । स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ[269], पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ[270], मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ[271] । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ । विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्— मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समाल्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन । तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन् । तब यसरी तिनीहरूसँग बोलिसक्नुभएपछि प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो । अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे । प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो। आमेन।

**आज्ञाहरूः**

- ✠ तिमीहरूले माथिबाट शक्ति नपाएसम्म सहरभित्र रहनुपर्छ ।
- ✠ सारा संसारभरि जाओ र सारा सृष्टिलाई सुसमचार प्रचार गर ।

---

[268] यसलाई जाऊ भन्दा पनि "तिमीहरू जाँदै गर्दा" वा "जाँदा" भनी अनुवाद गर्नुपर्छ ।

[269] चेला बनाओ- यसको सान्दर्भिक व्याख्याको निम्ति "जाऊ वा बनाऊ? महान् आज्ञाको बारे छलफल" शीर्षकको लेख हेर्नु होला ।

[270] बप्तिस्मा देओ- यसको सान्दर्भिक व्याख्याको निम्ति "जाऊ वा बनाऊ? महान् आज्ञाको बारे छलफल" शीर्षकको लेख हेर्नु होला ।

[271] पालन गर्न – "ढिला नगरी व्यवहारमा उतार्ने" । Strong's No. **5083** *tēréō* (from *tēros*, "पहरेदार") – उपयुक्त किसिमले कायम गर्नु (जोगाउनु); (आलङ्कारिक) आत्मिक रूपमा रक्षा गर्नु (पहरा), अखण्ड राख्नु... अर्थात् कुनै कुरामा अटल रहने तुल्याउनन्; कुनै कुरालाई बलियो गरी पक्रन देखाउनु (पालन गर्नु) – *https://biblehub.com/greek/5083.htm*. "कुनै कुरालाई बलियो गरी पक्रनु"ले जिल्नु, लगनशील हुनुलाई समेट्छ (तर कुनै पनि बाह्य शक्तिले आफूले सतय हो भनी थाहा भएको विरुद्ध जानलाई बाध्य बनाएको हुनुहुन्न)... यसको लक्ष्यचाहिँ कठिनाइ भएर गुज्रन लगाउनु वा त्यसबाट बच्नु मात्र होइन तर अझ राम्रो, अझ बलियो, अझ दृढ बनाउनु हो ।

- चेला बनाओ ।
- पिता, पुत्र र पवित्र आत्माको नाउँ बप्तिस्मा देओ ।
- मैले तिमीहरूलाई आज्ञा गरेका सबै थोक पालन गर्न सिकाओ ।

**पाठः**

आफ्ना कुराहरूलाई अविस्मरणीय तुल्याउने येशूका आफ्नै तरिका थियो । उहाँले चेलाहरूलाई उहाँका आज्ञाहरू उहाँको स्वर्गारोहणसँगै जारी गर्नुभयो । यसमा जोड दिइएका कुराहरूबारे कुरा गर्नुहोस् । हामी "गर्नुपर्ने" सूचीका कार्यहरूमा सुरुको वा अन्तमा भएकालाई सहजै सम्झन सक्छौं किनकि हाम्रो दिमागलाई यसरी नै निर्माण गरिएको छ । तर येशूले भन्नुभएका सुरुका र अन्तका कुराहरू नबिर्सून् भन्ने कुरालाई सुनिश्चित गर्नुभयो ।

येशूले चेलाहरूलाई दिनुभएको पहिलो आज्ञा[272] विचार गर्नुहोस् । यो "मेरो पछि लाग" भन्ने थियो । येशूले यसलाई आश्चर्यपूर्ण रूपमा माछा पक्रेको कार्यसँगै जारी गर्नुभयो । उहाँले उनीहरूलाई भन्नुभएको कुराचाहिँ "तिमीहरूले मेरो आवाज सुनेको र पालन गरेको[273] म

---

[272] यो परमेश्वरले इस्राएलीहरूलाई सीनै पर्वतमा दिनुभएको पहिलो आज्ञासँग तुलन गर्न सकिन्छ । "*अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, सबै जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ । इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन् ।*" (प्रस्थान १९:५-६) र "सुन (हिब्रूमा शेमा भनिन्छ 'हे इस्राएल सुन' व्यवस्था ६:४-५) (यसको निम्ति "हिब्रूमा 'शेमा'को अर्थ के हुन्छ." भन्ने लेख हेर्नु होला)। यद्यपि इस्रएलीहरू परमेश्वरको आवाज पालन गर्न सहमत भएका थिए, उहाँ साँच्चै उनीहरूसँग बोल्नुहुँदा उनीहरू भयभीय भएर यस उप्रान्त उनीहरूसँग नबोलून् भनी आग्रह गरे । बरु, उनीहरूले मोशाकै कुरा सुन्नेछन् र पालन गर्नेछन् भनी उनीहरूले भने । तर उनीहरूले त्यसो गरेनन् ।

केही हदसम्म आफूलाई ख्रीष्टियन भन्नेहरू पनि ती इस्राएलीहरूजस्तै छन् । जब उनीहरूले गरेको येशूले चाहने कुरा सुन्छन् तब उनीहरू भयभीत हुन्छन् र उहाँलाई पछ्याउँदैनन् । बरु उनीहरू भन्छन्, "पास्टर हामीले गर्ने तपाईंले हामीलाई बताउनुहोस् ।" तर उनीहरूले त्यो पनि गर्दैनन् । *"मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिस मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ । यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एक जना बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो ।*" (मत्ती ७:२१ र २४)

[273] पालन गर्नु । हिब्रूमा शेमाको अर्थ "सुन्नु" र "अनुशरण गर्नु" हुन्छ । येशूको "मेरो पछि लाग" भन्ने आज्ञालाई हामीले सीनै पर्वतकोमौलिक आज्ञामा भेट्छौँ, जुनचाहिँ उनीहरूलाई जिउनको निम्ति उहाँको "शिक्षा र निर्देशन" अर्थात् तोराह दिनअघि नै प्रस्थान १९:५-६ मा दिइएको थियो जसलाई मिश्र देशबाट सबै जनाले एकै सोरमा उनीहरूला परमप्रभु, मालिक र राजालाई "हुन्छ, पालन गर्छौं" भनेका थिए । "*अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, सबै जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ । इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन् ।*" (प्रस्थान १९:५-६) येशूले फेरि यूहन्ना १०:२७ मा यसलाई दोहोर्‍याउनुभएको छ, "*"मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन् ।*" (यसको निम्ति "हिब्रूमा 'शेमा'को अर्थ के हुन्छ." भन्ने लेख हेर्नु होला)।

मेरो पछि लाग- कसैको पाइला, शिक्षा र निर्देशन पछ्याउन "ढिलो नगरी गर्नु" भन्ने अर्थ हुन्छ ।

तोराह- यसलाई हाम्रो मार्ग, हाम्रो सत्यता र हाम्रो जीवनको सट्टामा परमेश्वरसँगको हिँडाको निम्ति ठहराइएको हिँडाइको रूपमा परिभाषित गरिन्छ जसलाई सही ठाउँमा हिर्काउनु भनिन्छ, जहाँ पाप वा अधर्मलाई तारोला लगाउन चुक्नु भनी परिभाषित गरिन्छ ।

उजाड-स्थान- जहाँ परमेश्वर बोल्नुहुन्छ भन्ने अर्थ हुन्छ, जहाँ परमेश्वरले उहाँका मानिसहरूलाई जिउनको निम्ति उहाँको शिक्षा र निर्देशनहरू दिनुभयो; कसैले दाबी नगर्ने ठाउँ ।

मेरो आवाज मान- हिब्रूमा शेमा- सुन र अनुशरण गर ।

चाहन्छु र जब तिमीहरूले मैले भनेको कुरा सुन्छौँ तब मैले भनेका आश्चर्यकर्महरू हुनेछ जसले आशिष् ल्याउनेछन् ।" "मेरो पछि लाग" भन्ने आज्ञासँगै येशूले उनीहरूलाई मानिसहरू मछुवा बनाउने प्रतिज्ञा गर्नुभयो । साढे ३ वर्षपछि येशूले उनीहरूलाई त्यही गर्न उनीहरूलाई फेरि आज्ञा गर्नुहुँदैथियो ।

त्यसैल, येशू उनीहरूसँग बोल्नुहुँदा उहाँ स्वर्गमा चढिजानुभयो र परमेश्वरको दाहिने हाततर्फ विराजमान हुनुभयो । त्यसपछि उनीहरू रमाउँदै यरूशलेम फर्के र परमेश्वरको प्रशंसार गर्दै मन्दिरमा भेला भइरहे । अनि उनीहरूले जताततै प्रचार गर्न थाले, प्रभुले उनीहरूसँगै काम गर्नुभयो र चिन्हहरूद्वारा उहाँको वचनलाई पुष्टि गर्नुभयो ।

महान् आज्ञाको मुख्य आदेश चेला बनाउनु हो । यो येशूको बप्तिस्मादेखि उहाँ स्वर्ग नजानुभएसम्म नै उहाँको पुर्णकालीन पेशा थियो । येशूले उहाँको साढे ३ वर्षको अवधिको सेवामा चेला बनाउने प्रकृयाहरू बताउनुभयो, र उहाँलाई पछ्याउनेहरूलाई पनि त्यसै गर्न आज्ञा दिनुभयो । चेला निर्माण प्रकृयामा ५ चरणहरू छन् । ती यस प्रकार छन्:

१. माथिबाट शक्ति नपाएसम्म सहरमा नै रहिरहनु ।
२. सारा संसारभरि जानु ।
३. येशूको नाउँमा पाप क्षमा प्रचार गर्नु ।
४. सन्देशमा विश्वास गर्नेहरूलाई येशूको नाउँमा बप्तिस्मा दिनु ।
५. येशूले आज्ञा गर्नुभएका सबै थोक पालन गर्न सिकाउनु ।

चेलाहरूले येशूका आज्ञाहरू पालन गरे र त्यसका प्रारम्भिक परिनामहरू प्रेरितका पुस्तकका पृष्ठहरू प्रकट भएका छन्:

१. **रहनु-** प्रेरित १:१२-१४

*तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्राय: एक किलोमिटर जति टाढ़ा पर्छ । सहर भित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले । तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए । कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे ।*

२. **जानु** – प्रेरित २:१-६

*जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए । अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे । अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे । स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू त्यस बेला यरूशलेममा बसेका थिए । तब यो आवाज सुनेर भीड जम्मा भयो । तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आ-आफ्ना भाषामा तिनीहरू बोलिरहेका सुन्यो ।*

३. **प्रचार गर्नु** – प्रेरित २:२२-३६

*"इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो । तपाईंहरूलाई थाहै छ कि परमेश्वरले तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो । परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो । उहाँलाई परमेश्वरले मृत्युको पीडाबाट छुटकारा दिएर जीवित पार्नुभयो । किनकि मृत्युको अधीनमा उहाँ भइरहनु असम्भव थियो, किनकि दाऊदले उहाँको विषयमा भन्दछन्, 'मैले प्रभुलाई सधैँ मेरो सामने देखें, किनभने म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिनेतर्फ हुनुहुन्छ । यसकारण मेरो हृदय आनन्दित र मेरो जिब्रो हर्षित भयो । यसबाहेक मेरो शरीरले पनि आशामा जिउनेछ । किनकि तपाईंले मेरो प्राणलाई पातालमा छोड्नुहुनेछैन, न त तपाईंले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ । तपाईंले मलाई जीवनको मार्गहरू बताउनुभयो, तपाईंले मलाई आफ्नो उपस्थितिद्वारा आनन्दले गद्‌गद् पार्नुहुनेछ ।' "भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ । यसकारण एक अगमवक्ता भएका हुनाले, उनले जान्दथिए कि परमेश्वरले शपथ खानुभएको थियो कि उनकै सन्तानबाट उनको सिंहासनमा एक जनालाई परमेश्वरले बसाल्नुहुनेछ । अघिबाटै यो देखेर उनले ख्रीष्टको पुनरुत्थानको विषयमा भने कि उहाँ न पातालमा छोडिनुभयो, न त उहाँको शरीर नै कुह्यो । यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराका हामी सबै साक्षी छौं । यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ । किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ ।' "त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो ।"*

४. **बप्तिस्मा दिनु** – प्रेरित २:३७-४१

*यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने?" पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ । किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।" अरू धेरै कुराहरूद्वारा उनले तिनीहरूलाई गवाही दिए, र यसो भनेर अर्ती दिए, "यस दुष्ट पुस्ताबाट तिमीहरूले आफैलाई बचाओ ।" तब जस-जसले*

*उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए ।*

५. **सिकाउनु** – प्रेरित २:४२

*तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे ।*

**समूह छलफलः**

२. चेला भनेको के हो? (शिक्षा पाउने व्यक्ति, सिक्ने, शिष्य)

चेला बनाउने प्रकृया पुरुष र स्त्रीहरू बालबालिकाहरू जन्माउन र हिर्काउने प्रकृया भएर गुज्रने कुरासँग मिल्दो हुन्छ । यसलाई तुलनात्मक रूपमा हेरौँ ।

१. रहनु (प्रजनन्को योग्य नभएसम्मम र आफ्नो जिवनसाथी नभेट्टाएसम्म)

२. जानु (आफ्नो बुबा र आमालाई छोड्नु)- उत्पत्ति २:२४)

३. प्रचार गर्नु – (बीउ रोप्नु- उत्पत्ति २:२४)

४. बप्तिस्मा दिनु- (जन्मँदा धुनु)

५. सिकाउनु (बालकलाई सुसज्जि पार्नु ताकि ऊ सफल होस् र आफ्नै बालबालिकाहरू हुर्काउन बढाउन सकोस्)

   अ. बालक चेला हो जसले शिक्षाहरू ग्रहण गर्छ ।

   आ. यसरी परिपक्व हुने तीन चरणहरू छन्:

| आत्मिक परिपक्वता – (१ यूहन्ना २:१३) | प्राकृतिक परिपक्वता |
|---|---|
| १. बालक | बाल्यकाल |
| २. जवान मानिस | किशोर |
| ३. बुबा | वयश्क |

**पाठको आशयः**

<u>परमेश्वरले हामीलाई दिनुभएको छः</u>

- हामी के बन्नुपर्छ भन्ने उहाँको दर्शन... उहाँको पुत्र, येशूजस्तै ।
- पूरा गर्नुपर्ने मिसन... चेलाहरू बनाउनु ।
- प्रयोग गर्नुपर्ने रणनीति...
  - माथिबाट शक्ति नपाएसम्म सहरमा नै रहो ।
  - सारा संसारभरि जाओ ।
  - येशूको नाउँमा पाप क्षमाको सन्देश प्रचार गर ।

  - उक्त सन्देशमा विश्वास गर्नेहरूलाई बप्तिस्मा देओ ।
  - येशूले आज्ञा गर्नुभएका सबै थोक पालन गर्न सिकाओ ।
- हामीले गर्नुपर्ने सेवा... मेलापको सेवा ।

यो काम गर्नको निम्ति उहाँले हामीलाई यी कुराहरू दिनुभएको छः

- उहाँको आधिकार... मिसन र सेवा पूरा गर्न ।
- उहाँको शक्ति... पवित्र आत्मा ।
- उहाँका सामग्रीहरू... पवित्र आत्माका वरदानहरू ।
- उहाँको महिमा... पवित्र आत्माका फलहरू ।
- उहाँका सुसज्जितकर्ताहरू... प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, पास्टरहरू र शिक्षकहरू ।

**प्रयोगः**

यस पाठलाई अन्त गर्दै गर्दा, तपाईं आत्मिक परिपक्वता[274] भएर गुज्रनुभएको छ र स्वर्गमा हुनुहुने पिताको इच्छा पुरा गर्ने दायित्व तपाईंको हो भन्ने कुरा याद गर्नुहोस् । तपाईंको सामु भएको काम पूरा गर्नलाई येशूसँगको यात्रा नमक पुस्तकको श्रृङ्खलाले तपाईंलाई सहायता गर्नेछ । के तपाईंले यो गर्नुहुनेछ?

*धेरै जना साक्षीहरूका उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ ।* (२ तिमोथी २:२)

[274] आत्मिक परिपक्वता प्रकृया- यसको पूर्ण वर्णनको निम्ति "आत्मिकवृद्धि प्रकृया" लेखलाई हेर्नु होला ।

## एलिया र एलीशाको कथा
## बप्तिस्माको एउटा तस्विर

एलिया एलीशाको आत्मिक बुबाको भएको हिसाबले येशू र चेलाहरूसँग सम्बन्धलाई चित्रण गर्न सहायता गर्छ ।

## पृष्ठभूमि

एलियाले ई.पू. ८८३-८६८ सम्म इस्राएलीहरूको निम्ति परमेश्वरको अगमववक्ताको रूपमा सेवा गरे । उनी गिलादको तिस्बेका थिए । उनको सेवाको प्रारम्भमा इस्राएलको उत्तरी राज्यमा आहब र ईजबेलले रूबेन, शिमियोन, लेवी, दान, नप्ताली, गाद, आशेर, इस्साखार, जबुलुन र योसेफ (एफ्राइम र मनश्शे) गरी १० कुलहरूमाथि शासन गर्थे । यहूदा र बेन्यामीन कुल रहेको दक्षिणी राज्यमा यहोशापातले शासन गर्थे । ई.सं. ८७९ मा एलियाले बालका ४५० ४ अश्तोरेतका ४०० अगमवक्ताहरूलाई चुनौती दिन कार्मेल पर्वतमाथि देखा परे । यसको केही समयपछि उनले एलीशालाई उनको सेवकको रूपमा नियुक्त गरे ।

## एलियाले एलीशालाई उनको पछि आउन बोलाउँछन्

*यसैले एलिया त्यहाँबाट गए, र शाफातका छोरा एलीशालाई भेट्टाए । तिनी बाह्र हल गोरुहरूका साथ खेत जोतिरहेका थिए । तिनीचाहिँ तीमध्ये बाह्रौँ हललाई जोतिरहेका थिए । एलियाले गएर आफ्नो खास्टो तिनीमाथि ओढ़ाइदिए ।* (राजा १९:१९)

१ राजा १९:१-२१ पढ्नु होला ।

हामीले पाठ्यमशंबाट देख्न सक्छौँ कि एलीशा एक जना साधारण मानिस थिए, उनी एक जना किसान थिए ।

खास्टोको निम्ति हिब्रूमा प्रयोग गरिएको शब्द "अड्डेरेथ" हो जसको अर्थ कुनै यस्तो पर्याप्त ठुलो कुरालाई जनाउँछ जसलाई यी कुराहरू दर्शाउन प्रयोग गरिन्छः कपडा, पोशाक, महिमा । तपाईंले यसलाई योसेफको रङ्गिन कोटलाई सम्झन सक्नुहुन्छ । एलियाले एलीशामाथि उनको खास्टो फ्याँक्नु भनेकचाहिँ उनले अगमवक्ता हुनलाई बोलाएका र उनलाई आफ्नो छोरो रूपमा अप्नाइरहेका थिए । अर्को शब्दमा भन्दा उनले आफ्नो गौरव उसलाई दिँदै थिए ।

*एलीशाले आफ्ना गोरुहरू छोड़ेर एलियाको पछिपछि दगुरे, र भने, "कृपा गरी मलाई आफ्ना बुबा र आमालाई चुम्बन गरेर बिदा हुन दिनुहोस् । त्यसपछि म तपाईंको पछि लाग्नेछु ।" एलियाले जवाफ दिए, "जाऊ न, मैले तिमीलाई के गरेको छु र?" तब एलीशाले एलियालाई छोड़ेर गए । तिनले आफ्नो एक हल गोरु लिएर मारे । तिनले हलोका काठहरू जलाएर मासु पकाए र मानिसहरूलाई दिए, र तिनीहरूले खाए । त्यसपछि तिनी एलियाको पछि लागे, र तिनका चाकर भए ।* (१ राजा १९:२०-२१)

एलीशाको अनुरोद र एलियाको प्रारम्भिक जवाफलाई हेर्दा उनीहरू बीच राम्रो चिनजान भएको आभास हुन्छ । *उहाँले अर्कोलाई भन्नुभयो, "मेरो पछि लाग ।" तर त्यसले भन्यो, "पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस् ।" उहाँले त्यसलाई भन्नुभयो, "मुर्दाहरूलाई आफ्नै मुर्दा*

*गाड्‌न देओ, तर तिमी गएर परमेश्‍वरका राज्यको सुसमाचार प्रचार गर ।" अर्कोले पनि भन्यो, "प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनुहोस् ।" तर येशूले त्यसलाई भन्नुभयो, "आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्‍वरका राज्यको योग्यको हुँदैन ।"* (लूका ९:५९-६२)

उनको बहानाप्रति एलियाको जवाफ सुनेर एलीशाले उनका गोरुहरू काटे र उनका साधनहरूलाई टुक्रा पारे आगो बाले अनि त्यो गरुको मासु पकाएर मानिसहरूलाई खुवाए । यसो गरेर एलीशा एलियाले चाहेअनुसार गर्न सबै थोक छोड्‌न तयार छन् भन्ने कुरा देखाए । १. १ देखि १० सम्मको स्केलमा प्रभु येशू ख्रीष्टलाई पछ्याउने तपाईंको प्रतिबद्धता कतिमा पर्छ? आफैसित ईमानदार हुनुहोस् । परमेश्‍वरलाई यो अघिदेखि नै थाहा छ ।

## एलिया कस्ता थिए?

*तिनीहरूले जवाफ दिए, "हामीसँग भेट गर्नलाई एक जना मानिस आए र तिनले हामीलाई भने, 'तिमीहरूलाई पठाउने राजाकहाँ जाओ, र तिनलाई यसो भन, "परमप्रभु यसो भन्नुहुन्छः के इस्राएलमा कुनै परमेश्‍वर हुनुहुन्न र तँ एक्रोनको देवता बाल-जिबबकहाँ सल्लाह लिनलाई मानिसहरू पठाउँदैछस् । यसैकारण तँ बिरामी परेको ओछ्यान छोड्‌नेछैनस् । तँ निश्‍चय नै मर्नेछस्' ।" राजाले तिनीहरूलाई सोधे, "तिमीहरूसँग भेट गरेर यसो भन्ने मानिस कस्ता किसिमका थिए?" तिनीहरूले जवाफ दिए, "तिनी भुत्लाका लुगा लगाएका र कम्मरमा छालाको पेटी बाँधेका मानिस थिए । राजाले भने, "तिनी त तिश्बी एलिया हुन् ।"* (२ राजा १:६-८)

हामी ९०० वर्षपछि फेरि एलियाजस्तै देखिने अर्को पात्र भेट्‌यौँ । उनी हुन् बप्तिस्मा दिने यूहन्ना । *यूहन्नाले ऊँटका रौँको वस्त्र लाउँथे, र कम्मरमा छालाको पटुका बाँध्थे । तिनको खानेकुरा सलह र वन-मह थियो ।* (मत्ती ३:४) बप्तिस्मा दिने यूहन्नाले पनि एलियाको जस्तै पोशाक लगाउँथे । उनको पनि एलियाको जस्तै गौरव (महाम) थियो र उनको सेवा सुरु गर्नअघिदेखि नै त्यस्तै पोशाक लगाउँथे ।

येशू पनि महिमाले युक्त हुनुहुन्थ्यो । धर्मशास्त्रअनुसा पवित्र आत्मा उहाँमाथि ढुकुरको स्वरूपमा ओर्लनुभयो । येशू उहाँको सेवा सुरु गर्नअघि उहाँको नयाँ खास्टो (आफ्नो पिताको महिमा- पवित्र आत्मा) प्राप्त गर्नुभयो । *येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँका विषयको कुरा वरिपरिका सबै ठाउँमा फिँजियो । उहाँले सभाघरहरूमा शिक्षा दिन लाग्नुभयो, र सबैले उहाँको प्रशंसा गर्थे ।* (लूका ४:१४-१५)

ई.पू. ८६८ मा, एलियालाई ज्वालामय आँधीमा परमेश्‍वरले उठाएर लानुभयो र एलीशाले उनको स्थान हासिल गरे ।

## एलीशाको विश्‍वासयोग्यता

*जब परमप्रभुले आँधीबेहरीद्वारा एलियालाई स्वर्गमा उठाइलानै आँट्‌नुभएको थियो, तब एलिया र एलीशा गिलगाल छोड़ेर बाटोमा गइरहेका थिए । तब एलियाले एलीशालाई भने, "तिमी यहीँ*

*बस, परमप्रभुले मलाई बेथेलमा पठाउनुभएको छ ।" तर एलीशाले भने, "परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई छोड्नेछैनँ ।" अनि तिनीहरू बेथेलमा झरे । बेथेलमा अगमवक्ताहरूको दलले एलीशाकहाँ आएर सोधे, "परमप्रभुले आज तपाईंका मालिकलाई तपाईंबाट लैजानुहुनेछ भनी के तपाईंलाई थाहा छ?" एलीशाले भने, "हो, मलाई थाहा छ । तर त्यस विषयमा केही नभन ।" तब एलियाले तिनलाई भने, "एलीशा, तिमी यहीँ बस । परमप्रभुले मलाई यरीहोमा पठाउनुभएको छ ।" अनि तिनले जवाफ दिए, "परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई छोड्नेछैनँ ।" अनि तिनीहरू यरीहोमा गए । यरीहोमा अगमवक्ताहरूको दल एलीशाकहाँ आएर सोधे, "परमप्रभुले आज तपाईंका मालिकलाई तपाईंबाट लैजानुहुनेछ भन्ने तपाईंलाई थाहा छ?" तिनले भने, "हो, मलाई थाहा छ । तर त्यस विषयमा केही नभन ।" तब एलियाले तिनलाई भने, "यहीँ बस । परमप्रभुले मलाई यर्दन नदीमा पठाउनुभएको छ ।" अनि एलीशाले जवाफ दिए, "परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई छोड्नेछैनँ ।" यसैले ती दुवै अगि हिँड़े । पचास जना अगमवक्ताहरूले तिनीहरूलाई पछ्याए, र यर्दन नदीको किनारमा एलिया र एलीशा अड़िएको ठाउँतिर हेर्दै निकै टाढ़ामा उभिए ।* (२ राजा २:१-७)

यस घटनाको भागले एलीशाको चरित्रको केही भाग हामीलाई देखाउँछ । परमेश्वरले एलीशालाई उनको मालिक हुनबाट लाँदैहुनुहुन्छ भनी दुई पटक अगमवाणी गरियो । एलियाले उनलाई
यहीँ बस' भनी ३ पटकसम्म भने । तर एलीशाले इन्कार गरे । अन्तसम्म नै एलियाको सेवा गर्न उनको समर्पित भए र खुरन्धार लागे ।

२. परमेश्वरले गर्नलाई बोलाउनुभएको कुरामा तपाईं कतिको खुरन्धार लागिरहनुभएको छ?

## एलियाले यर्दनको पानीलाई दुई भाग गर्छन्

*एलियाले आफ्नो खास्टो उतारे, र त्यो बेह्रेरेर यर्दन नदीको पानीलाई त्यसले हिर्का ए। पानी देब्रे र दाहिनेतिर दुई भाग भयो, र तिनीहरू सुक्खा जमिनमा हिँड़ेर पारि गए ।* (२ राजा २:८)

एलिया र एलीशा बेथेल हुँदै यरिहो भएर यर्दन नदीतिर गए । यो लगभग २५ माइलको दुरि झण्डै दिनभरि लाग्ने बाटो हिँड्दा उनीहरू उनीहरूको गन्तव्यमा ढिलो अपरान्हतिर वा साँझपख आइपुगेका थिए । उनिहरू यर्दनमा आइपुग्दा, एलियाले पानीलाई उनको खास्टोले हिर्काए । नदीको पानी दुई भागमा विभाजन भयो र उनीहरू हिँडेर खोला तरेर पूर्वतिर लागे ।

पानी विभाजन भएको कुराले बप्तिस्माको चित्र हो । यसले कुनै व्यक्ति पानी भएर गएको देखाउँछ तर नष्ट भएन र ऊ पहिले भएको ठाउँबाट अलग भएको थियो । लाल समुद्र दुई भएर समुद्र भएर तर्दा इस्राएलीहरू मरेनन् र उनीहरूलाई उनीहरूका शत्रुहरू मिश्रीहरू र उनीहरूका पहिलेका जीवनबाट अलग गरिएको थियो । प्रेरित पावलले यसलाई यसरी उल्लेख गर्छन्, *"भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि*

*थिए, र सबै समुद्रको बीचबाट भएर गए । अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए ।* (१ कोरिन्थी १०:१-२)

तथापि मिश्रबाट निस्केर आएका धेरैसँग परमेश्वर प्रशन्न हुनुहुन्थ्यो र उनीहरू प्रतिज्ञाको मुलुक प्रवेश गर्नअघि नै मरे । त्यसैले उजाड-स्थानमा जन्मिएका जवान इस्राएलीहरू प्रतिज्ञाको मुलुकमा प्रवेश गर्नअघि उनीहरूलाई पनि बप्तिस्मा दिनुपर्थ्यो । यस पल्ट उनीहरू यहोशूको नेतृत्वमा यर्दन नदी दुई भाग भएर पानीको बीचबाट हिँडेर पार गर्नुपऱ्यो ।

अझै भनौँ भने एलिया र एलीशाले ५५० वर्षपछि यर्दन नदी तरे भने लगभग ९०० वर्षपछि बप्तिस्मा दिने यूहन्ना यही नदीमा येशूलाई बप्तिस्मा दिए ।

याद गर्नुहोस्: मोशाले पाप गरेका हुनाले उनलाई परमेश्वरका मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा अगुवाइ गरेर लान दिइएन । त्यसैले मानिसहरूलाई प्रतिज्ञाको मुलुकमा अगुवाइ गरेर लान मोशाको मृत्युअघि नै परमेश्वरले यहोशूलाई नियुक्त गर्नुभयो । (गन्ती २७:१२-२३ पढ्नुहोस्) मोशालाई पछ्याएर कोही पनि प्रतिज्ञाको मुलुक प्रवेश गर्न सक्दैन भन्ने चिन्ह यही हो । प्रतिज्ञाको मुलुभित्र प्रवेश पाउन यहोशू(येशू)लाई पछ्याउनुपर्छ ।

बप्तिस्मा दिने यूहन्नाको समयमा यहूदीहरू एलियाको कथाप्रति अत्यन्त सजग थिए । वास्तवमा, पुरानो करारको अन्तिम पुस्तकको अन्तिम खण्डले यहूदीहरू उनक आगमनको प्रतिक्षा गरिरहेका थिए भनी उल्लेख गर्छः

*"हेर, परमप्रभुको त्यो महा र  डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु । त्यसले बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ, नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु ।"* (मलाकी ४:५-६)

यहूदीहरूलाई एलियाको बारे अरू केही कुराहरू पनि थाहा थियोः उनी कस्तो देखिन्थे, उनी अन्तिम समयतिर देखा परेको ठाउँ, उनी पानी विभाजन भएर पानीको बीचबाट भएर गएका, र उनी नमरीकन नै सोझै परमेश्वरकहाँ गएका । त्यसैले बप्तिस्मा दिने यूहन्ना उही पोशाकमा, उही क्षेत्रमा मानिसहरूलाई बप्तिस्मा दिँदै देखा परे (पानीहरू दुई भाग हुनु... उनीहरूको जीवनदेखि अलग भइरहेको)। उनी नै अगमवक्ता एलिया थिए कि भनेर उनीहरूले सोधे । *तब तिनीहरूले उनलाई सोधे, "तब के? तिमी एलिया हौ?" उनले भने "म होइनँ ।" "के तिमी त्यो अगमवक्ता हौ?" उनले जवाफ दिए, "होइन ।"* (यूहन्ना १:२१) येशूले उनलाई भन्नुभयो, *"तिमीहरू ग्रहण गर्न राजी हुन्छौ भने, आउनुपर्ने एलिया यिनी नै हुन् । जसको सुन्ने कान छ, त्यसले सुनोस् ।"* (मत्ती ११:१४-१५)

## अगमवक्ताको ईनाम

*नदी पार गरिसकेपछि एलियाले एलीशालाई भने, "तिमीबाट उठाएर लान अघि म तिम्रो निम्ति के गरूँ?" "तपाईंको आत्माको दोबर भाग पाउने हक मलाई दिनुहोस्," एलीशाले जवाफ दिए । एलियाले भने, "तिमीले त गाह्रो कुरा पो माग्यौ । तापनि तिमीले मलाई*

*तिमीबाट उठाइलगेको देख्यौ भने त्यो तिम्रो हुनेछ— होइन भने, पाउनेछैनौ ।"* (२ राजा २:९-१०)

आफू प्रस्थान गर्नअघि एलीशालाई आफूसँग केही माग्न एलियाले आह्वान गरे । एलीशालाई अगमवक्ताको रूपमा पाएकोमा त्यो उसनको आशिष् वा ईनाम दिने तरिका थियो । जब कसैले ईश्वरभक्त मानिस प्राप्त गर्छ उसले पछि आशिष् वा ईनाम पाउँछ । येशूले भन्नुभयो, *"तिमीहरूलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, र मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ । अगमवक्तालाई अगमवक्ता नै मानेर ग्रहण गर्नेले अगमवक्ताको इनाम पाउनेछ । धर्मी जनलाई धर्मी जन नै मानेर ग्रहण गर्नेले धर्मी जनको इनाम पाउनेछ ।"* (मत्ती १०:४०-४१)

एलीशाले ऊ प्रस्थान गरेको देख्छ वा देख्दैन भन्ने कुरालाई नै एलियाले शर्त बनाए । येशूले हाम्रा अनुरोधहरूलाई हाम्रो दृष्टिमा आधारित कुराअनुसार गर्नुहुन्न, तर उहाँलाई प्रभु र परमेश्वरको रूपमा ग्रहण गरिएको छ कि छैन सो हेर्नुहुन्छ । उहाँ मृतकबाट जीवित भइउठ्नुभएपछि येशूले थोमालाई भन्नुभयो, *"तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन् ।"* (यूहन्ना २०:२९)

येशूले हामी अर्थात् उहाँला चेलाहरूलाई पनि ईनाम पाउनको निम्ति उहाँसँग माग्न अग्रह गर्नुहुन्छ । *"म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ । खोज, त तिमीहरूले भेट्टाउनेछौ । ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ । किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ ।* (लूका ११:९-१०)

येशूका यी वचनहरू भेट्टाइएने अझ ठुलो सन्दर्भ, उहाँले आफ्ना चेलाहरूलाई एलीशाले गरेजस्तै धेरै पवित्र आत्मा (ख्रीष्टको महिमा- परमेश्वरको महिमा) माग्न आफ्ना चेलाहरूलाई उत्साह दिइरहनुभएको हामी देख्छौँ । *"तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ ।"* (लूका ११:१३) *"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु ।"* (यूहन्ना १४:१२)

३. तपाईंले प्रभुसँग के माग्दैआइरहनुभएको छ?

## एलिया र आग्निमय रथ

*जब तिनीहरू कुरा गर्दै अगि हिँड़िरहेका थिए, तब एक्कासि एउटा अग्निमय रथ र घोड़ाहरू देखा परे, र दुईलाई एक-अर्काबाट अलग गरे, र एलिया भुमरीमा माथि स्वर्गतिर लगिए ।* (२ राजा २:११)

यो घटना हुँदा लगभग साँझ परिसकेको हुनाले यो निकै भयावहपूर्ण दृश्य भएको हुनुपर्छ । जतातत्तै आगो! रथ र घिडाहरू आगोको ज्वाभित्र छन् अनि एउटा अग्निमय आँधीबेहरीले उनीहरूलाई स्वर्गतिर उठाइलान्छ । कस्तो अविष्मरणीय अनुभव त्यो!

वर्णनबाट थाहा हुन्छ कि एलीशाले शखाइना... वा परमेश्वरको महिमा देखे । शेखाइना देखा पर्दा यसले परमेश्वरको उपस्थिति छ भन्ने जनाउँछ । मिश्र छोडेर आउने इस्राएलीहरूका निम्ति यो दिनमा बादलको खम्बा र रातमा आगोको खम्बामा देखा पर्‍यो । *"अनि तिनीहरू रातदिन हिँड्न सकून् भनेर तिनीहरूलाई बाटो देखाउनका निम्ति परमप्रभु दिनमा बादलको खामो र राती आगोको खामोमा तिनीहरूको अगिअगि जानुहुन्थ्यो । दिनमा बादलको खामो र राती आगोको खामो मानिसहरूका अगिअगि जान कहिल्यै छोड़ेन ।"* (प्रस्थान १३:२१-२२)

शेखाइना(महिमा)का केही प्रकट स्वरुपहरू (जस्तै- सीनै पर्वतमा, सोलोमनको मन्दिरमा र येशूको रूप परिवर्तन हुँदा) भए तापनि मैले एउटा अर्को महत्त्वपुर्ण स्वरूपमा विशेष जोड दिन चाहन्छु । जसरी शेखाइनाले एलिया र एलीशालाई अलग गर्‍यो त्यसरी नै स्वर्ग चढिजानुहुँदा येशू र उहाँका चेलाहरूलाई पनि अलग गर्‍यो । *उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो ।* (प्रेरित १:९)

## एलीशाले खास्टो प्राप्त गर्छन्... एलियाको महिमा (गौरव)

*एलीशाले यो देखे र कराएर भने, "हे मेरा पिता! हे मेरा पिता! इस्राएलका रथहरू र घोड़चढ़ीहरू!" अनि एलीशाले एलियालाई फेरि देखेनन् । त्यसपछि तिनले आफ्नो लुगा समातेर दुई भागमा च्याते । एलीशाले एलियाको खसेको खास्टो उठाए र फर्केर यर्दन नदीको किनारमा उभिए ।*

एलीशाले इलिया स्वर्गतिर चढिगएको देख्दा उनले एलियाको आत्माको दोबर पाउँथे भन्ने उनले थाहा पाए । त्यो हिस्सा वा अभिषेकचाहिँ एलियाको खस्टो (उनको महिमा)बाट आयो, जुनचाहिँ एलिया स्वर्ग चढिजाँदा खसेको थियो । ऊसित अहिले पगाउनको निम्ति केही अझ राम्रो कुरा थियो त्यसैले उनले आफ्नो कपडा च्याते र एलियाको खास्टो टिपे अनि यसलाई ओढे ।

४. एलिया स्वर्गचढि गएपछि एलीशाले गरेका पहिलो काम के थियो? उनले आफ्नो कपडालाई दुई टुक्रा बनाएर च्याते ।

५. एलीशाको नयाँ खास्टो कहाँबाट आयो? स्वर्ग

६. एलीशाले नयाँ खास्टो पाउन के गर्नुपर्छ? उनले यसलाई टिपेर लिनुपर्थ्यो र ओढ्नुपर्थ्यो ।

7. यदि उनले त्यो खास्टो नटिपेका भए उनलाई के हुन्थ्यो? केही पनि हुँदैनथ्यो ।

## एलीशाले खास्टो प्रयोग गर्छन्... जुन अहिले उनको महिमा हो

*तब त्यहाँ तिनले एलियाको खसेको खास्टोले पानीलाई हिर्काए । तिनले सोधे, "परमप्रभु एलियाका परमेश्‍वर अब कहाँ हुनुहुन्छ त?" जब तिनले पानीलाई हिर्काए, तब त्यो दाहिने र देब्रेतिर दुई भाग भयो, र तिनी पारि गए ।* (२ राजा २:१२-१५)

8. एलीशाले उनको नयाँ खास्टोले के गरे? उनके यर्दनको पानीलाई दुई भाग पारे ।

9. यदि एलीशाले त्यो खास्टोलाई ओढेका मात्रै थिए र अर्को उद्देश्यको निम्ति प्रयोग नगरेका भए के हुन्थ्यो? केही पनि हुँदैनथ्यो ।

एलीशाले त्यो खास्टो ओढेपछि येदन नदीतिर फर्केर गए अनि उनले परमेश्‍वरलाई पुकारे । पानीहरू दुई भाग भए अनि उनी पानीको बीचबाट हिँडेर पारी गए । उनले यसो गरेर हामीलाई बप्तिस्माको एउटा तस्विर प्रदान गरेः

- एलीशा पहिले पानी भएर जाँदा एउटा वरदान नभएको साधारण मानिसको रूपमा गएका थिए ।
- तर उनी आफै फर्केर आउँदा उनी सेवाको निम्ति अलौकिक रूपमा सुसज्जित भएका थिए ।

## हाम्रो खास्टो... पवित्र आत्मा

हामी ख्रीष्टियनहरूलाई यसले हाम्रो बप्तिस्माको दुफ वटा प्रकृतिहरूबाट सिकाउँछः

- जब हामीले बप्तिस्मा लिन्छौँ तब हामी हाम्रो विगतको जीवनबाट अलग भएर हामी सहभागी हुने नयाँ जीवनतिर हेर्छौंङ... साधारण व्यक्तिबाट अललेकिक व्यक्तितिर लाग्छौँ । एलीशा पहिले एलियासँगै पानीमा पसे तर पछि एलियालो खास्टो मात्र लिएर फर्के ।
- ख्रीष्टियनहरू येशूसँगै पानीभित्र प्रवेस गर्छन् र बाहिर निस्कँदा येशूको खास्टो (पवित्र आत्मा)सँग निस्केर आउँछन् । प्रेरित पावलले यसलाई यसरी उल्लेख गर्छन् । *यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं ।* (रोमी ६:४)

*हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो ।* (लूका २४:४९)

जब ख्रीष्टियनलाई पानीभित्र डुबाइन्छ उसले पहिलो पटक पानीलाई दुई भाग गर्छ र त्यसबाट बाहिर निस्कँदा दोस्रो पटक दुई भाग पार्छ ।
धेरै ख्रीष्टियनहरूले बाहिर निस्केर आउँदा उनीहरूको खास्टो (ख्रीष्टको महिमा- पवित्र आत्मा) टिपेर ल्याउनुपर्थ्यो भन्ने कुरा महसुस गर्न चुक्छन् । उनीहरूले परमेश्‍वरले प्रतिज्ञा गर्नुभएको कुरा उनीहरूले प्राप्त गरेका छन् भनी उनीहरूले यसलाई विश्‍वासद्वारा प्राप्त गर्छन् । उनीहरू निश्‍चय नै यसलाई धर्मशास्त्रले भनेअनुसार पहिरनुपर्छ । *परमेश्‍वरको*

*स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।* (एफिसी ४:२४)

## के तपाईंले अझै येशूलाई खोज्दै हुनुहुन्छ?

*त्यो दृश्य हेरिरहने यरीहोबाट आएका अगमवक्ताहरूको दलले भन्यो, "एलियाको आत्मा एलीशामाथि परेछ ।" तब उनीहरू तिनलाई भेट्न आए, र तिनको अगि भूँइसम्मै घोप्टो परे । उनीहरूले भने, "हेर्नुहोस्, हामी तपाईंका दासहरूसँग पचास जना सुयोग्य मानिसहरू छन् । तिनीहरू गएर तपाईंका मालिकलाई खोज्ने अनुमति दिनुहोस् । शायद परमप्रभुका आत्माले तिनलाई उठाएर कुनै पहाड़ अथवा कुनै बेंसीमा राखिदिनुभएको छ ।" तिनले भने, "अँहँ, तिनीहरूलाई नपठाओ ।" तर उनीहरूले तिनलाई लज्जित पारुञ्जेल जिद्दी गरी नै रहे । यसकारण तिनले भने, "तिनीहरूलाई पठाओ ।" अनि उनीहरूले पचास जना मानिसहरूलाई पठाए । तिनीहरूले तीन दिनसम्म खोजे, तापनि एलियालाई फेला पार्न सकेनन् । जब तिनी यरीहोमा नै छँदा तिनीहरू एलीशाकहाँ फर्केर आए, तब तिनले तिनीहरूलाई भने, "के मैले तिमीहरूलाई नजानू भनी भनेको थिइनँ र?"* (२ राजा २:१५-१८)

अगमवक्ताका छोराहरूले एलियालाई कता लगिएको थियो भनी थाहा पाएनन् त्यसैले उनीहरूले उनलाई खोज्ने चाहे... तर ठहराइएको समयसम्मको निम्ति उनलाई परमेश्वरले स्वर्ग उठाइलानुभएको थियो भन्ने कुरा एलीशालाई थाहा थियो त्यसैले उनलाई खोज्नु व्यार्थको भन्ने एलीशालाई थाहा थियो ।

येशू स्वर्ग चढिजानुहुँदा पनि त्यस्तै घटना घटेको थियो । *जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए । तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ ।* (प्रेरित १:१०-११) ठहराइएको समय पूरा नभएसम्म येशु फर्केर आउनुहुन्न भनी चेलाहरूलाई दुई स्वर्गदूतहरूले याद दिलाउनु पर्‍यो ।

स्वर्गदूतहरूका कुरा सुनेपछि उनीहरू यरूशलेम फर्के र प्रभुले उनीहरूलाई आज्ञा गर्नुभएअनुसार उनीहरूको नयाँ खास्टो (ख्रीष्टको महिमा- पवित्र आत्मा) खसोस् भनी पर्खिरहे । *तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर । यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ ।" किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ ।"* (प्रेरित १:४-५)

<u>१० दिनपछि हप्ताहरूका चाडका दिन (पेन्तिकोस) उनीहरूको नयाँ खास्टो (ख्रीष्टको महिमा- पवित्र आत्मा) स्वर्गबाट अग्निमय आँधिबेहरीका साथ खस्यो ।</u> *अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । आगोका*

*जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे । अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे ।* (प्रेरित २:४-५)

चलाहरूले येशूलाई खोज्न छोडे र उनीहरूको नयाँ खास्टो... ख्रीष्टको महिमा... पवित्र आत्मा... परमेश्वरको महिमा लिएर काम  गर्न गए ।

• • •

*त्यस सहरका मानिसहरूले एलीशालाई भने, "हे प्रभु, हेर्नुहोस्, कि यो नगर राम्रो गरी बसालिएको छ, तर यहाँको पानी दूषित छ, र केही उम्रदैन ।" तिनले भने, "एउटा नयाँ बटुको मकहाँ ल्याओ, र त्यसमा नून हाल ।" यसैले तिनीहरूले त्यो ल्याए । तब तिनी पानीको मूलमा गएर त्यहाँ त्यो नून छर्केर भने, "परमप्रभु यसो भन्नुहुन्छः 'मैले यस पानीलाई विशुद्ध तुल्याएको छु । त्यसले अब कहिल्यै मृत्यु ल्याउनेछैन, न केही नउम्रने गराउनेछ ।" एलीशाले भनेको वचनअनुसार आजको दिनसम्मै त्यो पानी स्वस्थकर रहेको छ ।* (२ राजा २:१९-२०)

बप्तिस्माको उद्देश्यचाहिँ सफा गर्ने होइन शुद्ध गर्नु हो, तर कुनै अशुद्ध थोकलाई पवित्र र शुद्ध गर्नु हो ।

१०. एलीशाले उनको सेवा कहिले सुरु गरे? उनको बप्तिस्मापछि

यरिहोका मानिसहरूले एलियाको अभिषेक एलीशामाथि परेको कुरा पहिचान गरे र उनलाई अगमवक्ताको रूपमा ग्रहण गरे । त्यसैले, उनीहरूले उनीहरूको खराब पानीको मूलको निम्ति सहायता माग्दा उनले उनीहरूलाई अगमवक्ताको ईनाम दिए । उनले त्यो पानीको मूल शुद्ध पारे र यरिहोले शुद्ध पानी पायो र उनीहरूकि भूमि उत्पादनशील भयो । त्यो पानीको मूललाई एलियाको पानीको मूल भनिन्छ र यो पर्याटकहरूका निम्ति प्रमूख आकर्षणको केन्द्र बनेको छ ।

११. तपाईंले आफ्नो सेवा कहिले सुरु गर्नुभयो? ______________________________

१२. के तपाईंले आफ्नो खास्टो (ख्रीष्टको महिमा- पवित्र आत्मा) टिप्नुभएको छ?

__________

१३. मानिसहरूले तपाईंलाई कसरी ग्रहण गर्छन्?___________________________

१४. एलीशाको बप्तिस्माको साक्षीहरू कति जना थिए? ५० जना

१५. तपाईंले बप्तिस्मा लिँदा कति जना थिए? ___________________

प्रेरित पावल भन्छन्, *"मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो, ताकि तिमीहरूको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस् ।"* (१ कोरिन्थी २:४-५)

## एउटा प्रतिस्थापित जीवन

पछ्याउनुचाहिँ येशूले उहाँको सेवाको प्रारम्भमा काना नगरमा पानीलाई दाखमद्यमा परिणत गर्नुहुँदा भोजको आत्मिक विषयसहितको (यूहन्ना २:१-११) एउटा प्रतिस्थापित जीवन अर्थात् यस सिद्धान्तबारे येशूको शिक्षालाई जीवनमा उदाहरण देखाउनु हो । यो उहाँका चिन्हहरूमध्ये पहिलो थियो र उहाँले यसलाई प्रतिस्थापित जीवनको आधारभूत अवधारणा प्रदान गर्न प्रयोग गर्नुभयो । ("म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु (बप्तिस्मा- पानीद्वारा संकेत गरिएको), अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ (प्रभु-भोजको दाखरसले संकेर गरेको)। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।") पानीलाई दाखमद्यमा परिवर्तन गर्नुभएको । येशूको पहिलो आश्चर्यकर्मको शक्तिलाई संक्षिप्त रूपमा हेरौँ, विवाहमा (आत्मिक रूपमा परमेश्वरप्रतिको विश्वासको प्रारम्भको सुरुवात र अनन्तसम्म जीवनपर्यान्त प्रतिबद्धता), प्रतिस्थापित जीवनको अर्थः

१. येशूले शुद्धिकरणका निम्ति छुट्टाइएका ६ वटा(मानिसको अंक) भाँडाहरू प्रयोग गर्नुभयो ।

२. भाँडोले केही राख्ने वस्तुको प्रतिनिधित्व गर्छ ।

३. धर्मशास्त्रभरि नै मानिसहरूलाई भाँडोको रूपमा उल्लेख गरिएको छ । (भाँडो, वर्तन, घरहरू, मन्दिरहरू, मशकहरू, चुत पोतिएका चिहानहरू आदि)

४. भाँडो महत्त्वपूर्ण हुन्छ, तर जुन कुराको निम्ति बनाइएको हो त्यो वस्तुसँग यसलाई तुलना गर्न मिल्दैन ।

५. शुद्धिकरणका भाँडाहरूमा पानी भर्दा (डुबाइएको वा बप्तिस्मा दिइएको) अरूहरूलाई शुद्ध तुलयाउन उपयोगी हुन्थे ।

६. तर पनि येशूले पानीलाई दाखमद्यमा परिणत गर्नुभयो ।

७. दाखमद्य रगत, जीवन, पवित्र आत्मा र आनन्दको संकेत हो (पूरा व्याख्याको निम्ति Wilson's Dictionary of Bible Types हेर्नु होला)।

८. येशूले साँचो शुद्धिकरण रगत, प्रतिस्थापित जीवन, पवित्र आत्माको भरपूरीबाट आउँछ र यसले ठुलो आनन्द पैदा गर्छ भन्ने संकेत गरिरहनुभएको थियो ।

९. शुद्धिकरणको भाँडोभित्रको पदार्थको परिवर्तनले उक्त व्यक्तिको स्वभावमा हुने परिवर्तनलाई दर्शाउँछ । यस उप्रान्त पानीलाई खन्याइन्दैन तर पवित्र आत्मालाई खन्याइन्छ । (यूहन्ना ७:३७-३९)

१०. दाखमद्यले व्यक्तिको आचरणलाई परिवर्तन गर्छ । रक्सीजन्य पेय पदार्थहरूलाई यसले व्यक्तिको आचचरणमा ल्याउने बद्लावको कारण कहिलेकाहिँ "आत्माहरू" भनिन्छ ।

११. चेलाहरू पवित्र आत्माले भरिँदा उनीहरूलाई दाखमद्यले मातिएको दोष लगाइएको थियो ।

१२. कानाको आश्चर्यकर्मको आत्मिक निष्कर्षचाहिँ... शुद्धिकरणको पानीले भरिएका (डुबाइएका वा बप्तिस्मा दिइएका) भाँडाहरू(मानिसहरू)लाई चाहिँ

अरूहरूमा परिवर्तन ल्याउने गरी भित्री रूपमा परिवर्तन (पवित्र आत्माले भरिन्छ) गरिन्छ ।

पाठको आशयचाहिँ साँचो शुद्धिकरण रगत, प्रतिस्थापित जीवन, पवित्र आत्माको भरपुरीद्वारा आउँछ र त्यसले ख्रीष्टको सामर्थ्यम पवित्रता, बुद्धि र चरित्रमा सहभागी भएर ठुलि आनन्द उत्पन्न गर्छ ।

– माइकल गिब्सन, *Key2Changes.com*

मिक्वेह शब्दिक रूपमा "एउटा संग्रह": चाहिँ यहूदीहरूले डुबेर नुहाउने विधिको रूपमा प्रयोग गर्छन् । हिब्रू बाइबलमा यो शब्दलाई यसको व्यापक अर्थमा प्रयोग गरिएको छ, तर सामन्यताः यसको अर्थ पानीको संग्रह (संकलन) हुन्छ । कुनै विधिवत् रूपमा अशुद्ध भएको कुरालाई विधिवत् रूपमा शुद्ध पार्नलाई पूर्ण रूपमा डुबाउनुपर्छ भनी केही बाइबलीय रीतिहरू निर्दिष्ट गर्छ । कुनै व्यक्ति मन्दिरभित्र प्रवेश गर्नको निम्ति ऊ विधिवत् रूपमा शुद्ध हुनुपर्थ्यो । यस सन्दर्भमा "शुद्धता" र "अशुद्धता" चाहिँ अपूर्ण अनुवाद हुन्छ; त्यो शब्दको नकारात्मक भाव अपेक्षा गरिँदैन; बरु, यसको आशयचाहिँ कोही मिक्वेहमा नडुबेर फेरि शुद्ध नभएसम्म प्रतिबन्ध गरिएको अवस्था रहन्छ भन्ने हुन्छ ।

परम्परागत रूपमा मिक्वे/बप्तिस्माचाहिँ विभिन्न घटनाहरूपछि तोराह र परमप्रभुको शिक्षामा उल्लेख गरिएका विधिहरूअनुसार फेरि विधिवत् शुद्धता हसिल गर्न पुरुष र महिलाहरू दुवै प्रयोग गर्थे । तोराह र परमप्रभुको शिक्षाले पूर्ण रूपमा डुबेको आवश्यक ठान्छन् ।
लेवी १५:२४-२७; १६:२४: यी पदको मौलिक हिब्रू शब्दलाई हल्का र तर स्पष्ट रूपमा नै गलत किसिमले अनुवाद गरिएको छ । यस पदमा प्रयोग गरिएको शब्दचाहिँ "अशुद्ध" होइन, तर "अपवित्र" हो । योचाहिँ प्रधान पुजारी मिक्वेह भएर गुज्रनुपर्ने भनी उल्लेख गरिएको शब्द नै हो (लेवी २१:४)। स्त्रीसित यस किसिमको अद्वितीय अशुद्धता हुँदैन, न त यसको शारीरिक मैलोसँग कुनै सरोकार नै राख्छ । बरु, दुवै ठाउँमा उल्लेख गरिएको कुराले प्रधान पुजारी र महिनावारी भएको महिला दुवैमा आत्मिक अवस्थामा हुने (अपवित्रता) कुरालाई जनाउँछ । त्यसो भए मिक्वेह वास्तवमा के हो त?

मिक्वे लिनु भनेको सफा हुने कुरो होइन। यो त जीवित हुने कुरो हो ।
हामीले तोराह (परमप्रभुको शिक्षा र निर्देशन) "शुद्धता"ले भरिएको देख्छौँ किनभने यो जीवनसँग आसक्त छ । परमप्रभुको शिक्षा र निर्देशनको आत्मिकतालाई "मेरा नियनहरू पालन गर... र तिनीहरूद्वारा जीवन पाओ" (लेवी १८:५)ले थामेको छ ।

प्रधान पाजरी र महिनावारी भएको महिलाले "मृत्यु" देख्दा र नयाँ "जीवन" अप्नाउँदा मिक्वेह गर्छन् ।
किनकि आत्मिक परिपुर्तिको सर्वोच्च स्वरूप हामीले मृत्युमा पाउँदैनौँ । यो त हामीले दैनिक जीवनमा सही काम गर्ने अनि तपाईं र म "परमेश्वरको स्वरूपमा सृजिएको" बन्ने संघर्ष हो (उत्पत्ति १:२७)।

पुरानो करारमा उल्लेख गरिएको कार्यलाई निर्दिष्ट रूपमा बप्तिस्मा भनिएको थिएन तैपनि यो परमेश्वरको निम्ति कति महत्त्वपूर्ण र पवित्र विधि थियो भन्ने कुरा यसले जोड दिन्छ । प्रभु आफैले पनि सेवाको प्रारम्भमा नै बप्तिस्मा लिने हदसम्म नै बप्तिस्माको महत्त्व सिकाउनुभयो (मर्कूस १:९)।

कलस्सी ३:१-१७ पढ्नुहोस् (नयाँ मनुषयत्त्व धारण गर)

प्रेरित १९:४-७, तब पावलले भने, "यूहन्नाले दिएको बप्तिस्माचाहिँ पश्चात्तापको बप्तिस्मा थियो । उनीपछि आउनुहुने व्यक्ति, अर्थात् येशूमाथि विश्वास गर्नू भनी उनले मानिसहरूलाई बताउँथे ।" यो कुरा सुनेर उनीहरूले प्रभु येशूको नाउँमा बप्तिस्मा लिए । जब पावलले उनीहरूमाथि हात राखे, तब पवित्र आत्मा उनीहरूमाथि आउनुभयो, र उनीहरू अन्य भाषामा बोले र अगमवाणी गरे । उनीहरू प्राय: बाह्र जना जति थिए ।

यूहन्नाको बप्तिस्मा पनि परमेश्वरबाट नै आएको थियो भनी नयाँ करारले स्पष्ट रूपमा देखाउँछ । यो स्वर्गबाट आयो (मत्ती २१:२५)। यो पश्चताप गरेको घोषणा गर्ने र पाप क्षमा प्राप्त गर्ने आत्मिक उद्देश्यको निम्ति गरिन्थ्यो (मर्कूस १:४)।

## मिक्वेहको निम्ति आवश्यक कुराहरू

निम्न अवस्थाहरूमा कट्टर यहूदी धर्ममा मिक्वेहमा डुब्नु अनिवार्य थियोः

- महिलाहरू
  - महिनावारीपछिको अवधि, वैवाहिक सम्बन्ध सुरुवात गर्नअघि
  - बलक जन्मपछि, पुनः वैवाहिक सम्बन्ध प्रारम्भ गर्नअघि
  - विवाहअघि दुलहीद्वारा
- यहूदी मत अप्नाउनेहरूलाई पानीमा पूर्ण रूपमा डुब्न लगाइन्थ्यो ।

## कट्टर यहूदी मतमा विधिवत् डुबाइ

मेक्वेमा डुबाउने तलका अवस्थाहरूमा समकालीन कट्टर यहूदी मतको विधि होः

- पुरुषहरू
  - विवाहको दिन दुलहाले
  - केही समुदायका अनुसार उसको छोराको खतना गर्नअघि बुबाले
  - प्रधान पुजारीले पुजारीको आशिष् भन्ने सेवाअघि
  - योम किप्पूरअघि
  - यहूदी विदाको दिनअघि
  - शबाथअघि साप्ताहिक रूपमा
  - हासिदी रितीमा हेरक दिन

महिलाले मिक्वेह गर्ने र हाम्रो आत्मिक पुनर्जन्मको उद्देश्य समानन्तरः महिनावरी भइरहेकी महिलाले अब संसारमा दन सक्ने जीवनको ताजा सम्भावना पाएसँगै बगेर गाएका

डिम्बाहरूको आदर गरिन्छिन्, जसले कहिल्यै पनि मानव प्राण अप्नाउनेछैनन् । प्रधान पुजारीले पनि अप्नाउनैपर्ने पाठलाई उनको मासिक चक्रले प्रतिनिधित्व गर्दा यो "सारा जीवनकी आमा" महिलाको जादु हो (उत्पत्ति ३:२०) कि हामीले गुमेका अवसरहरूको मृत्युलाई आदर गर्छौं, तर हाम्रा नयाँ छनौटहरूले सृजना गरेका जीवनलाई बहुमूल्य ठानौँ । पानी तोडिँदा जन्म प्रकृयाद्वारा हामीलाई बप्तिस्मा दिइन्छ र हामी परिवर्तनको प्रकृयामा अघि बढ्छौँ जुनचाहिँ जुनचाहिँ पुरानि जीवन र नयाँ जीवनलाई सँगुरो मार्गद्वारा छुट्टाउने कार्य हो, त्यही कुराको उत्सव हामीले आज मनाउँछौँ ।

महिलाको चक्र "फोहोर" हुनेभन्दा निकै दुर रहन्छ, किनकि यो भौतिक जीवनका चक्रहरू, परिवर्तनहरू र अवसरहरूले नै हाम्रो महान् आत्मिकतालाई व्यक्त गर्न भन्ने यसले हामीलाई याद दिलाउँछ । अरको शब्दमा, मिक्वेह/बप्तिस्मा भएर गुज्रने आत्मिक पुर्नजन्मचाहिँ जीवनमा पुनः केन्द्रित हुने र ताजा प्रारम्भको सुरुवात हो ।

लूका ३:१५-१६, २१-२२ (बप्तिस्मा दिने यूहन्नाले मार्ग तयार पार्छन्) जब मानिसहरू प्रतीक्षा गरिरहेका थिए, र सबै आफ्ना मनमा यूहन्नाको विषयमा शायद यिनी नै ख्रीष्ट हुन् कि भनी विचार गरिरहेका थिए, तब यूहन्नाले ती सबैलाई जवाफ दिए, "म तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु, तर एक जना मभन्दा शक्तिशाली आउँदैहुनुहुन्छ, जसका जुत्ताको फित्ता खोल्ने लायकको म छैनँ । उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ ।... जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, र पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो । अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु ।"

**सावधानीका शब्दहरूः**

समय बितेसँगै एलीशाले गेहजी नाउँ गरेको नोकर राखे । एलीशाले अरामी नामनलाई कुष्ठरोगबाट निको पार्दा उनले कुनै किसिमको ज्याला लिन इन्कार गरे । तर पनि पैसाको लोभी गेहेजी नामानको पछि दौडेर गई झूटो बोले । एलीशाले आफ्नो मन बदले र उनले त्यो आश्‍चर्यकर्मको निम्ति केही ज्याला लिन्छन् भनी गेहेजीले बताए । नामानले खुसीसाथ दिए! गेहेजी एलीशाकहाँ फर्केर जाँदा उनको छल प्रकट गरियो र एलीशाले नामानको कुष्ठरोग गेहेजी र उनका सन्तानहरूमाथि राखिदिए । यस घटनाले येशूले भन्नुभएको कुरा हामीलाई याद दिलाउँछ, "बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठ-रोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ" (मत्ती १०:८)।

## योनाको चिन्ह

यही "ठहराइएको समय"[275] ("प्रयाश्चितको चाड"[276]) मा अर्को अद्वितीय पुस्तक हेरिन्छ, त्यो हो योनाको पुस्तक, जसलाई लूका ११:२९-३२ र मत्ती १२: ३८-४२ मा "योनाको चिन्ह"को रूपमा उल्लेख गरिन्छ ।

उहाँले भन्नुभयो, "यो पुस्ता दुष्ट पुस्ता हो । यसले चिन्ह खोज्दछ, तर योनाको चिन्हबाहेक यसलाई अरू कुनै चिन्ह दिइनेछैन । किनकि जुन रीतिले योना निनवेका

---

[275] यी समयहरूका मुख्य विषयहरूमध्ये एउटाचाहिँ परमेश्वरले दुष्ट दण्ड दिनुहुन्छ र असललाई ईनाम दिनुहन्छ भनी याद दिलाउने र स्वीकार गर्ने कुरा हो । यस दिनले मानिसहरूलाई पश्चातापको निम्ति चेताउनी दिन्छ भन्ने धारण हो । यस दिन परमेश्वरले ३ वटा पुस्तकहरू खोल्नुहुन्छ भनिन्छः

"तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला— हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस् ।"

तब परमप्रभुले मोशालाई भन्नुभयो, "जसले मेरो विरुद्धमा पाप गरेको छ, त्यसलाई नै म आफ्नो पुस्तकबाट मेटिदिनेछु ।" (प्रस्थान ३२:३२-३३) "पुस्तकहरू खोलिए" (दानिएल ७:१०), हरेक जसको नाउँ पुस्तकमा लेखिएको भेट्टाइनेछ" (दानिएल १२:१)

"तब परमप्रभुको डर मान्नेहरूले आपसमा कुरा गरे, र परमप्रभुले तिनीहरूका कुरा ध्यानसित सुन्नुभयो । परमप्रभुको डर मान्नेहरू र उहाँका नाउँको मान गर्नेहरूका सम्झनाको पत्र मुट्ठामा उहाँकै उपस्थितिमा लेखियो । "जुन दिन म मेरो निजी धन बनाउनेछु, तिनीहरू मेरा हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । "जसरी कुनै मानिसले आफ्नो सेवा गर्ने छोरालाई बाँकी राख्तछ, त्यसरी नै म तिनीहरूलाई बाँकी राख्नेछु । अनि धर्मात्मा र दुष्ट, परमेश्वरको सेवा गर्ने र उहाँको सेवा नगर्नेको भेद तिमीहरूले फेरि देख्नेछौ ।" (मलाकी ३:१६-१८) "र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन ।" (प्रकाश १३:८)

"तिमीले देखेको त्यो पशु एक समय थियो, तर अब छैन, र सर्वनाशमा जान अतल कुण्डबाट त्यो माथि उक्लन लागेको छ । अनि पृथ्वीका बासिन्दाहरू, जसका नाउँ संसारको उत्पत्तिदेखि जीवनको पुस्तकमा लेखिएका छैनन्, तिनीहरू त्यस पशुलाई देखेर अचम्म मान्नेछन्, किनकि त्यो एक समय थियो, तर अब छैन र पछि आउनेछ ।" (प्रकाश १७:८)

१. जीवनको पुस्तक- त्यसमा पाइएकाहरू जीवनको छाप लगाइएकाहरू हुन् ।

२. पश्चातापको पुस्तक- यस पुस्तकमा उनीहरूका कार्यहरू न त असल न खराब भएका मानिसहरू पर्छन् र उनीहरूलाई पश्चाताप गर्न समय योम कीप्पूरसम्म छ । यसलाई छाप लगाउने भनिन्छ । यहूदीहरूले अरको वर्ष असल छाप लागउन कामना गर्दै "अर्को वर्ष यरूशलेममा" भन्छन् ।

३. मृतकको पुस्तक- त्यसमा नाम पाइकाहरू सबै दुष्टहरू हुन्छ र न्यायका निम्ति छाप लगाइएका हुन् ।

यी छाप लागउने कुराहरू मसीह १००० वर्षको शासनपछि सबै मानिसहरूको अन्तिम न्याय नै चरम बिन्दु होः

"मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो ।" (प्रकाश २०:१२)

[276] प्रयाश्चितको दिनमा मात्र करारको सन्दूक देख्न सकिन्छ; यसकारण यसले प्रकाशका पुस्तक पढ्नेहरूलाई घटनाहरू कहिले हुन्छन् भनी चिन्हरूको रूपमा काम गर्छः

मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य" र "सत्य" कहलाइनुहुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ । उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै राजमुकुट थिए । उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन । उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ "परमेश्वरको वचन" थियो । (प्रकाश १९:११-१३)

प्रधान पुजारीले अपरान्ह गर्ने सेवामा योनाको पुस्तक पढिन्छ । यसले परमेश्वरका मानिसहरूलाई परमेश्वरको महान् प्रेमको याद दिलाउँछ र वास्तवमा यसरी सुसमाचार प्रचारिन्छ ।

मानिसहरूका निम्ति चिन्ह भएथे, त्यही रीतिले मानिसको पुत्र पनि यस पुस्ताको निम्ति चिन्ह हुनेछ।" (लूका ११:२९-३०)

"योनाको चिन्ह" योनाकै जीवनभित्र पनि दुई किसिमो हुन्थ्यो, अगमवक्ताको सन्दर्भमा, उनी मसीह आउनुहुने क्षेत्र अर्थात् गालील क्षेत्रकै अगमवक्ता थोए (यशैया ९:१-७; मर्कूस १:९), योनासँग मिल्दो अर्को अतिरिक्त सन्दर्भचाहिँ, येशू पनि योना माछाको पेट ३ दिन ३ रात रहेजस्तै (योना १:१७) उहाँ पनि पूरा ३ दिन ३ रातसम्म चिहानमा हुने समानन्तर अगमवाणी पूरा हुनु थियो (मत्ती १२:४०)। दोस्रो, मसीह र योनाको दोस्रो आगमनपछि मिल्दो अगमवाणीको परिपुर्ति हो, "सारा निनवे"ले एकै दिन विश्वास गरे (योना ३:६-१०), कुनै "सारा इस्राएल"ले विश्वास गर्नेछन् र उद्धार पाउनेछन् (रोमी ११:२५-२७; यशैया ५९:२०) प्रयाश्चितको दिन[277] (यो हरेक सात शैमित्ताह (४९ वर्ष)को चक्रमा मानिसहरू र जमिनहरू पुनर्स्थापना गर्ने वर्षसँग सम्बन्धित छ- लेवी २५:८-५५), यस समय हरेक वर्ष सबै इस्राएलहरूले योनाको पुस्तक पढ्छन्, अगमवाणीको चिन्हको रूपमा साथै पहिलो र दोस्रो आगमनको चिन्ह हुनालाई परमेश्वरले ठहराउनु भएको रूपमा, साथै योनाको नाउँको अर्थ पनि ढुकुर हो र नोआको घटनामा परमेश्वरको पुनर्स्थापित करारको समयलाई पहिचान गर्ने चिन्हको रूपामा ढुकुर ३ पटकसम्म देखा परेको (उत्पत्ति ८:१२)र नोआको दिनचाहिँ अन्तको दिनहरूसँग मिल्दो अगमवाणी भएकोले पनि(मत्ती २४:३७-३९), मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ, येशूको सेवाको प्रारम्भको ठिकअघि मात्र पनि आफ्नो तरिकाले होइन तर परमेश्वरको तरिकाले जीवन चलाउन मिलापको सेवाको काम गर्नलाई अलौकिक सशक्तिकरणको निम्ति येशूको बप्तिस्मा डुकुरको उही चिन्ह देखियो, फेरि पनि "योनाको चिन्ह" जो मानिसहरूको राज्यलाई "परमेश्वरको राज्य"मा पुनर्स्थापना गर्न र उद्धार गर्न आउने एक जना अगमवक्ता हो, फेरि एक पटक उहाँको हजार वर्षको राज्यद्वारा सारा सृष्टिमाथि राजाको रूपमा शासन गर्न आउनुहुनेछ (प्रकाश २०:१-६) जसलाई "प्रभुको दिन"को रूपमा पनि चिनिन्छ *(तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैँ र हजार वर्ष एक दिनझैँ हुन्छ। आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने*

[277] प्रयाश्चितको दिन (हिब्रूमा योम हाकीप्पूर) परमेश्वरको पवित्र पात्रोमा सातौँ महिना (एथानिम वा तिस्री)को दशौँ दिन पर्छ र यसलाई वर्षको सबैभन्दा पवित्र दिन मानिन्छ। यो दिन परमेश्वरले हामीलाई व्यक्तिगत रूपमा र सामूहिक रूपमा हाम्रा सबै पापहरूबाट शुद्ध पारेर हाम्रा दोषहरू हटाउने दिन हो। दशौँ दिन चुन्नुको पनि महत्त्व छ। दशौँ महिनामा अरू के-के हुन्थे भनी हामी आफैले प्रश्न गर्न सक्छौँ? पहिलो महिनाको दशौँ दिनमा निस्तारको निम्ति थुमा छानिन्थ्यो। पापको न्याय यही थुमामाति राख्नुपर्थ्यो। घरमा भएको प्रथम सन्तानको सट्टामा यही थुमाको ज्यान लिनुपर्थ्यो। यस घरमा भएका प्रथम सन्तानलाई स्वर्गदूतले प्रहार नगरोस् भनी ढोकाको चौकोसहरूमा यही थुमाको रगत लगाउनुपर्थ्यो। वस्तुतः थुमाको मृत्यु र रगत आज्ञा पालन गर्नेहरूललाई सुरक्षा प्रदान गऱ्यो।

पहिलो र सातौँ महिना दुवैको दशौँ दिनचाहिँ कास गरी न्यायको दिन हो। पहिलो महिनाको यही दिन थुमा चुनिन्थ्यो र केही समयपछि यसैलाई पापको न्यायको रूपमा मारिन्थ्यो। त्यसै गरी, सातौँ दिनको दशौँ दिमा पनि बलि चढाउनलाई बाख्रा चुनिन्थ्यो। अर्को अर्थात् इस्राएलको जीवनको सट्टामा यसको जीवन लिइन्थ्यो। पापको न्याय यो बाख्रामाथि राखिन्थ्यो। www.bibletruth.cc/DayofAtonement.htm#The_Commandment_to_Observe_Yom_Kippurim

*कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ ।* २ पत्रुस ३:८-९)

## नोआ र लोतका दिनहरू कस्ता थिए

नोआको समयमा कस्तो थियो भनी बाइबलले बताउँछ । *जब मानिसहरूको संख्या पृथ्वीमा बढ्दैगयो र तिनीहरूका छोरीहरू जन्मे, तब परमेश्वरका छोराहरूले मानिसका छोरीहरूलाई सुन्दरी देखे, र आ-आफ्ना रुचिका पत्नीहरू ल्याए । तब परमप्रभुले भन्नुभयो, "मेरो आत्माले मानिससँग सधैँ संघर्ष गर्नेछैन, किनभने त्यो मरणशील हो । त्यसको उमेर एक सय बीस वर्षको हुनेछ ।" त्यस बेला र त्यसपछि पनि पृथ्वीमा नेफिलीमहरू[278] थिए । परमेश्वरका छोराहरू मानिसका छोरीहरूकहाँ जान लागे र सन्तान जन्माए । तिनीहरू नै उहिलेका शूरवीर[279] र नाउँ चलेका मानिसहरू[280] थिए । परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो । जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए ।* (उत्पत्ति ६:१-४ र ११-१२)

हनोकको पुस्तक[281]ले यो बाइबलीय विवरणलाई टेवा दिन्छ र अध्याय ६-११ मा केही अतिरिक्त कुराहरू थप्दछ । हनोकको पुस्तकअनुसार यारेद(ई.पू. ३५१५-२५५३)को समयमा सेम्जेदाको नेतृत्वमा २०० स्वर्गदूतहरू आए । ती स्वर्गदूतहरूमध्ये ऐजाजेल नाम गरेका एक जनाले मानिसहरूलाई तरवार, छुरी, ढाल र छातीपाता बनाउन सिकाए । उसले मानिसहरूलाई धातु चिनाइ दियो र तिनीहरूको प्रयोगबरे सिकायो, चुरा, गहनाहरू साथै सौन्दर्यका साधनहरू र बहुमूल्य पत्थरहरूको प्रयोग बारे सिकाए । (यसैबाट ठुलो अनाज्ञाकारीताको उदय भयोः उनीहरू बहकिएर गए, उनीहरूले अनैतिक कार्यहरू गरे, उनीहरू हर किसिमले भ्रष्ट भए ।) सबै पापहरूका दोष उसैलाई लगाइन्छ । सेम्जादाले जादू सिकाए (सराप र जरा काट्ने) । अर्मोसा जादूको समाधान गर्न (सरापबाट छुटकारा

[278] नेफिलीमको निम्ति हिब्रू शब्द नेफाल हो जसको अर्थ "जीवित गर्भपात, स्वर्गबाट पृथ्वीमा झर्नु वा नष्ट हुनु" हुन्छ । नेफिलीमहरू स्वर्गदूतहरू र मानिसहरूका सन्तानहरू हुन् ।

[279] *शूरवीर*- ग्रीकको "हागिब्बोरिम"लाई "राक्षसहरू" भनी अनुवाद गरिएको छ... जुन खास गरी "गिगास" शब्दबाट आउँ जसको अर्थ "पृथ्वीमा जन्मिएको" हुन्छ ।

[280] नाउँ चलेका- ग्रीक पौराणिक कथाअनुसार ती सन्तानहरूलाई टाइटानहरूको रूपमा चिनिन्छ ।

[281] हनोकको पुस्तकलाई बारनाबासको पत्र (१६:४) मा धर्मशास्त्रको रूपमा मानिएको छ र एथेनागोरस, अलेजेन्ड्रियाका क्लेमेन्ट, आइरेनियस, र टर्टुलियन लगायतजा केही प्रारम्भिक मण्डलीका पितामहहरूले धर्मशास्त्र मानेका थिए । यहूदीहरूले हनोकको पुस्तकलाई इन्कार गरे किनभने यसमा ख्रीष्टबारेको अगमवाणी थियो । बाइबलले हनोकको पुस्तकलाई दुई पटक उल्लेख गर्छः १ पत्रुस ३:१९-२० र यहूदा १:१४-१५ ।

दिने) सिकाए। बेराकुजलले ज्योतिषशास्त्र सिकाए (ताराका चिन्हहरू)। कोकाबेलले तारा पूञ्जहरू (ताराका संरचनाहरू) सिकाए । अराक्विइलले पृथ्वीका चिन्हरू (भु-चिन्हरू) सिकाए । शेमसिलले सूर्यका चिन्हहरू सिकाए र सेरिएलले चन्द्रमाको मार्गहरूबारे सिकाए ।

चार प्रधान स्वर्गदूतहरू माइकल, उरिएल, रफाएल र गाब्रिएललाई यी दुष्टहरूलाई ७० पुस्तासम्म बाँध्नलाई आदेश दिइयो । यो कुरालाई यहूदा ६ ले समर्थन गर्छ । *आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ ।* जुबिलिको पुस्तकअनुसार यी स्वर्गदूतहरूलाई ई.पू. २३१८ को जलप्रलयसम्म सायद ई.पू. २००० सम्म नै यी स्वर्गदूतहरूलाई बाँधिएको थिएन ।

याशारको पुस्तक[282]ले पनि हामीलाइ नोआको दिनहरूबारे केही अतिरिक्त जानकारीहरू दिन्छ । एनसको समयमा मानिसहरूका छोराहरूले मानिसहरूका छोराहरूको विरुद्ध परमेश्वरको क्रोध बढाउन परमेश्वरको विरुद्ध विद्रोह गरे र अपराध गरे । अनि मानिसहरूका छोराहरू गए र अरू देवताहरू पुजे , उनीहरूले उनीहरूलाई पृथ्वीमा सृष्टि गर्नुहुने परमप्रभुलाई बिर्सेः अनि मानिसहरूका छोराहरूले तीन दिनहरूमा काँसा र फलाम, काठ र ढुङ्गाका मूर्तीहरू बनाए र उनीहरूले त्यसको सामु घोप्टो परे र उनीहरूको सेवा गरे । हरेक मानिसले आ-आफ्नै देवताहरू बनाए र उनीहरूले तिनीहरूको सेवा गरे र मानिसहरूका छोराहरू एनस र उसका सन्तानहरूको समयभरि नै परमप्रभुलाई बिर्से; अनि उनीहरूले पृथ्वीमा गरेका घृणित कुरा र उनीहरूका कार्यहरूले गर्दा परमप्रभुको क्रोध दन्क्यो । (याशार २:३-५)

अनि मानिसका छोराहरू पृथ्वीमा वृद्ध भएसँगै उनीहरू सबैले परमप्रभुका मार्गहरू छोडे र उनीहरूले आपसी उनीहरूला दुष्टकर्महरू सिकाए र उनीहरूले परमप्रभुको विरुद्ध पाप गरिरहे । अनि हरेक मानिसले आ-आफ्नै देवताहरू बनाए र उनीहरू हरेक आ-आफ्ना छिमेकी र नातेदारहरूलाई लुटे, उनीहरू भ्रष्ट भए अनि पृथ्वी हिंसाले भरियो । अनि उनीहरूका न्याकर्ताहरू र शासकहरू मानिसहरूका छोरीहरूकहाँ गए र उनीहरूका छनौटअनुसार उनीहरूका पत्नीहरूलाई उनीहरूका पतिहरूबाट बलजफ्ति छुटाए, ती दिनहरूमा मानिसहरूका छोराहरूले परमप्रभुको क्रोध चर्काउन पृथ्वीका पशुहरूबाट, मैदानका जङ्गली जनावहूबाट र आकाशमा उड्ने पक्षीहरूबाट लिन्थे, अनि जनावरहरूका जातिहरूलाई मिसाइदिन्थे; परमेश्वरले सारा पृथ्वीलाई हेर्नुभयो, किनभने पृथ्वीका सबै मानिसहरू र जनावरहरू भ्रष्ट भएका थिए । (याशार ४:१६-१८)

## लोतको दिन

[282] याशारको पुस्तक यहोशू १०:१३ र २ शमूएल १:१८मा उल्लेख गरिएको छ ।

बाइबलले सदोमको बारे बताउँछ । *सदोमका मानिसहरू दुष्ट थिए, र परमप्रभुको विरुद्धमा साह्रै पाप गर्थे ।* (उत्पत्ति १३:◻◻) उत्पत्ति १९ अध्यायअनुसार लोतकहाँ पठाइएका दुई स्वर्गदूतहरूसँग पनि सोदमका मानिसहरूले यौन सम्बन्ध राख्न चाहे । लोत स्वर्गदूतहरूको प्रतिरक्षा गरे र उनीहरूका सट्टामा उनका दुई जना कन्या छोरीहरूलाई दिने प्रस्ताव राखे । जब सोदमका मानिसहरूले उनको प्रस्तावलाई इन्कार गरे र उनलाई धम्की दिए... दुई स्वर्गदूतहरूले उनीहरूलाई अन्धा तुल्याइदिए ।

याशारको पुस्तकले सदोम र गमोराको बारे यसको टिप्णीहू सुरुवात गर्छ । ती दिनहरूमा सोदम र गमोरा र पाँचै सहरका मानिसहरू अत्यन्त्र दुष्ट भए र परमप्रभुको विरुद्ध पापपूर्ण काम गरे र उनीहरूका घृणीत कारयहरूले परमप्रभुको क्रोध चर्काए र उनीहरू घृणास्पद कर्महरूलाई झनै मजबुत बनाए र परमप्भुको सामु उनीहरूका दुष्ट कार्यहरू अत्यन्त ठुलो थियो । उनीहरूको भूमिमा झन्डै वारपार गर्नलाई एक दिन लाग्ने एउटा ठुलो बेवसी थियो र त्यहाँ पानीका मूलहरू थिए,र त्यो पानीको वरिपरि वनस्पतिहरू थिए । सदोम र गमोराका सबै मानिसहरू आफ्ना पत्नीहरू र छोराछोरीहरूसहित त्यहाँ वर्षमा चार पटकसम्म जान्थे र त्यहाँ झ्याली बजाउँदै नाँच्दै रमाइलो गर्थे । उनीहरू रमाउने क्रममा आफ्नो स्थानबाट उठ्थे र आफ्नो छिमेकीको पत्नी र कन्या छोरीहरूलाई समातेर उनीहरूसँग रमाइलो गर्थे, हरेकले आफ्नो पत्नी र छोरीहरू अर्कोको अँगालो देख्थे तर पनि उनीहरू एक शब्द पनि बोल्दैनथे । उनीहरू यस्तो बिहानदेखि रातिसम्म नै गर्थे र उनीहरू त्यसपछि हरेक पुरुष आफ्नो घरतिर र महिला आफ्नो पालतिर फर्केन्थे; त्यसैले उनीहरूले सदैव यो वर्षमा चार पटकसम्म गर्थे । (याशार १८:◻◻-◻◻*)*

याशारको पुस्तकले अध्याय १८ र १९का मानिसहरूका दुष्टताबारे अझ धेरै कुराहरू प्रकट गर्छ । यी विवरणहरू विदेशीहरू र यात्रुहरू विरुद्धका विभिन्न किसिमका अत्यारहरूले भरिएका छन्; हिंसा, लुट, भोकमारी, यातना, दुष्ट न्यायकर्ताहरू, बलत्कार, हत्या, र उनीहरूलाई सहायता गर्न प्रयास गर्ने सबैलाई मृत्यु दिइन्थ्यो । लोतकी छोरी पाल्तिफलाई पनि कसैलाई सहायता गर्न खोज्दा जिउँदै जलाइएको थियो ।

## मण्डलीको बारे अन्तिम दिनका समयको ऐतिहासिक दृष्टिकोण

अलेक्जेन्डर रिजिको १९३७ तिर लेखिएको “The Approaching Advent of Christ” नामक पुस्तकबाट केही अंश लिएर अन्तिम दिनको ऐतिहासिक उत्तर-महासंकष्ट र पूर्वसहश्राब्दी दृष्टिकोणको सार खिँच्नु उत्तम हुन सक्छ ।

“लगभग १९औँ शताब्दीको मध्यतिरसम्म प्रभुको आगमनको पूर्व-सहश्राब्दीका वकालतकर्ताहरू माझ अगमवाणीय भविष्यका मुख्य रूपरेखाहरूबारे आम सहमित थियोः भविष्यसूचक कुराहरू र धर्मशास्त्रका अन्य केही व्याख्याका केही भिन्नताहरू थिए, तैपनि तल दिइएका तरिकाहरू विचारधारको उपयुक्त प्रतिनिधित्वको रूपमा रह्योः

(१) ख्रीष्टको आगमन नजिकिँदा यस संसारले देख्न सक्छ, व्यक्तिगत र महिमित हुन्छ ।

(२) यो आगमन एक मात्र संकष्ट भए तापनि यो मण्डली, इस्राएल र संसारको इतिहासमा यससँगै र यसपछि विविध घटनाहरू हुनेछन् । आगमनसम्म पनि जिवितै रहने

विश्वासीहरूलाई पहिलो पुनरुत्थानमा जीवित पारिका र परिवर्तन गरिएका सन्तहरूसँगै रूपान्तरण गरेर प्रभुलाई भेट्‌न लगुनेछ । यस लगत्तै, ख्रीष्ट विरोधी र त्यसका मित्रहरूलाई मारिन्छ र उनीहरूले घोचेका व्यक्तिलाई हेरेर इस्राएल अर्थात् करारका मानिसहरूले उद्धार पाउनेछन् ।

(३) भविष्यसूचकले हामीलाइ जानकारी दिएअनुरूप अगवाणीको मसीही राज्य हजार वर्षसम्म रहन्छ, शक्ति र रूपान्तरित संसारको ठुलो महिमामा स्थापित गरिन्छ । जातिहरू परमेश्वरतिर फर्कनेछन्, अत्यचार रोकिनेछ, धार्मिकता र शान्तिले पृथ्वी ढाक्नेछ ।

(४) ख्रीष्ट र सन्तहरूको राजकीय शासनको अन्तमा बाँकी मरेकाहरू जीवित बनाइनेछन्, अन्तिम न्याय गरिन्छ र नयाँ र अनन्त संसार सृष्टि गरिन्छ ।

(५) हाम्रो प्रभुको आगमन र उहाँ देखापर्ने, प्रकाश, र दिन बीच कुनै किसिमको भिन्नता थिएन, किनभने यी सबै पर्यायवाची शब्दावलीहरू थिए वा कम्तीमा मसीही राज्यको प्रारम्भमा महिमामा हुने एउटा आगमनलाई नै सदैव जनाउँछ ।

(६) अहिलेको कालखण्ड जति लामो समयसमम्म रहे तापनि, ख्रीष्टको आगमन हरेक पुस्ताको मण्डलीको उपयुक्त आशा हो । तथापि यसलाई केही चिन्हहरूद्वारा पहिले नै पुरा हुने वा परमेश्वरको राज्यको इतिहासका घटनाहरूद्वारा तय गरिन्छः पहिले सबै जातिहरूलाई सुसमाचार प्रचार गर्नुपर्छ, धर्मत्याग र पापको मानिस प्रकट गरिन्छ, र महासंकष्ट हुन्छ । त्यसपछि प्रभुको आगमन हुन्छ ।

(७) वर्तमना युगको अन्तमा हुने ख्रीष्टको आगमनसम्म पनि ख्रीष्टको मण्डलीलाई हटाइनेछैनः विश्वासीहरूलाई उठाइ लगिने र देखापर्ने उही संकष्टमा हुन्छ; यसैले त्यस पुस्ताका ख्रीष्टियनहरू ख्रीष्टविरोधीको अन्तिम कष्टको मारमा पर्नेछन् ।

पूर्व-सहश्राब्दीका मूलभुत कुराहरू यस्ता छन् जसलाई प्रेरितीय युगको अन्तदेखि प्राप्त गरिएको छ । केही रायहरूमा भिन्नता भने छन्, तर मुख्य रूपरेखाहरू मैले दिएजस्तै छन् ।”


## काँटिले हातहरू छेडिएका मानिसलाई हेर
## परमेश्वरको महान् नाउँ

उत्पत्ति १:१ मा हाम्रो बाइबल “आदिमा परमेश्वर” भन्ने कथनबाट सुरवात हुन्छ । उत्पत्तिको पुस्तकको निम्ति हिब्रू शब्द बेरेशिट हो जसको अर्थ “सुरुमा” हुन्छ । सुरुको वाक्यांशमा परमेश्वरको निम्ति प्रयोग गरिएको शब्द एलोहिम हो जुन बहुवचन स्वरूपले परमेश्वर हिस्साहू वा पक्षहरूमा रहनुहुन्छ भन्ने दर्शाउँछ । हामीले परमेश्वरका ३ वटा हिस्साहरू वा पक्षहरू जानेका छौँ ती हुन् पिता, पुत्र र पवित्र आत्मा । हरेक मानिस पनि परमेश्वरको स्वरूपमा सृष्टि गरिएको हुनाले हरेक व्यक्तिसँग आत्मा, प्राण र शरीर गरी ३ भागहरू हुन्छन् ।

परमेश्वरको पनि वास्तविक नाउँ छ र यसलाई पहिलो पटक उत्पत्ति २:४ मा प्रकट गरिन्छ र यसलाई पुरानो करारमा ७ हजार पटकभन्दा बढी प्रयोग गरिएको छ ।
तथापि, हाम्रो बाइबलले नाउँ प्रयोग गर्दैन तर यसको निम्ति नाउँ प्रयोग हुँदा "परमप्रभु परमेश्वर" जस्ता कुनै विशेष पदावलीहरू चलाउँछ । हिब्रू मानिसहरूलाई ई.पू. ६०० मा बेबिलोनमा कैदीको रूपमा लगिँदा यस्तो भयो । उनीहरूका अगुवाहरूले परमेश्वरको नाउँलाई जानीजानी लै लुकाएका थिए ताकि जातिहरू माझ यसलाई अशुद्ध नतुल्याऔँ ।

अहिले हिब्रू मानिसहरूले परमेश्वरको नाउँलाई "हा शेम" भन्छन् जसको अर्थ हुन्छ "नाउँ"। उनीहरूले उहाँको नाउँ लिँदैनन्, तर उनीहरूलाई एडोनाइ भन्न सिकाइन्छ जसको अर्थ "प्रभु" हुन्छ । उनीहरूले परमेश्वरको नाउँ लेख्दैनन्, तर उनीहरूले त्यसको सट्टामा स्वरवर्ण नभएका चार वटा हिब्रू अक्षरहरू (**YHVH**) प्रतिस्थापन गर्छन् । परमेश्वरको नाउँ "याहुवाह" हि जसको आधारभूत अर्थ "म हुँ जो म हुँ" हुन्छ ।

त्यो स्वरवर्णविनाको चार वटा हिब्रू अक्षरहरू प्रयोग गरेर केही विशेष कुरालाई हेरौँ ।
**YHVH**:




हामी यहाँ देख्छौँ, परमेश्वरको नाउँलाई जातिहरूमा माझ अपवित्र तुल्याइन्छ भनेर २५०० वर्षअघि[283] लुकाइएको थियो, परिणास्वरूप परमेश्वरको साँचो नाउँको अर्थ नै लुकाइयो,

[283] २५०० वर्षअघि लुकाइएको परमेश्वरको नाउँ । "पुरातत्वविदहरूले परमेश्वरको नाउँ लगायत इस्राएलको सबैभन्दा पुरानो हिब्रू पाठ्यांश भेट्टाएको विश्वास गर्छन् । प्राचीन इस्राएलको प्रारम्भिक पाठ्यांश पत्ता लगाइएको हुन सक्छ... जसलाई २०१९ मा एबल पर्वतको उत्खनन् गर्दा निस्केको थियो ... जुनचाहिँ बाइबलीय शेकेम नजिकै पर्छ (व्यवस्था ११:२९; यहोशू ८:३१)... लगभग २×२ सेन्टिमिटरको पट्टाएर राखिएको पाता फेला पऱ्यो जसमा स्वरवर्णविनाको परमेश्वरको नाउँको

माथि पढेजस्तै, "हातहरू उचालिएका मानिसलाई हेर, हात उचालिएको मानिसको हात काँटिले छैडेको हेर जसलाई कसैले कुनै दिन यसरी पहिचान गर्छ "काँटीले छेडिएका हातहरू उठाइएका" (जकरिया १२:१०-११), उहाँ हाम्रो मसीह, हाम्रो प्रभु, हाम्रो मुक्तिदाता, हाम्रो उद्धारक, हाम्रो आशा हुनुहुन्छ । "याद" अक्षरको आधुनिक उदाहरण, यसको शाब्दिक अर्थ "हात" नै होः



तोराह पढ्दा देखाउने वस्तुलाई नै "याद" (शब्दिक रूपमा "हात") भनिन्छ ।

**येशू चेलाहरूकहाँ देखा पर्नुहुन्छ**

त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो । प्रभुलाई देखेर चेलाहरू अति खुसी भए । तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु ।" अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो[284], "पवित्र आत्मा लेओ । जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन ।

---

परिवर्णीय (हरेक अक्षरबाट अर्थपूर्ण वाक्यांश वा शब्द) बनाइएको भेटियो जसलाई माथि उल्लेख गरिएको छ साथै हिब्रू शब्द "अरर" पनि भेटियो जसको अर्थ सराप हुन्छ यो काँस्य युगको उत्तरार्धतिरको (ई.पू. १२००) भएको विश्वास गरिन्छ । – (https://www.allisrael.com/archaeologistsbelieve-they-found-the-oldest-hebrew-text-in-israel-including-the-name-of-god)

[284] सास फुक्नुभयो- परमेश्वरको नाउँ नै "यहोवे" हो, प्रस्थान ६३ अनुसार परमेश्वरको व्यक्तिवाचक नाउँ "*अब्राहाम, इसहाक र याकूबकहाँ म सर्वशक्तिमान् परमेश्वरको रूपमा देखा परें, तर "परमप्रभु" भन्ने मेरो नाउँले त तिनीहरूकहाँ प्रकट भइनँ ।*" जसलाई कसैले सास फुकेको आवाजमा मा उच्चारण गरिन्छ, हामीले नाम परिवर्तनमा पनि तादात्म्यता देख्छौँ र अब्राम ("उच्च पारिएको पिता") र साराइ (मेरी राजकुमारी"), जब परमेश्वरले उनीहरूको आफ्नै नाउँ दिनुभयो उहाँले उनीहरूको नाउँ अब्राहाम (धेरै जतिरहरूका पिता) र सारा (जातिहरूकी आमा) भनी परिवर्तन गर्नुभयो, परमेश्वर स्वयम्को सास "याह" उत्पत्ति २:७ *तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको*

**येशू थोमाकहाँ देखा पर्नुभएको**

येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन् । यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं ।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औँला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ ।"

आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए । थोमा पनि तिनीहरूसँग थिए । ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति!" तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर । तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल । शङ्का नगर, तर विश्वासी होऊ ।"

थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्‍वर!" येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्‍वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्‍वास गर्छन् ।" (यूहन्ना २०:२४-२९)

**जाऊ वा बनाऊ?**

महान् आज्ञा सेरोफेरोको बहस

\- जोन ज्याकम्यान

१. मत्ती २८:१९-२० जाऊ वा बनाऊ?

क. मैले यसलाई मुद्दा बनाइरहेको छैन, तर बरु यसका विविध व्याख्याको सम्भावना छ ।

अ. तपाईंले निर्णय गर्नुपर्छ ।

आ. निश्चय नै मैले कसैको ईश्‍वरशास्त्रलाई खोतल्न चाहन्न, तर यस खण्डलाइ गहिराइमा गएर हेरौँ ।

ख. **19** ***πορευθέντες οὖν μαθητεύσατε πάντα τὰ ἔθνη, βαπτίζοντες αὐτοὺς εἰς τὸὄνομα τοῦ πατρὸς καὶ τοῦ υἱοῦ καὶ τοῦἁγίου πνεύματος,*** **20** ***διδάσκοντες αὐτοὺς τηρεῖν πάνταὅσαἐνετειλάμην***

*नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ।"* येशूले आफ्ना चेलाहरूमाथि पनि उसै गरी सास फुकेर उनीहरूलाई मछुवा वा अनुययीदेखि मानिसहरूको मछुवा देखि पनि प्रेरितहरू (पठाइएको व्यक्ति)मा परिवर्तन गर्नुभयो । सास हुने हरेक प्राणीले परमप्रभुको प्रशंसा गरोस्! हल्लेलूयाह! (भजनसंग्रह १५०:६)

***ὑμῖν· καὶ ἰδοὺ ἐγὼ μεθ’ ὑμῶν εἰμι πάσας τὰς ἡμέρας ἕως τῆς συντελείας τοῦ αἰῶνος.***

अ. यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु ।”

(क) यो कथनमा क्रियाहरू कुन-कुन हुन्?

(1) (कक्षामा भएकाहरूलाई नै छान्न दिनुहोस्)

(2) अंग्रेजी भाषीहरूले यसमा ४ वटा क्रियाहरू छन् भन्छन् (*नेपालीमा पनि  वटा क्रियाहरू नै प्रयोग गरिएका छन् ।*)।

(अ) जानु
(आ) बनाउनु
(इ) बप्तिस्मा दिनु
(ई) सिकाउनु

(ख) व्याकरणः

१. जानुः *πορευθέντες* - AAP-NPM
२. चेला बनाउनुः *μαθητεύσατε* - AAM2P
३. बप्तिस्मा दिनुः *βαπτίζοντες* - PAP-NPM
४. सिकाउनुः *διδάσκοντες* - PAP-NPM

ग. गलत धारणा

a. त्यसमा ४ वटा क्रियाहरू छैनन् (किनकि अंग्रेजीले क्रियाको रूपलाई राम्ररी अनुवदा गर्दैन), तर एउटा मुख्य क्रिया र क्रियाका ३ वटा चौथो रूप सहायकको रूपमा छन् ।

i. "जानु" (क्रियाको चौथो रूप) लाई "जानु" भनी अनुवाद गर्नुहुँदैन तर यसलाई "तिमीहरू जाँदै गर्दा" वा "जाँदाखेरि" भनी अनुवाद गर्नुपर्छ ।

1. "जानु"चाहिँ एउटा अपूर्ण भूत, कर्तृवाच्य र क्रियाको चौथो रूप हो र "बप्तिस्मा दिएर" र "सिकाएर" दुवै नै "वर्तमान, कर्तृवाच्य र क्रियाको चौतो रूप हुन्, यी सबैले मुख्य क्रियालाई सहायता गर्छन् ।

b. "चेला बनाओ" वा "चेला बनाउनु"चाहिँ  यस कथनको (एक मात्र) क्रिया हो र यो चाहिँ वास्तविक आज्ञार्थक वा आज्ञा दिने कथनको रूपमा छ ।

i. ग्रीक भाषामा आज्ञार्थक कालले सुझाव दिँदैन तर आज्ञा मात्र गर्छ ।

1. त्यहाँ जोड दिइएको आज्ञाचाहिँ चेला बनाउनलाई सिकाउनु, आज्ञा दिनु हो ।

c. यसको अतिरिक्त, "जानु"चाहिँ अपूर्ण भूत कालमा छ जुनचाहिँ "तोकिएको समय" हो र सामान्यतयाः "भूत काल" हो ।

i. जसलाई यहाँ व्याकरणले "जान"को महत्त्वलाई निश्चय नै कम गराएको छ ।

ii. यो खण्ड अरू नै केही कुराको बारे हो भन्ने स्पष्ट छ ।

४. "बप्तिस्मा दिने" र "सिकाउने" वर्तमान कालमा छन् ।

a) "बप्तिस्मा दिनु" र "सिकाउनु" दुवैसित अविच्छिन्न कार्यको पक्ष छ ।

b) जसले "तपाईंले कसैलाई कसरी निरन्तर बप्तिस्मा दिनुहुन्छ? भनी आग्रह गर्छ ।

(1) "बप्तिस्मा दिनु"को अर्थ डुबाउनु हो ।

(a) यसको अर्थ "पानीमा नै डुबाउनु" भन्ने होइन । तपाईंले अरू नै केही कुरामा डुबाउन सक्नुहुन्छ ।

घ. जसले हामीलाई अर्को सम्भावित गलत धारणातिर लैजान्छ

a. के येशूले यहाँ पानीको बप्तिस्माको बारे कुरा गरिरहनुभएको छ?

i. यहाँ बप्तिस्मा भन्ने बित्तिकै "पानीको बप्तिस्मा"तिर नै हाम्रो मन गइहाल्छ ।

ii. हामीले प्रायः पिता, पुत्र र पवित्र आत्माको नाउँ मानिसहरूलाई बप्तिस्मा दिन्छौँ ।

1. यदि हामीले बप्तिस्मालाई दर्शाउने अरू धर्मशास्त्रका खण्डहरूलाई हर्‍यौँ भने, प्रेरितहरूले कतै पनि पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिएको देख्दैनौँ।
    a. उनीहरूलले येशूको नाउँ वा प्रभुको नाउँमा बप्तिस्मा दिए
    b. पत्रुसले प्रेरित २:३८ मा किन येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लिने निर्देन दिए त?
        i. यदि यो गलत थियो भने उनीहरूसित भएका अरू प्रेरितहरूले उनलाई हप्काएनन् त (प्रेरित २:१४)?
            1. ममैले भनेका सबै थोक तिमीहरूलाई पवित्र आत्मा आउनुभएपछि उहाँले बताउनुहुनेछ भनी येशूले प्रतिज्ञा गर्नुभयो? (यूहन्ना १४:२६)

(a) यदि पानीको बप्तिस्माको निम्ति "पिता, पुत्र र पवित्र आत्माको नाउँ" नै मात्र सही सुत्र थियो भने यस घडी पवित्र आत्माले उनीहरूलाई यो कुरा किन याद दिलाउनुभएन र पत्रुसलाई सच्याएनन् त?

    c. फिलिपले सामरीहरूलाई किन "प्रभु येशूको नाउँ"मा बप्तिस्मा दिए (प्रेरित ८:१६)?
    d. पत्रुसले कर्नेलियस र उनको घरानालाई "प्रभुको नाउँमा" बप्तिस्मा दिनलाई किन आज्ञा दिए त? (प्रेरित १०:४८)
        i. र यदि यो गलत थियो भने योप्पाबाट आएका अन्य ६ जना यहूदी भाइहरूले किन यसको विरोध गरेनन् (प्रेरित १०:२३, ४५; ११:१२) ii) पत्रुसलाई लिन पठाउँदा स्वर्गदूतले "तिमीले के गर्नुपर्छ सो उनले तिमीलाई बताउनेछन्" भने (प्रेरित १०:६)
            1. पत्रुसले "प्रभुको नाउँमा" बप्तिस्मा दिएका हुनाले के

स्वर्गदूतले पत्रुसलाई गलत निर्देशन दिए भन्ने त?

e. पावलले एफिसीहरूलाई किन "प्रभु येशूको नाउँमा" फेरि बप्तिस्ममा दिए (प्रेरित १९:५)?

2. के प्रेरितहरू जानाजान अनाज्ञाकारी भइरहेका थिए?

a. वा उनीहरूले आजका आधुनिक मण्डलीले भन्दा बढी बुझेका थिए?

b. येशूले यसो भनिरहनुहुँदा पानीको बप्तिस्मालाई दर्शाइरहनुभएको थिएन भन्ने के उनीहरूलाई थाहा थियो?

b. सन्दर्भलाई विचार गर्नुहोस्

i. यो खण्डको पानीको बप्तिस्मासित कुनै सरोकार नहुन सक्छ, तर येशूसँग भएको अधिकारले (मत्ती २८:१८) र जुन अधिकार उहाँले चेलाहरूलाई दिनुभयो (मत्ती १०:१; लूका ९:१; १०:१९)।

1. उहाँले अहिले चेलापनद्वारा अरूहरूलाई परमेश्वरको पूर्णता प्राप्त गर्ने स्थानमा ल्याउनेबारे उनीहरूलाई सिकाइरहनुभएको थियो ।

a. यस खण्डको सन्दर्भलाई विचार नगरेर यसलाई पानीको बप्तिस्माको विधिको दर्शाउन प्रयोग गर्नेहरूले यसको साँचो अर्थलाई गुमाएका छन् ।

b) यसलाई यहाँ प्रयोग गरिएको नामयोगीले टेवा दिन्छ

(1) ε ι ς vs ε ν

(a) ε ν (मा): यसले यहाँ र प्रेरित २:३८ र १०:४८ मा पानीले क्रियाको कार्यलाई लिन्छ र नाउँले चाहिँ क्रियाको कार्यलाई लिँदैन किनभने यो अप्रत्यक्ष कर्म हो ।

(b) ε ι ς (भित्र, बाहिरबाट भित्र): तर मत्ती २८, प्रेरित १९:५ र ८:१६ मा नाउँले क्रिया शब्दको कर्मलाई लिन्छ किनकि यहाँ यो प्रत्यक्ष कर्म हो ।

ङ. यहाँ खास गरी ख्याल गर्नुपर्ने कुरोचाहिँ वाक्यको मुख्य क्रियाचाहिँ "जानु" होइन तर "बनाउनु" हो । यस धारणालाई टेवा दिने क्रियाका चौथो रूप दुई वटा छन्, ती हुन् "बप्तिस्मा दिएर वा दिँदै" र "सिकाएर वा सिकाउँदै" ।

1. तर पानीको बप्तिस्माचाहिँ लगतार भइरहने (वर्तमान काल) होइन बरु सापेक्षित रूपमा तुरुन्तै (अपूर्ण भूत) हुने कुरो हो, त्यसो भए येशूले यहाँ के भनिरहनुभएको छ त?
   a) मुख्य कक्रियासँगै अविच्छिन्न वर्तमान कालले सामान्तयाः सिकाउने, बप्तिस्मा दिने र चेला बनाउने कामचाहिँ सँगसँगै चलिरहने कुराहरू हुन् बनी जनाउँछ ।
   b) "बप्तिस्मा दिने" र "सिकाउने" कार्यचाहिँ "चेला बनाउने" जत्तिकै सँगसँगै जान्छ भन्ने यसले जनाउँछ । यहाँ "बप्तिस्मा दिने" शब्दले (मत्ती २८:१९) सापेक्षित रूपमा तुरुन्तै पुरा भइहाल्ने पानीको बप्तिस्मालाई मात्र होइन तर यसले आत्मिक रूपमा बप्तिस्मा हुने धेरै लामो समयसम्म रहने प्रकृयालाई जनाउँछ बन्ने कुरा यसले स्पष्ट पार्नुपर्छः
      (1) वचन र कारय (रोमी १५:१८) । यसलाई परमेश्वरो वचनमा भए जस्तै गरिन्छ ।
      (2) हाम्रो हृदयमा लेखिन्छ (२ कोरिन्थी ३:३) र
      (3) हामीले सबै थोक पलन गर्न सिक्छौँ (मत्ती २८:२०) जुन येशूले हामीलाई आज्ञा गर्नुभएको छ ।
      (4) विचारलाई आज्ञा पालनमा ल्याउनु (२ कोरिन्थी १०:५)

2. यसकारण, विश्वासीहरूलाई "पिता, पुत्र र पवित्र आत्माको नाउँ"मा बप्तिस्मा दिइन्छ तर तर कुनै कार्य गर्नलाई प्रयोग गर्ने होइन ।
   a) उनीहरूलाई पानीमा होइन परमेश्वरको व्यक्तित्वमा बप्तिस्मा दिइन्छ (यहाँ ग्रीकमा प्रयोग गिरएको नामयोगीले पनि त्यही देखाउँछ)।
      (1) पिता, पुत्र र पवित्र आत्माभित्र
      (2) त्रिएकभित्र
      (3) परमेश्वरको सारभित्र
         (a) यो लगतार पटक-पटक भइरहने कुरो हो, तुरुन्तै भइर पूरा हुने होइन ।

3. त्यसैले... "चेला बनाउनु" यस खण्डको प्रमुख कुरो हो भने "सिकाउने" र "बप्तिस्मा दिने" कुरा "चेला बनाउन"लाई सहायता गर्ने पक्षहरूको रूपमा येशूले प्रयोग गर्नुभएको हो भन्ने अर्थ दिँदैन र? सम्भवतः उहाँले मानिसहरूलाई पानीको बप्तिस्माको विधिबारे कुरा गर्नुभन्दा पनि "चेला बनाउने" तरिकाको रूपमा परमेश्वरको सारभित्र मानिसहरूलाई लगतार डुबाइराख्नु भनिरहनुभएको थियो कि?

च. के कसैलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिनु गलत हो?

1. होइन! महान् आज्ञाचाहिँ पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीको बप्तिस्मा दिने बारे नहुन सक्छ, तर उक्त व्यक्तिलाई पिता, पुत्र र पवित्र आत्माको नाउँभित्र बप्तिस्मा दिनेबारे हुन सक्छ ।

२. ख्रीष्टियनलाई सेवामा बोलावट

क. हामीले मानिसहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा सेवा गर्दा के हुन्छ?

1. यशैया **५८:६-१२**

a) "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु— नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? तब तिमीहरूको ज्योति बिहानझैँ फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ । तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ । तब तिमीहरूले पुकारा गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ । तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीँ छु' ।

b) "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औँला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ । परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ । तिमीहरू प्रशस्त पानीले भिजाएको बगैँचाझैँ र नसुक्ने पानीको मूलझैँ हुनेछौ । तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन् । धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन् । तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ ।

## हिब्रू शब्द ‘शेमा”को अर्थ के हो?

*तेरा सन्तानलाई आकाशका ताराहरूझैँ बढ़ाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु । तेरै सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्, किनभने अब्राहामले मेरो वचन पालन गऱ्यो (शेमा), र मैले दिएका आदेशहरू, मेरा आज्ञाहरू, मेरा नियमहरू र मेरा विधिविधानहरूको प्रतिपालन गऱ्यो ।”* (उत्पत्ति २६:४-५)

“आज्ञा पालन गर्नु” भन्ने शब्द कट्टरतावादप्रतिको हाम्रो सांस्कृतिक सम्बन्धहरूले भयावहपूर्ण र दूषित पारेको छ । यसमुनि रहेको धरातलचाहिँ अधिकारप्रतिको हाम्रो निर्लज्ज उपहास हो । के गर्ने भनी हामीलाई भनिएको हामी मन पराउँदैनौँ (घृणा गर्छौं) तर अझ झनै कुनै गर्नुपर्छ भनी हामीलाइ भनेको त हामी झनै घृणा गर्छौं । “आज्ञा पालन गर्नु” शब्द समग्र मानव समाजमा धेरै स्वीकारिएको शब्द होइन ।

“आज्ञा पालन गर्नु” भन्ने तानाशाही र निरंकुश अगुवाहरूलाई हामी प्रायः घृणा गर्छौं भन्छौँ । तर सत्य कुरोचाहिँ हामीले अधिकारलाई पटक्कै घृणा गर्दैनौँ, हामीले यसलाई अति नै प्रेम गर्छौं, यसलाई पुज्छौँ । विचार गर्नुहोस् त, हामी आफैले आफैलाई गर्न नभनेसम्म (अरूले) हामीलाई के गर्न भनिएको हामी घृणा गर्छौं । यसैले यो “आज्ञा पालन गर्नु” शब्द (अंग्रेजीमा) स्पष्ट छैन । हामी यसलाई पटक्कै मन पराउँदैनौँ ।

“के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको? तर परमेश्‍वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ । तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ ।” (रोमी ६:१६-१८)

तर हिब्रू भाषाको “आज्ञा पालन गर्नु” शब्द अंग्रेजी भाषाको जस्तो छैन, यो पुरानो करारमा अझ बढी स्पष्ट छ । वास्तवमा, अंग्रेजी भाषाको भन्दा हिब्रूको बढी स्पष्ट छ किनभने हिब्रूमा “आज्ञा पालन गर्नु”को निम्ति शब्द नै छैन । खास गरी उनीहरूसित यसको निम्ति शब्द नै छैन ।

मभित्र रहेको मेरो मानवताले यसलाई साह्रै मन पराउँछ किनभने पुरानो करारमा “आज्ञा पालन गर्नु” शब्द धेरै पटक प्रयोग गरिएको छ । त्यसो भए मौलिक पाण्डुलिपीमा हुँदै नभएको शब्दलाई यति धेरै हामीले कसरी उल्लेख गर्न सक्छौँ त?

किनभने हामीले “आज्ञा पालन गर्नु” भनी अनुवाद गरिएको शब्दचाहिँ हिब्रूमा “शेमा” हो । वास्तवमा यहाँ यो हिब्रू शब्द निकै प्रख्यात छ र तपाईंले यसअघि पनि सुनेको हुन सक्छ । “शेमा” शब्दको सही अनुवादचाहिँ “सुन्नु” वा “कान थाप्नु” हुन्छ । यो प्रख्यात शब्द

"शेमा"ले यसको नाम सुन्दर हिब्रू शब्दबाट प्राप्त गर्छ । शेमाचाहिँ, *"हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ"* भनेर सुरु हुन्छ । त्यो "सुन" शब्द नै हिब्रूको शेमा हो, यसैले यसलाई सुन, कान थाप, ध्यान देओ भनी अनुवाद गर्न सकिन्छ ।

तर सुन्नु भनेको आज्ञा पालन गर्नु भनेको होइन, त्यसो भए हामी "सुन्नु"बाट "आज्ञा पालन गर्नु"मा कसरी गयौँ त?

यो नै प्राचीन संस्कारको सुन्दरता र धर्मशास्त्रको उपहार हो । यहूदी परम्पराले र विशेष गरी पुरानो करारको संस्कारले "सुन्ने" र "गर्ने" वा "कान थाप्ने" र "आज्ञा पालन" बीच भिन्नता छुट्टाउँदैनथ्यो । हामी त्यहीसँगै आयौँ ।

तपाईंले सुन्न सक्नुहुन्थ्यो र गर्नुहुन्थ्यो, तपाईंले कान थाप्नुहुन्थ्यो तर त्यसलाई काममा उतार्नुहुन्नथ्यो भन्ने हामीले महसुस गर्न थाल्यौँ । सम्भवतः हामीले मानवको रूपमा यसो गर्‍यौँ किनभने हामीले छोटो र सजिलो बाटो पत्ता लगाउन मन पराउछौँ ।

तर परमेश्वरले हामीलाई शेमा (सुन्न) आग्रह गर्नुहुन्छ । परमेश्वरले सुनाइ र पालन गराइ छुट्टाउनै नसक्ने गरी हाम्रो हृदय चाहनुहुन्छ ।

यो हिब्रू शब्दको अध्ययनभन्दा अझ धेरै गहिराइमा पुग्छ । प्रभु येशू पृथ्वीमा हुँदा, उहाँले उहाँको प्रख्यात उपदेशलाई यी शब्दहरूसँगै अन्त गर्नुभयो ।

*"यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एक जना बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो । अनि पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन । किनकि त्यो चट्टानमाथि बसालिएको थियो । जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो । पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो ।"* (मत्ती ७:२४-२७)

येशूको निम्ति आज्ञा पालनविनाको सुनाइ मुर्खता हो । उनका भाइले हामीलाई पछि यसो भनेः

*"तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ । कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ । तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ ।"* (याकूब १:२२-१५)

नयाँ करारका लेखकहरूले सुनाइ र आज्ञा पालन बीचको गहिरो सम्बन्धबारे हामीलाई वर्णन गर्न किसिस गरेको देखिन्छ । सायद, हामीले उहाँको आज्ञा पलान गर्दा मात्र हामीले

परमेश्वरको आवाज साँचो रूपमा सुनिरहेका हुन्छौँ । यही नै शेमा(सुन्नु वा कान थाप्नु)को अर्थ हो भन्ने देखिन्छ । अनि त्यो नै सदैव अज राम्रो शब्द होइन र?

– यहूदियामा बसोवास गर्ने रब्बीको शिक्षाबाट लिइएको

*(New Testament references and commentary not in original teaching)*

## आत्मिक वृद्धि प्रकृया[285]

**मण्डलीको मिसन:**

महाआज्ञा र महान् आज्ञालाई जीवनमा ठिकसँग उतार्नु हो ।

**महाआज्ञा**- (मर्कूस १२:३-३१)

१. तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर् (सबै तोक)।

२. तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर् ।

**महान् आज्ञा** – (मत्ती २८:१९-२०)

१. माथिको शक्ति धारण नगरेसम्म रहनु ।
२. <u>सारा संसारमा जानु ।</u>
३. येशूको नाउँमा पापको क्षमाको निम्ति पश्चाताप प्रचार गर्नु ।
४. येशूको नाउँको सन्देश विश्वास गर्नेहरूलाई बप्तिस्मा दिनु ।
५. बप्तिस्मा दिइएकाहरूलाई येशूले आज्ञा गर्नुभएका सबै पालन गर्न सिकाउनु ।

हामीले मिसन शब्द प्रयोग गर्न चाहन्छौँ किनभने यो पूरा हुनलाई अनवरत प्रकृया वा यात्रा आवश्यल पर्ने आशय यसले दिन्छ । यो हरेक ख्रीष्टियनको निम्ति हो । ऊ आत्मिक रूपमा "नयाँ जन्म" भएदेखि उसको मृत्युसम्म नै उसको जीवनलाई ख्रीष्टको स्वरूपमा रूपान्तरण गर्न परमेश्वर ख्रीष्टियनभित्र काम गरिरहनुहुन्छ । हामीले यो प्रकृयालाई आत्मिक परिपक्वता भन्छौँ ।

आत्मिक परिपक्वता पनि सबै मानिसहरू भएर गुज्रनुपर्ने मानव परिपक्वता प्रकृयासँग मिल्दोजुल्दो छ । यो जन्मबाट सुरु हुन्छ र सिकाइ, हामीलाई काम गर्ने खुबि दिने विविध कार्यहरू गर्ने र आफैलाई पैदा गर्ने कुराहरू पर्छन् । येशूले पनि १२ जना साधारण मानिसहरूलाई लिएर र उनीहरूलाई महाआज्ञा र महान् आज्ञालाई आफ्नो जीवनमा ठिकसँग उतार्ने गरी रूपान्तरण गरेर यही प्रकृयालाई नमूना बनाउनुभयो ।

आत्मिक परिपक्वतालाई हाम्रो प्रभु येशू ख्रीष्टसँगको व्यक्तिको सम्बन्धले निर्धारण गर्छ । त्यो सम्बन्ध ४ वटा आधारभूत प्रश्नहरू सोधेर सुरु गरिन्छ । येशू ख्रीष्ट को हुनुहुन्छ? उहाँको चरित्र कस्तो छ? उहाँसँगको मेरो सम्बन्ध कस्तो छ? मैले के गरेको उहाँ चाहनुहुन्छ? मानिसहरू सुसमाचारसँग परिचित भएपछि अर्थात् येशूले आफ्ना चेलाहरूसँग अन्तरक्रिया गर्नुहुन्छ र विविध निर्देशनहरू जारी गर्नुहुन्छ... उनीहरूलाई आत्मिक मैदानमा एकलै लानुहुन्छ तब मात्र यी प्रश्नहरूको उत्तम जवाफ पत्ता लगाउन सकिन्छ ।

[285] आत्मिक वृद्धि प्रकृया – *(www.key2changes.com/the-spiritual-growth-process.html)*

हामीले महाआज्ञा र महान् आज्ञालाई आफ्नो जीवनमा साँच्चै उतार्न रुचाउने र यसो गर्न अरूहरूलाई तालिम दिने र सुससज्जित पार्ने मानिसहरूको खोजि गरिरहेका छौँ ।
हामीले प्रयोग गर्ने आत्मिक परिपक्वता प्रकृया येशूले आफ्ना चेलाहरूलाई जे गर्न भन्नुभयो त्यसैमा आधारित छ । तालिमचाहिँ व्यक्तिको आत्मिक जन्मदेखि वयश्क अवस्थासम्म लैजानलाई तयार पारिएको छ, योचाहिँ त्यस्तो अवस्था जहाँ ऊ येशू ख्रीष्टले जस्तै चेला बनाउन सक्षम हुन्छ ।
हामीले प्रकृया निर्माण गर्दा समूहभित्र कुनै पनि नयाँ विश्वासी नभएको पहिचान गर्‍यौँ । वास्तवमा, धेरै जना ख्रीष्टियन भएको केही समय भएको हुन सक्छ । त्यसैले उनीहरू पूर्ण रूपमा सुसज्जितलाई आवश्यक पर्ने तालिम मात्र लिन उनीहरूलाई सहजीकरण गर्न प्रवेश र प्रस्थानका बिन्दुहरूसहितका तालिमका केही खण्डहरु विकास गर्छौं ।

सम्पूर्ण आत्मिक परिपक्वता प्रकृयालाई पूरा गर्न १२० घण्टा लाग्छ । सिकाइलाई व्यक्तिसँग उपलब्ध समयअनुसार मिलाउन सकिन्छ (जस्तै ४० हप्तासम्म हरेक हप्ता ३ घण्टा आदि)। हरेक वृद्धि प्रकृयालाई छुट्टाछुट्टै सिकाउन सकिन्छ र व्यक्तको उपलब्ध समयसँग मिलाउन सकिन्छ ।

उक्त व्यक्ति आत्मिक परिपक्वताभित्र कहाँ छ र उक्त व्यक्तिले अर्को कुन कदम चाल्नुपर्छ भन्ने कुरा स्व-मूल्याङ्कनद्वारा निर्धारण गर्नुपर्छ । यसलाई दुई चरणको प्रकृया प्रयोग गरिन्छः १) प्रवृत्तिहरू/आचचरणहरू, २) आवश्यक्ताहरूलाई हरेक चरणमा बाँडेर ।

तल दिइएका हरेक वृद्धि चरणहरू त्यो चरणलाई उपयुक्त हुने गरी राखिएका छन् । साना समूह पाठ्यक्रममा कुनै अतिरिक्त चिन्हरू छैनन् तर गाढा बनाएर उल्लेख गरिएको छ । (ती हरेक शिक्षालाई यो वेवसाइटमा हेर्नु होलाः www.key2changes.com/the-spiritual-growth-process.html)। क्रियाकलापहरूअघि ३ वटा स्टारहरू (***) छन् । कोर्सलाई त्यसलाई प्रयोग गरिने क्रममा नै मिलाएर राखिएका छन् जसले गर्दा उक्त व्यक्तिले केपछि के हेर्ने भनी सजिलो होस् । उदाहरणको लागि, दौडन सिक्नअघि हिँड्न सिक्नु उत्तम हुन्छ । पाठ्यक्रमको संक्षिप्त वर्णन । (पाठ्यक्रमका सूचीहरू यो वेवसाइटमा उपलब्ध छः www.key2changes.com/the-spiritual-growth-process.html) र क्रियाकालपहरू पूरा गर्नलाई पर्याप्त समय हुने गरी दिइएका छन् ।

## चरण १- बाल्यकाल

चरण १ – गर्भधारणः (रचना- अविश्वासीबाट विश्वासी)- "मैंले परमेश्वरमा विश्वास गर्छु, तर मलाई ख्रीष्टको बारे राम्रो थाहा छैन । मेरो विश्वास मेरो जीवनको महत्त्वपूर्ण भाग होइन ।"

- यी मानिसहरूले आत्मिक वृद्धिमा पहिलो कदम चालिरहेका छन् र उनीहरूलाई "येशू ख्रीष्टद्वारा मात्र मुक्ति आउँछ भनी म विश्वास गर्छु" भन्ने विश्वासको कथनसँग अत्यन्त कम सहमत हुन्छन् ।

प्रवृत्तिहरू/आचरणहरूः

- उनीहरूले परमेश्वरलाई उनीहरूका दैनिक जीवनमा सहभागी गराउन खोज्छन् ।
- उनीहरूले खाँचो परेको बेलामा मात्र परमेश्वरको अगुवाइ खोज्छन् ।

- उनीहरूले बाइबललाई असान्दर्भिक भएको देख्न सक्छन् ।
- उनीहरूलाई आत्मिक विषयहरूको व्याख्या गर्न अरूहरूको सहायता आवश्यकक पर्छ ।
- उनीहरूले सामान्तयाः मण्डलीमा सेवा गर्दैनन् ।
- उनीहरू क्षणिकको निम्ति मात्र जिउन खोज्छन् ।
- उनीहरूले आफूलाई आत्मिक सम्झन सक्छन् तर ख्रीष्टियन नसम्झन पनि सक्छन् ।
- येशू असल व्यक्ति हुनुहुन्छ तर निश्चय नै परमेश्वर हुनुहुन्न ।
- उनीहरूसित सिमित बाइबलीय ज्ञान हुन्छ ।

आवश्यकताहरूः

- खोज्ने सेवाहरू ।
- अरूहरूसँग जोडिने अवसरहरू ।
- प्रश्न र शंकाहरूबारे छलफल गर्ने खुल्ला स्थानहरू ।

*** उनीहरूलाई सुसमाचार प्रचार गर्नुहोस् ।

परिवार पत्रमा स्वागत[286]- नयाँ विश्वासीहरूलाई स्वागतको पत्र ।

*** नयाँ विश्वासीलाई बुबाको रूपमा सेवा गर्न तत्पर सानो समूह अगुवासँग चिनजान गराउनुहोस्, जसले ऊसँग कुराकानी गर्छ, र हेरचाह गर्छ । समूह अगुवाले तल दिइएका सामग्रीहरू समेटून्:

सुसमाचार[287] – येशू ख्रीष्टको स्पष्ट र संक्षिप्त सुसमाचार प्रस्तुति । यो प्रेरित २:२२-४२१ मा आधारित छ (१.५ घण्टा)

ममा परमेश्वको जीवन[288] – नयाँ जन्मको प्रकृया (१.५ घण्टा)

एलिया र एलीशा[289] – पानीको बप्तिस्माको तस्विर (१ घण्टा)

परमेश्वरसँग करारीय सम्बन्ध[290] – परमेश्वरसँग नयाँ करार (१ घण्टा)

तीन वटा करारहरूको तुलना[291] – तिनीहरूका हरेक भागको सार

*** लोक उत्सव- बप्तिस्माले गर्भधारणको चरणलाई दर्शाउँछ ।

---

[286] परिवार पत्रमा स्वागत- *(www.key2changes.com/welcome-to-the-family-letter.html)*

[287] सुसमाचार- (www.key2changes.com/the-gospel.html)

[288] ममा परमेश्वरको जीवन- (www.key2changes.com/gods-life-in-me.html)

[289] एलिया र एलीशा- (www.key2changes.com/elijah-and-elisha.html)

[290] परमेश्वरसँग करारीय सम्बन्ध- (www.key2changes.com/a-covenant-relationship-with-god.html)

[291] तीन वटा करारहरूको तुलना- (www.key2changes.com/comparing-three-covenant.html)

चरण २- नाबालकः (विश्वासीदेखि वृद्धिरत विश्वासी)- “म येशूमा विश्वास गर्छु र उहाँलाई चिन्नुको अर्थ के हो भनी केलाइरहेको छु ।”

- यी प्रारम्भिक चरणका विश्वासीहरू मण्डलीमा सहभागी भएर उनीहरूको विश्वासमा वृद्धि भइरहेका छन् र उनीहरूला व्यक्तिगत आत्मिक विश्वासलाई मण्डली बाहिरको उनीहरूको सामान्य दिनचर्यामा समाहित गर्न सुरु गर्दैछन् ।

प्रवृत्तिहरू/आचरणहरूः

- उनीहरूले विश्वास खोजिरहेका छन् ।
- उनीहरूलाई आत्मिक विषयहरू व्याख्या गर्न अरूहरूको सहायता आवश्यक पर्छ ।
- उनीहरू सानो समूहमा सहभागी हुन तत्पर हुन्छन् ।
- तिनीहरूमध्ये केही मण्डलीमा सेवा गर्छन् ।
- उनीहरूले कहिलेकाहिँ बाइबल वा ख्रीष्टियन पुस्तकहरू पढ्छन् ।
- रूपान्तरण हुन आवश्यक उनीहरूको जीवनको क्षेत्रप्रति उनीहरू सजग हुन्छन् ।

आवश्यकताहरूः

- सानो समूह अवसरहरू ।
- आधारभूत व्यक्तिगत आत्मिक अभ्यासहरू ।
- सामूहिक आराधना सेवा ।
- मेन्टरसँग व्यक्ति सम्बन्ध विकास गर्नु ।
- सहयोगी शिक्षण ।

*** विश्वासीहरूलाई १ यूहन्ना १:९ प्रस्तुत गर्नुहोस् । बुबाहरूले पाप पहिचान गर्छन् र विश्वासीलाई स्वीकार र पश्चातापमा सहायता गर्छन् ।

*** यस चरणमा कुनै पनि क्रियाकलाप नदिनुहोस् ।

बाइबलको परिचय[292] – “बाइबल के हो?” र “यो कहाँबाट आयो?” भन्ने प्रश्नहरूको जवाफ दिन सक्छ । यसमा बाइबलको संक्षिप्त सर्वेक्षण पनि पर्छ । (२ घण्टा)

येशू र भूमि[293] – येशू, उहाँका मित्रहरू, परिवार र उहाँ बसोवास गर्नुभएको भूमिको संक्षिप्त ऐतिहासिक अवलोकन । यो परिचयात्क अध्ययनमा केही नक्साहरू पनि समावेश गरिएका छन् । (२ घण्टा)

*** बाइबल पढ्न थाल्नु – तलका पाँच जोडी पुस्तकहरूले पाठकलाई बाइबलको ऐतिहासिक सार हासिल सहायता पुऱ्याउँछ ।

उत्पत्ति र प्रस्थान – यहोशू र न्यायकर्ता – १ र २ शमूएल – १ र २ राजा – मर्कूस र प्रेरित ।

आधारभूत सिद्धान्तहरू[294] – हिब्रू ६:१-३ बाट प्रेरित पावलले तल दिइएका ६ वटा कुराहरूलाई आधारभूत कुराहरू मानेको कुरा हामीले पत्ता लगाउँछौँ । (८ घण्टा)

---

[292] बाइबलको परिचय- (www.key2changes.com/introduction-to-the-bible.html)

[293] येशू र भूमि- (www.key2changes.com/jesus-and-the-land.html)

[294] आधारभूत सिद्धान्तहरू- (www.key2changes.com/foundational-principles.html)

- मृत कार्यहरूको पश्चाताप – परमेश्वरप्रति विश्वास – धुवाइ(बप्तिस्मा)बारे शिक्षा – हात राख्नेबारे – मृतकको पुनरुत्थान – अनन्त न्याय ।

चरण ३ – बालबालिकाहरूः (विश्वासीबाट वृद्धिरत विश्वासी)
*** विश्वासीहरूलाई उनीहरूको व्यक्तिगत गवाहीहरू लेख्न लगाउनुहोस् र त्यसलाई समूहमा पढ्न लगाउनुहोस् ।
*** हरेक विश्वासीलाई मण्डलीमा सानो-सानो जिम्मेवारीहरू दिनुहोस् ।

परमेश्वरको आवाज कसरी सुन्ने[295] – सबै बालबालिकाहरूले आफ्ना आमाबाबहरूको आवाज चिन्छन् तैपनि धेरै ख्रीष्टियनहरूलले उनीहरूका स्वर्गमा हुनुहुने पिताको आवाज चिन्दैनन् । त्यो के हो! यो पाठ्यक्रम उहाँको आवाज छुट्टाउन विश्वासीहरूलाई सहायता गर्नलाई तयार पारिएको छ । (५ घण्टा- २ वटा सत्र)

- परिचय – परमेश्वरको आवाजको बुझाइ – आत्मा, प्राण, शरीर, के भिन्नता छ र कसले शासन गर्छ? – पवित्र आत्माको आज्ञा पालन – हामीलाई परमेश्वरको आवाज चिन्नबाट केले रोक्छ? – परमेश्वर बोल्नुहुने विभिन्न तरिकाहरू, भित्री रूपमा जन्नु - परमेश्वर बोल्नुहुने विभिन्न तरिकाहरू, भित्री आवाज - परमेश्वर बोल्नुहुने विभिन्न तरिकाहरू, पवित्र आत्माको आधिकारिक आवाज ।

बाइबल अध्ययन कसरी गर्ने[296] – "बाइबल अध्ययन सजिलो बन्यो"ले विश्वासीहरूलाई प्रभावकारी रूपमा बाइबल पढ्न र अध्ययन गर्न सिकाउँछ । (३ घण्टा)

येशूसँगको यात्रा – पुस्तक १- मानिसहरूको मछुवा- पाठहरू १-५ – एक जना नयाँ विश्वासी (६ घण्टा)

परिचय

१. मेरो पछि लाग । (हाम्रो प्रभु येसूको आवाज सुन्नु र पालन गर्नु)
२. तिमीले के देख्छौ? (मानिसहरूको अवलोकन गर्नाले आत्मिक भेटघाटतिर लान सक्छ)
३. एउटा नयाँ दृष्टिकोण । (आनन्दपूर्वक जिउनुहोस्)
४. चम्किलो ज्योति । (तपाईंको ज्योति कसरी चम्काउने)
५. येशू, व्यवस्था र अगमवक्ताको पूर्ति । (व्यवस्था र अगमवक्ताहरूका कुराहरू र त्यसलाई येशूले कसरी पूरा गर्नुभयो भनी बताउने)

*** विश्वासीहरूले नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिन्छन् ।

---

[295] परमेश्वरको आवाज कसरी सुन्ने- (www.key2changes.com/how-to-hear-gods-voice.html)
[296] बाइबल अध्ययन कसरी गर्ने?- (www.key2changes.com/how-to-study-the-bible.html)

येशूसँगको यात्रा- पुस्तक १- मानिसहरूका मछुवाहरू – पाठहरू ६-१७- नयाँ परिवारका आधारभूत सिद्धान्तहरू । (१२ घण्टा)

६. <u>रिसलाई वशमा राख्ने ।</u> (रिसको सामना)

७. <u>विश्वासयोग्य हुने ।</u> (यौन पापको सामना गर्ने)

८. <u>प्रतिज्ञा पुरा गर्ने</u> (आफ्नो वचन पूरा गर्नु)

९. <u>आफ्नो अधिकार परित्याग</u> (कठिन मानिसहरूको समाना गर्नु)

१०. <u>आफ्ना शत्रुहरूलाई प्रेम गर्नु</u> (आफ्ना शत्रुहरूलाई कस्तो व्यवहार गर्ने)

११. <u>आदर पाउनु</u> (पाखण्डबाट बच्नु)

१२. <u>प्रार्थना</u> (प्रभुको प्रार्थना)

१३. <u>बहुमूल्य धन हासिल गर्नु</u> (वास्तविक दन कसरी पत्ता लगाउने र भण्डारण गर्ने)

१४. <u>न्यायको नाप</u> (न्यायकर्ता इक जना मात्र हुनुहुन्छ)

१५. <u>खुट्टाउने खुबिको विकास</u> (न्याय गर्नु र खुट्टाउनु बीचको भिन्नता)

१६. <u>सदासर्वदा कसरी जिउने</u> (अहिले नै अनन्त जीवन जिउने)

१७. <u>फल निरिक्षण</u> (खराबी खुट्टाउन सिक्नु)

*** बाँकी बाइबलहरू पढ्न थाल्ने ।

*** लोक उत्सव – यो बाल्यकालको अन्त हो । अगुवाहरूले अतिरिक्त वरदानहरू र सेवाको सशक्तिकरणको निम्ति विश्वासीले हात राखेको अनुभव गर्नुपर्छ किनकि ऊ भर्खरै किशोर अवस्थामा प्रवेश गरेको छ ।

## चरण २ - किशोरावस्था

जवान मानिसः (वृद्धिरत विश्वासनाट परिपक्व विश्वासी)- "म साँच्चै ख्रीष्टको नजिक भएको महसुस गर्छु र दैनिक मार्गदर्शनको निम्ति उहाँमा निर्भर हुन्छु ।"

- यी विश्वासीहरूले अघिल्लो खण्डकाहरूले भन्दा धेरै उच्च स्तरको व्यक्तिगत आत्मिक अभ्यास गर्छन् । सेवा गर्नु उनीहरूको विश्वासको महत्त्वपूर्ण अभिव्यक्तिको रूपमा देखा पर्छ । ख्रीष्टप्रतिको उनीहरूको समर्पणता वृद्धि भइरहेको भए तापनि, उनीहरूले अझै पनि पूर्ण समपर्णतालाई थाति राख्छन् ।

प्रवृत्तिहरू/आचरणहरूः

- उनीहरूको जीवनको निम्ति बाइबलले निर्देश प्रदान गर्छ ।
- प्रार्थना उनीहरूको जीवनको मुख्य कुरो हो ।
- उनीहरूले सबै थोक ख्रीष्टलाई सुम्पेका छैनन् ।
- उनीहरूका निम्ति साना समूहहरू त्यत्ति महत्त्वपूर्ण हुँदैन ।
- उनीहरूलाई आत्मिक मित्रहरूको महत्त्व वृद्धि हुन्छ ।
- उनीहरूले नियमित रूपमा सेवा गर्छन् ।
- उनीहरू हराएकाहरूप्रति येशूको जस्तै सरोकार राख्छन् ।

- उनीहरूसित आत्मिक वृद्धिको चाह हुन्छ ।

आवश्यकताहरू:

- सेवा गर्ने अवसरहरू
- अग्रिम व्यक्तिगत  आत्मिक अभ्यासहरू
- उनीहरूको विश्वास बताउन सिक्छन् ।

*** मण्डलीको सेवामा सेवा ग र्न थाल्नु ।

येशूसँगको यात्रा – पुस्तक २- कटनीतिर- पाठहरू १८-२०- परमेश्वरको राज्य । (३ घण्टा)

१८. <u>राज्यका दृष्टन्तहरू</u> (परमेश्वरको राज्यको बुझाइ)

१९. <u>समझमा वृद्धि</u> (दृष्टान्तहरूको बुझाइ)

२०. <u>राज्य अझ अरू सत्यताहरू</u> (तपाईंले एउटा दृष्टान्त सिकानुहोस्)

*** कुनै एउटा दृष्टान्त सिकाउनुहोस् ।

<u>पवित्र आत्माका वरदानहरू</u>[297] – आत्मिक वरदानहरू प्रयोग गर्न विश्वासीहरूलाई सुसज्जित पार्छ । (१० घण्टा)

- आत्मिक वरदानहरू प्राप्त गर्ने ।
- कटिन प्रश्नहरूको जवाफ ।
- वरदानका तीन वर्गहरू: १) उत्प्रेरणा, २) सेवा, ३) प्रकटीकरण
- तपाईंसित भएको वरदान पत्ता लगाउने ।
- के तपाईं अझ धेरै चहनुहुन्छ?
- आत्मिक युद्धका विषयहरू
- पवित्र आत्मासँग काम गर्दै – प्रकटीकरण कसरी हुन्छ ।
- सानो समूहको परिवेशमा आफ्नो वरदानहरू प्रयोग गर्नुहोस् ।

*** आत्मिक वरदानहरूलाई समूहभित्र एक-अर्काको लाभको निम्ति प्रयोग गर्नुहोस् ।

येशूसँगको यात्रा- पुस्तक २- कटानीतिर- पाठहरू २१-२४- सुसमाचार । (४ घण्टा)

२१. <u>पसलको क्षेत्रतिर जाने</u> (आफ्नो फसल कष्त्र पत्ता लगाउने र काम गर्ने)

२२. <u>सुसमाचार</u> (कसरी सुसमाचार सुनाउने भनी येशूले हामीलाई देखाउनुहुन्छ)

२३. <u>सर्पहरू र ढुकुरहरू</u> (सुसमाचार प्रचार गर्दा बुद्धिमान हुनुहोस्)

२४. <u>गम्भीर निर्णयहरू</u> (मानिसहरूको डरलाई परमेश्वरप्रतिको विश्वासद्वारा पराजित गर्ने)

*** परमेश्वरले तपाईंलाई प्रदान गर्नुहुने हरेक अवसरमा साभिप्रायीपूर्वक सुसमाचार प्रचार गर्न थाल्नुहोस् । यहीसँगै आफ्नो व्यक्तिगत गवाही र आत्मिक वरदानहरू प्रयोग गर्नुहोस् ।
येशूसँगको यात्रा- पुस्तक २- फसलतिर- पाठहरू २५-२९- चेलापन । (५ घण्टा)

२५. <u>परमेश्वरको समाधान खोज्ने</u> (मानिसहरूलाई आशिष् दिने र उहाँको नाउँको महिमा गर्ने)

---

[297] पवित्र आत्माका वरदानहरू – *(www.key2changes.com/gifts-of-the-spirit.html)*

२६. नडराऊ! (येशूले तपाईंलाई वास्ता गर्नुहुन्छ र तपाईंलाई सहायता गर्नुहुन्छ)
२७. सानो स्वर्ग (तपाईंले बोल्ने शब्दहरूला सावधानीपूर्वक विचार गर्नुहोस्)
२८. क्रूस उठाउने (बोक्ने) (येशूको चेला हुन तपाईंको जीवनको मूल्य चुकाउनुपर्ने हुन्छ)
२९. येशूको आवाज सुन्नुहोस्! (परमेश्वर पिता उच्च सोरमा बोल्नुहुन्छ)

*** कुनै क्रियाकलापको अगुवाइ गर्नुहोस् ।

आत्मिक युद्ध[298] – विश्वासीहरूलाई उसको शत्रुहरूलाई पराजित गर्ने तरिकाले प्रस्तुत गर्छ । (५ घण्टा)

येशूसँगको यात्रा- पुस्तक २- फसलतिर- पाठहरू ३०-३३- मण्डलीमा समस्याहरू । (४ घण्टा)

३०. अपमानित बन्ने (किन अपमानित हुने)
३१. बाधाहरू ल्याउने (कसैको निम्ति बाधक नबन्नुहोस्)
३२. विश्वासीलाई हप्काउने (विश्वासीलाई सच्याउने/मण्डली अनुशासन)
३३. पश्चाताप गर्ने विश्वासीलाई क्षमा दिने (क्षमा दिन तयार हुनुहोस्)

येशूसँगको यात्रा- पुस्तक २- फसलतिर- पाठहरू ३४-३९- सेवकको प्रवृत्ति । (६ घण्टा)

३४. आनन्दित हुने कारण (आनन्दित हुने कारणहरू)
३५. विश्वाससाथ प्रार्थना गर्ने
३६. पाखण्ड (आत्माहरूको जाँच)
३७. डरबाट मुक्त (परमेश्वरसँग भयभीय हुने कुनै कारण छैन)
३८. जीवनका फिक्रीहरूबाट मुक्त (तपाईंका आवश्यकताहरू परमेश्वरले वास्ता गर्नुहुनेछ)
३९. सेवकपन (असल सेवक हुन सक्नुहोस्)

आधारभूत आत्मिक परिपक्वता प्रकृया[299] – बालकलाई हुर्काउने प्रकृयासँग तुलना गरेर आत्मिक वृद्धि प्रकृयाको सार । (१ घण्टा)

*** आफ्नो ठाउँमा वा देश बाहिर कतै अन्तरसांस्कृतिक मिसन परियोजनामा जानुहोस् ।

*** लोक उत्सव- यो किशोरावस्थाको अन्त हो । अगुवाहरूले अतिरिक्त वरदानहरू र सेवाको सशक्तिकरणको निम्ति विश्वासीले हात राखेको अनुभव गर्नुपर्छ किनकि ऊ भर्खरै वयश्क अवस्थामा प्रवेश गरेको छ ।

चरण ३- वयश्क

[298] आत्मिक युद्ध – *(www.key2changes.com/spiritual-warfare.html)*
[299] आधारभूत आत्मिक परिपक्वता प्रकृया – *(www.key2changes.com/the-spiritual-growth-process.html)*

बुबाहरूः (परिपक्व विश्वासीबाट विश्वासीहरू जन्माउनेतिर) – "मेरो जीवनमा मलाई चाहिने सबै थोक परमेश्वर नै हो । उहाँ पर्याप्त हुनुहुन्छ । मैले गर्ने सबै थोक ख्रीष्टको प्रतिबिम्ब हो ।"

- यी मानिसहरूले उनीहरूको जीवनलाई पूर्ण रूपमा ख्रीष्टमा सुम्पेका छन्, जसलाई उनीहरूको नटकीय रूपमा उच्च आत्मिक आचरणहरू र प्रवृत्तिहरूले प्रकट गर्छन् । उनीहरूले आफ्ना हरेक कुरामा परमेश्वरको अगुवाइ खोज्ने कुरासँग उनीहरू सहमत हुन्छन् ।

प्रवृत्तिहरू/आचरणहरूः

- उनीहरूले परमेश्वरलाई अरू कुनै पनि कुरालाई भन्दा बढी प्रेम गर्छन् ।
- उनीहरूको निम्ति प्रार्थना परमेश्वरसँगको अनवरत संवाद हो ।
- उनीहरूले अरूहरूलाई मेन्टर गर्न सहायता गर्छन् ।
- अरूको सेवा नै उनीहरूको जीवन शैली हुन्छ ।

आवश्यकताहरूः

- मटन्टर गर्ने अवसरहरू ।
- सेवा गर्ने व्यापक अवसरहरू ।
- परमेश्वरको बोलावटको आधारमा सेवा विकास गर्नु ।
- व्यक्तिगत मिसन कथन तयार पार्नु ।

<u>सानो समूहका अन्तरनिहित ऊर्जाहरू</u>[300] – यसले विश्वासीहरूलाई सानो समूहले कसरीकाम गर्छ र उनीहरूलाई सहीकरण गर्छ भनी सिकाउँछ । (६ घण्टा- सेमिनार बनावट- २ सत्रहरू)

येशूसँगको यात्रा –पुस्तक ३- मन्दिर निर्माण- पाठहरू ४०-४५- जीवना पाठहरू । (८ घण्टा)

४०. <u>राज्यको पूर्वस्वाद</u> (बचाइनेहरू)

४१. <u>हतास नहोओ</u> (प्रार्थना गर्नुहोस् र हतास नहुनुहोस्)

४२. <u>बालबालिकाहरू</u> (बालबालिकाहरूलाई येशूसँग सम्बन्ध निर्माण गर्न नरोक्नुहोस्)

४३. <u>यरूशलेमसम्म</u> (निस्तार हप्ताका रहस्यहरू खोतल्दै) परमेश्वरको तरिकाले समय बताउँदै (परमेश्वरको पात्रि बुझ्दै)

४४. <u>साँचो बाइबलीय विश्वास</u> (विश्वासद्वारा जिउनलाई आवश्यक पर्ने कुराहरू)

४५. <u>मोशाको आसन</u> (साँचो अधिकार)

*** नयाँ विश्वासीहरूको आत्मिक वृद्धि प्रकृयाको सहजीकरण गर्न २ जना विश्वासीहरूले एउटा टिम निर्माण गर्नुपर्छ ।

येशूसँगको यात्रा – पुस्तक ३- मन्दिर निर्माण- पाठहरू ४६-४९ – ख्रीष्टको दोस्रो आगमन (५ घण्टा)

४६. <u>भविष्यतिर हेर्दै</u> (अन्तको समयहरूको सार)

४७. <u>भ्रममा नपर</u> (येशूका निर्देशनहरू अनुशरण गर्नुहोस् र तपाईं भ्रममा पर्नुहुनेछैन)

४८. <u>चिन्हहरू</u> (अन्तका समयहरूका चिन्हहरूको बुझाइ)

---

[300] सानो समूहका अन्तरनिहित ऊर्जाहरू – *(www.key2changes.com/small-group-dynamics.html)*

४९. <u>होसियार रहो</u> (आकाशमा चिन्हहरू देख्दा होशियार रहो)

येशूसँगको यात्रा- पुस्तक ३- मन्दिर निर्माण- पाठहरू ५०-५६- अन्तिम दिनका कुराहरू (१० घण्टा)

५०. <u>निस्तार दृष्टिकोण – प्रभुको टेबलमा</u> (आउन दिनहरूको निम्ति तयार हुनु) (१५ घण्टा)

५१. <u>रोटी भाच्नु</u> (प्रभु-भोज)

५२. <u>एक-अर्कालाई प्रेम गर</u> (एक-अर्काप्रतिको प्रेम प्रकट गर्नु)

५३. <u>शान्त हृदय</u> (ख्रीष्टमा रहनुको अर्थ के हुन्छ)

५४. <u>ख्रीष्टमा रहनु</u> (परमेश्वर हामीभित्र वास गर्नुहन्छ अनि हाम्रा शब्दहरू र कार्यहरू परमेश्वरको वचनमुताबिक हुनुपर्छ)

५५. <u>भ्रममुक्त</u> (सतावटको प्रतुज्ञा)

५६. <u>उहाँको प्रतिक्षा</u> (आत्मिक युद्ध)

५७. <u>पवित्र आत्मा लेओ</u> (माथिको शक्तिमा बप्तिस्मा लेओ)

५८. <u>महान् आज्ञा</u> (तपाईंको नियुक्ति बुझ्नु)

<u>मण्डली इतिहासको सार</u>[301] – समग्र मण्डलीको इतिहास सिकाउँछ । (१० घण्टा)

*** लोक उत्सव- प्रभु-भोजले उसको मौलिक सानो समूहको अनुभव अन्त भएको देखाउनुपर्छ ।

विश्वासीले आत्मिक परिपक्वता प्रकृया पूरा गर्नुपर्छ । विश्वासीको निर्दिष्ट बोलावट जे भए तापनि आत्मिक प्रकृया बुझ्न नितान्त आवश्यक हुन्छ । प्रभुको अगुवाइमुराबिक अरू तालिमहरू लिनुहोस् । उहाँको बोलावटअनुसार परमेश्वरको निर्दिष्ट सेवामा संलग्न हुनुहोस् ।

**पदद्वारा चेलापन पाठहरू**
**पुस्तक ३**
**मन्दिर निर्माण**

लूका १७२०-३७

पाठ ४०

लूका १८:१-८

पाठ ४१

मत्ती १९:१३-१५; मर्कूस १०:१३-१६; लूका १८:१५-१७

पाठ ४२

मत्ती २०:१७-१९; मर्कूस १०:३२-३४; लूका १८:३१-३४

पाठ ४३

[301] मण्डली इतिहासको सार – *(www.key2changes.com/overview-of-church-history.html)*

मत्ती २१:२०-२२; मर्कूस ११:२०-२६
पाठ ४४
मत्ती २३:१-१२; मर्कूस १२:३८-४०; लूका २०:४५-४७
पाठ ४५
मत्ती २४:१-२५; मर्कूस १३:१-३७; लूका २१:५-३६
पाठ ४६
मत्ती २४:४-१४; मर्कूस १३:५-१३; लूका २१:८-११
पाठ ४७
मत्ती २४:१५-३१; मर्कूस १३:१४-२७; लूका २१:२५-२८
पाठ ४८
मत्ती २४:३२-२५:१३; मर्कूस १३३:२८-३७; लूका २१:२९-३६
पाठ ४९
मत्ती २६:२०-३०; मर्कूस १४:१७-२६; लूका २२:१४-३०; यूहन्ना १३:१-१७:२६
पाठ ५०
मत्ती २६:२६-२९; मर्कूस १४:२२-२५; लूका २२:१४-२०
पाठ ५१
यूहन्ना १३:१२-१७, ३४-३५; १५:१२-१७
पाठ ५२
यूहन्ना १३:३६-१४:३१
पाठ ५३
यूहन्ना १५:१-११
पाठ ५४
यूहन्ना १५:१८-१६:३३
पाठ ५५
मत्ती २६:३६-४६; मर्कूस १४:३२-४२; लूका २२:३९-४६
पाठ ५६
मर्कूस १६:१३-१४; लूका २४:३३-४९; यूहन्ना २०:१९-२९
पाठ ५७
मत्ती २८:१८-२०; मर्कूस १६:१५-२०; लूका २४:४४-५३; प्रेरित १:३-१२
पाठ ५८

येशूले सिकाएअनुसार गर्न, यसको अर्थ के हो, र हामीलाई पवित्र आत्माद्वारा हिँड्दा आज हाम्रो जीवनमा कसरी लागू गर्न सकिन्छ भनी सिक्नुहोस् ।

मन्दिर निर्माण... येशूले उहाँको मृत्यु, पुनरुत्थान र स्वर्ग चढिजानअघि सिकाउनुभएका अन्तिमका दिनहरूलाई जोड दिनुहोस् । पाठ ४० देखि ५८ सम्ममा येशूले आफ्नो विरासत अरूहरूलाई दिन चेलाहरूलाई अन्तरदृष्टिले सुसज्जित पार्नुहुन्छ । उहाँले उनीहरूलाई भविष्य, पवित्र आत्मा पाउने र महान् आज्ञाबारे सिकाउनुहुन्छ ।

- येशूको शिक्षाले मेरो जीवनलाई पूर्ण रूपमा रूपान्तरण गरेको छ । ***(M.M.)***
- येशूले उहाँसँग हिँड्न र उहाँबाट सिक्न तपाईंलाई आह्वान गर्नुहुन्छ । ***(J.G.)***
- म मण्डली गएको ३० वर्ष भयो तर यसअघि यस्तो कुरा कहिल्यै सुनेको छैन । मण्डलीले किन यस्तो कुरा सिकाउँदैन? ***(J.R.)***

माइकल गिब्सनले ३३ वर्षको उमेर येशू ख्रीष्टमा विश्वास गरेपछि कसैलाई विश्वासमा चेला बनाउने उत्काट इच्छा गरे । कसैलाई नभेटेपछि उनी विद्यार्थी बने र त्यसपछि परमेश्वरको वचनको शिक्षक बने ।

एउटा भनाइले विशेष गरी उनको ध्यान खिँच्यो, "जाओ... चेला बनाओ... उनीहरूलाई बप्तिस्मा देओ... मैले तिमीहरूलाई आज्ञा गरेका सबै थोक पालन गर्न सिकाऊ ।" (मत्ती २८:१९-२०) त्यसैबाट उनले आफ्नो पहिलो पुस्तक 'मेरो पछि लाग" (१९९६) लेखे, जुनचाहिँ येशूले आफ्ना चेलाहरूलाई गर्न र सिकाउन आज्ञा दिनुभएका २६३ वटा निर्देशनहरूलाई जोड दिएर चारै वटा सुसमाचारका पुस्तकहरूलाई एउटा विवरणमा गरिएको संकलन हो । त्यसपछि उनले "येशूसँगको यात्रा" नामक तीन वटा पुस्तकहरूको श्रृङ्खला लेखेका छन् र सेवाको काममा विश्वासीहरूलाई सुसज्जित पार्न सहायता पुऱ्याउने अरू धेरै पुस्तकहरू पनि लेखेका छन् ।

Key2Changes.com

3472 Research Parkway, Ste 104 PMB 436

Colorado Springs, CO 80920




Key 2 Changes

Obeying the commands of Jesus is the Key 2 Changes in people's lives.